
साहित्यिक त्रैमासिक

# अन्तर्दृष्टि
(Insight)




**अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)**

**International Nepali Literary Society (INLS)**

केन्द्रीय कार्य समिति, वासिङ्‌टन डि.सी., अमेरिका

साहित्यिक त्रैमासिक
अन्तर्दृष्टि
(Insight)


| | | |
|---|---|---|
| प्रकाशक | : | अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)<br>केन्द्रीय कार्य समिति, वासिङ्टन डि.सी., अमेरिका |
| संस्करण | : | प्रथम |
| प्रधान सम्पादक | : | दीप पाठक |
| कार्यकारी सम्पादक | : | भरतविक्रम ढकाल |
| प्रति | : | ५०० प्रति |
| प्रकाशन | : | वि.सं. २०७६ (सन् २०१९, अगस्ट) |
| सर्वाधिकार | : | © प्रकाशकमा |
| मूल्य | : | रु. २००।-, ५ डलर ($) |
| आवरण कला | : | विष्णु विश्वकर्मा |
| कम्प्युटर सेटिङ | : | दीपेन्द्रकुमार जोशी 'निक'/सुमिना जोशी<br>निक द डिजाइनर, नारायणगढ, चितवन<br>०५६-५७१७४०/९८४५०५३३९१ |

Anterdristi (Insight)
by INLS Central Committee

वर्ष : २६    अङ्क : १    पूर्णाङ्क : ४४    अगस्ट २०१९

प्रमुख सल्लाहकार :

**राधेश्याम लेकाली**

**गीता खत्री**

प्रधान सम्पादक :

**दीप पाठक**

कार्यकारी सम्पादक :

**भरतविक्रम ढकाल**

सल्लाहकार सम्पादक :

**प्रकाश पौडेल 'माइला'**   **शान्तिराम ढकाल**

**भीमसेन सापकोटा**   **सुनिल सङ्गम**

**निशा अर्याल**   **गणेश घिमिरे**

**लालगोपाल सुवेदी**   **विकास विष्ट**

सम्पादक मण्डल :

**लक्ष्मी राई** (बेलायत)

**अग्निप्रसाद पराजुली** (न्यु ह्याम्पसायर)

**सानु घिमिरे** (अस्ट्रेलिया)

**प्रमोद सारङ्ग** (कोरिया)

**प्रेमप्रसाद भट्टराई** (कतार)

**वाई.बी. गुरुङ** (पोर्चुगल)

**राजेन्द्र श्रेष्ठ 'राज'** (न्युयोर्क)


**निरज क्षेत्री** (अस्ट्रेलिया)

**डन कार्की** (लस एन्जलस)

**मनोज प्रधान** (नर्थ क्यारोलाइना)

**रविन शर्मा** (जापान)

# शुभकामना



**अन्तर्दृष्टि** अङ्क ४४ (चवालीस) प्रकाशन हुन लागेको खबरले अत्यन्तै हर्षित छु। अनेसासको विगत र वर्तमान हेर्दा यसको भविष्य स्वतः उज्यालो हुने कुरामा विश्वस्त छु। अनेसासले पछिल्लो समयमा आफ्ना गतिविधिहरूलाई घनीभूत बनाउँदै लगेको छ। **अन्तर्दृष्टि**, **अनेसास दर्पण**जस्ता साहित्यिक प्रकाशन, अनेसास डबली रेडियो कार्यक्रम, क्षेत्रीय र च्याप्टर सम्मेलन, महिला सम्मेलन, विश्व सम्मेलन लगायत विविध क्रियाकलापहरू अनेसासले गर्दै आएको छ । अनेसास एउटा विशाल साहित्यिक छहारी बनेको छ, जसमा धेरै सर्जकहरू अटाएका छन् । अनेसासलाई अझ चुस्त, दुरुस्त र सिर्जनात्मक बनाउने काममा हामी प्रयत्नशील छौँ ।

अब नेपाली भाषामा लेखिएका पुस्तकहरूलाई अनुवाद गरेर विश्व बजारमा पुऱ्याउनु हाम्रा लागि ठूलो चुनौती छ। नेपालीले लेख्ने र नेपालीको मात्र पढ्ने प्रवृत्तिले नेपाली साहित्य विश्वबजारमा पुग्न सक्दैन । हाम्रा संस्कृति, सम्पदा, कर्मव्यवस्थालाई विश्वका सामु चिनाउन अनुवाद साहित्यको आवश्यकता पर्दछ। हामीले हाम्रा देवकोटा, लेखनाथ, सम र घिमिरेलाई विश्वबजारमा पुऱ्याउनुपर्छ। नेपाली साहित्यलाई विश्वसामु चिनाउन अनुवाद रूपान्तरण प्रक्रियाको थालनी गर्न अत्यन्तै ढिला भइसकेको छ ।

अब साहित्यलाई रहरबाट माथि उठाएर पेसाको स्वरूपमा बदल्नुपर्छ। साहित्य महत्त्वपूर्ण विषय हो भन्ने भावको विकास राजनीतिज्ञ, प्रशासक, समाजसेवी हरेकमा गराउनुपर्छ। हामीले पनि परिष्कार, परिमार्जन गरी, अध्ययन-मनन गरी साहित्यिक कृतिको प्रकाशन गर्नुपर्छ। नत्र हामीलाई इतिहासले वनमाराको संज्ञा दिनेछ।

अन्तमा, धेरै पढौँ, थोरै लेखौँ, आफ्नो संस्कृति, जीवनदर्शनलाई विश्वसामु परिचित गराउन गम्भीर भएर लेखौँ। आजैदेखि अनेसासका सदस्यज्यूहरूले लेखनमा निरन्तरता आउनेछ भन्ने विश्वास अनेसास परिवारको छ। अनेसासको मुखपत्र **अन्तर्दृष्टि**का लागि रचना उपलब्ध गराउनु हुने, विज्ञापन उपलब्ध गराउनु हुने र अन्तर्दृष्टिको ४४ औँ अङ्कलाई यस रूपमा प्रस्तुत गर्न लागिपर्नु हुने सबैप्रति धन्यवाद प्रकट गर्दछौँ।

जय अनेसास !

**राधेश्याम लेकाली**
अध्यक्ष
अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)
केन्द्रीय कार्य समिति

# शुभकामना



सर्वप्रथम अनेसासको चवालीसौँ अङ्क प्रकाशन हुन लागेकोमा पुलकित हुँदै पत्रिकालाई निरन्तरता दिनुहुने सम्पूर्ण सम्पादक समूहका साथीहरूप्रति हार्दिक आभार प्रकट गर्दछु । भाषा, साहित्य, कला र संस्कृति हाम्रा जीवनका ढुकढुकी हुन् । हामीले विश्वमा स्वपहिचान कायम गर्न यी कुराहरूलाई कहिल्यै पनि बिर्सनुहुन्न । स्वदेशको माया विदेशी भूमिमा बढी मात्रामा आउँदो रहेछ । भौतिकताको खोजीमा विश्वभरि छरिएर रहेका हाम्रो मन र मस्तिष्कमा नेपालै नेपाल रहेको छ । हामी सगरमाथाको जस्तै स्वाभिमानी शिर, लालीगुराँसको जस्तो स्निग्धता र लुम्बिनीको जस्तो पवित्र मन लिएर बाँच्न सक्यौँ भने विश्वका जुन कुनामा बसे पनि हामीले नेपाललाई माया गरेको प्रमाणित हुनेछ ।

देशप्रेमको भावनालाई मन, वचन र कर्मले जीवन्त बनाउन सुरु गरिएको साहित्यिक अभियान **अन्तर्दृष्टि**को प्रकाशन हो । बहुरूपी रङका फूललाई उनेर एउटै नेपाली माला बनाउनु अनेसासको मूलमन्त्र हो । यसै भावनालाई साकार पार्न **अन्तर्दृष्टि** पत्रिकामार्फत् खटिरहनुहुने सम्पादक साथीहरूको योगदान महत्त्वपूर्ण छ ।

अन्तमा, पच्चीस वर्षदेखि निरन्तर रूपमा प्रकाशित अनेसासको मुखपत्र **अन्तर्दृष्टि** सधैँ फुलिरहनेछ भन्ने शुभाकाङ्क्षा व्यक्त गर्दै यसको पूर्ण सफलताका लागि हार्दिक शुभकामना प्रकट गर्दछु ।

**गीता खत्री**
अध्यक्ष
अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)
बोर्ड अफ ट्रस्टी (BoT)

# सम्पादकीय



- **अन्तर्दृष्टि** चवालीसौँ वयमा प्रवेश गरेको छ ।
- हामी प्रवासी सुस्केराहरूलाई निरन्तर अनेसासको मुखपत्रबाट सुसेलिरहेछौँ ।
- हामी आगतलाई सुन्दर बनाउन वर्तमानमा घर्सिरहेछौँ । यही घर्साइमा हामी पटक-पटक अतीतको यात्रामा पुग्छौँ र पुनःपुनः घर्सिरहेछौँ । घरदेश छाडेर परदेशमा रहेकाहरूको आम दैनिकी यसरी नै बितिरहेछ ।
- हामी **अन्तर्दृष्टि** पत्रिकालाई परदेशिएका आम मानिएको 'जीवनको ऐना' बनाउन चाहन्छौँ ।
- **अन्तर्दृष्टि**लाई यस रूपमा ल्याइपुर्‍याउन खट्नुहुने पूर्वसम्पादकहरू, पत्रिकाका स्वप्नद्रष्टाहरू सबैप्रति नमन गर्दै यो चवालीसौँ पुष्प यहाँहरूसमक्ष चढाएका छौँ ।
- अनेसास बोर्ड अफ ट्रस्टी, केन्द्रीय कार्य समिति र च्याप्टरहरूमा हार्दिक आभार प्रकट गर्दछु ।
- आशा छ, अनेसासको यो साहित्यिक अभियानमा यहाँहरुको सदा साथ र माथ रहनेछ ।
- अन्तमा, रचना उपलब्ध गराई चवालीसौँ अङ्कलाई यस रूपको कायामा उभ्याउन सहयोग गर्नुहुने सबै-सबै मनहरूप्रति हार्दिक साधुवाद प्रकट गर्दछौँ ।

**दीप पाठक**
प्रधान सम्पादक
अन्तर्दृष्टि प्रकाशन समिति

# विषयसूची

## अन्तर्वार्ता

**कविले कविता लेख्ने होइन, कविता बाँच्नुपर्छ ... तुलसी दिवस ... अन्तर्वार्ताकार : अश्विनी कोइराला ... ११**

## कविता/गीत/गजल/हाइकु/मुक्तक

**मात्न मन लागेको छ ... डा. दुबसु क्षेत्री ... १७ / ढाक्रे ... पदम विश्वकर्मा ... १९ / गजल ... डा. सुशीलराज पौडेल ... २० / म त आखिर फूल नै हुँ ... सुमलकुमार गुरुङ ... २६ / लाटोकोसेरो र जुनेली रात ... शान्तिराम ढकाल ... २७ / गीत ... गोवर्धन पूजा ... २८ / गीत ... ज्ञानेन्द्र गदाल ... २९ / घर छाउने सपना ... महेश्वर शर्मा ... ३८ / गजल ... प्रेमप्रसाद भट्टराई ... ३९ / हाइकुहरू ... क्रिसु क्षेत्री ... ४० / गजल ... अजित देवकोटा ... ४० / मेरो विश्वास... ... राजेश बुढाथोकी ... ४१ / मुक्तकहरू ... वसन्त श्रेष्ठ ... ४२ / घण्टाघरको गुनासो ... कृष्णमुरारी ढुङ्गेल ... ५१ / मुक्तकहरू ... डा. रूपक श्रेष्ठ ... ५२ / बाउको छाती ... दीप पाठक ... ५३ / हाइकुहरू ... प्रमोद सारङ ... ५४ / मैले गल्ती गरेँ ... सन्ध्या पहाडी ... ५७ / विमानस्थल ... आनन्द अधिकारी ... ५८ / गजल ... दिनेशराज ज्ञवाली ... ५९ / गजल ... गिरिजा गैरे ... ५९ / बुद्धको खोजी ... डन कार्की ... ६५ / कठै तिम्रो स्वतन्त्रता ... शेखर ढुङ्गेल ... ६६ / तीन हाइकु ... डा. तीर्थराज घिमिरे ... ६८ / मुक्तकहरू ...... तीर्थ अधिकारी ... ६९ / मुक्तक ... कमलप्रसाद सापकोटा ... ६९ / आह्वान ! ... भूपनारायण घर्ती मगर ... ७० / नारी र स्वतन्त्रता ... सुनिता गिरी ... ७३ / बालक र मान्छेहरू ... नारायण अधिकारी ... ७४ / इतिहास साक्षी छ ! ... मुकुन्द कोइराला ... ७५ / मुक्तकहरू ... शकुन ज्ञवाली ... ७६ / हाइकुहरू ... कृष्ण बजगाईं ... ८७ / गजल ... मणि पौडेल 'भिखारी' ... ८८ / गजल ... यम पौडेल ... ८८ / धुँवाको आडम्बर ... सन्तोष अधिकारी ... ८९ / हुन्न ... दुर्गाप्रसाद पोखेल ... ९० / मुक्तकहरू ... सावित्री गिरी ... ९१ / गजल ... श्यामराज रानाभाट ... ९१ / गजल ... रमेश दाहाल ... ९२ / गजल ... हरिप्रसाद अधिकारी ... ९२ / खन्छु खोरिया ... व्याकुल पाठक ... ९६ / बा र ढुङ्गा ... मीनराज बास्तोला ... ९७ / नजरहरू ... पुष्करजङ्ग थापा ... ९८ / श्रीमान्**

म नेपाली हो ... मुक्ति गौतम ... ९९ / रकफेलरको आँगन ... किशनसिंह धामी ... १०९ / मन ... लोकराज न्यौपाने ... ११० / गजल ... अरुण बेल्बासे 'रोज' ... १११ / गजल ... घायल तिवारी 'घनश्याम' ... १११ / खुसी ... केशवमोहन अधिकारी ... ११२ / गजल ... दीपक सुवेदी ... ११३ / गजल ... अमर खडका ... ११३ / बादलपारि डुल्न पाऊँ ... अग्नि पराजुली र आरजु पराजुली ... ११४ / टेक केअर योर सेल्फ ... सीताराम थापा ... १२० / नपुंशक समयविरुद्ध ... लक्ष्मी राई 'लारा' ... १२३ / पुनर्जन्म ... भरतविक्रम ढकाल ... १२४ / रोपाइँ ... रवीन्द्रभक्त श्रेष्ठ ... १२५ / चोट ... ज्योतिकुमार श्रेष्ठ ... १२६ / नयाँ युगको सुरुवात ... दीपा राई पुन ... १३० / चार मुक्तकहरू ... मोहनराज खनाल ... १३१ / बा-आमा र सपनाहरू ... डा. केशव शर्मा ... १३२ / साथी ... खगेन्द्र थापा ... १३५ / विचरा मेरा बा ! ... यादव देवकोटा ... १३९ / गजल ... सरोज भण्डारी 'सर्वहारा' ... १४० / गजल ... गणेश घिमिरे ... १४० / गोविन्दको पक्षमा ... लालगोपाल सुवेदी ... १४१ / नारी ... नमराज लामिछाने ... १४२ / बिदाइ ... भविन लिम्बू ... १४३ / गजल ... प्रकाश सापकोटा ... १४४ / गजल ... राजेश तुफान कार्की ... १४४ / निर्झरिणी ... नदिया ... १४५ / जीवनको भोगाइ ... इशा शर्मा कोइराला ... १४६ / गजल ... किरण मानिके ... १५३ / गजल ... सन्तोष लुइटेल 'समीप' ... १५३ / ज्योत्स्ना ... सुदीपभद्र खनाल ... १५४ / गजल ... वासु पौडेल ... १५५ / गजल ... आचार्य प्रभा ... १५५ / सोचाइ, व्यवहार र संस्कार ... उर्मिला निर्दोषी ... १५६ / मौन जवाफहरू ... दिलु सिजाली ... १५७ / डिजिटल नक्सा ... नम्रता गुरागाईं ... १६५ / ए मान्छे, शत्रुसित लड ... शिव लामिछाने (शिशिर शर्मा) ... १६७ / गजल ... पवन लामिछाने ... १६९ / गजल ... महेश्वर पन्त ... १६९ / बिछट्टै मीठो छ ... कृष्ण गिरी ... १७० / मुक्तक ... शारदा पौडेल 'निशा' ... १७० / गजल ... सतिस त्रिपाठी ... १७३ / गजल ... सौरभ करञ्जित ... १७३ / परदेशी युवालाई आह्वान ... निजानन्द मल्ल ... १७४ / मेरै आँगनमा ! ... दीपेन्द्र के.सी. ... १७५ / गजल ... कृष्ण कुसुम ... १७६ / गजल ... सङ्गीता पौडेल 'स्मृति' ... १७६ / सत्ययुग फर्किने आशामा ... गोविन्दप्रसाद गौतम ... १७७ / गजल ... आनन्द श्रेष्ठ ... १७८ / गजल ... विष्णा विरही ... १७८ / दूरी ... अरुण पौडेल ... १८२ / दिन ! ... ईश्वरी भट्ट ... १८३ / आऊ साहिँला पोखरा ... ऋषि बराल ... १८४ / म प्रवासी ... मधुकर अधिकारी ... १८५ / आमा ... पुष्पा खनाल ... १८७ / गुल्मोहरको बोटमुनि ... सजल नयन ... १८८ / गीत ... पुष्पा घिमिरे ... १९० / गजल ... मोहनप्रसाद खतिवडा ... १९० / वादका अनुहार ... केदार सङ्केत ... १९१ / रङ्गमञ्च ... शिखर दुलाल 'लेखु' ... १९३ / आमा ... भूपेन्द्र महत ... १९५ / टाउकाहरूको मेला ... राखी गौचन ... १९७ / बग्दै छु नदी बनेर ... रजनी श्रेष्ठ ... १९८

## लेख/खोजमूलक लेख

**अनेक डायस्पोरा ... होमनाथ सुवेदी ... २१ / डुबर्समा नेपाली पत्रकारिताको सङ्क्षिप्त इतिहास ... डा.जीवन राणा ... १७९**

## कथा/लघुकथा

**मर्यादा ... निशा अर्याल ... ५५ / साँचोको झुप्पा ... सुनील सङ्गम ... ६१ / पापी मन ... राम लामा 'अविनाशी' ... ७१ / कम्पना ... डा. लेखनाथ काफ्ले ... ९३ / फेसबुक लभ ... बाबा बस्नेत ... १०१ / विडम्बना ... पुष्प आर.जे. ... १५९ / पुर्पुरोको खत ... डा. मणि पनेरू ... १७१**

## नाटक

**जीवन ... वसन्तप्रवीण (प्रवीण टन्डन) ... ७७**

## निबन्ध/संस्मरण/नियात्रा

**बर्मा गए नि कर्म सँगै ... जीवा लामिछाने ... ३१ / कस्टोमर सर्भिस ... सुरेन उप्रेती ... १२७ / मेरी आमा, कुकुर र नेता ... सर्वज्ञ वाग्ले ... १३७ / कर्मचारीपत्नीको जिज्ञासा ... सुस्मिता सुवेदी पौडेल ... १४७**

## समीक्षा/समालोचना

**अनेसासका गतिविधि र भावी कार्यदिशा ... प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल ... ४३ / हाइकुशिखरमा एक्लो तेन्जिङ ... महेश पौड्याल ... ११५**


## अनेसास गतिविधि

**अनेसास डेनमार्क च्याप्टरको अध्यक्षमा प्रकाश सापकोटा ... १९९ / अनेसास डेनमार्क च्याप्टरको पुनर्गठित समितिको पहिलो बैठक सम्पन्न ... १९९ / अनेसास पोर्चुगलको वार्षिक साधारण सभा सम्पन्न ... २०० / मिजौरी च्याप्टरको आयोजनामा छन्द कविता कार्यक्रम सम्पन्न ... २०१ / बोस्टनको विशेष साहित्यिक कार्यक्रममा डा. गौतमको 'झ्याम्ली बाख्राको पाठो' को उपर**

समीक्षा ... २०२ / अनेसास इटाली च्याटरको पुनर्गठन ... २०४ / अनेसास न्युयोर्क च्याप्टरद्वारा नयाँवर्ष २०७६ को शुभकामना तथा विविध कार्यक्रम सम्पन्न ... २०४ / अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज कोलोराडो च्याप्टरको पहिलो स्मारिका विमोचन ... २०५ / जापानमा स्वर्ण साहित्यिक शृङ्खला सम्पन्न ... २०६ / अनेसास बेल्जियम च्याप्टरका अध्यक्षको कवितासङ्ग्रह 'जीवनको आरम्भ' लोकार्पण ... २०८ / पोखरामा अनुवाद विषयक विचार गोष्ठी तथा कवि गोष्ठी सम्पन्न ... २०८ / टविनोदका दुई कृति 'अविरल स्पन्दन' र 'भिजाएर गए ऊ' सार्वजनिक ... २१० / डि.सी. मेट्रो कमिटीमा भूपनारायण घर्तीमगरको नेतृत्व ... २१० / कोरियामा गजल मुसायरा र कृति विमोचन सम्पन्न ... २१३ / समालोचक लुइटेलसँग पोर्चुगलमा साक्षात्कार ... २१४ / जापानमा स्वागत र सम्मान कार्यक्रम ... २१४ / अस्ट्रेलियामा नेपाली नृत्य प्रतियोगिता हुने ... २१५ / पर्थ च्याप्टरको मासिक साहित्यिक शृङ्खला ... २१६ / अनेसास पर्थले मोटिभेसनल कार्यक्रम गर्ने ... २१६ / 'तमसुक' कतारमा सार्वजनिक ... २१७ / ह्युस्टन च्याप्टरले बुद्ध जयन्ती मनायो ... २१८ / सिड्नीमा खुल्ला बाल वक्तृत्वकला कार्यक्रम भव्यताका साथ सम्पन्न ... २१८ / सिकागो च्याप्टरद्वारा बृहत् साहित्य गोष्ठीको आयोजना ... २२० / तेस्रो अनेसास च्याप्टर सम्मेलन जापानमा हुने ... २२१ / कुवेत च्याप्टरको रचना वाचन कार्यक्रम सम्पन्न ... २२१ / डायस्पोरिक उपन्यास 'सिड्नी सपना' को सिड्नीमा अन्तर्क्रिया ... २२२ / अनेसास समेतको आयोजनामा बाल्टिमोरमा नेपाली राष्ट्रिय सम्मेलन हुँदै ... २२३ / अनेसास कतार च्याप्टरको छोटो परिचय तथा विगत ६ महिनाभित्र गरेका कार्यहरूको गतिविधि ... २२४ / कतारमा नेपाली साहित्यकारहरूको भव्य साहित्यिक वाचन कार्यक्रम सम्पन्न ... २२५ / अनेसास नवोदित कतारले सम्पन्न गऱ्यो ८९ औँ साहित्य रचना वाचन कार्यक्रम ... २२६ / कतारमा ९० औँ डबलीको साथ गजलसङ्ग्रह 'गजल इन्द्रेणी-४' को विमोचन सम्पन्न ... २२७ / अनेसास कतार च्याप्टर र नवोदित साहित्यिक वाचनालय कतारको ९१ औँ डबली सम्पन्न ... २२८ / ९२ औँ वाचन डबलीसँगै पारिजातको जन्म जयन्ती कतारमा ... २३० / पोर्चुगल च्याप्टरले 'लाभेन्दरका परागहरू' प्रकाशन गर्ने ... २३१ / अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) जापान च्याप्टरका प्रकाशनहरू ... २३२ / अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) नवनिर्वाचित केन्द्रीय कार्य समितिका पदाधिकारीहरू (सन् २०१८-२०२०) ... २३३ / अनेसास बोर्ड अफ ट्रस्टी ... २३४ / अनेसास केन्द्रीय कार्य समितिका हालसम्मका अध्यक्षहरू ... २३६ / अनेसासको मुखपत्र 'अन्तर्दृष्टि' का प्रधान सम्पादकहरू ... २३६ / अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) बोर्ड अफ ट्रस्टीको नवनिर्वाचित कार्य समिति ... २३७ / अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) – अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन सम्पन्न भएका मिति र संयोजकहरू ... २३८

●

# कविले कविता लेख्ने होइन, कविता बाँच्नुपर्छ




● तुलसी दिवस



**अन्तर्वार्ताकार :**
**अश्विनी कोइराला**

कविता कर्ममा लाग्नेहरू धेरै छन् तर तुलसी दिवसजस्तो विरलै छन् । तुलसी दिवसले कविता कर्म गर्दा-गर्दै धेरै किसिमका रेकर्ड बनाएका छन् । जस्तो - साहित्यकर्ममै लागेर सबैभन्दा बढी देश घुम्ने उनी पहिलो पुस्ताका नेपाली हुन् । कविता सुनाउन उनी ४० भन्दा बढी देश पुगिसकेका छन् । विदेशी सम्मेलनहरूमा नेपाली साहित्यको प्रतिनिधित्व गर्नमा सिङ्गो नेपाली साहित्य एकातिर र तुलसी दिवस एकातिर पर्दछन् भन्ने गरिन्छ ।

सबैभन्दा सानो उमेरमा प्रज्ञा प्रतिष्ठानको प्राज्ञ हुने सौभाग्य पनि तुलसी दिवसलाई जुरेको छ । दिवस प्रज्ञा प्रतिष्ठान छिर्दा उनको उमेर २९ वर्षको थियो । प्रतिष्ठानको प्राज्ञ हुन कम्तीमा दुईवटा पुस्तक प्रकाशन हुनुपर्छ । तत्कालीन पञ्चायती व्यवस्थामा राजा महेन्द्रले उनको प्रतिभाका विषयमा थाहा पाएपछि 'दिवसलाई प्राज्ञ नियुक्ति गर्नू' भन्ने आदेश भएको बताइन्छ ।

सबैभन्दा सानो उमेरमा कलेज पढाउने शिक्षक पनि तुलसी दिवस नै हुन् । धनकुटा कलेज पढाउन थाल्दा उनी जम्मा २२ वर्षका थिए । कलेज पढाउन कम्तीमा स्नातकोत्तर अध्ययन गर्नुपर्ने हुन्छ । तर उनले बी.ए. पढ्दा-बढ्दै कलेज पढाउन सुरु गरेका थिए । निकै पछि मात्र उनले कलेजमा डिग्री पास भएको सर्टिफिकेट त्रिभुवन विश्वविद्यालयलाई बुझाएका थिए ।

तुलसी दिवस हालसम्म अविवाहित छन् । अविवाहित भए पनि आफूले जीवनमा धेरै प्रेमिका बनाएको बताउँछन् तुलसी दिवस । ८० वर्ष लागिसकेका तुलसी दिवस हालसम्म प्रेमिकाविहीन हुन नपरेकोमा खुसी व्यक्त गर्छन् । दर्जनौं प्रेमिकासँग आफ्ना प्रेमको अनुभव साटेको बताउने तुलसी दिवस एकसाथ बहुप्रेममा पर्ने गरेको पनि बताउँछन् । यी त भएका उनका व्यक्तिगत उपलब्धिका कुरा ।

नेपाली साहित्यमा उनको योगदान भने लोकवार्ता र कवितामा छ । जापान र अमेरिकामा लोकवार्तासँग सम्बन्धित रहेर उच्चशिक्षा प्राप्त गरेपछि उनी भिजिटिङ प्रोफेसरका रूपमा ती देशका विभिन्न कलेजमा केही वर्ष पढाएका थिए । उनले लोकसाहित्यका विषयमा अङ्ग्रेजी तथा नेपाली भाषामा दर्जनभन्दा बढी पुस्तक लेखेका छन् । उनले सङ्कलन गरेका 'कान्छी मट्याङ ट्याङ' जस्ता गीत पनि नेपाली जनजिब्रोमा झुण्डिएका छन् । उनका नेपाली कथाहरू पनि पाठकबीच लोकप्रिय छन् । त्यसैगरी हिन्दी भाषामा पनि उनको कवितासङ्ग्रह प्रकाशित छन् ।

यिनै बहुआयामिक व्यक्तित्व तुलसी दिवससँग आख्यानकार एवम् पत्रकार **अश्विनी कोइराला**ले पटक-पटक लामो समय कुराकानी गरेका थिए । ती कुराकानीका सम्पादित अंश **अन्तदृष्टि**का लागि लेखक कोइरालाले हामीलाई पठाएका हुन् ।

**तपाईं नेवार परिवारमा धनकुटामा जन्मनुभयो । तर आफ्नो नामका पछि थर झुण्ड्याउनु भएन । यसका पछि कुनै कारण छ ?**

नेपाली समाजमा तुलसीको ठूलो महत्त्व छ । तुलसी एकादशीका दिन रोपिन्छ तर तुलसी रोप्ने दिनलाई ठूली एकादशी भन्ने गरिन्छ । र, यो दिन जन्मिएका केटाकेटीहरूको नाम तुलसी राखेको मैले देखेको छु र सुनेको पनि छु । महिला जन्मिए भने तुलसीकुमारी, पुरुष जन्मिए भने तुलसीप्रसाद वा अन्य केही । यसरी उमेर बढ्दै जाँदा मैले धेरै तुलसीहरू भेटेँ र यो नाम निकै कमन लाग्न थाल्यो । त्यो बेला म साहित्यकारका रूपमा परिचित भैनसके पनि साहित्य चेत महसुस गर्न थालेको थिएँ । मलाई लाग्यो म तुलसीको उत्सवका दिन जन्मिएकाले यसलाई उत्सवका

रूपमा किन नमनाउने ? यही बोध गरेर मैले तुलसीका पछाडि दिवस थपेको हुँ । यसले म अरू तुलसीका तुलनामा फरक हुँ भन्ने बोध दिएकै हो ।

**सानैदेखि साहित्यिक गतिविधिमा संलग्न हुनुहुन्थ्यो रे । के परिवारमा त्यस किसिमको वातावरण थियो ?**

जोशी परिवार मूलतः पृथ्वीनारायण शाहले भक्तपुर आक्रमण गरेपछि त्यहाँबाट धनकुटातिर लागेका थिए । उनीहरू व्यापारका अलावा कला, नृत्य र नाटकमा रुचि राख्दथे । मेरो बुवा महाप्रसाद जोशी नाटक खेल्नुहुन्थ्यो । बालकृष्ण समको 'प्रल्हाद' र 'मुकुन्द इन्दिरा' मा उहाँले अभिनय गर्नुभएको थियो । बाजे कृष्णमान गायनमा निकै राम्रो हुनुहुन्थ्यो । उहाँले गाउने भजन स्थानीय स्तरमा लोकप्रिय थिए । यी सबै कारणले मभित्र कतै कलाका सबै कुराका अंशहरू थिए । तर साहित्य लेखनमा भने म पहिलो पुस्ता हुँ ।

**कवितामा लोकप्रिय भैसक्नुभएको थियो तर अचानक लोकसाहित्यतर्फ कसरी लाग्नुभयो ? यतातिर आकर्षित हुनुपर्ने कारण केही कारण थियो कि ?**

मानिस फुर्सदको समयमा के गर्छ, एकपल्ट मैले ध्यान दिएर हेरेँ । खेल खेल्दो रहेछ । खेलमा कि जित हुँदोरहेछ, कि हार हुँदो रहेछ । खेल पनि दुई प्रकारका हुँदा रहेछन् । एउटा खेल दुई व्यक्तिबीच हुन्छ । अर्को खेल दुई समूहबीच हुँदो रहेछ । त्यसपछि मैले ध्यान दिएर हेरेँ, दुई जनाबीचको खेल के-के होलान् ? उदाहरणका लागि बागचाल र बुद्धिचाल । बागचाल खेल किसानहरूको खेल हो, बुद्धिचालको खेल शासकहरूको हो । यी खेलको प्राचीन प्रारूप खोज्दै जाँदा मलाई मानिसको प्रारम्भिक जीवनप्रति चासो लाग्यो । यही चासोकै कारण म लोकवार्तातिर लागेँ ।

**तपाईं ठ्याक्कै कवि कुन बेला हुनुभयो ? मेरो प्रश्नको अर्थ के हो भने मानिस लेखेपछि कवि हुन्छ कि लेख्नुअघि ?**

सुन्दर प्रश्न गर्‍यौ भाइ । खासमा मानिस जुन बेला कवि भावमा हुन्छ, ठ्याक्कै त्यो बेला ऊ कवि हुन्छ । त्यसलाई लेख्नु त प्रकटीकरण मात्रै हो । म अघि हारजितको खेलको कुरा गरिरहेको थिएँ । तर कवि हुनका लागि हारजित नहुने खेलमा फर्कनुपर्ने हुन्छ । यस्तो खेल पनि

हुन्छ, जहाँ हारजित हुँदैन । त्यो हो केटाकेटीले खेल्ने पुतलीको खेल, बेहुला-बेहुलीको खेल । म यस्तै हारजित नहुने खेल्ने खेलका कारण कवि भएको हुँ ।

भयो के भने, सानो छँदा मैले केही समय मावली गाउँको विद्यालय पढेको थिएँ । स्वभाविक हो, धेरै साथी थिए र हामी त्यस्तै पुतली खेल्दथ्यौँ । मावली गाउँमा एकाध वर्ष पढेर म पुनः धनकुटा फर्किएँ । र, एकैपटक १९ वर्षको हुँदा मावली गाउँ पुगेँ । मावली पुग्नै लाग्दा म त्यही ठाउँमा पुगेर अड्किएँ, जहाँ हामी सानो छँदा पुतली खेल्दथ्यौँ । हाम्रो ठाउँमा अरू नै केटाकेटी त्यहाँ पुतली खेलिरहेका थिए । अचानक मलाई पुतली खेल्न मन लाग्यो तर म ठूलो भैसकेको थिएँ । मन त उही थियो तर अब पुलती खेल्न सक्दिन थिएँ । यो भावले मलाई कति गहिरोसँग छायो, मलाई भाउन्न हुन थाल्यो । हामीले बाँचेका हरेक समय नाघेपछि फर्किन सक्दैनौँ । फर्कनुपर्‍यो भने के गर्ने, कविता लेख्नुबाहेक अर्को उपाय छैन । म यही भावनाले कवि भएको हुँ । युवामा सबैथोक गरियो, अहिले उमेरजन्य कारणले ती सबै गर्न सकिँदैन ।

**त्यसो भए के गर्ने ? साहित्यमा पोख्नुबाहेक तपाईंसँग कुनै उपाय छैन ?**

हरेक मानिसले आफ्नो जीवनमा पहिलोपटक जीवनको पहिलो पीडादायी क्षण अनुभव गर्छ । त्यस्ता क्षणले पनि मानिसलाई लेखनतिर आकृष्ट गराउँछ ।

**तपाईंले अनुभव गर्नुभएको पहिलो पीडादायी अनुभवचाहिँ कुन थियो ?**

यो २०१३ सालको कुरा हो । म धनकुटाबाट एस.एल.सी. पास गरेर आइ.एस.सी. पढ्न काठमाडौँ आएको थिएँ । मसँग कलेज भर्ना हुने, काठमाडौँमा दुई/चार महिना बसेर खाने र पुस्तकलगायतका केही सामग्री किन्न पैसा थियो । भर्ना हुन केही समय बाँकी भएकै समयमा मेरो बुवालाई चिन्ने एकजना व्यक्तिले मसँग पैसा मागे । भर्ना हुने बेलामा पैसा फिर्ता दिने आश्वासन उनले दिएका थिए । मैले भएका जति पैसा ती व्यक्तिलाई जिम्मा लगाइदिएँ ।

भर्ना हुने बेला भयो, उनी आएनन् । काठमाडौँका गल्ली-गल्ली खोज्दै हिँडेँ । भर्ना हुने अघिल्लो दिन उनलाई भेटेँ तर उनले दुई/चार समस्या

देखाएर केही दिनमै जगेडा गर्ने बताए। ती दिनहरू पनि बिते। एक/दुई दिन कलेज गएपछि कक्षामा बस्न लाज भयो र पुनः ती व्यक्तिलाई खोज्न थालें। बाँकी रहेको पैसा पनि सकियो र कोठाभाडा पनि तिर्ने बेला भयो। उनी हराएको हरायै भए। अन्त्यमा लाचार भएर मैले काठमाडौं छाड्न पऱ्यो। त्यो यस्तो समय थियो, मैले एकसाथ भविष्य अँध्यारो देखें। मानिसको क्रूरता र पाशविकता अनुभव गरें। यो संसारमा आफूजस्तो एक्लो र निरीह अनुभव गरें। त्यति मात्र होइन, पैसाको महत्त्व, आफ्ना मातापिताले आफूलाई हुर्काउन गरेको दुःख पनि एकैपल्ट अनुभव गरें। एकैपल्ट मलाई यो घटनाले मानिस-मानिसबीच धेरै फरक हुँदो रहेछ भन्ने थाहा दिलायो।

**तपाईंको कविता वाचन विशेष हुने गर्छ। कतिपयले के भन्छन् भने तपाईंले अपराधका समाचार पढ्नुभयो भने पनि प्रकृतिका सुन्दर कविता वाचन गरेजस्तो हुन्छ। यो शैली विकास गर्नुभएको हो कि जन्मजात ?**

कविता के हो ? शब्द हो कि, भाव हो कि, त्यसले पैदा गर्ने ध्वनि हो ? बुझ्नैपर्ने कुरा, सबैभन्दा पहिला कविता ध्वनि हो। त्यही ध्वनिले भाव पैदा गर्छ र त्यही भावले मानिसलाई तरङ्गित बनाउँछ। कविता ध्वनिको पदचाप हो, कविता ध्वनिको रेखा हो र कविता त्यसबाट दगुर्ने बाटो हो। कविता लेखेर प्रकाशित गर्दैमा त्यो कविता हुँदैन। यो त वक्ताको बोलीमा सबैभन्दा पहिले निसृत हुनुपर्छ।

यो बोधपछि मैले कविता लेख्ने मात्र होइन, वाचनमा पनि लय मिलाएँ। जुन कुरा शब्दले व्यक्त गर्ने सामर्थ्य राख्दैन, त्यो बेला ध्वनिले त्यो सामर्थ्य राख्छ। यही कुरा बुझेपछि मैले त्यसलाई आफ्नो लयमा ढालें र कवितालाई कविताकै रूपमा बाँच्न स्वतन्त्र छाडिदिएँ।

**भनेपछि त्यो पछि विकसित गर्नुभएको ?**

हो तर त्यति मात्र होइन, कविता लेखेर वाचन गरेर मात्र हुन्न, त्यसमा बाँच्नुपर्छ। जबसम्म एउटा कवि कवितामा बाँच्दैन, कवितामाथि न्याय गर्न सक्दैन, जो कवि कविता लेखेर पनि कवितामा बाँच्न सक्दैन, उसले कविता त लेख्यो होला तर ऊ कवि रहँदैन। यो गूढार्थ कविले बुझ्नुपर्छ भन्ने मान्यतामा म अडिग छु। यो शैली त्यसैको उत्पादन हो।

**यसको अर्थ के बुझौँ भने जसको वाचन कला छैन, ऊ कवि होइन, तपाईंको नजरमा । मैले ठीक बुझेँ ?**

> जसरी हरेक व्यक्तिको रूप-रङ्गमा असमानता हुन्छ, त्यसरी नै हरेक कविको चिनारीसहित आफ्ना कवितामा असमानता हुनु जरुरी छ। ठीक छ, उसको वाचन तलमाथि होला, तर ऊ कविता कवि भनेर समाजमा चिनिनका लागि लेख्छ कि, रमाइलोका लागि लेख्छ कि साँच्चै नै कविता बनेर बाँच्नका लागि लेख्छ, एउटा कविलाई त्यस अर्थमा हेरिनुपर्छ र त्यस्ता व्यक्तिले नै भावले कविता वाचन गर्छ र सामुन्नेको व्यक्तिले 'वाह !' भन्छ, थपडी बजाउँछ । कृत्रिम कवि र कृत्रिम कवितामा त्यो सम्भव छैन ।

**तपाईंका प्रेमका किस्सा बजारमा निकै लोकप्रिय छन् । तर मलाई जान्न मन लागेको कुराचाहिँ विवाह नगरेर गल्ती गरेँ कि भन्ने पछुतो भयो कि भएन ?**

> बिल्कुलै भएन । मैले केटी नपाएर विवाह नगरेको होइन, विवाह नगर्नु मेरो व्यक्तिगत र स्वतन्त्र निर्णय हो । यसमा कसैको हस्तक्षेप भएन । विवाह नगर्नु स्वतन्त्र निर्णय पक्कै हो, तर पनि ८० वर्षको उमेरमा...? यो कुरै नगरौँ । विवाह गरेर यो उमेरमा सबैका पत्नीहरू साथमै हुन्छन् भन्ने पनि के ग्यारेन्टी । बरु म यो उमेरमा पनि प्रेममा छु । यो ठूलो कुरा हो । मानिस विवाह गरेर पनि प्रेममा हुँदैनन् । म विवाह नभए पनि प्रेममा छु । यो हो तुलसी दिवसको विशेषता ।

●


## लेख-रचनाका लागि अनुरोध ...

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) केन्द्रीय कार्य समितिको मुखपत्र **अन्तर्दृष्टि**को निम्ति आफ्ना मौलिक लेख-रचनाहरू पठाउनका निम्ति सम्पूर्ण स्रष्टाहरूमा हार्दिक अनुरोध गर्दछौँ ।

रचना पठाउने इमेल : antardristi.inls@yahoo.com

**दीप पाठक**
तथा
**अन्तर्दृष्टि प्रकाशन समिति परिवार**

# मात्न मन लागेको छ



कविता

● **डा. दुबसु क्षेत्री**
पूर्व अध्यक्ष, अनेसास, केन्द्रीय समिति

एकटुक्रा उज्यालो
पाउने चाहमा असङ्ख्य पीडाका टुक्राहरू पाएँ
एक चिम्टा आस्था
कमाउने रहरमा असङ्ख्य आर्तनादका बुँदहरू पाएँ
रहर थियो -
अलिकति अपनत्व खोजौँ
अलिकति सत्व खोजौँ
रहर जहरजस्तै भइदियो
अचेल, एक हिउँद मातेर हिँडूँजस्तो लाग्न थालेको छ
अचेल, एकफेर मातेर हिँडूँजस्तो लाग्न थालेको छ ।

अँध्यारोको पनि नशा हुँदोरहेछ
रक्सीजत्तिकै
अचेल दिउँसो नै पाइने अन्धकार पिऊँजस्तो लाग्न थालेको छ
अचेल दिउँसो नै मातेर हिँडूजस्तो लाग्न थालेको छ
अनास्था पनि मादक हुँदोरहेछ
गाँजाजत्तिकै
अचेल यही अनास्था पिऊँजस्तो लाग्न थालेको छ
अचेल जताततै मातेर हिँडूजस्तो लाग्न थालेको छ
विवशता पनि रिँगटा दिँदोरहेछ
मादक सुइजत्तिकै
अचेल यही विवशता पिएर हिँडूजस्तो लाग्न थालेको छ
अचेल, जताततै मातेर हिँडूजस्तो लाग्न थालेको छ ।

आजभोलि त अझ
जिन्दगी नै स्वयम् अर्को नशा भएको छ

आफू सधैँ मातेझैँ छु
मात्नु झन् ठूलो नशा भएको छ
नशामा अब
अलिकति परिवर्तन ल्याउन मन लागेको छ
अलिकति नयाँपन ल्याउन मन लागेको छ
अचेल आगो पिएर मातूँ कि लाग्न थालेको छ
अचेल क्रान्ति पिएर मातूँ कि लाग्न थालेको छ
अचेल परिवर्तन पिएर मातूँ कि लाग्न थालेको छ ।

एकटुक्रा उज्यालो
पाउने चाहमा असङ्ख्य पीडाका टुक्राहरू पाएँ
एक चिम्टा आस्था
कमाउने रहरमा असङ्ख्य आर्तनादका बुँदहरू पाएँ
रहर थियो -
अलिकति अपनत्व खोजौँ
अलिकति सत्व खोजौँ
रहर जहरजस्तै भइदियो
अचेल, एक हिउँद मातेर हिँडूजस्तो लाग्न थालेको छ
अचेल, एकफेर मातेर हिँडूजस्तो लाग्न थालेको छ ।

●



# ढाक्रे



कविता

● **पदम विश्वकर्मा**
उपाध्यक्ष, अनेसास, बोर्ड अफ ट्रस्टी

म फेरि ढाक्रे भएको छु
ढाक्रेहरू दिनानुदिन बढ्दै छन् अमेरिकी गल्लीहरूमा
भीमशमशेरको पालामा हजारौँ नेपाली ढाक्रे बने
जङ्गबहादुरले हजारौँलाई काँधमा बन्दुक थमाए र
गोर्खालीको नाममा ढाक्रे बनाए
हजारौँ बहादुरहरू दिल्ली र गोरखपुरमा ढाक्रे बने
जीवन बलिदान दिए ढाक्रेहरू वीर गोर्खे भएर ।

सयौँको लावालस्कर हुँदै ढाक्रेहरू
भुटान पुगे, बर्मा पुगे र बङ्गला पुगे
मुनामदनका मदनहरू बनेर ढाक्रेहरू खासा पुगे
ढाक्रेहरू
गर्मीको तातो बाफमा होम्मिँदै
बालुवामा तपतप पसिना चुहाउँदै
बा'को फाटेको भोटो फेर्ने चाहनामा
आमाको फाटेको धोती फेर्ने आशामा
कान्छीलाई एकसरो गुन्यु-चोलो दिने आकाङ्क्षामा
पट्पटी फुटेका हजुरबाका पैतालामा
एकजोर चप्ली किन्ने रहरमा
खाडी भासिएका छन् र फेरि ढाक्रे बनेका छन् ।

दसवर्षे युद्धले चुसिएका माहिलाहरू
बन्दुक बोकेर थाकेका कान्छाहरू

आर्मी पुलिसका बुटले कुटिएका साहिँलाहरू
घरबाट निस्केका जेठाहरू घर नुपुग्दै
बाटामै लाश नबनेका भए
एकमुठी शान्तिको सास फेर्न पाएका भए
माहिलाहरू किन बन्थे ढाक्रे ?
शिक्षा लिने भवन नजलाइएका भए
मलहमपट्टी केन्द्र मसानघाट नबनाइएको भए
नागरिकताको खोस्टो लिन जाँदा
पियन, सुब्बा, खरदार हाकिम सापहरूले घुस नमागेको भए
मान्छे बोक्ने बस दिनदहाडै नजलाइएको भए
सोमलालहरू जस्तै
किन होमिन्थे ढाक्रेहरू मुग्लान ?

## गजल



● **डा. सुशीलराज पौडेल**
महासचिव, अनेसास जर्जिया च्याप्टर

जिन्दगीमा बाठो हुनु, भन्थे बाले सकिनँ हजुर,
सोझो, थिए लप्पनछप्पन, लेखिनँ हजुर !

सिधा बाटो एकोहोरो, आफ्नो पथमा गर्दा यात्रा,
दायाँ-बायाँ फल्थ्यो होला, टिप्न रूख चढिनँ हजुर !

कागको कथा बाले भन्थे, ढुङ्गाभरि पानी पियो,
ढुङ्गा मैले खोज्दै गर्दा, स्ट्र चुस्न जानिनँ हजुर !

कमिलाको कथा सुनी, पर्खाल चढ्दै-लड्दै गरैँ,
अरू साथी पारि कट्दा, मैले सुरुङ देखिनँ हजुर !

स्ट्र चुस्न, सुरुङ खन्न, खुट्टा तानी अघि बढ्न,
न त सिकेँ संस्कारबाट, आफू सिक्न चाहिनँ हजुर !

# अनेक डायस्पोरा



लेख

● **होमनाथ सुवेदी**
संस्थापक अध्यक्ष, अनेसास केन्द्र

अनेक डायस्पोरा के हो ? यसका प्रकारान्तरहरू के हुन् ? यी आजका ज्वलन्त प्रश्न हुन् । Classical Diaspora, Modern Diaspora, Postmodern Diaspora आज यिनै कुराको व्याख्या र पठनपाठन भएको छ अमेरिकामा पनि । हामीले हाम्रो तरिकाले नेपालीको परिप्रेक्ष्यमा यो नयाँ डायस्पोराको व्याख्या र यसको अनेक भेदाभेदको विवक्षा गर्ने गरेका छौँ र अझै गर्दै छौँ । त्यसको परिणाम नेपालीमा विकसित भएको एउटा अवधारणा हो अनेक डायस्पोरा, अनेक डायस्पोराको साहित्य ।

जिउज, आइरिस र रोमानियन क्लासिकल डायस्पोराका लागि पहिले मूल भूमिमा फर्किने अभिमत हुन्थ्यो तर आजको मोडर्न डायस्पोरामा राजनैतिक वा मातृभूमि फर्कनैपर्छ भन्ने छैन । नेपालीहरूको पनि प्रवासीहरू त नेपाल नै फर्कने धारणा हुन्थ्यो तर आज नेपाल फर्किनुपर्ने बाध्यता भएको मात्र नेपाली समुदाय नेपाल बाहिर छैन बरु अमेरिका, क्यानाडामा यतै नागरिक भएर बस्ने गर्दछन् । यिनलाई प्रवासी हैन, डायस्पोरा भन्छौँ, नेपालीमा आप्रवासी भन्ने बानी पनि पर्न थालेको छ । डायस्पोरामा नयाँ थपेर भन्दा अझ डायस्पोराको सङ्केत दिन्छ । हामी प्रवासीबाट छुट्याउन पनि नयाँ डायस्पोरा भन्छौँ । उता क्लासिकल डायस्पोराबाट मोडर्न डायस्पोरालाई अलग गर्न पनि म नयाँ डायस्पोराभन्दा सजिलो मान्दछु । नयाँ भन्दासाथ पुरानो के त ? अनि के यसका भेद छन् ? स्वभावतः आउने प्रश्न हो । त्यसैको उत्तरका लागि अनेक डायस्पोरा शब्द अगाडि आयो र यसले कुनलाई मात्र डायस्पोरा भन्ने-भन्ने ? सङ्कुचित विचारका विवादलाई अन्त गरिदिन्छ र डायस्पोराको अध्ययनको क्षेत्र विस्तृत भएको कुरा अर्थात् बहुल डायस्पोराको

अध्ययनलाई अगाडि सार्छ। सामान्यतया डायस्पोराका लागि नयाँ थलोबाट पुरानो राष्ट्रको संस्कृतिको बाहक भए पुग्छ। यो नयाँ डायस्पोरा हो, आधुनिक डायस्पोरा हो । बिस्तारै यसले उत्तर आधुनिक अवस्थातिर पदार्पण गरिरहेछ । त्यसैले पनि डायस्पोराका अध्येतालाई ऐतिहासिक डायस्पोरा अध्ययनको पनि आवश्यक छ । अनेकताको उदय भएको छ । यी सांस्कृतिक, भौगोलिक, राजनैतिक विशेषताको आधारमा अनेक डायस्पोराको उदय भैरहेको छ। वेद र बाइबलकै शब्दार्थ लिएर मात्र हामी रोकिन मिल्दैन । त्यो प्राकृतिक न्याय विरुद्ध पनि हो । शब्दमा अर्थ विस्तार हुन्छन्, भएको छ र अझै अर्थ विस्तार हुनसक्छ। अहिले हाम्रो बीच आएका Identity, Creolization, Hybridity का प्रश्न पनि यसैसित गाँसिएका छन् । यो वास्तवमा मनमस्तिष्कमा रहेको आफ्ना पितापुर्खाको मूल थलोमा आवतजावतको सुविधामा भएको विकासले पुरानोमा मायालाई ताजा बनाएको छ तर ऊ रहन्छ नयाँमा नै । पुरानो राष्ट्रमा नागरिकता धुमिल हुँदै गएको र त्यसलाई यथासक्य सम्भार गर्दै जान सक्ने स्थिति हो । त्यसले गर्दा दुवैतिर थामेर एउटा राष्ट्रको नागरिकले अर्को राष्ट्रमा गई बस्न सक्दछ । विश्व साँघुरिएको सन्दर्भमा धेरै नै देशहरूले अहिले Dual citizenship दिइसकेको अवस्था छ । त्यसैले डायस्पोरा अध्ययनमा Overseas Citizenship, Diaspora Citizenship, nun-exclusive Peripheral Citizenship इत्यादि कुरा आएका छन् । वास्तवमा नेपाली डायस्पोरा आज ongoing construction या political identity तहमा प्रवेश गर्दै छ। यी कुराले के देखाउँछ भने डायस्पोरा भनेका यतातिर खोज्नुपर्ने हुन्छ "The people settled far from their ancestral homeland" अर्को शब्दमा "The place where these people live" वस्तुजगत्मा सबैभन्दा शक्तिशाली राजनैतिक शक्ति भएकाले यसले छुँदैन। डायस्पोरा मानसिकता वा यसको प्रतिपक्ष नै भए पनि यिनको कोरिलेसन पक्कै हुन्छ। किनकि इमिग्रेसन र राज्यका बोर्डरका धारणा नै राजनैतिक बोर्डरका कारण बनेका हुन् र यो डायस्पोराको समस्या पनि अहिले देखिने चाहिँ पनि यही यो भलै पूर्ण राज्य कसैबाट खोसेर लिने कुरा हैन, यो त केवल भएको कसैले नछिन भन्ने मात्र हो । नेपालकै सन्दर्भमा हेर्दा अहिले 'एकपटकको नेपाली सदाको नेपाली' हुनुपर्छ भन्ने कुरा भएजस्तै हो। वास्तवमा भारतजस्ता ठूला देशले सार्क कन्ट्रिजदेखि बाहिरका भारतीयलाई ड्वयल सिटिजनसिप दिएको छ। खैर यो कुरा अलि पातलो

भो । हाम्रा विद्वान् जो एनआरएनएको नाम सुन्दै रिसाउँछन् । उनीहरूले बुझ्नुपर्ने कुरो भएर यति पातलो व्याख्यामा आउनुपरेको हो । नत्र पुरानो थलोको यादसित नयाँ थलोमा जीवनयापन गरिरहेको एउटा समुदायको मनोवस्था नै डायस्पोरा हो । अहिले योभन्दा सामान्य अर्थमा भन्नुपर्दा यसरी भन्नुपर्दछ - आफ्नो पुरानो राष्ट्रको यादसित आफू बसेको नयाँ राष्ट्रमा जीवनयापन गरिरहेको एउटा समुदायको मनोवस्था नै नयाँ डायस्पोरा हो । यसका सदस्यमा अस्तित्ववादी पात्रको जस्तो आत्म पहिचानको खोज तीव्र रूपमा हुन्छ जसले उसलाई उर्खौली-पुर्ख्यौलीसम्म पुऱ्याउँदछ र यो वर्तमानमा विदीर्ण बनाउँछ । यो एक प्रकारको स्टेटलेस स्टेटको अवस्था हो । यो भौतिक भए पनि झण्डै अविज्ञेय हुन्छ । तपाईंले यमपुरीको **महल** उपन्यास पढनुभो भने थाहा हुन्छ डायस्पोरिक जीवन कति अविज्ञेय छ । साहित्य कलाले दिने दर्शन जीवन हो । प्रत्यक्ष दर्शन दर्शनले दिन्छ । त्यसले अझ विवेचना गर्न सक्दैन तर साहित्यले पाठकलाई थाहै नदिई उसले आत्म परिवर्तन गरेको हुन्छ । त्यसैले डायस्पोरिक साहित्य जवर्जस्त हुन्छ । डायस्पोरिक जीवनको राज्य नै उसको भाषा, कला र साहित्य नै हुन आउँछ । नयाँ थप कुरो नेपाल र एनआएनएको सन्दर्भमा सार्क कन्ट्रिजदेखि बाहिरका राष्ट्रमा कम्तीमा दुई वर्ष बसेकोलाई एनआएएन मान्ने विधानमा संशोधन गरेका छन् । तदनुसार नेपाल सरकारले एनआरएनए संस्थालाई दर्ता पनि गरेको छ । यो नेपाल र नेपालीको सन्दर्भमा प्रासङ्गिक भएकोले उल्लेख मात्र गरेको हो । अनेसासले डायस्पोरा पुरस्कार आदि भन्ने नामबाट राखिएका पुरस्कार आदिको अवस्थामा पनि नेपाल र एनआरएनएले गरेका निर्णयको आधारमा यी प्रशासनिक काममा स्वतः परिवर्तन हुन्छ तर साहित्य र दर्शनको क्षेत्रमा डुबेर डायस्पोरा वा नयाँ डायस्पोराको अर्थ खोज्ने अध्येताका लागि यो कुनै पनि जातिको उसको पुरानो राष्ट्रियताप्रतिको लगाव र नयाँ थलोको बसाइको बीचको मानसिक अन्तर्द्वन्द्वको अध्ययन र त्यो व्यक्ति वा समुदायको मनोसामाजिक अवस्थाको अध्ययनको विषय हो ।

एकजना विद्वान् नै हुन्, आवाज सुनेको थिएँ, मैले जवाफ नदिई नसुनेजस्तै गरी हिँडेँ । उनी के भनेर व्यङ्ग्य गर्दै थिए भने अब साहित्य नै किन ? खाना पनि डायस्पोरिक भने भैगो नि ! उनले त विरोधमा उडाएको हो तर उनको त्यो अल्पज्ञानप्रति मलाई दया लाग्यो । उनलाई यो थाहा थिएन कि डायस्पोरिक

खाना हुन्छ, डायस्पोरिक साहित्य मात्र हैन, सभ्यता र संस्कृति सबै हुन्छ। यसको भर्चुअल आफ्नै छुट्टै समस्याको राज्य हुन्छ । यो आधुनिक डायस्पोरा हिजोको भन्दा फरक छ । डायस्पोरा यो स्वयम् प्रोसेस र कन्डिसन दुवै हो । त्यो पुरानो डायस्पोरा (Classic Diaspora) लाई नै प्रोसेसले मोडर्न डायस्पोरामा ल्याएको छ, अनेक डायस्पोरा हुँदै यो अझ अगाडि बढ्न पनि सक्छ। प्रोसेसले नयाँ कन्डिसनको सिर्जना गर्न पनि सक्छ। इमिग्रेसनको नयाँ तीव्र वेभ, अन्तर्राष्ट्रियताको कन्डिसन र ट्रान्सन्यासन्यालिज्मको अवस्थाले गर्दा वर्तमान डायस्पोरालाई आधुनिक (Modern Diaspora) डायस्पोरा मान्न सकिन्छ । यसलाई यसरी पनि बुझाउन सकिन्छ कि यो नयाँ डायस्पोरा पुरानो क्लासिक डायस्पोराको ट्रान्सफर्मेसन हो । हाम्रो चल्तीमा आएका शब्द यी हुन् - Homeland, Newland, Mainland, Island । डायस्पोरिक नागरिकले Homeland र Newland सबैतिर उसका आँखाको ज्योति हुन्छ र दुवै राष्ट्रमा मन लाएको हुन्छ। यस्ता व्यक्तिहरूका समुदायलाई डायस्पोरा भनिन्छ। पुराना प्रवासी अनि क्लासिकल डायस्पोराबाट पृथक्, नयाँ डायस्पोराको अवधारणालाई बुझाउँछ आधुनिक डायस्पोराले । आधुनिक डायस्पोराको दिशा र सम्भावना दुवै हो अनेक डायस्पोरा । डायस्पोराको परिवार ठूलो भएको छ । यो कुलका परिवारका भेद-उपभेदले गर्दा यसको अनेक डायस्पोराको अध्ययनलाई अगाडि बढाइरहेको अवस्था हो यो । यो सम्भावना अझ व्यापक र स्पष्ट हुँदै जान्छ। आज र भविष्यमा Multicultural Diaspora को अध्ययन स्कुलदेखि कलेज, विश्वविद्यालय र घरदैलोमा आवश्यक पर्दै जान्छ किनकि अनेक डायस्पोरा एक जीवन हो यो साँघुरिएको विश्वमा। डायस्पोरा, नयाँ डायस्पोरा, अनेक डायस्पोरा भनेको क्लासिकल, मोडर्न र मल्टी कल्चरल डायस्पोरा हो। अनेक डायस्पोरामा नेपालीका अनेक मात्र हैन, साउथ एसियन डायस्पोरा, अफ्रिकन डायस्पोरा, जिउज डायस्पोरा, फ्रेन्च डायस्पोरा आदि-आदि पनि आउँछन्। यो छोटोमा भनेको योभन्दा बढी जान्न त केही अध्ययनको आवश्यकता पर्छ। अनेसासको 'अन्तर्राष्ट्रिय नेपाली डायस्पोरा प्राज्ञिक अध्ययन' वा 'अनेक डायस्पोराका कविता' मा केही खुलासा गर्ने प्रयास भएको छ । त्यस्तै अनेक डायस्पोरामा देवकोटा पुस्तक, अनेसासको इतिहास पुस्तक र उत्तर अमेरिकाको नेपाली साहित्यको इतिहास पुस्तकहरूले पनि यसलाई व्याख्या गर्ने प्रयत्न गरेका छन् ।

अनेक डायस्पोराको साहित्य पुस्तकले पनि मद्दत गर्दछ । यो यति व्यापक छ कि विश्वविद्यालयमा अध्ययन गर्नै जानुपर्छ । अनि मात्र अध्येता पोख्त हुन्छ । अन्यथा यिनै हुन् सामान्य आलेखका दुई/चार कुरा । यो 3rd International Nepali Literary Convention: 30th November-1st December 2013, Washington DC, USA भएको थियो । त्यसका आयोजकहरूले यसको नारा Diaspora Fair या Nepali Languages, Literature & Culture दिएका थिए । ती सम्मेलन अहिलेसम्म चौथो टोक्योमा र पाँचौं पर्थमा भैसके । यिनका प्रकाशन पठनीय छन् । भर्खरै प्रथम नेपाली साहित्य सम्मेलन २०१७, ६-७ मे, सोल कोरियाको **कोरियामा अनेक डायस्पोरा** जस्ता नामाङ्कित कृतिहरू आउँदै छन् । यसले पक्कै पनि यस विषयका जिज्ञासुहरूलाई अझ बढी पाठ्य, श्रव्य र दृश्य सामग्री उपलब्ध गराउनेछ भन्ने पनि आशा गर्न सकिन्छ । अनेसास मात्र हैन अनेक संस्थाले अनेक डायस्पोरामा अनेक प्रकाशन गरिरहेका छन् । अनेकतामा विकसित यो नेपाली साहित्यको विस्तारले नेपालीको पहिचानलाई अन्तर्राष्ट्रिय धरातलमा सगौरव प्रस्तुत गर्नेछ भने अनेक डायस्पोराको साहित्यका अध्येतालाई अध्ययनको दायरा अझ व्यापक बनाउँदै जानेछ । यो अनेक डायस्पोरा अध्ययनको विषय नै हो । नेपाली मूलका नेपाली साहित्यबाट नै डायस्पोरामा प्रवेश गरेका नेपाली डायस्पोराका समालोचक ह्यारी भण्डारीले यसै वर्ष अमेरिकाको मेरील्यान्डका सांसदका उम्मेदवार भई जिते । नेपाली डायस्पोरा आज तीव्र गतिले अगाडि बढिरहेको छ । भण्डारी डायस्पोरा साहित्यका अध्येता र प्रयोक्ता पनि हुन् । उनका अनेक व्यक्तित्व छन् । अहिले डा. गोविन्दराज भट्टराई, डा. खगेन्द्र लुइटेल, ह्यारी भण्डारी र अरूहरू पनि विभिन्न तहबाट राजनीतिलगायत जीवनका अनेक पाटामा सङ्घर्ष गरिरहेका छन् । अनेक डायस्पोराले जीवनका अनेक पक्षको अध्ययन पनि गर्दछ । डायास्पोरिक पीडा मात्र हैन, यसले उत्थानको पनि उत्तिकै अभिलेख राख्दछ । त्यसैले पनि अनेक डायस्पोरा अनेक छ र यसको साहित्यका अध्येताहरूको अध्ययनको क्षेत्र विस्तार हुनु झन् आवश्यक छ ।

●

# म त आखिर फूल नै हुँ




कविता

● सुमलकुमार गुरुङ
अध्यक्ष, अनेसास, बेलायत च्याप्टर

मेरो जरालाई समात्ने माटोले साथ नदिए
म कसरी उम्रन्थेँ र ?
मलाई सुसार गर्ने माली नभइदिएको भए
म कसरी फुल्न सक्थेँ र ?
यो माटो र मबीचको
बलियो सम्बन्धको गाँठो सम्झन्छु ।
म यसै पुण्य वसुन्धराको उपज
खुला आकाश स्वच्छ वातावरणमाझ
हुर्किएर उठ्ने मेरो स्वतन्त्रता
विसङ्गतिका छालहरूले कहिलेकाहीँ
मलाई फुल्न गाह्रो बनाउँछ
तर
फुल्नु मेरो नैसर्गिक अधिकार हो ।
अनि मेरो जीवनयात्रामा
म कहिले मन्दिरभित्र
भगवान्को चरणमा पुग्छु
कहिले कसैको माला बन्छु
कहिले शिरको ताज बन्छु
त कहिले कानको शोभा बन्छु
कहिले अङ्खोराको शोभा बनी
पवित्र जलमा विराजित बन्छु ।
ओइलाई जाने मेरो नसिबलाई
कसैले टार्न सक्दैन
म क्षणभरको शोभा बन्छु
अनि
मेरो अस्तित्वको बत्ती निभ्दछ
जब क्रूर समयको पाउले कुल्चिदिन्छ ।
समय बलवान् छ
म फेरि उठेर फुल्दछु
मेरो यात्रा भुइँदेखि भुइँसम्मकै हो
म भुइँ भएर उठ्दछु
र भुइँमा नै लीन हुन्छु
अनेकौँ आडम्बर बोकेको भुइँ र आकाशबीच
नाट्य मञ्चनको बखेडाभित्र बाँच्ने
सारा संसारका लागि म आखिर फूल नै हुँ ।
म धीन-गरिब सबैका लागि फूल नै हुँ
बलियो र कमजोर सबैको म फूल हुँ
काँडाबीच फुले पनि म फूल नै हुँ
मभित्र कुनै भेदभाव छैन
सारा संसारका लागि आखिर म फूल नै हुँ ।

●

# लाटोकोसेरो र जुनेली रात



कविता

● **शान्तिराम ढकाल**
उपाध्यक्ष, अनेसास केन्द्रीय कार्य समिति

ओ लाटोकोसेरो तिमीलाई जुनेली रात मन पर्दैन हो ?
उज्यालो हुन्छ झन् पूर्णिमा त झलझल हुन्छ
कठिन छ छलेर लुट्नलाई ती पञ्जाहरूले बचेराहरू
उज्यालो होउञ्जेल जुनेली पूर्णिमा
कति रीस उठ्दो हो लाटोकोसेरो ?
तल भुइँमा मुसा ढुकुटी ओसार्दै छ
सिज़न हो धानका बालाहरू समेट्नुपर्छ
तिम्रो असफल आक्रमणमा
संसार स्वतन्त्र खोज्दै छ हुटिट्याउ
गलत इतिहास लेख्दै छ कवि पर बसेर
आखिर जुम्रा हो कन्दनीबाट टाउकोमा बसाइँ सर्दा
थाहा पाँउदैन टोक्ने ठाउँ
उज्यालो छ संसार पूर्व घाम लाग्छ
अन्धाले पनि थाहा पाउँछ कता-कता अँध्यारो
बहिरोले पनि सुन्छ ती तिम्रा बेतालका स्वरहरू
होसियार नाङ्गो वस्त्र खोलेर मात्र हुँदैन
किनकि तिमी पहिले नै नयाँ वस्त्रको भ्रममा छौ
तिमी हिजो पनि नाङ्गै थियौ
आज त पूर्ण निर्वस्त्र छौ
त्यो राजाको पहिरन वाह ! वाह ! को भ्रममा छौ

लाटोकोसेरो ! ए लाटोकोसेरो !
स्वतन्त्रताको आकाशमा कालो बादल ओढ्ने
हे सगर ! तिमी आत्तिनुपर्दैन
क्षितिज फराकिलो छ र स्वतन्त्र छ
भ्रम पस्कने त्यो औँसी अब रोक्नुपर्छ
औँसीमा बत्ती बाल्नुपर्छ
हे लाटोकोसेरो ! औँसीमा पनि अब जून (चन्द्रमा) बल्छ ।

●

## गीत




● **गोवर्धन पूजा**
बोस्टन, अमेरिका


मसी उही कलम उही लेख्ने मान्छे उही
आकाश उही धर्ती उही टेक्ने मान्छे उही
खुसी हुन सुखी हुने गर्छ मान्छे पौरख
तर पनि मान्छेपिच्छे भाग्य फरक-फरक ।

फूल टिप्न खोज्छ मान्छे घोच्न आउँछ काँडा
जिन्दगीको मैदानीमा ठडिदिन्छ डाँडा
यति सानो आँखाभित्र कति आँसु होला
यस्तो लाग्छ त्यही आँसु बोकी बग्छ खोला ।

उदाउँछ भन्थे भाग्य कर्म गरेपछि
कहाँ मिल्दो रै'छ खुसी दैव हरेपछि
घातमाथि घात लाग्छ अविश्वासको जालो
नजाने भो रोइ-धोई अभागीको कालो ।

कसले पाऱ्यो खाल्ड-खुल्टी मैले हिँड्ने सडक
किन हुन्छ मान्छेपिच्छे भाग्य फरक-फरक

●

# गीत



● **ज्ञानेन्द्र गदाल**
कोलोराडो, अमेरिका

लगिदेऊ न मेरो सन्देश, आकाशका ताराहरू
उनीबिना उदास-उदास, फिक्का लाग्छन् सारा अरू
पूर्व घमाइलो
टाढा छ माया हजुर केको रमाइलो ?

एक्लो-एक्लो जिन्दगीमा, कति-कति प्यास छ ?
उनको सुवास बोकी ल्याउने मात्र चिसो बतास छ
झर्न लागे खुसी फुल्ने, वसन्तका पातहरू
कोल्टे फेर्दै छट्पटीमा, गुजरिँदै छन् रातहरू
पूर्व घमाइलो
टाढा छ माया हजुर केको रमाइलो ?

गुन्गुनाउँछु गीत सधैं, विरहको धुन बोल्छ
चिसो हावा बाहिर छ, भित्र-भित्र मन पोल्छ
आफ्नो मुटु आफैसँग, कतै टाडा भएजस्तो
छायाँ छुट्यो उतैतिर, काया मात्रै रहेजस्तो
पूर्व घमाइलो
टाढा छ माया हजुर केको रमाइलो ?

●

## शुभकामना

**अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास), बेलायत च्याप्टर**

को आयोजनामा हुने

**छैटौं अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन २०१९**

**6th Int'l Nepali Literary Convention 2019**

को

भव्य सफलताको कामना गर्दै

**अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)** को मुखपत्र

साहित्यिक त्रैमासिक

**अन्तर्दृष्टि**

को ४४ औं अङ्क प्रकाशन भएकोमा

खुसी प्रकट गर्दछु ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, जापान च्याप्टर
स्थापित : सन् २००३
INLS, JAPAN

## दीप पाठक

**अध्यक्ष**

## अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)

## International Nepali Literary Society (INLS)

**जापान च्याप्टर**

# बर्मा गए नि कर्म सँगै



नियात्रा

● **जीवा लामिछाने**
बर्लिन, जर्मनी

बा भन्नुहुन्थ्यो, बर्मा गए नि कर्मसँगै । यो उखान उहिल्यैदेखि धेरैका बाआमाले भन्दै आएका हुन् । मैले पनि सानै उमेरमा सुनेको हुँ तर यसको भाव भने बुझेको थिइनँ । स्कुल पढ्दा बल्ल बर्मा भनेको देश हो भन्ने थाहा भयो । पछि थाहा पाएँ, बर्मामा नेपाली पनि बस्दारहेछन् । अहिले लाग्छ, बर्मामा पनि नेपाल छ । त्यहाँका नेपालीको मन, भाषा र भावमा नेपाल छ ।

'जहाँ गए पनि आफ्नो भाग्य सँगै' भन्ने उक्तिलाई मेरो जीवनको अनुभवले के भन्छ भने यो केही हदसम्म हो पनि र होइन पनि । मैले संसारका झण्डै आधा देशहरू घुमेँ हुँला । जहाँ गए पनि मैले आफूलाई लिएर गएँ । आफ्ना विचार र भावना लिएर गएँ । तर, मेरा विचारहरू केही देश घुमेपछि परिमार्जित पनि भएका छन् । भ्रमणबाटै परिपक्व बन्दै गएका छन् । कुनै देशले त मेरो कर्म नै परिवर्तन गरिदियो । त्यो देश हो रुस । इन्जिनियरिङ पढ्न गएको मान्छेलाई रुसले कर्म दिएर व्यापारी बनाइदियो ।

२०१३ मे १४ मा म पहिलोपटक बर्मा जाँदै थिएँ । बैङ्कबाट याङ्गुनसम्मको फ्लाइट जम्मा एक घण्टाको रहेछ । याङ्गुन एयरपोर्टमा अखिल म्यान्मार गोर्खा हिन्दु सङ्घका अध्यक्ष ओमबहादुर कार्की, गैरआवासीय नेपाली सङ्घ बर्माका अध्यक्ष सागर घिमिरेसहित ज्ञानबहादुर थापा र शङ्कर पराजुली मलाई लिन आए । त्यतिबेला मलाई आफ्नै देशको एयरपोर्टमा अवतरण गरेजस्तो लाग्यो र भूगोल मात्र देश होइन रहेछ भन्ने पनि अनुभूति भयो । अलि पाको उमेरका भएकाले ओमबहादुर कार्कीलाई सबैले सम्मान गरेर बाबा भन्दा रहेछन् । मैले पनि बाबा भनेँ । मलाई त्यो भेटघाट पारिवारिक भेटघाट भएजस्तो अनुभूति भयो ।

नेपाली विश्वका धेरै देशहरूमा छरिएर रहेका छन् । भारतभन्दा पर कामको

खोजीमा नेपाली पुगेको पहिलो देश सायद बर्मा नै थियो होला । ब्रिटिस साम्राज्यको अधीनमा रहँदा गोर्खा सैनिकका रूपमा ठूलो सङ्ख्यामा नेपाली बर्मा गएका थिए ।

बर्मा पुगेपछि त्यहाँको इतिहासका केही झिल्का अझ याद आइरहे । जर्नेल नेबिनले झण्डै पचास वर्षअघि सत्ता हत्याएपछि सुरु भएको जातीय दङ्गाका कारण नेपाली मूलका बर्मेली नागरिक शरणार्थी बनेर नेपाल आए । राजा महेन्द्रले नवलपरासी र बुटवल क्षेत्रमा उनीहरूको बस्ती बसाएका थिए । बर्मामा त्यतिबेला सुरु भएको जातीय विद्वेष आजसम्म पनि विद्यमान छ । केही समयअघि एक बुद्धिष्ट महिलाको बलात्कार र हत्याको घटनालाई लिएर सुरु भएको जातीय दङ्गामा दुई सयभन्दा बढी मानिस मारिएका थिए । दसौँ हजार मानिसले बङ्गलादेशमा शरणार्थी हुनुपरेको थियो । यस वर्ष पनि मुस्लिम र बुद्धिष्ट विवादले दङ्गाको रूप लिएपछि विश्वव्यापी चर्चा पायो ।

बर्माबाट लखेटिएका नेपालीको दर्दनाक घटनामा आधारित इन्द्रबहादुर राईको 'जयमाया आफू मात्र लिखापानी आइपुगी' कथा मैले धेरै वर्षअघि पढेको थिएँ । त्यस्तै कृष्ण धरावासीको **शरणार्थी** उपन्यासले पनि बर्माबाट लखेटिएका नेपाली शरणार्थीबारे विश्लेषण गरेको पढेको थिएँ । तर मैले पढेको र सुनेको बर्मेली नेपालीको सच्चा कहानीले बर्मामा पाइला टेकेपछि मात्र सार्थकता पाएजस्तो लाग्यो । पहिले-पहिले यहाँका नेपालीले प्रायः कृषि र पशुपालन व्यवसाय गर्थे । अहिले पनि गर्छन् तर कतिपय नेपाली पत्थर र नवरत्नको व्यवसाय गरेर निकै सम्पन्न भएका रहेछन् । पत्थरको खेलो गरेर धेरै नेपालीको जीवनस्तर माथि पुगेको रहेछ । पत्थरको व्यवसाय गर्ने डेभिड कार्कीले भने, 'यो व्यवसायमा फाइदा छ तर जोखिम पनि त्यत्तिकै छ । केही जमिन किनेर पत्थर उत्खनन गरेको पाँच वर्ष भयो तर आजसम्म एउटा पनि पत्थर फेला परेको छैन । कति दिनसम्म कामदारलाई पालेर राख्न सकिन्छ र ! सिसिफसको यात्राजस्तो भएको छ । बेचबिखन पनि विश्वासका भरमै गर्नुपर्छ । कहिलेकाहीँ यस व्यवसायमा ठगी पनि हुने गर्छ ।'

अर्का एक नेपाली दीपक अधिकारी पनि पत्थरको व्यवसाय गर्दा रहेछन् । उनको घरमा रुबी, सफायर, नीलमजस्ता बहुमूल्य पत्थरहरू रहेछन् । खानीबाट ल्याइएको कच्चा पत्थरलाई कसरी प्रशोधन गरी कटिङ गरिन्छ अनि हार, औँठी आदिमा राख्न योग्य बनाइन्छ भन्ने आफ्नै आँखाअगाडि हेर्न पाइयो । दीपकजीले सङ्कलन गरेका केही पत्थर त लाखौँ डलर पर्छन् रे ! यस मामिलामा कत्ति पनि

नबुझेको मलाई सबै पत्थर उस्तै-उस्तै लागे । पत्थरको व्यवसाय गर्ने नेपालीको मन भने पत्थरजस्तो कडा होइन, नौनीजस्तै साह्रै कोमल रहेछ र रत्नजस्तै चम्किलो । प्रवासी नेपालीको मन, मुटु र मस्तिष्क छामेर नै कविशिरोमणि लेखनाथ पौड्यालले यसरी आफ्नो कवितात्मक भावना व्यक्त गरे होलान् -

'बर्मा, सिक्किम, दार्जिलिङ र मलाया, आसाम, सिङ्गापुर
कालिम्पोङ र देहरादुन तथा भुटान, भाक्सुतिर
बस्ने जो प्रिय बन्धु छन्, सकलको यै राष्ट्रभाषाप्रति
देख्दा प्रेम सदैव हर्ष मनमा उर्लन्छ मेरो अति ।'

भारतमा महात्मा गान्धी र दक्षिण अफ्रिकासँग नेल्सन मन्डेलाको नाम जोडिन्छ । त्यसैगरी बर्मा भन्नासाथ आङ सान सुकीको नाम अघि आउँछ । सुकी त्यतिबेला बर्माको प्रतिपक्षमा थिइन् । सुकीप्रतिको अपार श्रद्धाका कारण हामी उनको पार्टी कार्यालय पुग्यौँ । दुर्भाग्य नै भनौँ, उनी त्यहाँ नभएको बेला परेछ । पार्टी कार्यालय साह्रै सामान्य लाग्यो । पञ्चायतकालमा जमलस्थित प्रतिबन्धित नेपाली काङ्ग्रेसको कार्यालयजस्तो । अर्को वर्ष हुने आमनिर्वाचनमा उनको पार्टीले बहुमत ल्याउने कुरामा सबै विश्वस्त रहेछन् । पहिलोपटक उनको पार्टीले पच्चीस प्रतिशत स्थानमा मात्र चुनावमा भाग लिने अवसर पाउँदा ती पूरै सिट जितेर संसद्मा पचीस प्रतिशत स्थान प्रतिनिधित्व गरेको रहेछ । सुकीको पोट्रेट, एउटा पोर्सेलिन कप र केही चिनो किन्यौँ हामीले । सम्झनाका लागि केही फोटा पनि खिच्यौँ । नोबेल शान्ति पुरस्कार विजेता आङ सान सुकी आफ्नै देशबाट यति प्रताडित भएको इतिहासले मलाई हाम्रै देशका नेता वी.पी कोइरालाको याद आयो । वी.पी.ले इजरायलबाट ल्याएको हतियार दिएर तत्कालीन अवस्थामा बर्माको प्रजातान्त्रिक आन्दोलनलाई सघाएको बताइन्छ । वी.पी.जस्तै सुकीको जीवनका रहरलाग्दा क्षणहरू जेलमा बितेका रहेछन् । नेपाल र नेपालीप्रति उनको विशिष्ट सम्मान रहेको प्रवासी नेपाली दाजुभाइको अनुभव छ । बर्माको सैनिक सरकारले एक सय पैँतीस जातिलाई पहिचान दिएको छ । तिनै जातिमध्ये नेपाली पनि एक हो । त्यहाँ नेपाली गोर्खा नामले चिनिन्छन् । धेरै नेपालीले बर्माको स्वतन्त्रता आन्दोलन देखेका र केहीले लडेका थिए । बर्मामा चार लाख नेपाली रहेको अनुमान छ । नेपाल सरकारको निम्तोमा केही समयअघि नेपाल पुगेकी सुकीले भव्य सम्मान र न्यानो आतिथ्य पाइन् । उनले भावुक हुँदै भनेकी थिइन्, 'नेपाल मेरो दोस्रो घर हो ।'

यहाँका नेपालीले हाम्रो आर्य संस्कृतिको शिष्ट जीवनशैली बचाएर राखेजस्तै लाग्यो । उनीहरूले बोल्ने भाषाशैलीमा छुट्टै मिठास पाइयो । नेपालकै कुनै पूर्वी पहाडी क्षेत्रको आञ्चलिक भाषाजस्तो । यहाँका नेपाली बोलीचालीमा बाआमालाई मातापिता भन्दा रहेछन् । नेपालमा बोलिने पहाडी भाषा र हिन्दी लबजको मिश्रित सुगन्ध यहाँ भेटियो । जस्तै- 'म भरे फर्कंदा यहाँको घरमा एकछिन घुस्छु ल । थोडी देर भयो ।' कुराकानी सकिएपछि 'फोन राखौँ है' भन्नुको सट्टा 'फोन झारु है' भनेको पनि सुनियो ।

दोस्रो विश्वयुद्धका बेला सहादत प्राप्त गर्ने सत्ताइस हजार सैनिकको सम्मानमा बर्मामा निकै ठूलो समाधिस्थल बनाइएको रहेछ । हजारौँ गोर्खा सैनिकको नाम पनि समाधिस्थलमा कुँदिएको थियो । त्यो दृश्य देखेपछि मेरो मनले भन्यो आफूले जित्नुभन्दा पनि अरूलाई जिताउन नेपाली मरेका रहेछन् । त्यसैले म भावुक भएँ । जुन धर्मसंस्कृतिको सिपाही हो, सोहीअनुसार समाधिस्थलको शिलालेखमा सानो परिचय लेखिएको थियो । गोर्खा सैनिकको समाधिमाथि लेखिएको थियो, 'ओम् भगवते नमः' र सङ्क्षिप्त परिचय । हामी ती समाधिस्थलहरू हेर्दै गयौँ । केही समाधिस्थलमा त सिपाहीको नाम र उसको व्यक्तिगत विवरणको सट्टा यस्तो लेखिएको थियो, 'नोन अन टु गड' अर्थात् उसको नाम भगवान्लाई मात्र थाहा छ । त्यो देखेर मेरो मन झन् भरङ्ग भएर आयो । त्यो सिपाहीलाई म कसलाई जिताउन मर्दै छु भन्ने कुरा थाहा थियो कि थिएन होला ? ऊ जसका लागि मऱ्यो, तिनीहरूले उसको नामसमेत थाहा पाएनन् । संसारमा शक्तिशाली तर सन्काहा शासकहरूको सनकका भरमा करोडौँ निर्दोष मानिसले जीवन गुमाएका छन् । उनीहरू सैनिकका भरमा ठूला हुन खोजे पनि ती कहिल्यै ठूला हुन भने सकेनन् । युद्धको चरित्र हेर्दा ननिको लाग्छ । पुराणहरूमा विश्वास गर्ने हो भने पनि रामायण र महाभारतको युद्धमा कति मारिए कति ! धनजनको अपार क्षति भयो । तर, नाम आउँछ त केवल राम, रावण, कृष्ण र अर्जुनहरूको मात्र । तर्क-वितर्क जे गरे पनि आखिर प्रकृतिको खेल भनेर चित्त बुझाउनुको विकल्प छैन । मानिसहरू भन्छन्, 'दुःखले रुवाउँछ ।' तर, म भन्छु, 'दुःखले रुवाउने मात्र होइन, केही सिकाएर पनि त जान्छ ।'

हामी साँझ रङ्गुनको विश्वप्रसिद्ध स्वेडागोन प्यागोडा चैत्य अर्थात् गोल्डेन प्यागोडा टेम्पलमा दर्शन गर्न गयौँ । त्यहाँ पुग्दा मलाई सुनौलो संसारमा पुगेजस्तो लाग्यो । तीन सय छब्बीस फिट अग्लो चैत्य । यसको वरिपरि स-साना चैत्य र

गुम्बा छन् । सबैमा सुनको लेपन लगाइएको छ । हीरा, मोती, मणिमाणिक्यजस्ता थुप्रै रत्न जडिएका छन् । हामी त्यहाँ प्रवेश गर्दा सिम-सिम पानी परेको थियो । उधुम गर्मीले एकछिन विश्राम लिएका थियौँ । हाम्रो अवस्था देखेर हामीलाई एकजना दयालु भिक्षुले छाता दिए । पूरै परिक्रमा गर्न भण्डै पैँतालीस मिनेट लाग्यो ।

मलाई बर्मेलीहरू प्रायः धार्मिक, दयालु, मिलनसार र उदार मनका लागे । पूरै बर्माभरि पाँच लाखभन्दा बढी त भिक्षु मात्रै छन् रे ! यस देशमा यति धेरै भिक्षु किन भएका होलान् ? मैले आफैँ अनुमान गरेँ, सायद यो द्वन्द्व र दङ्गाको पनि देश हो । युद्धको घाउ खाटा लाग्न नसकेपछि निराशाले भिक्षुको सङ्ख्या बढेको हुनसक्छ । अध्ययनको अर्को पाटो हो यो । भिक्षु धर्म निर्वाह गर्न दुई सयभन्दा बढी कडा नियम पालना गर्नुपर्ने रहेछ । महिला (भिक्षुणी) लाई भिक्षुणी नभनी शीलवती भन्दा रहेछन् । शीलवतीहरूले भने दस नियम मात्रै पालना गरे हुने रहेछ । भिक्षुहरू बिहान नाङ्गो खुट्टा लिएर भिक्षाटन गर्न निस्कँदा रहेछन् । बुद्ध दर्शनमा लेखिएबमोजिम जे मिल्छ, त्यही खाने । त्यो पनि एक छाक मात्र । वृद्धवृद्धा र युवा मात्र होइन, किशोरकिशोरी र स-साना बालबालिका पनि पहेँलो वस्त्र धारण गरी भिक्षु र शीलवती भएको देखियो । मेरा मनमा भने एउटै प्रश्न उठिरह्यो, यी बालबालिका, अझ यी किशोर र किशोरीले कसरी यति कडा धार्मिक नियमहरू पालना गर्न सक्छन् होला ? के बाहिर देखिएको पहेँलो वस्त्र धारण गरिएझैँ नियमहरू पालना गरिएको होला ? के इन्द्रियहरूले यिनीहरूलाई चुपचाप भिक्षु र शीलवती बन्न दिएको होला ?

सुन लेपन गरिएको त्यो विशाल चैत्यको रोचक प्रसङ्ग यात्रा सकेपछि कतै पढ्न पाएको थिएँ - बर्माबाट तपुसा र भल्लिका नाम गरेका दुई व्यापारी दाजुभाइ महबाट बनाइएको मिष्ठान्न उपहार लिएर भगवान् बुद्धसँग दीक्षा लिन गएछन् । ती दुई भाइसँग प्रसन्न भएर भगवान् बुद्धले आफ्नो कपालका आठ रौँ निकालेर उपहार दिनुभएछ । रङ्गुन फर्केपछि उनीहरूले ती रौँ त्यहाँका राजा ओकलापालाई चढाएछन् । राजाले ती आठ रौँ राख्न त्यो महाचैत्य निर्माण गरेको कथन चर्चित रहेछ । मलाई भने आफ्नै देशको चिन्ता लाग्यो । किंवदन्ती नै सही, बुद्धका रौँ राख्नसमेत यहाँ यति विशाल चैत्य निर्माण गरिएको छ तर हाम्रो बुद्ध जन्मस्थल लुम्बिनीको गति भने त्यस्तो छ । अलि-अलि जे छ, त्योसमेत विदेशीले बनाइदिनुपरेको छ ।

जगदम्बाश्री पुरस्कार विजेता स्रष्टा ठाकुरप्रसाद गुरागाईंसँग भेट भयो । गुरागाईंजीले उपन्यास र केही धार्मिक ग्रन्थ पनि प्रकाशित गरेका रहेछन् । प्रवासमा

रहेर उनले नेपाली भाषासाहित्यलाई ठूलो गुन लगाएका छन् । बर्मेली सेनामा कर्नेलसम्मको उपाधि हासिल गरेका टङ्कध्वज नेपालसँग भने समय अभावका कारण भेट हुन सकेन । अर्को महत्त्वपूर्ण व्यक्ति हुन् नन्दराम न्यौपाने । उनलाई सबैले दानवीर न्यौपाने भन्दा रहेछन् । उनले व्यक्तिगत खर्चमा राजधानी सहर याङ्गुनमा करोडौँको आठतले धर्मशाला बनाइदिएका रहेछन् ।

म गैरआवासीय नेपाली सङ्घ अध्यक्षका नाताले बर्मा गएको थिएँ । साथीहरूसँगको भेटघाटका क्रममा केही महत्त्वपूर्ण सवाल उठे । एउटा महत्त्वपूर्ण सवाल भने नलेखी रहन सकिनँ । 'गैरआवासीय नेपाली ऐन-२०६४' ले नेपाली मूलका विदेशी नागरिकले समेत नेपालमा व्यवसाय गर्न र तोकिएको सर्तबमोजिम घरजग्गा खरिद गर्न पाउने कानुनी व्यवस्था गरेको छ । त्यसका लागि उनीहरूले गैरआवासीय नेपाली परिचयपत्र 'पीएनओ कार्ड' भने लिएको हुनुपर्छ । नेपाली मूलका विदेशी नागरिकले गैरआवासीय नेपाली परिचयपत्र लिन साविकमा ऊ आफै, उसका बाआमा वा बाजेबज्यै नेपाली भएको प्रमाण जुटाउनुपर्छ । नेपालमा नागरिकताको प्रमाणपत्र दिने प्रचलन सुरु भएको धेरै भएको छैन । बर्मा बिस्तारै खुला बन्दै गइरहेको अहिलेको परिप्रेक्ष्यमा त्यहाँ बसोबास गर्ने धेरै नेपाली मूलका बर्मेली नागरिक लगानी गरेर होस् वा घरजग्गा खरिद गरेर, आफ्ना पूर्खाको देशसँग जोडिन चाहेको मैले भेटघाटका क्रममा थाहा पाएँ । तेस्रो पुस्तादेखि बर्मामा बसिरहेका नेपालीले आफ्ना बाआमा या बाजेबज्यै नेपाली थिए भनेर देखाउन सक्ने कानुनी प्रमाण अहिले फेला पार्न प्रायः असम्भव हुन्छ । राज्यले हिजोका दिनमा व्यवस्था नै नगरेको कानुनी कुरा अहिले खोजी गर्नु तर्कसङ्गत र व्यावहारिक नहुने भएकाले कुनै वैकल्पिक उपाय खोजी मनमा नेपाल, मुखमा नेपाली भाषा, व्यवहारमा नेपालीपन र अनुहारमा नेपाली वर्ण साँचेर बस्ने हाम्रा दाजुभाइ तथा दिदीबहिनीले पनि राज्यले उपलब्ध गराएको कानुनी प्रावधान उपयोग गरी आफ्ना पुर्खाको देशसँग सधैँ आबद्ध हुन पाउनुपर्छ ।

बर्मा निवासी नेपालीसँग भेटघाट तथा छलफलका लागि गैरआवासीय नेपाली सङ्घ राष्ट्रिय समन्वय परिषद् बर्माले बिहान रामजानकी मन्दिरमा एउटा कार्यक्रम राखेको थियो । त्यहाँ एकजना पाको उमेरकी महिला पनि आएकी रहिछन् । उनले अति स्नेहसँग मेरो हात समाइन् । मेरी आमाले म सानो छँदा कतै लड्छु कि भनेर मेरो हात समाएजस्तो लाग्यो । उनले भनिन्, 'आफ्नो मुलुकका मानिसलाई भेट्न आएकी हुँ ।'

मैले सोधेँ, 'आमा, कहिले बर्मा आउनुभएको ?'

'तीन पुस्ता भइसक्यो । हजुरबाको पालादेखि ।'

मौसम गर्मी थियो तर उहाँको असीम स्नेहले मेरो मन शीतल भयो । तीन पुस्तादेखि बर्मामा बस्दै आएकी यी आमा, जो बर्मामै जन्मेर बर्मामै बूढी भइन् । उनले अझै भावनात्मक रूपमा नेपाललाई आफ्नो मुलुक सम्झिरहेकी छन् । नेपालबाट आउनेहरूलाई भेट्न जाँदा आफ्नो मुलुकबाट आएको सम्झिने ती वृद्ध आमाको पितृभूमिप्रतिको अद्भूत प्रेम नै सायद डायस्पोरिक चेतना होला ! आखिर हामीले डायस्पोरामा बाँकी रहेको यही अद्भूत स्नेहको धागो कालान्तरमा चुँडिएर नजाओस् भनेर नै त गैरआवासीय नेपाली अभियान सुरु गरेका थियौँ । आफू त्यही अभियानको नेतृत्व गर्दै बर्मा पुगेको यथार्थबोधले मलाई द्रवीभूत बनायो ।

बर्मा जाँदा नेपाल गएजस्तै भयो । राजनीतिक सिमानाका कारण मात्र नेपाल र बर्मा भन्नुपरेजस्तो लाग्यो । आजभोलि मलाई 'जहाँ नेपाली छन्, त्यहीँ नेपाल छ' जस्तो लाग्न थालेको छ । मानसपटलमा बर्मा बोकेर फर्कँदै गर्दा लाग्यो, बर्मा कर्मयोगी र धर्मयोगीको देश हो । पत्थर र प्रेमको देश हो । दानवीर र शानवीरको देश हो । प्रकृति र संस्कृतिको देश हो । तर दुर्भाग्यवश, बर्मा द्वन्द्व र दङ्गाको पनि देश हो ।

रङ्गुन एयरपोर्टबाट मनिला जान जब म जहाज चढेँ, तब मलाई किन-किन एकछिन आँखा चिम्लिन मन लाग्यो । आँखा चिम्लँदा मेरो मनमा सजीव भएर चम्किला रत्नहरू, ठाकुरप्रसाद गुरागाईं, टङ्कध्वज नेपाल, नन्दराम न्यौपानेजस्ता कर्मवीर नेपाली आफन्तहरू, दोस्रो विश्वयुद्धमा वीरगति प्राप्त गरेका सिपाहीहरू, गोल्डेन टेम्पल, आङ सान सुकी, आफ्नो धर्तीसँग नाता गाँसेकी स्नेह दिन आउनुभएकी आमा, केही द्वन्द्व, द्वेष र दङ्गाजस्ता अनेक घटना, पात्र र दृश्य एकपछि अर्को गर्दै मेरो मनको पर्दामा आइरहे ।

नेपाली मूलका बर्मेली दाजुभाइ एवम् दिदीबहिनीलाई भेटेपछि डायस्पोराहरूको अस्तित्व र परिचयको सर्वोच्च स्वरूप तिनको मूल देश हो भन्ने उक्ति कति सत्य रहेछ भन्ने थाहा हुन्छ । त्यो मूल देश र त्यसको अद्वितीय सांस्कृतिक विविधतालाई हामीले पो जोगाउन सकौँला कि नसकौँला ? जहाजको यात्राभरि एउटा अनौठो दायित्वबोधले मलाई गम्भीर बनाइरह्यो ।

(जीवा लामिछानेको नियात्रासङ्ग्रह सरसर्ती संसारबाट साभार)

●

# घर छाउने सपना





● **महेश्वर शर्मा**
अध्यक्ष, अनेसास, सिड्नी च्याप्टर

ठूलो खरको भारी
बाको पिठ्युँमा थियो
म लुरुलुरु बालाई पछ्याउँदै थिएँ
आमाको भारी अझ गह्रौँ थियो
पारि भञ्ज्याङबाट
बोकेको खर
घर छाउने सपनामा तल्लीन थियो
बा-आमा र म त्यही गोरटो हिँडिरह्यौँ
घर छाउने सपनामा ।

हरेक साँझ मझेरीमाथिको
मदुसमाथि टुकी कुदिरहन्थ्यौँ
जीवन भेट्न होला
सायद भेट्यो या भेटेन
घरनजिकै ठूलो पौवामा
झ्याँउकिरीहरू सङ्गीत भर्थे
पारि गाउँमा पिल्ल-पिल्ल मधुर
बत्ती बलेको देख्थ्यौँ
जब चाँदनीको प्रकाशले
त्यो रातको सन्नाटालाई चिथ्थौं
त्यो चाँदनीले हाम्रो सपनालाई बुझेरै
होला
भोलि फेरि उदाउने वाचा गर्दै अस्तायो
हामी भोलि बिहानको पर्खाइमा थियौँ
उही घर छाउने सपनामा ।

घर छाउने त्यो दिन
बा र आमाको मुहार खुसी देखिन्थ्यो
पल्लाघरे काका, भुसाल कान्छा र
भट्टराई साहिँला घरको छानामा
भाटा मिलाउँदै थिए
दुनारे जीवन दाइले
घर त नयाँ देखिने भो भन्दा
बा निकै खुसी हुनुहुन्थ्यो
आमा सेलरोटी पकाउँदै हुनुहुन्थ्यो
गोठको छानोमा बसी सेलरोटी खाँदै
म घर छाएको हेर्दै थिएँ
हरेक वर्ष मेरो घरको छानो
यसै गरी छाइन्छ ।

बा र आमाको आँखामा
मैले ठूलो सपना भेटेको छु

आज त्यही घर छाउने
सपनाको साँझलाई सम्झिरहेछु
ढुङ्गा, माटो, पाखा, भञ्ज्याङ
चौतारी र खोलाको
बगरसँगै बाँचिरहेका हरेक जीवनहरू
आज आफ्नै घर छाउने सपना
देख्दै होलान् हामीजस्तै ।

आज हरेक बा-आमाहरू
यस्तै सपना बुन्दै होलान्
हरेक सन्ततिको आँखामा
आशाका किरण देख्दै होलान्
मेरो आँखामा बा र आमाले
देखेको जस्तै ठूलो सपना
अरूले पनि देख्दै होलान्

घर छाउन त्यति सजिलो
कहाँ छ र ?
सबैले आफ्ना घर कहाँ छाएका छन् र ?
कत्ति त घर छाउने सपनामा हराए होलान्
कत्ति घर छाउनै नसक्ने होलान्
घर हुनेले त छाएकै छन्
घर नहुनेहरू खै के गर्लान्
घर छाउने बा-आमाको सपना
सबैले पूरा गर्लान् या नगर्लान् ।

●

## गजल



● **प्रेमप्रसाद भट्टराई**
अध्यक्ष, अनेसास कतार च्याप्टर

मनभित्र कुरा, कति छन् कति छन् !
सपना अधुरा, कति छन् कति छन् !

प्रवासी युवामा, खोज सरकार
देश हाँक्ने पाखुरा, कति छन् कति छन् !

कसले भन्छ मान्छे, मदिराले मात्यो ?
मायामा बेसुरा, कति छन् कति छन् !

सामु पर्दा मुखले, कठै बरा भन्दै,
कोखमा हान्ने छुरा, कति छन् कति छन् !

प्रेमले चाहेका, पूरा गर्न बाँकी,
चाहना अपूरा, कति छन् कति छन् !

## हाइकुहरू




● क्रिसु क्षेत्री
न्युयोर्क, अमेरिका

१
फेरि उम्रन्छु
फेरि पनि फक्रिन्छु
फेरि झर्दछु ।

२
तुँवालोमाथि
मेरो यात्रा जारी छ
तिम्रो खोजीमा ।

३
सर्प करायो
भ्यागुताहरू लुके
वर्षाको बेला ।

४
चराको गीत
बाँसघारी सुसायो
मन बौरियो ।

५
पहाड हेरी
मेरो देश सम्झिएँ
विदेशबाट ।

## गजल



● अजित देवकोटा
कोपनहेगन, डेनमार्क

दिन साविक थियो, रात बेइमानी,
मन वशमा थियो, हात बेइमानी ।

बाहिरिएको थिएँ, मधुशालाबाट,
रक्सी बेकसुर छ, मात बेइमानी ।

गुरुत्वाकर्षण, न्युटनको नियम,
तिमी स्त्री म पुरुष, जात बेइमानी ।

यति चाँडै, कहाँ लाग्छ 'अजित' लाई,
बेसुरा दोष दिने, बात बेइमानी ।

# मेरो विश्वास...



कविता

● **राजेश बुढाथोकी**
सदस्य, अनेसास, बोर्ड अफ ट्रस्टी

अँध्यारो जीवनमा बाँचिरहेका मेरा विश्वासहरूले
एकदिन अवश्य भत्काउनेछन् यी कालरात्रिका सीमाहरू
र
आफूसँगै फुकाएर बोल्नेछन्
यात्राहरूमा बल्झेका कयौँ आस्थाका दीपहरू

आकाशका डल्लाहरूमा भविष्य खोज्दै गरेका मेरा चेतनाले
हवाइजहाजको पखेटामा झुण्डिएर अवतरण गर्न मान्दैन
बरु स्वच्छन्द रूपमा हिमाल चढ्ने शेर्पाहरूझैँ
हिमाल, पहाडहरूको खोल्सा र खोप्चामा डुलेर
वर्षका थोपा चुहाउन खोज्छन् बाँझो खेत भिज्नेगरी ।

विश्वासको डोरीमा भविष्य देख्ने बानी परेर हुर्केका मेरा आँखा
तर्सिने छैन अब रङ बदलिएको गुराँस देखेर
बरु हिम्मत गर्नेछन्
मेरा पाखुरा क्यानभासमा छट्पटिएको गुराँसको
रङ सुधार्न
आस्थाको आशीर्वाद दिएर तर्सेर बसेका
ती खोल्साहरूमा प्रकाश बाँड्न जीवनको
र
दुष्ट समयले हुत्याइदिएको भाग्यजस्तै अधुरो रहेको
पहाडको काखमा फेरि फूल फुलाउन गुराँसको ।

हामीले भोगेको पीडालाई हामीले झारेको आँसुलाई
बलियो डोरीले बाँधेर महान् लक्ष्यमा लम्काउन फेरि उदाउनेछ
अधुरो भाग्यलाई बदल्ने गरी संस्कार फेर्दै
सेतीको खोँचमा अल्झेको
पर्खालभित्र कैद भएको र आफैभित्र दबिएको आवाज निकाल्नेछ मेरो विश्वास ।

सगरमाथाभन्दा कठिन जीवनका उद्देश्यहरू पूरा गर्न
चट्टान फोड्नेछ पहाडभन्दा ठूला
तर्नेछ काँडाका नदी र भर्नेछ आशाका आशीर्वाद
यही नै हो मेरो विश्वास
यही नै हो मेरो विश्वास ।

●

## मुक्तकहरू



मुक्तक

● **वसन्त श्रेष्ठ**
वासिङ्टन डि.सी., अमेरिका

१

अहम मौलाएर चारैतिर झ्याङ्गिँदै गएझैँ लाग्यो
भ्रम फैलिएर चारैतिर नाङ्गिँदै गएझैँ लाग्यो
उफ ! परिवर्तनको सम्वाहक भनेर थाम्दा-थाम्दै
बहम उर्लिएर मनभित्र धमिरा फैलिएझैँ लाग्यो ।

२

अचेल जताततै चारैतिर देखिन्छ सबै भ्रष्ट
अचेल बोल्दैनन् कोही पनि देखिँदैन सबै प्रस्ट
आजित छन् पराजित छन् सबै देखेर मतियार
अचेल जनताका प्रिय भनाउँदा देखिन्छ सबै मस्त ।

●

# अनेसासका गतिविधि र भावी कार्यदिशा



समीक्षा

● **प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल**
सल्लाहकार, अनेसास, बोर्ड अफ ट्रस्टी

## १. नेसासका गतिविधि

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) आप्रवासमा नेपाली भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण, सम्बर्धन एवम् विकासका लागि आप्रवासी भूमिमा स्थापित एउटा पुरानो साहित्यिक संस्था हो । यस संस्थाको स्थापना अमेरिकामा बसोबास गर्ने होमनाथ सुवेदीलगायत केही नेपालीहरूको सक्रियतामा सन् १९९० मा अमेरिकाको वासिङ्टन डि.सी.मा भएको हो । सन् १९९० विजयादशमीका दिन अमेरिकामा बसोबास गर्ने केही नेपालीहरूको भेलाले होमनाथ सुवेदीको अध्यक्षतामा यस समितिको निर्माण भएको घोषणा गरेपश्चात् सन् १९९१ जनवरी ११ मा होमनाथ सुवेदीकै संयोजकत्वमा अनेसासको विधान परिषद् गठन गरी दर्ता प्रक्रिया अगाडि बढाइयो र सन् १९९३ जुन २२ मा गभर्न्मेन्ट अफ डिस्ट्रिक्ट अफ कोलम्बियाबाट स्वीकृति प्राप्त भयो ।

सन् १९९३ मा स्वीकृत विधानलाई संशोधन गर्न विभिन्न समयमा विभिन्न समितिहरू निर्माण गरेर अघि बढाइए तापनि तिनबाट प्रस्तुत गरिएका संशोधन प्रस्ताव पारित हुन सकेनन् । सन् २०१५ मा प्रा.डा. खगेन्द्रप्रसाद लुइटेलको संयोजकत्वमा डा. विद्या सुवेदी र धनीराम सापकोटा सदस्य रहेको अनेसास विधान संशोधन समितिबाट निकै व्यापक रूपमा विधान संशोधन गरियो । यस समितिद्वारा तयार पारिएको संशोधित विधान केन्द्रीय कार्यसमिति र बिओटीबाट पारित भई लागू भइसकेको छ । यसलाई अनेसासको इतिहासमा महत्त्वपूर्ण फड्को मानिएको छ ।

अनेसासको विस्तार क्रमशः विभिन्न देशहरूमा हुँदै गई हालसम्ममा यसका ४० भन्दा बढी देशमा ८० भन्दा बढी च्याप्टरहरू स्थापना भइसकेको भनिए पनि ठ्याक्कै सङ्ख्या बताउन कठिन छ । साधारण सदस्य, आजीवन सदस्य, बिओटी

सदस्य, मानार्थ सदस्य आदि विभिन्न प्रकारका सदस्यहरू रहने व्यवस्था गरिएको अनेसासमा हाल १५०० जति सदस्य सङ्ख्या पुगिसकेको छ ।

सुरुदेखि हालसम्म यस संस्थाको नेतृत्व क्रमशः होमनाथ सुवेदी, किरण ढुङ्गाना, अच्युत श्रेष्ठ, वसन्त श्रेष्ठ, सरला श्रेष्ठ, भीम रेग्मी, पुरुषोत्तम सुवेदी, दुबसु क्षेत्री, मोहन सिटौला, कुमार बस्नेत, ज्ञानेन्द्र गदाल, गीता खत्री, पदम विश्वकर्मा र राधेश्याम लेकालीको अध्यक्षतामा निरन्तरता पाइरहेको छ ।

अनेसासले हालसम्म पाँचवटा अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन सम्पन्न गरिसकेको छ :

१. **पहिलो** अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन सन् २००९ अगस्ट १५ मा अमेरिकाको न्युयोर्कमा,

२. **दोस्रो** अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन सन् २०११ अगस्ट २६-२८ मा बेलायतमा,

३. **तेस्रो** अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन सन् २०१३ नोभेम्बर २८-डिसेम्बर १ मा अमेरिकाको वासिङ्टन डि.सी.मा,

४. **चौथो** अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन सन् २०१५ सेप्टेम्बर १८-२२ मा जापानको टोक्योमा,

५. **पाँचौं** अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन सन् २०१७ सेप्टेम्बर ९-१० मा अस्ट्रेलियाको पर्थमा ।

६. **छैटौं** अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन सन् २०१९ अगस्ट ३-५, लन्डन, बेलायत (प्रस्तावित)

यसै गरी यस संस्थाले तीनवटा अन्तर्राष्ट्रिय नेपाली महिला साहित्य सम्मेलन पनि सम्पन्न गरिसकेको छ :

१. पहिलो अन्तर्राष्ट्रिय नेपाली महिला साहित्य सम्मेलन सन् २०१४ मार्च १-२ मा अमेरिकाको न्युयोर्कमा,

२. दोस्रो अन्तर्राष्ट्रिय नेपाली महिला साहित्य सम्मेलन तथा विश्व काव्य गोष्ठी सन् २०१६ मार्च ४-६ मा अस्ट्रेलियाको सिड्नीमा,

३. तेस्रो अन्तर्राष्ट्रिय नेपाली महिला साहित्य सम्मेलन तथा विश्व काव्य गोष्ठी सन् २०१८ मार्च २४-२५ मा भारतको सिक्किममा ।

यसै गरी यसले विभिन्न क्षेत्रस्तरीय अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन पनि सम्पन्न गरिसकेको छ :

१. बेल्जियम च्याप्टरको आयोजनामा सन् २०१५ अगस्ट १६-१७ मा बेल्जियममा युरोपस्तरीय प्रथम अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन,

२. कोरिया च्याप्टरको आयोजनामा सन् २०१७ मे ६-७ मा सोलमा प्रथम एसियाली अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन ।

यसै गरी अनेसासकै आयोजनामा दुईवटा अन्तर्राष्ट्रिय अनेसास च्याप्टर सम्मेलन तथा विश्व काव्य गोष्ठी पनि सम्पन्न भइसकेका छन् :

१. प्रथम अन्तर्राष्ट्रिय अनेसास च्याप्टर सम्मेलन तथा विश्व काव्य गोष्ठी सन् २०१६ मे २०-२२ मा अमेरिकाको लसएन्जलस, क्यालिफोर्नियामा (यस सम्मेलनमा यो पङ्क्तिकार प्रमुख अतिथि एवम् डायस्पोरासम्बन्धी कार्यपत्र प्रस्तोताका रूपमा उपस्थित थियो),

२. दोस्रो अन्तर्राष्ट्रिय अनेसास च्याप्टर सम्मेलन तथा विश्व काव्य गोष्ठी सन् २०१८ मे ११-१३ मा अमेरिकाको न्युह्याम्सायरमा ।

३. तेस्रो अन्तर्राष्ट्रिय अनेसास च्याप्टर सम्मेलन (२६-२७ जनवरी, २०२०, टोक्यो, जापान (प्रस्तावित)

यसरी अनेसासले आयोजना गरेका अन्तर्राष्ट्रिय सम्मेलन, च्याप्टर सम्मेलन र महिला सम्मेलन लगायतका कार्यक्रमहरूमा पङ्क्तिकारको तर्फबाट नेपाली डायस्पोरा र मानक नेपाली भाषासम्बन्धी कार्यपत्र प्रस्तुत गर्ने काम भएको छ । जसमा विशिष्ट अतिथि र प्रमुख अतिथि समेतको गरिमामय जिम्मेवारी निभाउने अवसर पङ्क्तिकारलाई जुरेको थियो । लगभग अधिकांश सम्मेलनमा मैले सहभागिता जनाएको छु ।

अनेसासकै आयोजनामा अमेरिकाको न्युयोर्कमा पहिलोपटक सन् २०१६ अप्रिल २ मा र दोस्रोपटक सन् २०१८ जुलाई २९ मा विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने नौजना महिलाहरूलाई नवरत्न पुरस्कार तथा प्रतिभाशाली बालकलाई बालप्रतिभा पुरस्कार प्रदान गर्ने काम पनि भएको देखिन्छ ।

अनेसासको आयोजनामा अमेरिकालगायत संसारका विभिन्न मुलुकमा भानुजयन्ती, मोतीजयन्ती, देवकोटाजयन्ती मनाउने र सो अवसरमा विशेष

साहित्यिक कार्यक्रम गरेको पनि पाइन्छ। यसै गरी यसले नेपाली भाषासाहित्यका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने थुप्रै व्यक्तिहरूलाई सम्मानित-अभिनन्दित पनि गरिसकेको छ । यस्ता कार्यक्रमहरूलाई विभिन्न च्याप्टरहरूले पनि सम्पन्न गर्दै आएका छन् । अनेसासद्वारा आयोजित यी विभिन्न कार्यक्रममा विभिन्न लेखकका कृतिहरूको विमोचन तथा रचना वाचन कार्यक्रम पनि हुने गरेको छ । यति लामो इतिहास बोकेको अनेसासले जुन ४-५, २०१६ मा अमेरिकाको वासिङ्टन डि.सी.मा रजतजयन्ती पनि मनाइसकेको छ ।

अनेसासले कविता, कथा, उपन्यास, निबन्ध, प्रबन्ध, समालोचना आदि विभिन्न विधाका सयभन्दा बढी कृति र विभिन्नसामयिक सङ्कलनहरू प्रकाशित गरिसकेको छ। यसले **अन्तर्दृष्टि** नामक छापा पत्रिका तथा **अनेसास दर्पण** नामक अनलाइन बुलेटिनका साथै विभिन्न च्याप्टरहरूका सामयिक मुखपत्र पनि प्रकाशन गर्दै आएको छ । नेपाली साहित्यको विश्वव्यापीकरण गर्ने अभिप्रायबाट नेपाली साहित्यका उत्कृष्ट कृतिहरू विश्वसामु पुऱ्याउने उद्देश्यले २० जना कथाकारका कथा अङ्ग्रेजीमा अनुवाद गरी कथासङ्ग्रह प्रकाशनको तयारीमा रहेको छ ।

अनेसासको अर्को उल्लेखनीय काम विभिन्न पुरस्कारको स्थापना र वितरण पनि हो । यसले सन् २००३ देखि सर्वोत्कृष्ट पुस्तक पुरस्कार प्रदान गर्न थालेपछि हालसम्म विभिन्न व्यक्तिहरूका नाममा समेत पुरस्कार स्थापना गरी वितरण गर्दै आएको छ। अनेसासले सर्वोत्कृष्ट कृति पुरस्कार, राम लामा सर्वोत्कृष्ट च्याप्टर पुरस्कार, अनेसास राम लामा विशिष्ट साहित्य पुरस्कारलगायत अनेकौं पुरस्कारहरूको पनि स्थापना गरेको छ। यसले नेपाली भाषाको विकासका लागि अमेरिकामा नेपाली भाषा तथा सांस्कृतिक विद्यालयको पनि स्थापना गरेको छ।

अनेसासले बेलाबखत विभिन्न मुलुकमा विशेष अन्तर्राष्ट्रिय साहित्य उत्सवहरूको पनि आयोजना गर्दै आएको देखिन्छ। यिनमा २०६४ साल असोज २७ मा काठमाडौँको सोल्टी होटेलमा आयोजित अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन तथा पुरस्कार वितरण समारोह विशेष उल्लेख्य छ । यस समारोहमा यस पङ्क्तिकारले नेपाली साहित्यमा **डायस्पोराको योगदान** शीर्षक कार्यपत्र प्रस्तुत गरेको थियो । यो डायस्पोराबारे प्रस्तुत गरिएको पहिलो कार्यपत्र थियो र यसबाट डायस्पोराका सम्बन्धमा रहेका अनेक भ्रमहरूको निराकरण भयो । यस

सम्मेलनलाई नेपाली डायस्पोरा साहित्यमा कोसेढुङ्गो मानिएको छ । यसपछि यस पङ्क्तिकारबाट उल्लिखित विभिन्न स्थानका साथै अन्य स्थानमा समेत प्रस्तुत कार्यपत्रबाट नेपाली डायस्पोरा साहित्यले सैद्धान्तिक स्पष्टता प्राप्त गरिसकेको छ।

यसै गरी २०६६ साल (सन् २००९ अक्टोबर १२) मा एनआरएनसँगको संयुक्त आयोजनामा काठमाडौँको सोल्टी होटेलमै आयोजित दोस्रो गैरआवासीय नेपाली साहित्य उत्सव तथा पुरस्कार वितरण समारोह एवम् विभिन्न कृति विमोचन समारोह गरी अन्तर्राष्ट्रिय साहित्य महोत्सव सम्पन्न गरियो । २०६८ सालमा अमेरिकाको वासिङ्टन डि.सी.मा एनआरएनसँगको संयुक्त आयोजनामा डायस्पोरामा नेपाली साहित्य : अनेसास र एनआरएन विषयक विचार गोष्ठी, आन्मानासियासँग मिलेर गरिएका विभिन्न साहित्यिक कार्यक्रम आदि विशेष उल्लेखनीय छन् ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज नेपाल च्याप्टरको आयोजनामा २०६८ फागुन १४-१६ मा इलाममा र २०७० माघ १०-११ मा बन्दीपुरमा अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन गरेको देखिन्छ । नेपाली साहित्यको उन्नयन, विकास, विश्वव्यापीकरणलगायतका विषयमा केन्द्रित यी दुवै सम्मेलनमा यस पङ्क्तिकारले नै कार्यपत्र प्रस्तुत गरेको थियो । यीमध्ये पहिलो सम्मेलनमा समकालीन नेपाली साहित्यका प्रवृत्ति तथा दोस्रोमा नेपाली साहित्यको अन्तर्राष्ट्रियकरण विषयक कार्यपत्र प्रस्तुत गरिएका थिए ।

यसै गरी अमेरिकाका कोलोराडो, न्युयोर्क, न्युह्याम्सायर, बोस्टन, लसएन्जलस, वासिङ्टन डि.सी., अस्ट्रेलियाका पर्थ, सिड्नी, एसियाका कोरिया, जापान, नेपाल, युरोपका बेल्जियम, लन्डन आदि च्याप्टरहरूले पनि विभिन्न साहित्यिक सम्मेलन र कार्यक्रम सम्पन्न गरेका छन् ।

विगत लामै समयदेखि अनेसासको केन्द्रीय सल्लाहकार तथा विभिन्न सम्मेलनहरूको सल्लाहकारसमेत भएको नाताले यस पङ्क्तिकारले यसका विविध गतिविधिसँग परिचित हुने मौका पाएका छन् । अनेसासको विधान संशोधन समितिको संयोजक हुँदा यसका साङ्गठनिकलगायत विधानसँग सम्बद्ध यावत् पक्षहरूको अध्ययन-विश्लेषण गर्ने अवसर पनि प्राप्त भएको छ। साथै उल्लिखित धेरजसो सम्मेलनहरूमा यस पङ्क्तिकारलाई प्रमुख अतिथि, विशिष्ट अतिथि,

डायस्पोरासम्बन्धी कार्यपत्र प्रस्तोता, अनेसास डायस्पोरा पुरस्कार विजेता, अनेसास विशिष्ट सम्मान, बेस्ट एडभाइजर अवार्ड प्राप्तकर्ता आदि विभिन्न हैसियतमा प्रत्यक्ष संलग्न भई संस्थाका हरेक सकारात्मक-नकारात्मक र सुधारात्मक गतिविधिहरूसँग परिचित हुने अवसर प्राप्त भएको छ। यसरी उल्लिखित विभिन्न मुलुकमा सम्पन्न अन्तर्राष्ट्रिय साहित्य सम्मेलनमा यस पङ्क्तिकारले नेपाली डायस्पोरा साहित्यसम्बन्धी अनेकौँ कार्यपत्र प्रस्तुत गरेपछि नेपाली डायस्पोरा साहित्यका सम्बन्धमा रहेका अनेक भ्रमहरूको निराकरण भई यसले स्पष्ट स्वरूप प्राप्त गरिसकेको छ र यसले विश्वविद्यालयमा समेत प्रवेश पाइसकेको छ।

यी सबै सन्दर्भलाई हेर्दा अनेसासले विभिन्न कृति प्रकाशन, विमोचनका साथै सर्वोत्कृष्ट पुस्तक पुरस्कार, डायस्पोरा पुरस्कार प्रदान, **अन्तर्दृष्टि**, **अनेसास दर्पण**जस्ता पत्रिकाको प्रकाशन यसका उल्लेख्य काम हुन्। नेपाली भाषासाहित्य, कला र संस्कृतिमध्ये नेपाली साहित्यको अन्तर्राष्ट्रियकरण वा विश्वव्यापीकरणका सन्दर्भमा यस संस्थाले उल्लेखनीय भूमिका खेलेको देखिन्छ।

यसरी विभिन्न साहित्यिक गतिविधिका माध्यमबाट विश्वमै परिचित संस्था अनेसासका बारेमा त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागबाट नेपाली साहित्यमा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको योगदान (२०७२) शीर्षक स्नातकोत्तर स्तरीय शोधपत्र यस पङ्क्तिकारकै निर्देशनमा सम्पन्न भइसकेको छ।

अनेसासले २०७२ वैशाख १२, १३ र २९ गतेको महाभूकम्पमा घर क्षति भएका विभिन्न साहित्यकारहरूलाई सहयोगस्वरूप केही रकम पनि सहयोग गरेको छ।

अनेसासका यी सबै गतिविधिलाई हेर्दा मात्रात्मक रूपले थुप्रै कार्य गरेको देखिए पनि विश्वव्यापी रूपमा व्यापक सञ्जाल निर्माण गरिसकेको यस संस्थाले यत्तिकै गतिविधिमा चित्त बुझाउने अवस्था भने छैन। अब यस संस्थाले मात्रात्मकभन्दा बढी गुणात्मक कार्यतर्फ ध्यान दिनु आवश्यक छ। संसारभर नेपाली भाषीहरूको विस्तार व्यापक रूपमा भइसकेकाले र अनेक ठाउँमा विभिन्न विधाका साहित्यिक कृतिहरू पनि प्रशस्तै सिर्जना भइसकेको हुँदा अब डायस्पोरामा नेपाली साहित्यको इतिहास निर्माण गर्ने कार्यमा अनेसास क्रियाशील रहनु जरुरी देखिन्छ। यसै गरी नेपाली साहित्यका विभिन्न विधाका विशिष्ट कृतिहरूको चयन

गरी तिनलाई अङ्ग्रेजीलगायत विभिन्न भाषामा अनुवाद गरेर विश्व बजारमा पुऱ्याई नेपाली साहित्यको अन्तर्राष्ट्रियकरण वा विश्वव्यापीकरण गर्नु अत्यावश्यक रहेको छ ।

हाल अनेसासका थुप्रै च्याप्टरहरू निर्माण भइसकेको अवस्थामा कतिपय च्याप्टरहरू अलि बढी सक्रिय देखिए पनि सबै च्याप्टर उत्तिकै रूपमा सक्रिय रहेका देखिँदैनन् । विभिन्न मुलुकमा गठित यस्ता च्याप्टरहरूलाई सक्रिय तुल्याउनेतर्फ पनि अनेसास क्रियाशील हुनु आवश्यक छ ।

## २. अनेसासका भावी कार्यदिशा

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजले आगामी दिनमा गर्नुपर्ने प्रमुख कार्यहरू निम्नलिखित देखिन्छन् :

अनेसासबाट गरिने गतिविधि मात्रात्मकभन्दा बढी गुणात्मक कार्यतर्फ ध्यान दिनुपर्ने :

१. आर्थिक रूपले केन्द्र तथा च्याप्टरलाई सबल तुल्याउन स्थायी कोषको व्यवस्था गर्नुपर्ने,

२. हालसम्ममा यसका च्याप्टरहरूको सङ्ख्या ठ्याक्कै बताउन कठिन भएकाले तिनको अद्यावधिक अभिलेख तयार पारी सक्रिय र निष्क्रिय च्याप्टर छुट्ट्याएर सबैको जानकारीका लागि वेवसाइटमा राख्ने,

३. जथाभावी च्याप्टर गठन गरेर संस्थालाई अस्तव्यस्त तुल्याउने काम नगरी च्याप्टर गठनसम्बन्धी स्पष्ट नीति बनाएर त्यही आधारमा मात्र च्याप्टर गठन गर्नुपर्ने,

४. विभिन्न च्याप्टरको मातहतमा रहने गरी खोलिएका उपशाखाहरूलाई व्यवस्थापन गर्नुपर्ने,

५. सबै च्याप्टरहरूबाट मतदाता नामवली विधानबमोजिम अद्यावधिक गर्ने र त्यसपछि थपिएका सदस्यहरूलाई त्यसैमा थप्दै जाने,

६. संसारभर फैलिएका च्याप्टरहरूलाई उपयोग गरी आप्रवासी नेपाली साहित्यको इतिहास निर्माण गर्न र अद्यावधिक तुल्याउन क्रियाशील हुनुपर्ने,

७. नेपाली साहित्यको विभिन्न विधाका स्तरीय कृतिहरूको चयन गरी तिनको अनुवाद गरेर नेपाली साहित्यलाई अन्तर्राष्ट्रियकरण वा विश्वव्यापीकरण गर्नेतर्फ अग्रसर हुनुपर्ने,

८. आप्रवासबाट प्रकाशित स्तरीय कृतिहरूको चयन गरी त्यसका विभिन्न विधागत सङ्कलनहरू प्रकाशित गर्ने,

९. अनेसासबाट सञ्चालित पुरस्कारहरूको निर्णय एवम् वितरण प्रक्रियालाई पारदर्शी र विवादरहित तुल्याउनु पर्ने,

१०. अनेसासबाट वितरण गरिने विभिन्न व्यक्तिका नामसँग जोडेर स्थापित पुरस्कारलाई स्थायित्व र निरन्तरता दिने तथा अन्य दातालाई पनि पुरस्कार स्थापनाका निम्ति प्रोत्साहित गर्ने,

११. व्यक्तिविशिषका नामबाट स्थापित सारै साना पुरस्कारलाई बढाउन सम्बद्ध व्यक्तिसँग आवश्यक समन्वय गर्नुपर्ने,

१२. विभिन्न छापा एवम् विद्युतीय प्रकाशनमार्फत संस्थाका गतिविधिलाई सर्वसुलभ तुल्याउने र आफ्ना प्रकाशनलाई नियमितता प्रदान गर्नुपर्ने,

१३. नेपाली भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण, सम्बर्धन एवम् विकासका लागि स्पष्ट नीतिका साथ क्रियाशील रहने,

१४. एनआरएनलगायतका विभिन्न साहित्यिक एवम् गैरसाहित्यिक सङ्घसंस्थासँग भाइचाराको सम्बन्ध कायम गरी तिनीहरूसँग मिलेर संयुक्त रूपमा नेपाली भाषा साहित्यको उन्नयनतर्फ अग्रसर हुनुपर्ने,

१५. अनेसासलाई साँच्चीकै व्यक्ति र राजनीति निरपेक्ष साहित्यिक संस्थाका रूपमा अघि बढाई सकेसम्म सबैलाई समेटेर आप्रवासी नेपाली साहित्यको छाता सङ्गठनका रूपमा विकास गर्नेतर्फ क्रियाशील रहनुपर्ने आदि ।

उल्लिखित कुरालाई गहनतम रूपमा हृदयङ्गम गरी त्यसैअनुरूप आफ्ना गतिविधिलाई अगाडि बढाएमा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज संसारभर छरिएर रहेका नेपालीहरूका बीचमा एउटा महत्त्वपूर्ण छाता सङ्गठनका रूपमा स्थापित हुने कुरामा कुनै सन्देह छैन ।

●

# घण्टाघरको गुनासो



कविता

● **कृष्णमुरारी ढुङ्गेल**
अध्यक्ष, अनेसास, कोलोराडो च्याप्टर

देश बन्छ
जनताले सुख पाउँछ
काठमाडौँका जनताले
पेटभरि पानी खान पाउँछ
सरकार भन्छ !
बाटो खन्छ
धुलो, हिलो बनाउँछ
अन्त्यमा, ठेगदार नै भाग्यो
सरकार आफै भन्छ
फेरि
देश बन्छ-बन्छ
के घण्टा बन्छ ?
मेरो घडीको घण्टा बिग्रेको
जुग भैसक्यो
बन्छ-बन्छ मात्र भन्छ
मैले ट्वाङ्ग-ट्वाङ्ग घण्टा हान्न नपा'को
जुग भैसक्यो
बिग्रेर म रोएको
तैपनि भन्छ - बन्छ !
ए तँ सरकार !
के बन्छ ?
देश बन्छ ?
घण्टा बन्छ ?

मेरो दाइ
भीमसेन स्तम्भ
पहिले उभिएर रुन्थ्यो
तिनीहरूको अन्याय, अत्याचार, भ्रष्टाचार
टुलटुलु हेर्थ्यो
धुरुधुरु रुन्थ्यो
अहिले ढलेर रुन्छ
उसको गुनासो कसले सुन्छ ?

उसलाई ठड्याउने नाममा
करोडौँ पैसा उठ्छ
त्यो पनि लुट्छ
ऊ ढलेको ढल्यै छ
उसैको गिँडमा कुल्चिएर हिँड्छ
अनि भन्छ,
देश त बन्छ-बन्छ
फेरि सरकार त्यही भन्छ -
मैले बिहानको ६ बजेको
घण्टा त हान्न पा'छैन
खोइ मेरो सुइ ?
भन्छ - देश बन्छ
घण्टा बन्छ ?
उद्योग, कलकारखाना सबै मासे

फेरि बन्ने सुरै छैन
नेपाली युवा र चेलीहरू उतै बेचिए
बरु उतै मर्छन्
फर्कने आशै छैन
सरकार भन्छ - देश बन्छ
घण्टा बन्छ ?
मैले ६ बजेको घण्टा हान्न पा'को छैन
देश बन्छ ?
घण्टा बन्छ ?
घण्टाघरले दैनिक भन्छ !

●

## मुक्तकहरू




● **डा. रूपक श्रेष्ठ**
सल्लाहकार, अनेसास, बेलायत च्याप्टर

१
वसन्तले सुस्तरी फेरि एकपटक पाइला चालेको छ
आजकल यो तनले पनि मनभरि के-के रहर पालेको छ
मेरो आँगनमा तिम्रो आगमन हुँदा आफैभित्र यस्तो लाग्यो
गुलाफको ठुटोले फेरि एकपटक कोपिला हालेको छ ।

२
काँचको होइन हातमा हीराको चुरा रहेछ
हेर्दा त लाग्यो बत्तीसै लक्षणले पूरा रहेछ
तिम्रो शुभनाम ? मात्र के भनेको थिएँ हजुर
अहो ! जिब्रोको ठाउँमा त धारिलो छुरा रहेछ !

३
हेर्दाहेर्दै कहिले प्रियसी कहिले आमा बनाइदिन्छ
परेवालाई रुमाल र रुमाललाई जामा बनाइदिन्छ
अद्वितीय छन् हाम्रा जादुगर पी.सी. सरकार पनि
त्यही धातु समाउँदा सुन र बुझाउँदा तामा बनाइदिन्छ !

●

# बाउको छाती



कविता

● **दीप पाठक**
अध्यक्ष, अनेसास जापान च्याप्टर

लहलह
झुलेको धान सम्झेर
मस्त
मीठो निद्रा निदाउँथे
मेरा बा !
कौसीमा झुण्ड्याइएका
मकैका झुत्ता हेरेर मुस्कुराउँथे
उधिनमा हँसिया उधाउँदै गर्दा
खुब गम खान्थे
खै के सोच्दा हुन्
सन्तानको भविष्य
कि दिनभरिको मजबुरी ?
मैले पढ्न नपाउँदै अस्ताएका
महाकाव्य थिए मेरा बा !
घनले टुक्रा-टुक्रा पारेर ढुङ्गा
एकजोर हात-पाउले
सिङ्गो खेत बिराएका हुन्
ती खेतका अग्ला-अग्ला कान्ला
मलाई मेरा बाले निर्माण गरेको
ग्रेटवालजस्तै लाग्छन्
पुस्तौँ-पुस्ता सम्झिएर
जीवन धान्न बनाइएका
ग्रेटवाल ।
अंशमा मेरै भागमा परेको
पहाडको खोँचको खेतलाई
अंशवण्डाको दिन
आमाले भनेकी थिइन्
‘तेरा बाले छोडेर गएको अजर-अमर
सम्झनु हो बाबु
त्यो तेरो बाउको छाती हो !
पसिना र रगत बगाएर
बडो दुःखले कमाएको
कहिल्यै नमास्नू, नबेच्नू, नबिगार्नू
आमा
यसरी बदलियो जिन्दगी
यसरी पल्टियो नियति
सधैँ-सधैँ
एउटा मनमा बोकेर हिँडिरहन्छ परदेशी
बा
बाँझो खेत
र
वनमारा

अर्को मनमा बोकिरहन्छ
बिहे
बैँस
र
बाकस ।
हिजो पो लहलह धान झुल्थे
बाउको छातीमा र पो
मुस्कुराउँथिन् आमा !
आज बनेको छ बाँझो
झाँगिएको छ वनमारा
फुलेको छ काँस
आमाको कपालजस्तै ।
आमा !

नजानेर, नचाहेर
बिगारेको छु बाउको छाती
माथि जूनबाट
माथि आकाशबाट
ग्रेटवाल देखिन्छ भन्छन् वैज्ञानिक
आफ्नै हातले बनाएको
बाको आफ्नै ग्रेटवाल
कसो देखिन्न होला र आकाशबाट ?
साँच्ची आमा
बाले
आफ्नै छातीभरि
सेतै फुलेको काँस देखे भने
मलाई के भन्लान् आकाशबाट ?

●

## हाइकुहरू





● **प्रमोद सारङ**
अध्यक्ष, अनेसास, कोरिया च्याप्टर


१
कुर्लिन्छ सधैँ
हरियो घाँस देखी
घरको बाघ ।

२
घाम र छाया
उकाली र ओराली
तराजुजस्तो ।

३
छाया पातको
नमाग्नू रूखसँग
दिन बित्नेछ ।

४
पूर्वमै ढल्यो
मेरो घामको रेखा
त्राही-त्राही म ।

●

# मर्यादा



कथा

● **निशा अर्याल**
उपाध्यक्ष, अनेसास केन्द्रीय समिति

एउटी मेरी छिमेकी साथी छन् वक्ताल, एलिट क्लास र कन्भेन्टमा पढेकी । मचाहिँ भएँ तराईको सप्तरी राजविराजको अनिरुद्र माध्यमिक विद्यालयमा नेपाली माध्यमकी उत्पादन । तर जिज्ञासालाई आफ्नो बल सम्झेर साहित्यको क्षेत्रमा पाइला चालेँ । अङ्ग्रेजी पढेँ र प्राध्यापक पनि भएँ । जब लेख्ने पालो आउँथ्यो, अनि मातृभाषा नेपालीमा नै लेख्थेँ ।

भावनाको अभिव्यक्ति मैले नेपालीमा गर्न सुरु गरेँ । तर मलाई थाहा थिएन नेपाली भाषाप्रति एलिट क्लास आलोचनाको विषय बन्छ भनेर । त्यसो त मेरी छिमेकी साथी वक्तालको फिल्मी, मेकअप, फेसनबाहेक अरूमा केही खास दखल थिएन र पनि अङ्ग्रेजीलाई उनले अभिव्यक्तिको साटो प्रभावको माध्यम बनाएकी थिइन् । उनको नजरमा अङ्ग्रेजी नजान्नु यस संसारको सबैभन्दा ठूलो अभिशाप हो भन्ने थियो ।

जब मेरा लेखहरू प्रकाशित हुन लागे, अनि चर्चा पनि हुन लाग्यो । एकदिन छिमेकी साथी वक्ताल मेरो घरमा आइन् र आफ्नो अङ्ग्रेजी चालबाट नेपालीमा बोल्दै भन्न लागिन् -

'अङ्ग्रेजी पढाउनु पनि हुन्छ ? अनि किन तपाईं नेपालीमा लेख्नु हुन्छ ?' मैले जवाफ दिएँ - 'किनभने मलाई मनपर्छ ।'

उनी व्यङ्ग्यमा हाँसिन् र भन्न थालिन् - 'बुझेँ, डिग्री अर्कै कुरा हो र कमान्ड हुनु भनेको अर्कै कुरा हो । तपाईं हुनुभयो गाउँमा पढे/लेखेकी । त्यसकारण इङ्गलिसमा त्यति कम्फर्ट फिल गर्नुहुन्न होला ।'

मैले मुसुमुसु हाँस्दै भनेँ - 'होला !'

उनी गइन् । टोलभरि नेपाली र अङ्ग्रेजी लेखनमा विशेष टिप्पणी हुन्थे । मैले सफाइ दिन उचित सम्झिनँ । किनभने पूरा नेपाल यस रोगबाट ग्रसित छ ।

'योग' जसरी 'योगा' भएर फर्कियो ! भविष्यमा अमेरिकन शिक्षकले नेपाली सिकाउने होलान् । हामीलाई इम्पोर्टेड चिजबिज बढी मन पर्छ । हरेक नेपाली लेखकजस्तै अङ्ग्रेजीका सामु कम हुने प्रभाव देखेर म पनि झोक्किएँ । छिमेकी थुप्रै सामाजिक संस्थाहरूको सदस्य रहिछन् । संस्थाका थरि-थरिका सामाजिक सरोकारका कार्यक्रम गर्ने गर्थिन् । हुन त यो छुट्टै कुरा हो । यी कार्यक्रमहरूको स्वरूप सामाजिक कम र कुनै पार्टी मार्काको बढी हुन्थ्यो । तर पनि 'नहुनु मामाभन्दा कानो मामा वेश' को तरिकाजस्तो उनी केही न केही गरिरहन्थिन् । यस्तो विचार गरेर म आलोचक हुन्नथेँ ।

यीमध्ये कुनै सदस्यलाई समाजमा नेपालीको बढ्दो दुर्गतिप्रति चिन्ता जागेछ । संस्थाले नेपाली दिवसमा परिचर्चाको आयोजना गरे । यसमा मलाई पनि निम्त्याइयो । ठीक वेलामा म पुगेँ । त्यहाँ त सबका सब छिमेकीकै जस्ता । उनीहरू मुख बङग्याइ-बङ्ग्याई अङ्ग्रेजी बोलिरहेका । मलाई अचम्म लाग्यो यो देखेर ।

मेरो नाउँ बोलाएपछि मैले आफ्ना विचार राखेँ । ताली बजाउनु औपचारिकता थियो । बजाएँ । मेरो नेपाली कमजोर छ भन्ने फेसन भएको छ अचेल । अन्तमा, मैले दुई मिनेट अझ समय मागेँ र धाराप्रवाह आफ्ना मनका बह निकास गरिदिएँ । कुरा के भने मैले जुन कुरा नेपालीमा भनेकी थिएँ, तिनै कुराहरूलाई अङ्ग्रेजीमा भनेँ मैले ।

अफ़सोच् ! आज पनि त्यही मानसिकता जस्ताको त्यस्तै छ । अङ्ग्रेजीमा बोली सकेपछि म तल झरेँ । सबैले मलाई बीचमा पारेर ताली बजाउन थाले मबाट प्रभावित भएर । मेरो मन लाज र ग्लानिले भरियो । आज पनि नेपाली दिवसमा नेपालीको महत्त्व भन्न मैले अङ्ग्रेजीमा बोल्नुपऱ्यो । के यस्ता सोचलाई नबदलेर नेपालीको मर्यादा पुनः प्रतिष्ठित गर्न सकिएला ?

●

# मैले गल्ती गरेँ



कविता

● सन्ध्या पहाडी
महासचिव, अनेसास, नेपाल च्याप्टर

हो, मैले गल्ती गरेँ
झिसमिसेमै उठेर
सेचन गरेर बाग्मतीको पवित्र जलले
नदी र जीवन
जीवन र नदी पढाउने
ती पुर्खाहरूलाई चटक्क भुलेर
हो, मैले गल्ती गरेँ ।

कुनै मोहको पहाडले थिच्यो मलाई
कुन लोभको बादलले छोप्यो मलाई
पत्तै नपाई एउटा धमिलो सभ्यता
हुर्कियो मभित्र ।

डुबेर बाग्मतीमा आज पनि निर्धक्क मुस्कुराउँछ जून
न्यानो आत्मीयता निसङ्कोच खन्याउँछ घाम
चराहरूले चिरबिराउन भुलेका छैनन् आज पनि
उस्तै छ पर मन्दिरबाट गुञ्जिने घण्टाको ध्वनि
तर आफ्ना सारा विवेक र ज्ञानहरूलाई
बाकसमा ताल्चा लगाएर हिँडेको मान्छे म
आज आफूले खनेको खाल्डोमा
आफै पुरिँदै छु ।

हो, मैले नै खोसेको हुँ
घुम्दै बग्ने ती छालहरूका
ओठका नीला मुस्कानहरू
मैले नै दिएको हुँ
बदलामा यी दुर्गन्ध र फोहोरहरू
यतिबेला बाग्मती सफाइको तेल घसेर
सडकमा भीडसँगै निर्लज्ज हिँडिरहेछु म ।

मौनदर्शक पशुपति
चुपचाप हेरिरहेछ मान्छेहरूको यो चर्तिकला
किन भन्न सक्दैन ऊ
ओ मान्छे ! फोहोर बाहिर होइन
तिमीभित्रै छ
त्यसैले पखाल आफूलाई ।

●

कविता

# विमानस्थल



● **आनन्द अधिकारी**
सदस्य, अनेसास, जापान च्याप्टर

आधा भोक मैले खाएर
आधा भोक घर पठाएको थिए
कयौँ दिनदेखि ननिदाएका
आँखाहरूमा मीठो सपना सजाएर
आफू स्वयम् पानीमा भिजेर
बा’को बलेनीजस्तै दर्केका आँखालाई
छेक्न पठाएको थिएँ
भरोसाको छाता
जसरी बा सानोमा केराको पात
मलाई दिएर आफू रुझ्नु हुन्थ्यो
बैनीका कोमल पाउहरूमा
काँडा नबिझून् भनेर
पठाएको थिएँ
रहरका चप्पलहरू
आफूलाई बाध्यताको
परदेशमा बेचेर
मैले पठाएका सामानहरू
किन पुग्न सकेनन् ?
मन्दिरजस्तो मेरो घरमा
किन छिरेन ?
मैले पठाएको भोक
त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट
जहाँबाट त हात्ती पनि सजिलै छिर्छ
ए ... सरकार !
के त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल
जिउँदा लाशहरूलाई खाडी पठाएर
काठको बाकसमा फिर्ता
ल्याउनका लागि मात्रै हो ?

●

## गजल



● **दिनेशराज ज्ञवाली**
पूर्व अध्यक्ष, अनेसास, जापान च्याप्टर

जबदेखि जुध्यो नज़र म बिरामी छु,
रमाइलो भो हरप्रहर म बिरामी छु ।

तिम्रै लागि कुना-कुना सजाएर राखेँ,
तिमी अब सम्हाल यो घर म बिरामी छु।

फूलजस्तै आँगनमा हाँसे लालाबाला,
रहरमाथि अर्को रहर म बिरामी छु ।

सबैतिर खुसियाली सबै हराभरा,
छैन खडेरी छैन बग़र म बिरामी छु ।

चाहे होस् घुर्की चाहे रीस चाहे झगड़ा,
मीठो लाग्छ तिम्रो कर्कर म बिरामी छु।

## गजल



● **गिरिजा गैरे**
उपाध्यक्ष, अनेसास, जापान च्याप्टर

पाइला-पाइलापिच्छे अचेल डर आइपुग्यो,
मान्छेले मान्छे गिराउने लहर आइपुग्यो

पछाडि हटौं भोकको ठूलो आन्दोलन छ,
अगाडि काँडै-काँडाको सफर आइपुग्यो।

सुरक्षा दिनुहोस् सरकार अवसर दिनुहोस्,
हामीमा देश बनाउने जाँगर आइपुग्यो ।

आतङ्कित सम्झिन्छौ या सुरक्षित आफूलाई,
तिमीमाथि अब मेरो नजर आइपुग्यो ।

देश बोकेर मुटुमा हिँडे'थ्यो कुनै दिन,
देश लिएरै पन्छी आज घर आइपुग्यो ।

## शुभकामना

**अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास), बेलायत च्याप्टर**

को आयोजनामा हुने

**छैटौं अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन २०१९**

**6th Int'l Nepali Literary Convention 2019**

को

भव्य सफलताको कामना गर्दै

**अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)** को मुखपत्र

साहित्यिक त्रैमासिक

**अन्तर्दृष्टि**

को ४४ औं अङ्क प्रकाशन भएकोमा

खुसी प्रकट गर्दछु ।

**राधेश्याम लेकाली**

अध्यक्ष

**अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)**

**International Nepali Literary Society (INLS)**

**केन्द्रीय कार्य समिति**

# साँचोको झुप्पा



कथा

● **सुनील सङ्गम**

उपाध्यक्ष, अनेसास, केन्द्रीय कार्य समिति

आजभोलि अफिस जान भनेपछि हुरुक्कै हुन्छु । कहिले पुगूँ र त्यो रिसेप्सनको कुर्सीमा गएर थच्च बसूँ जस्तो लाग्छ । मानौँ, अचेल त्यो रिसेप्सनको कुर्सीमा आधुनिक चुम्बक छ ! अनि पो त्यसले मलाई तानिरहन्छ । नत्र किन म अफिस भनेपछि मरिहत्ते गरेर दौडन्छु त ? जति काम गरे पनि तलब-भत्ता जस्ताको तस्तै ! तर पनि मभित्र भने अचेल अचम्मको जाँगर खुबै चलेर आउँछ । पहिले त अफिस भनेपछि वाक्कदिक्क लाग्थ्यो । कहिले छुट्टी लिऊँ ! कहिले बिदा पर्ला ! कहिले शनिबार आउला र आनन्दले बसूँलाजस्तो लाग्थ्यो तर अचेल त शनिबार नै नआए नि हुन्थ्यो, कुनै दिन पनि बिदा नपरे हुन्थ्यो, हरेक दिन अफिस खुलोस् र हरेक समय त्यो रिसेप्सनको कुर्सी नछोडूँजस्तो ! लाग्छ, हरेक समय त्यही कुर्सीमा बसिरहूँ-बसिरहूँ । त्यो कुर्सीमा बसेपछि कहिले रात नपरोस् र कहिले अफिस बन्द नहोस् ।

अचेल घरमा पनि आमाले खाना बनाउनुहुन्न । म आफै बनाउँछु किनकि ५-१० मिनेट भए पनि छिटो गरूँ र अफिस पुगूँ अनि त्यो रिसेप्सनको कुर्सीमा थचक्क बसेर आनन्दको श्वास फेरूँ । आमा पनि अचेल मेरो जाँगर र परिवर्तन देखेर चकित हुनुभएको हुनुपर्छ किनकि पहिले-पहिले केही काम नगरी अफिस जाने मान्छे ! तर अहिले आमाले त भान्साको काम केही छुनै नपर्ने भएको छ ।

अचेल म चाँडो अफिस आउन थालेको मीरालाई पटक्कै मन परेको छैन । १-२ पटक त उनले मलाई सम्झाई पनि सकिन् । तर मेरो आफ्नै कुरा ... ! मेरो परिवर्तन देखेर मीरा पनि अचेल अचम्म मान्दिहोलिन् । मीरा मेरो अफिसको सबैभन्दा पुरानो र असाध्य मिल्ने साथी हुन् । उनी सोझी, जेहेन्दार, इमान्दार, सरल र राम्री पनि छिन् । उनी मलाई हरेक कुरामा सल्लाह-सुझाव

दिने गर्छिन् । वास्तवमा उनी मेरो परिवारको सदस्यजस्तै भए पनि अहिलेसम्म मेरो घरमा भने पाइला टेकेकी छैनन् । न त म नै उनको घरमा पुगेकी छु तर पनि हामी असाध्य मिल्छौँ ।

चाँडो-चाँडो अफिस आउने त मेरो आदत नै भैसक्यो । सायद उसलाई पनि मेरो आदत थाहा भयो क्यारे ! ऊ पनि त अचेल अलि चाँडो आउन थालेको छ । कति सुन्दर मान्छे ! अग्लो, गोरो, चिटिक्क परेको जुँगा अनि मीठो मधुर हाँसो, कति मायालु अनुहार, चौडा छाती, टम्म मिलेको खाइलाग्दो जिउडाल, देब्रेतिर लरक्क लर्किएको केश, जति हेरे पनि नअघाउने रूप ! मिल्ने भएदेखि त म आँखैभित्र राख्ने थिएँ ! अनि आफैलाई हेरेजस्तो ऐनाभित्र हेर्ने थिएँ !

के होला उसको नाम ? कहाँ होला घर ? घरमा को-को होलान् ? बिहे गरेको छ कि छैन होला ? पक्कै छैन ! भए त सधैँ मलाई हेरेर हाँस्ने नै थिएन नि ! हुन त केटा मान्छेहरू केटी देखेपछि यसै गर्छन् भन्छन् ! तर मलाई ऊप्रति पूरा विश्वास छ । हे भगवान् ! मेरो विश्वासको घर कहिल्यै-कहिल्यै नभत्कियोस् । भत्किने छैन पनि । काम नै गर्ने होला कहाँ होला उसको काम ! यतैकतै नजिकै होला । नत्र किन दिनहुँ यही बाटो ओहोरदोहोर गर्थ्यो होला र ? काम पो कस्तो छ कुन्नि ! राम्रै होला । मान्छे त त्यति राम्रो छ । सधैँ १०.०० बजे आएर ०५.०० बजे फर्किन्छ सायद सरकारी जागिर हुनुपर्छ । सरकारी पनि अधिकृत नै जस्तो छ ! तलब पनि राम्रो होला ! सायद भन्सारमै हो कि ! ज्यान हेर्दा पनि हाकिमजस्तै छ । प्राइभेटमा भए कहाँ १०.०० बजे गएर हुन्छ ! यी हाम्रो त ०९.०० बजे नै खुल्छ । बरु नजिकै भएर पो गाडी नचढेको होला ! आ अब जेसुकै होस्, ज्यान गए नि छोड्दिनँ म उसलाई । अहँ ! कुनै हालतमा नि छोड्दिनँ । बरु एकदिन खुसुक्क बोलाउँछु अनि सबै कुरा छर्लङ्ग सोध्छु र छर्लङ्ग भनिदिन्छु । साँच्चै कति धेरै मन पराउँछ होला मलाई उसले ! नत्र किन सधैँ यही बाटो हिँड्छ त ? हिँडे पनि किन मेरो रिसेप्सनको कुर्सी अर्थात् म बसेको तिर ढल्की-ढल्की हेर्छ ? हेरे मात्र पनि ठिकै फेरि किन मलाई नै हेरेर मुसुक्क हाँस्छ ?

अचेल उसको त्यो मधुर मीठो हाँसोमा मायाको अनुभव गर्न थालेकी छु । जिन्दगीको सपना बुन्न थालेकी छु अनि दिनप्रतिदिन त्यो मीठो सुन्दर सपनाको संसारमा कता-कता हराउन थालेकी छु। उसको हरेक हेराइमा अचेल जिन्दगी खोज्छु म । उसको हरेक हाँसोसँगै मायाको श्वास आनन्दले फेर्छु। सोच्छु अनि सम्झन्छु -

कति सुन्दर हुन्छ होला जिन्दगी ! कतै केही कहिल्यै कमी महसुस हुनेछैन । उसको भन्सारमा सरकारी अधिकृतको जागिर ! प्राइभेट नै भए पनि मेरो पनि राम्रै छ । बिहेपछि पनि म जागिर छोड्दिनँ । पोलिक्लिनिक वातावरण पनि राम्रो छ । कोही बिरामी पर्दा पनि त सजिलो । तलब पनि राम्रै छ, किन छोड्नु ? मेरै तलबले खान पुगिहाल्छ । उसको त पूरै जोगिन्छ । बरु गाडी छैन भने बिस्तारै त्यो पो किन्नुपर्छ । घर त राम्रै होला खानदानीजस्तो छ मान्छे हेर्दा त ! जिन्दगी साँच्चै सुनौलो हुने भो ! भगवान्ले पनि मेरा लागि राम्रै मान्छे पठाएको रहेछ । भावीले भाग्य पनि बलियो साइतमै लेखिदिएको रहेछ । जोडा पनि असाध्य मिल्छ हाम्रो । धन्य छ भगवान् तिमीलाई पनि ! सबैले डाहा गर्ने भए बा ! मेरो जस्तो भाग्य र जिन्दगी त कसैको नहुने भो । मीराको पनि ऊ जस्तो राम्रो त पक्कै छैन होला । ऊ जस्तो हुनु त यो जुनीमा त्यत्तिकै हो । मीरालाई पनि एकचोटि देखाइदिन्छु त्यो मेरो मान्छे । आ होस् ! डाहा मात्र गर्छे बेकारमा भो देखाउदिनँ । मिल्ने साथी भनेर हुन्छ र ? हुन त सबै कुरा उनलाई भनेकी छु तर त्यो मान्छे भने कहिले पनि देखाएकी छैन मैले । बिहेमा देखिहाल्छे नि ! बरु अब चाँडोभन्दा चाँडो त्यो मान्छेलाई भेटेर कुरा गर्छु अनि आमालाई भनेर यही वैशाखमै बिहे गर्छु । बिहे गर्ने बेला पनि त भयो अब ! आमा पनि भन्दै हुनुहुन्थ्यो - अब छोरी हुर्की, ज्वाइँको घर पठाउने ! ठिकै हुने भो । २५ वर्ष काटेपछि हामी केटीहरूको बिहे गर्न हतार नै गर्नुपर्छ । हुन पनि हो, नत्र फेरि केश फुलाएर चाउरिँदै बूढीकन्या भएर बस्नुपर्छ । केको चाउरिनु ? केको बूढीकन्या नि अब ! मेरो ऊसँग चाँडै बिहे हुँदै छ नि ! आमा पनि उसलाई देखेर मख्ख पर्नुहुन्छ सायद ! सपनामा पनि कहिले सोच्नुभा'को छैन होला त्यस्तो राम्रो ज्वाइँ त !

अब त झन् मेरो राजा बोलूँ-बोलूँ गर्न थालेको छ । मलाई हेरेर नहाँसेको त दिनै छैन । मैलेजस्तै उसले पनि मीठा-मीठा सपनाहरू सजाएको हुनुपर्छ । बिचरा ... ! सबै कुरा मलाई भनेको भए पनि त हुने थियो नि ! कति निष्ठुरी, छुच्चो कहीँको ! आ ... होस् ! एकदिन मै बोलाउँछु । समय मिलाएर कतै जानु पर्ला ! टाढा-टाढा कतै सुनसानमा जहाँ हामी दुईबाहेक अरू कोही हुनेछैन । अनि हाम्रो कुराकानी कोही कसैले सुन्ने छैन । मेरो राजालाई चाहेजति माया गर्नेछु म !....... अनि उसको चौडा छातीमा लपक्क टाँसिएर मायाको श्वास आनन्दले फेर्नेछु ! उसले पनि माया गर्दै घ्वाप्प अँगाल्नेछ । अनि मेरा यी बैँसालु अङ्ग-अङ्ग चाहेजति धीत नमरेसम्म चुम्नेछ । सपनाको सुनौलो मीठो संसारमा

हामी दुवै हराउनेछौँ । जिन्दगीका खाली पानाहरू सबै मायाले कोरिनेछ । अनि समयसँग सम्झौता गर्दै जबरजस्ती फर्किनेछौँ । फर्किएपछि सबै कुरा एक-एक मीरालाई सुनाउनेछु । उनी दङ्ग पर्नेछिन् । डाहा र ईर्ष्या पनि गर्नेछिन् । अनि जिद्दी गर्नेछिन् र भन्नेछिन् - 'मलाई पनि देखाइदेऊ न त्यो तिम्रो राजा !' अनि उसको जिद्दीपनसँग म सजिलै हार्नेछु र भोलिपल्ट मेरो राजकुमार मीरालाई देखाउनेछु । मीराले डाहा र ईर्ष्यासँगै धेरै-धेरै तारिफ पनि गर्नेछिन् ।

खै उसलाई देखेदेखि, उसले हेर्न थालेदेखि मेरो मन बरालिएको छ । आजभोलि मनमा यस्तै-यस्तै कुराहरू मात्र खेलिरहन्छ । ऊ आउने बाटोतिर मात्र आँखा दौडिरहन्छ, केवल उसकै आकृति खोज्दै निरन्तर-निरन्तर ! मनभरि अनेक कुराहरू खेलाउँदा-खेलाउँदै कहिले निकै चाँडो अफिस आइपुग्छु । के-के सोच्छु, के-के ! पागल्नी जस्तो ! पागल्नी नै हुन लागिसकेँ म ! कहिले खाना खानै बिर्सन्छु ! कहिले एउटा आँखामा मात्र गाजल पोत्छु ! निद्रा पटक्कै पर्दैन ! आँखाभरि पल-पल उसैलाई मात्र देखिरहन्छु । कोही-कसैसँग बोल्नै मन लाग्दैन । हे दैव ! के हुन लाग्यो यस्तो ? मायामा बाँच्न कति गाह्रो हुँदोरहेछ ! माया साँच्न झन् गाह्रो हुँदोरहेछ ! तड्पिएर बाँच्न त झन् त्योभन्दा नि गाह्रो हुँदो रहेछ ! तर पनि भोलिको सुन्दर सपना बोकेर आशै-आशमा बाँचेकी छु अचेल उसको निम्ति, केवल उसैको निम्ति !

आज मैले मीराको जिद्दीपनसँग हारेर वचन दिएकी छु, त्यो मान्छे देखाउने खै के ठान्ने हुन् मीराले ! डर, त्रास र खुसी मनभरि, सबै एकैचोटि तँछाड-मछाड गर्दै छ । मीरा भने भित्र काममा व्यस्त छिन् । त्यो मान्छे आउने बेला नि भैसक्यो । नभन्दै ऊ पनि आयो तर सदाझैँ हाँसेर गएन आज ! ऊ त सोझै म भएतिरै आयो ! मेरो खुसीको सीमा रहेन । खै कसरी आज यस्तो भयो ? सपना हो कि विपना यो ! मेरो राजा ! मेरो राजकुमार ! मेरो प्राण ! मेरो मुटु म भएतिरै मलाई भेट्न हतारिँदै आउँदै छ । के गरूँ, कसो गरूँ, म आत्तिएँ । होस सबै हरायो । तैपनि क्षणभरमा आफूलाई सम्हालेँ । ऊ त मेरो छेउमै आएर टक्क उभियो अनि मुसुक्क हाँस्यो । म पनि ऊ जसरी नै हाँसेँ । ऊ नम्र भएर भन्न लाग्यो -

'मीरा कहाँ छिन् ? म मीराको श्रीमान् । आज अलि ढिला फर्किनुपर्ने भो । त्यसैले यो साँचो मीरालाई दिनुस् है ।'

खै त्यसपछि के-के भन्यो उसले, केही थाहा भएन । केहीबेरमै ऊ हिँड्यो ।

म हेरेको हेऱ्यै भएँ । मुहार रातो भयो । मनभरि पीडा र डाहाको आगो एकैचोटि दन्कियो । यति नै बेला भित्रबाट मीरा फुत्त निस्किन् र मेरो छेउमै आएर सोधिन् -

'खै त तेरो राजकुमार आज आएन ?'

मेरो बोली ठप्प रोकियो । केही बोल्नै सकिनँ । अनुहार झनै रातो र तातो भयो अनि उसले छोडेको त्यही साँचोको झुप्पामा एकोहोरो हेरिरहेँ-हेरिरहेँ ... !

●

# बुद्धको खोजी



कविता

● डन कार्की
अध्यक्ष, अनेसास, लस एन्जलस च्याप्टर

बुद्ध जन्मेको देश हाम्रो
शान्ति र भाइचाराको स्रोत हाम्रो
नेपाल आज विश्वमा चिनिन्छ
अजय र अमरले शान्तिक्षेत्र मानिन्छ
प्राचीन ऋषिमुनिहरूको देश हाम्रो
व्यास र जनकले सजाएको आश्रम हाम्रो
अनेक राजा-महाराजाहरू चित्त हुन्छन्
हाम्रो देवभूमिको अनन्त रसपानले
विश्व आज यदाकदा तल्लीन
नयाँ खोजी र विज्ञानको आविष्कारले
तानासाहीहरूको हुँकार र आडम्बर
धरासयी हुन्छन् बुद्धको अनन्त ज्ञानले

विज्ञान र प्रविधिको होडबाजीले
अहङ्कार र महानता मात्र हावी हुन्छ
बुद्ध आऊ तिमी जन्मिऊ
मानवता र अहिंसाको पाठ सिकाऊ
विश्व आज तनावग्रस्त छ
भय, आतङ्क र परस्पर रक्तपातमा
तिम्रो महान् वाणीका भोका हामी
जातीय हिंसा र द्वन्द्वको बीचमा
तिमीलाई नचाहने आज को होला
सारा महाशक्ति पनि छन् तिम्रै खोजीमा
विनाशपछि रचना हुन्छ धर्ती अमर छ
बुद्धले आज नजन्मे यहाँ मानिस अपूरो छ !

●

# कठै तिम्रो स्वतन्त्रता



कविता

● **शेखर ढुङ्गेल**
क्यालिफोर्निया, अमेरिका

हो, स्वतन्त्रताको मूल्य महङ्गो रहेछ
नियालेर हेरे चियाएर हेरेँ तिम्रो मुटु स्पर्श गरेँ
तिम्रो स्वतन्त्रता तिम्रो अधिकार तिम्रो स्वाभिमान
रात परेपछि रुँदोरहेछ
तिम्रो अभिमान देखेर निद्रासमेत टाढा भाग्दोरहेछ
सबैमाथि विश्वास उठेको तिम्रो मनले
तिमीलाई नै भित्र-भित्रै जलाइरहेको रहेछ
आफ्नो भन्नेबाट टाढा पुऱ्याएको रहेछ
माया गर्नेबाट टाढा पुऱ्याएको रहेछ
आऊ म साथ दिन्छु आत्मसम्मानसहित
निद्रा तिम्रो फिर्ता लेराई गरिदिन्छु
जलेको त्यो मनमा मेरै आँसु पोखाई शीतल दिन्छु
भनेको छु रहूँ मैले सुन
अभिमानको आयु तिम्रोभन्दा छोटो हुन्छ
पश्चात्तापको ज्वाला उपहार दिएर ऊ त बिदा हुन्छ
होला तिमीसँग सबै आडम्बर
तिमो स्वतन्त्रता
स्वयम्‌को र समाजको मर्यादा बन्न सक्नुपर्छ
रातको निद्रा भागेपछि त्यसको के मूल्य रह्यो
एकान्तमा एक्लै आफैसँग हार्ने त्यो अभिमान के गर्नु ?
घरि-घरि सुनामी उठ्दो रहेछ मनमा

कतै टेकेको धरातल भास्सिने त होइन ?
देखेँ मैले तिम्रो स्वतन्त्रता र अधिकार गहिराइबाट
जिन्दगी सिमलको भुवाझैँ तितरबितर भएको रहेछ
नियन्त्रण गर्छ त जिम्मेवारी पनि उठाउन सक्छ
सुरक्षा र संरक्षणको जिम्मा पनि त उसकै हुन्छ
नियन्त्रणभित्र अपनत्व थिएन ? खोज्यौ एकपटक ?
तर
तिम्रो स्वतन्त्रताले ऊ त जिम्मेवारमुक्त भयो
तर तिमी !
स्वाभिमानको आडम्बरमा मानसिक तनाव बोक्न थाल्यौ
चटकदार तिम्रा कुरा अनि अट्टाहासले भ्रम मात्र छऱ्यो
म पहाड हुँ भन्छ्यौ
हा... हा... ह... हा... तिम्रो आँखाभित्र बगिरहेको गण्डकी-कोसी
तिमीले लुकाउन खोजेर लुक्छ नै कहाँ र ?
अनि
तिम्रो मनभित्रको चिच्याहट बुझ्न गाह्रो छैन
दिनभर नक्कली हाँसो बाँडेर
साँझमा चिच्याउने, निद्रासँग सम्बन्धविच्छेद गर्ने
तिम्रो स्वतन्त्रता स्वाभिमान कतै स्वच्छन्दता त होइन ?
तिम्रो स्वतन्त्र हुने अभिमानले मुन्टो लुकाउने आधार गुमायौ कि ?
आफ्नोको हात छोडेर खेलौना व्यापारीकोमा पो पुग्यौ कि ?
महसुस भयो होला कति महङ्गो रहेछ स्वतन्त्रता ....
एकपटक निद्रालाई सोध त्यसको मूल्य
एकपटक तिम्रो आँसु पुछिदिने सिरानीलाई सोध
यहाँ स्वतन्त्रताको बलात्कार आफै गरिरहेछन्
स्वतन्त्रताको भाका फलाक्दै लामो सुइऽऽया लिन्छ्यौ
भित्तामा टाउको ठोकेर मेरो भाग्य किन यस्तो भन्छ्यौ ?
मनभरि पीडाको भकारी बोकेर
भीडमा एक्लो-एक्लो महसुस गर्दा कस्तो पीडा हुन्छ ?

हात र पाउ (सुरक्षा र संरक्षण) बिनाको अर्धशरीरमा
सुन्दरताको लेपनको के अर्थ ? सोच त एकपटक !
जसले साँझ पर्दा एक्लो गराउने गर्छ
मेरो स्वतन्त्रता मेरो अधिकारको माला जप्दा-जप्दै
तिमीलाई एक्लो-एक्लो बेसहारा बनाएको छ
अव्यक्त तिम्रा अनुराग अनि भोक दयाको सागर बनेको छ
निद्राले तिमीलाई घृणा गर्छ रात परेपछि छोडेर जान्छ
तनावले तिमीलाई कैद गरेको छ
सुम्प तिम्रो अभिमान अगाडि उभिएको विश्वासलाई
आफ्नो भनेर अँगालोमा बाँध
विश्वास गरी तिम्रो जीवन यथार्थ बनेर हराभरा हुन्छ
तिमीलाई नयाँ जीवनको उमङ्ग उपहार मिल्छ
कति महङ्गो भएछ ... तिम्रो स्वतन्त्रता ...
आफ्नै जीवनलाई मूल्यहीन बनाएको रहेछ ।

●

## तीन हाइकु




● डा. तीर्थराज घिमिरे
ललितपुर, नेपाल

सुशान्त प्रजा
समृद्धिको सपना
गाँसमा ढुङ्गा ।

बिरामी देश
वसन्त ओइलायो
दिक्क जनता ।

विदेशी भूमि
पिज्जामाथि संस्कृति
मनको आगो ।

●

# मुक्तकहरू




● **तीर्थ अधिकारी**
सदस्य, अनेसास, बोर्ड अफ ट्रस्टी

वसुधैव कुटुम्बकम् उद्घोषण भएको छ
निर्धा निमुखा जनताको शोषण भएको छ
जुन देशको सरकारमा भावशून्य रहन्छ
त्यहाँ आफन्तको मात्र वित्तपोषण भएको छ ।

देशभर अनगिन्ती नयाँ-नौला साहेब भएका छन्
शासनमा सन्तान दरसन्तान नायब भएका छन्
यो कुन खालको परिवर्तन आएको हो लौन हजुर ?
पंछीका प्वाँखहरू अनायास गायब भएका छन् ।

भगवान्ले हात्ती बनाए, उसलाई खेल्न झिल बनाए
सुन्दर पंछी डाँफे बनाए, मयुर बनाए, चिल बनाए
पहाड बनाए, बेसी बनाए, सोचे सारा संसार बनाए
मेरो मात्रै होसै नगरी साह्रै कमजोर दिल बनाए ।

# मुक्तक




● **कमलप्रसाद सापकोटा**
उपाध्यक्ष, अनेसास पोर्चुगल च्याप्टर

अनेकौँ सपना सजाई नेपालबाट विदेशसम्म आउनेहरूको रहर देखेर रुन्छु
पीडालाई भुलाउन सजिलो बाटो रोज्दै नशामा जिउनेहरूको प्रहर देखेर रुन्छु
खै कसलाई के पो भनौँ, एउटा नेपाली विदेशी बन्न रातो पासपोर्ट लिँदै गर्दा
भव्य, सभ्य हार्दिक बधाईको साथ शुभकामना दिनेहरूको लहर देखेर रुन्छु ।

# आह्वान !



कविता

● **भूपनारायण घर्ती मगर**
अध्यक्ष, अनेसास डि.सी. च्याप्टर

उठ अँधेरी रातमा पार्दै झलमल राँको विद्रोहको
फुक विगुल सहनाई गाउँबस्ती सहरमा चेतनाको ।

विकासको नाम दिँदै विनाश गर्दै छन् हाम्रो देश
आधुनिकताको आगोमा जलाउँदै छन् हाम्रो भेष
गर्दै खेती डलरका मास्दै छन् संस्कार-संस्कृति
बन्दै नक्कली क्रान्तिकारी भित्र्याउँदै छन् विकृति ।

लम्क झुल्के घाममा ठोक्दै ढोल नगरा विद्रोहको
बिउँझाई जन जगाई मन छर्दै सन्देश चेतनाको ।

परिवर्तन भन्दै काम गर्न विदेसिन बाध्य पार्दै छन्
हाम्रै रगत-पसिनामा यिनी मोजमस्ती गर्दै छन्
नासिँदै छन् सीप बाझिँदै छन् उर्वर जमिन
यिनकै गलत नीतिले पराधीन बन्दै छौँ सब जन ।

जुट देउराली चौतारोमा घन्काऊ आवाज विद्रोहको
गर्दै एकता बचाउन स्वाधीनता बाल दियो चेतनाको ।

पर्दै भ्रम जालमा नमनाऊ उत्सव आफ्नै विनाशको
सम्हाल्दै आफूलाई गर चिन्ता आफ्नै भविष्यको
लुट्दै देश सबले बसाई सके घर आफ्नो विदेशमा
पर्दा सङ्कट भोलि जनता मात्र तड्पनेछन् देशमा ।

जाग बिउँझ घर-घरबाट उचाल्दै झण्डा विद्रोहको
गर्दै हातेमालो बनाई सद्भाव गाऊ गीत चेतनाको ।

●

# पापी मन




● राम लामा 'अविनाशी'
कोषाध्यक्ष, अनेसास, बोर्ड अफ ट्रस्टी

एक अपरिचित ह्यान्डसम एकोहोरो हेरिरहेको छ मलाई शिरदेखि पाउसम्म, साडी र ब्लाउजको बीचमा । स्पष्ट देखिएको नाइटोमा । नाइटोदेखि अलि तल, घरि मेरो आँखामा त घरि ओठमा, घरि छातीमा क्वाक्वार्ती हेरिरह्यो । मेरा शरीरका अङ्ग-प्रत्यङ्गमा ऊ लोभिएको छ । कता-कता आफ्नो रूपमा गर्व लाग्यो । अलि-अलि अप्ठ्यारो, अनि पछि काउकुती । आज ब्रा लगाउन भुलेछु कि जस्तो लाग्यो । काउकुतीको गति बिस्तारै-बिस्तारै बढ्दै गयो ।

अपरिचित नै भए पनि यस्तो ह्यान्डसमसँग नजिकै गएर मीठो बोल्दैमा के नै बिग्रिएला र जस्तो पनि लाग्यो । फेरि सिउँदोको सिन्दूर र गलाको मङ्गलसूत्र सग्सगाउँछन् । हो, म त अरू कसैकी हुँ । मन नै त हो । जति कसे कस्सिन्छ, जति छोड्यो फुस्किन्छ । त्यसैले, आफ्नो मनलाई काबुमा राख्छु । फेरि परस्त्रीप्रतिको उसको गिद्धे नजर सहनुहुँदैन । उसको कुनियतलाई प्रतिकार गर्नुपर्छ, आदि-इत्यादि कुराहरू मेरा मनभित्र भुमरीझैँ रुमल्लिन थाले ।

नजिक गएर गालामा एक चड्कन चड्काइदिऊँ कि भन्ने सोच्दै थिएँ । उसले - 'बहिनी, तपाईंको नाम के हो ?' भन्यो । मलाई बहिनी भनेको उसको मीठो शब्दले मेरो मनको भुमरी टक्क रोकिन्छ । म अक्मकिएँ । मैले जवाफ दिनुअगावै । तपाईं काटी-कुटी मेरी साहिलीजस्तै । तीन वर्ष भयो बितेको । स्तनको क्यान्सरले । बचाउनलाई मैले हरप्रयत्न गरेँ । तर बिफल भयो । मबाट बिलाइन्, सदा-सदाका लागि, मलाई एक्लो पारेर ।

स्वामीहरू भन्नु हुन्छ - भौतिक शरीर बिलाए पनि आत्मा अमर हुन्छ । त्यही कुरा पत्याएर उनको आत्मा कसैको शरीरमा भेटिने आशामा छु । धेरैपछि, ठ्याक्कै उनीजस्तै तपाईं भेटेँ । तपाईंमा उनको आत्मा भए त्यो आत्माले मलाई चिन्छ कि भनेर तपाईंलाई हेरिरहेको । मेरो बहिनी आफ्नो पतिदेवलाई धेरै माया गर्नुस् है ! मेरी साहिलीले मलाई गरेजस्तै ।

उसले भनेको यी शब्द धेरैबेरसम्म मेरो मनमस्तिष्कका छाइरह्यो । थोरै शब्दमा कति धेरै अर्थ लुकेको छ । म घोरिएर त्यहीँ सोचमग्न भएँ । मेरो मनमा आफ्नो पतिदेवको चित्र छाइरह्यो, ऊसँग बिताएका दुई दशक कसरी बिते, कति हाँसेर बिते, कति रोएर बिते, कति भोकै बिते, कति खाएर बिते, कति रात सपना देखेर बिते, कति रात सारा सपना भुलेर बिते, यो बितेका २० वर्षमा कति झरीमा म रुझेँ, कति न्यानोमा म हराएँ । सायद लेख्नु हो भने यो एउटा कथा होइन, उपन्यास नै बन्छ ।

वास्तवमा मान्छेले हेर्ने भनेको सिउँदोको सिन्दूर र गलाको पोते हो । त्यो सम्बन्धभित्रको दुःख-सुख भोग्नेलाई मात्र थाहा हुन्छ । हेर्दाहेर्दै म विगतमा चुर्लुम्म डुबेछु, मेरो आँखामा अनायास आँसु आइसकेछन्, त्यो मान्छेलाई पुलुक्क हेरेँ, ऊ फोनमा व्यस्त थियो । उसलाई के थाहा ? संसारमा सबै उसको साहिलीजस्तै माया बुझ्ेका पत्नी हुँदैनन्, न त सबै भावना बुझ्ने पतिदेव हुन्छन् ।

दोबाटोमा अनायास भेटिएको त्यो अपरिचितसँग लामो बहस गर्न मैले चाहिनँ अनि अन्तिमपल्ट ऊतिर फर्केर पुलुक्क हेरेँ, अब त्यहाँ ती अर्ती दिने सज्जन पुरुष मात्र थिएनन्, बुवा जाने होइन भन्दै हात समातेर तान्दै थिइन् एक कलिली युवती ।

●


**शुभकामना**

**अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास), बेलायत च्याप्टर**
को आयोजनामा हुने
**छैटौं अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन २०१९**
को भव्य सफलताको कामना गर्दै
**अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)** को मुखपत्र
**अन्तर्दृष्टि**को **४४ औं अङ्क** प्रकाशन भएकोमा
खुसी प्रकट गर्दछु ।

**अरुण पौडेल**
महासचिव
**अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)**
**जापान च्याप्टर**

# नारी र स्वतन्त्रता



कविता

● सुनिता गिरी
उपाध्यक्ष, अनेसास, हङकङ च्याप्टर

कविता लेखिसकेर
नारी पस्छे भान्सामा
कविता लेखिसकेर
पुरुष पुग्छ कविगोष्ठीमा
जहाँ वाचन गर्छ पुरुषले
नारी स्वतन्त्रताको कविता
याद रहोस् !
घरको चौघेरा मात्र होइन
नारीको संसार
घरको सिलिङ मात्र होइन
नारीको आकाश
यसर्थ संसारका प्रत्येक नारी हो
बाहिर हेर !
आकाशले तिमीलाई पर्खिरहेछ
बाहिर निस्क !
बाटोले तिमीलाई कुरिरहेछ
उडिरहेका ती चराहरू
तिमीलाई भेट्न आएका हुन्
जो तिमीभन्दा स्वतन्त्र छन्
पहाडभरि ओछ्यान लाइरहेका बादल
र बादलमाथि टाँगिएका इन्द्रेणी
जो तिमीभन्दा सुखी छन् ।

यो सिउँदोको सिन्दूर
यो गलाको मङ्गलसूत्र
र यी छन्छनी बज्ने हातका चुराहरू
एउटा पुरुषको आयु हो
एउटा पुरुषको श्रद्धा हो
हरेक नारीको आँखामा
पुरुष उसको देवता हो
तर देवताको आँखामा
नारी के हो
अब नारीले
तोड्नुपर्छ पुरुष दासताका बन्धनहरू
र खिया लागेका विभेदका हतकडीहरू
घृणा, अपमान र हीनताबोध
यहीँ ओकलेर
अब निस्कनुपर्छ तिमी सङ्घारभन्दा बाहिर
जहाँ तिमीलाई लैजान घाम उभिरहेछ ।

●

# बालक र मान्छेहरू





● नारायण अधिकारी
वासिङ्टन डि.सी., अमेरिका

मलाई बालक र मान्छेहरू
फरक हुन् जस्तो लाग्छ ।

बालक जूनलाई जून भन्छ
आहा ! कति सुन्दर भन्छ ।
मान्छेहरू -
जूनमा कालो धब्बा देख्छन्
र भन्छन् - जूनमा दाग छ ।

र त, मलाई बालक र मान्छेहरू
फरक हुन् जस्तो लाग्छ ।

धेरै मान्छेहरू
नाङ्गो बादशाहमा
आहा ! कति सुन्दर पहिरन देख्छन्
बालक -
नाङ्गे बादशाह देखेर सोध्छ -
आमा, बादशाह किन नाङ्गै हिँडेको ?

र त, मलाई बालक र मान्छेहरू
फरक हुन् जस्तो लाग्छ ।

मलाई बालक
बुद्धको बुद्ध हो जस्तो लाग्छ
जस्तो सत्य त्यस्तै बोल्ने
मलाई बालक
स्वयम्भूको आँखा हो जस्तो लाग्छ
जस्तो दृश्य त्यस्तै देख्ने ।

र त, मलाई बालक र मान्छेहरू
फरक हुन् जस्तो लाग्छ ।

बालक सिधा बाटो हिँड्छ
हानि कसैलाई गर्दैनन्
मान्छेहरू सिधा बाटो हिँड्छन्
र धेरैलाई हानि गर्छन् ।

र त, मलाई बालक र मान्छेहरू
फरक हुन् जस्तो लाग्छ ।

●

# इतिहास साक्षी छ !




● मुकुन्द कोइराला
महासचिव, अनेसास डि.सी. च्याप्टर

मेरा पुर्खाले बगाएको रगतको
हिसाबकिताब गर्ने हो भने आज
अमेजन र नाइलमा मेरा पुर्खाको रगत बग्थ्यो होला
तर, त्यही
रगत बगाउनेको सन्तान म आज अस्पतालको
शैयामा एक थोपा नपाएर
यमलोक जान परमात्मालाई पुकार्दै छु !

तल बेँसी फाँटमा पहेँलपुर तोरी फुलाएर
औटाइ बर्जासम्म तेल बेच्न लाने मेरी हजुरामा
तपाईं चिन्ता नगर्नुस्
म
हाम्रो भन्सामा सेल पकाउँदा सकिएको तेल किन्न
भोलि बिहानै
भालेको डाँकसँगै
रेल चढेर ल्हासा जाँदै छु
त्यसैले म आधुनिक नेपालको नक्सा कोर्दै छु
म ती पुराना दस्तावेजका पानाहरू चोर्दै छु
म सिमानाका आठाहरू फोर्दै छु ।

टिष्टा र काँकडाका पर्खालहरू बिर्सिएर
म आफ्नै घुऱ्यानलाई देश सम्झिएर
छिटो-छिटो लामो श्वास फेर्दै छु
म सिमानाका आठाहरू फेर्दै छु
अस्पतालको शैयामा
एकथोपा रगत नपाएर
परलोक जान
परमात्मालाई पुकार्दै छु ।

पहिले-पहिले मेरी आमाले भन्नुहुन्थ्यो
मान्छेहरू उभोतिरबाट उधोतिर
पिठोसँग नुन साट्न आउँथे रे !
तर म त आधुनिक नेपालको मान्छे
नुन र सुन दुवै साट्न पैसाको बिटो बोकेर
कहिले उभोतिर त कहिले उँधोतिर जाँदै छु ।

तल बिर्खे काइलाको छोरीको बिहेमा लगाउने
चोली र डोली दुवै किन्न
सिल्ली बनेर दिल्ली जाँदै छु ।

पैसाको बिटो बोकेर
भर्खरै ओठमा जुँगाको रेखी बसेको

ठिटाको जवानी धितो राख्न
म
परदेशतिर जाँदै छु
तेल र रेलका खातिर म देश सुम्पँदै छु

गढवाल र कुमाउका कुरा नगर भो !
म देश सुम्पेर
मधेशभित्र खुम्चँदै छु ।

●

# मुक्तकहरू



मुक्तक

● **शकुन ज्ञवाली**
उपाध्यक्ष, अनेसास, न्युयोर्क च्याप्टर

१
तिम्रो साथ पाएदेखि हिमालजस्तै खुलेकी छु
ढकमक्क फक्रिएको गुराँसजस्तै फुलेकी छु
हात दिने तिमी नै छौ यात्रा जस्तो भए पनि
त्यसैले त हाँसी हिँड्छु पीर सारा भुलेकी छु ।

२
सुक्या खरमा आगो लागे सल्किहाल्छ एकैछिनमा
आधा गाग्रो पानी भए छल्किहाल्छ एकैछिनमा
म त यस्तो म त उस्तो भन्नै तिम्ले केही पर्दैन
तिम्रो संस्कार बोलीबाटै झल्किहाल्छ एकैछिनमा ।

३
नेपथ्यमै हराउन मन लाग्छ कहिलेकाहीँ त
त्यसै बर्बराउन मन लाग्छ कहिलेकाहीँ त
कति सधैं मन पराउनु अर्कालाई मात्रै
आफैलाई मन पराउन मन लाग्छ कहिलेकाहीँ त ।

●

# जीवन

नाटक



● **वसन्तप्रवीण (प्रवीण टन्डन)**
सचिव, अनेसास, सिड्नी च्याप्टर

लियोनोभ : ओहो ! म यो कहाँ आइपुगेँ ? यहाँ त काल पनि भयभीत होला जस्तो छ ।

थोमस : विचलित नहुनुस् महाशय, यहाँ तपाईं एक्लै हुनुहुन्न ।

लियोनोभ : तपाईं ... तपाईं को ?

थोमस : मलाई पनि अब तपाईंजस्तै सम्झिनुहोस् । हामी अब एउटै भैसक्यौं; यो पक्कै पनि मृत्युलोक हुनुपर्छ ।

लियोनोभ : मृत्युलोक, यसको मतलब के म मरेँ ? ओहो ! म त भर्खर ३२ वर्षको हुँदै छु । म यति चाँडै मर्ने, मेरी जोसेफा, उफ् !

थोमस : जीवन र मृत्यु मानिसको हातमा हुँदो हो त संसार यति विचित्रको हुने थिएन । आउनुहोस्, हामी एकअर्कासँग परिचय गरौं ।
म थोमस, म लियोनोभ, म टोमेट, म अली, म बिमिरो अनि म फ्रेडरिक ।

टोमेट : अनि हामी सबैजना यहाँ एकैचोटि कसरी ?

थोमस : सम्भवतः हामी एउटै समयमा मरेको हुनुपर्छ, म मर्दा त्यस्तै मध्यरात भएको हँदो हो ।

टोमेट : हो, मैले अन्तिमपटक घडी हेर्दा रातको ११:३० बजेको थियो ।

फ्रेडरिक : हो, मलाई सब याद छ । म सम्झिन पनि चाहन्न । मलाई ती दुष्टहरूले रातको ठीक बाह्र बजे ... (रुँदै)

थोमस : छाडिदिनुहोस्, अब त्यसको कुनै अर्थ छैन । ईश्वरले मानिसलाई सबैथोक दिए पनि सुर्ताउनका लागि सानो भाग राखिदिएकै हुन्छ ।

म पनि उमेर छँदा आफूलाई धेरै गुणले सम्पन्न सम्झन्थें । जे काम पनि म खुबै फूर्तिसाथ गर्थें । बालबच्चा र श्रीमती गाउँमा बस्थे र म टाढा सहरमा काम गर्थें । वर्षको दुईचोटि छुट्टि मिलाएर आउँदा उनीहरूको अनुहार देख्दा मलाई यति खुसी लाग्थ्यो कि म वर्णनै गर्न सक्दिनँ । पछि मेरो हाकिमले मेरो काम देखेर मेरो बढुवा गरिदियो र मैले मेरो परिवारलाई सहरमै बोलाएँ । सबैकुरा ठिकै भइरहेको थियो तर अचानक अनौठो रोग लागेर मेरी श्रीमती अकालमै मरी । त्यतिबेला म ४३ वर्षको हुँदो हो । त्यसपछि त मेरो जिन्दगीलाई बादलले ढाकेजस्तो भयो । छोराछोरीको बिहे गरिदिएर म जेठो छोरासँग बस्न थालें । जेठो छोरो एउटा रात्री सुपरमार्केटमा काम गर्थ्यो । जेठी बुहारी अलि उच्च कुलघरानियाकी थिई । म जति-जति बूढो हुँदै गएँ, उति-उति मेरो दुर्दिन आइरहेजस्तो भयो । मेरो स्वास्थ्य पनि धेरै बिग्रन लाग्यो । डाक्टरले दिनमा तीनचोटि आठ-आठ घण्टाको फरकमा नखाई नहुने भनेर औषधि दिएको थियो । केही दिन त छोराले नै समय मिलाएर औषधि दिन्थ्यो तर पछि त ऊ पनि बेफुर्सदी हुँदै गयो । घरमा एउटा काम गर्ने केटो राखेका थिए, उसले पनि मलाई नजानेर कतिचोटि अर्कै औषधि खुवाएको थियो । कहिलेकाहीँ बुहारीको व्यवहार देख्दा विरक्तिएर म आफै औषधि नखाई बसिदिन्थें । त्यस्तै एकरात पीर मान्दै म ओछ्यानभित्र पसेको थिएँ । सपनामा मेरी श्रीमतीसँग कुरा गर्दागर्दै म यहाँ आइपुगेँ । बुझ्नुभो, एकप्रकारले त मैले मुक्तिको अनुभव गरिरहेको छु ।

लियोनोभ : तपाईं मुक्तिको कुरा गर्नुहुन्छ, मेरो छट्पटी थाहा भैदिए । म यहाँ आएको कुरा जोसेफालाई थाहा भएपछि बिचरीलाई कस्तो हुन्छ होला ! फेरि त्यो औँठी उफ् !

टोमेट : को जोसेफा ?

लियोनोभ : उनी मेरी प्रेमिका, ओहो ! बरु सक्नेभए म फेरि एकचोटि फर्केर जान्थें र सबैकुरा स्पष्टसँग भन्दिन्थें । ठट्टैठट्टामा मैले कस्तो काम गरेछु फेरि मलाई यस्तो हुन्छ भन्ने पनि के थाहा ?

थोमस : कुरा के हो ? खुलस्त भन्नुहोस्, लियो ।

लियोनोभ : वास्तवमा जोसेफालाई म असाध्यै माया गर्थें र ऊ यति राम्री थिई कि तपाईंहरूले देखेको भए थाहा पाउनुहुन्थ्यो । ऊ फ्रेन्च बाउ र रसियन आमाकी छोरी थिई । यसैकारणले होला, ऊ त्यति विघ्न राम्री भएकी । म ऊलाई औधी मन पराउँथेँ र आफ्ना प्रेमले भरिएका कविता सुनाउँथेँ ।

'म धुलो धरती तलको, तिमी पवनकुञ्जकी परी
बालिदेऊ न प्रेमदीप, कहिल्यै ननिभ्नेगरी ...'

हामी एउटै कलेजमा पढ्थ्यौं । हाम्रो मास्टर्स डिग्री भर्खरै सकिएको थियो र पढाइ सकाएर ऊ आफ्नो सहर फर्किएकी थिई । हामी दुईको झण्डै-झण्डै बिहे नै गर्ने कुरा मिलिसकेको थियो र अन्तिम निर्णयको मात्र आवश्यकता थियो । म डिग्री पढ्दापढ्दै पार्टटाइम काम पनि गर्ने गर्थें र केही पैसा जम्मा पनि गरेको थिएँ । त्यसैबाट मैले मेरी जोसेफाका लागि उनका सुन्दर औँलामा मिल्ने १,००० रुबल पर्ने हीराको औँठी बनाइदिएको थिएँ तर उनलाई औँलाको नापका लागि लैजाँदा सुनको औँठी भनेर झुक्याएको थिएँ । आज उनको जन्मोत्सव थियो र मैले फोनमा आउन भ्याउँदिनँ भनेर ढाँट्न खोजेको थिएँ र ऊ नराम्ररी रिसाएकी थिई । म वास्तवमा उनलाई सरप्राइज दिन चाहन्थेँ; म नआउने भनेर रिसाएकी उनलाई म सुटुक्क गएर उनको घाँटीमा पछाडिबाट उनले थाहा नपाउनेगरी म्वाइँ खाई हात समातेर हीराको औँठी लगाइदिँदा उनी कति खुसी हुन्थिन् होला ? हामी दुवैलाई कति रमाइलो लाग्थ्यो होला ! सम्भवतः त्यो हामी दुवैको जीवनको अविष्मरणीय क्षण बन्थ्यो होला तर कत्रो अफसोच ! त्यो दिन अब कहिल्यै आउनेछैन र जोसेफालाई यो सबकुरा अब कहिल्यै थाहा हुनेछैन । म त घरबाट हिँडिसकेको थिएँ, रेल्वे स्टेसनसम्म पुग्न भनेर ट्याक्सीमा जाँदा दायाँपट्टिबाट एउटा ठूलो ट्रकले यति जोडले ठोक्यो कि म त बेहोस भएँ । मैले त सोचेको थिएँ, म घाइतेसम्म हुन्छु होला तर .... !

टोमेट : भइगो लियो ! चिन्ता नगर्नुहोस् । जुन कुरामा तपाईंले चाहेर पनि केही गर्न सक्नुहुन्न । त्यसका लागि किन पीर गर्नुहुन्छ ? हुन त तपाईंलाई जस्तो चिन्ता मलाई छैन । त्यसैले पनि मलाई यस्तो लागेको होला । मेरा त न प्रेमिका छन्, न जहान परिवार । कलेज पढ्दा एउटीलाई मैले पनि मन पराएको थिएँ तर मैले यो कुरा उसलाई कहिल्यै भनिनँ । भनेको भए उसलाई कस्तो लाग्थ्यो कुन्नि ! पछि ऊ पनि आफ्नो बाटो लागि । म यता फौजतिर आएँ । अहिले त ऊ घरजम गरेर बसेकी होली तर मेरो जिन्दगीमा मैले अलि बढी ध्यान दिएकी केटीचाहिँ साँच्चै उही एउटी मात्रै हो । अनि म फौजमा आएको ३/४ वर्षमा त लडाइँ सुरु भइहाल्यो । हाम्रो पल्टन लडाइँमा जाने दोस्रो पल्टन थियो । लडाइँमा जाने थाहा पाउँदा मेरा साथीहरू डराएका थिए तर म भने कत्ति पनि डराएको थिइनँ । आफ्नो देशका लागि मर्ने मान्छे सिधै स्वर्ग पुग्छ भन्ने मैले सानो छँदा पढेको थिएँ । फेरि डराएर मृत्यु पर भाग्ने होइन । जन्मेपछि एकचोटि मर्न त परिहाल्छ, आफ्नो भाग्य जस्तो छ, त्यस्तै हुन्छ भन्ने सोचेर मलाई वास्तवमै डर लागेको थिएन तर हाम्रो कप्तानले गल्ती नगरेको भए मलाई त्यसरी मर्नुपर्ने थिएन । हाम्रो टोलीलाई ब्रिज पर्वतमा बसेको पल्टनलाई मद्दत गर्न जाने जिम्मेवारी दिइएको थियो । पर्वतमा पुग्ने छोटो र सजिलो बाटोमा शत्रुहरू हुनसक्ने खबर हामीले पाएका थियौं तर कप्तानले अरू बाटोमा पनि शत्रु बसेको हुनसक्ने र फौजी भएपछि खतराको सामना गर्न डराउनुहुन्न भन्दै ठूला-ठूला कुरा गरेर हामीलाई त्यही बाटो हिँडायो । पछि घाटीनिर पुग्दा शत्रुहरूले घेर्न लागेको सुइँको पाएर कप्तान र अरू सैनिक पछि हटिसकेका रहेछन् । मचाहिँ पङ्क्तिको सबैभन्दा अगाडि थिएँ । मैले सुनेको अन्तिम शब्द 'टोमेट फर्क' र मलाई थाहा छ, मलाई बोलाउने मेरो सबैभन्दा मिल्ने साथी थियो । त्यसपछि गोली चलेको आवाज आयो र सबैकुरा सुनसान भयो ।

अली : तपाईंको कुरा सुनेर दुःख लाग्यो तर मेरो मरण पनि कम पीडादायी भएन । मैले जस्तो नियति भोगेँ, त्यसपछि मलाई लाग्छ, संसार केवल स्वार्थै-स्वार्थको खेल हो । वास्तवमा कसैले कसैलाई तब मात्र

माया गर्छ, जब उसको त्यसबाट भलाइ भइरहेको हुन्छ । कोहीलाई श्रीमतीले खुब माया गर्छे किनकि लोग्नेले उसको सबै चाहना पूरा गरिदिएको हुन्छ । बिदामा घर आउँदा बुवाले मिठाइ, नयाँ-नयाँ लुगा नल्याइदिने भए कसैका छोराछोरी त्यतिसारो रमाउँदैनथे होलान् र संसारको यो सत्यलाई मैले समयमै बुझेको भए मैले यस्तो भोग्न पर्दैनथ्यो ।

टोमेट : कस्तो नियति अली ?

अली : म सम्भ्रान्त परिवारको केटो, मेरो बुवा दरबारको नोकरी गर्नुहुन्छ । मलाई बुवाआमाले असाध्यै माया गर्नुहुन्थ्यो र त्यही मायाको मैले गलत फाइदा उठाएँ । म अरू भाइहरूभन्दा जेठो भए पनि शारीरिक रूपमा केही कमजोर थिएँ र बुवाको बिँडो थाम्ने हिम्मत पनि ममा थिएन । त्यसै हुनाले मेरो माहिलो भाइलाई बुवाले दरबारमा काम लगाउनुभएको थियो आफ्नो भविष्यको उत्तराधिकारीको रूपमा । मेरो त्यही सोझो चरित्र र हाम्रो अकुत सम्पत्ति देखेर एउटी दुष्ट केटीले मलाई फँसाई, जुन कुरा मैले भर्खर थाहा पाउँदै छु तर यतिबेला धेरै ढिलो भइसक्यो । त्यसबेला त मैले आफूलाई महान् प्रेमिका रूपमा प्रस्तुत गरिरहेको थिएँ । त्यो दुष्टले पहिले बिहे गरेको केटोलाई छोडेर आएको कुरा जान्दा-जान्दै पनि अरू कुरा बुझ्ने प्रयासै नगरी मैले त्यसको सच्चरित्रताको बारेमा वकालत गर्दै हिँड्थेँ । मलाई कहिल्यै रुखो व्यवहार नगर्ने मेरा आबाबुवासँग समेत मैले त्यस पापिनीको बचाऊ र आफ्नो अन्धो प्रेमको रक्षाका लागि ठूलठूलो स्वरमा कुरा गरेँ, धिक्कार छ मलाई ! हाम्रो सम्बन्धको बारेमा थाहा पाएर बुवाले एकदिन मलाई बेस्सरी झपार्नुभयो र त्यस अलच्छिनीलाई मेरो बाटोबाट हटाउन जेसुकै गर्नसक्ने भन्दै जानुभयो तर मेरो दिमागले ठाउँ छोडेको त्यो बेला मैले त्यस राक्षसीलाई सुटुक्क भेटी त्यसकै बहकावमा घरै छोडेर हिँड्ने सल्लाह गर्नपुगेँ । साँच्चि, मलाई त्यसले के टुना लगाएकी थिई, म त्यो नभई बाँच्नै नसक्ने निष्कर्षमा पुगेको थिएँ । आखिर मध्यरातमा सबै सुतेपछि त्यसकै सल्लाहमुताबिक म सम्पत्ति लिएर घर छोड्न तयार भएँ । हाम्रो ढुकुटीमा जम्मा चौध करोड बराबरको सम्पत्ति भएको

मलाई थाहा भयो । हामी तीन भाइ, दुई दिदीबहिनी र आमाबुवालाई बराबर भाग लाउँदा मेरो भागमा जम्मा दुई करोड बराबरको सम्पत्ति पर्न आउँथ्यो । आखिर मैले अंसै लिए पनि त्यति सम्पत्ति त मेरो हो । तसर्थ मैले आफैले झिके पनि त्यो चोरी ठहर्दैन भन्ने विचारले मैले पुग-नपुग त्यति बराबरको हीरा-जवाहरात लिएँ र आफ्नो लुगासित पोको पारी घरबाट निस्किएँ । त्यो डँकिनी दिउँसो भनेकै ठाउँमा हातमा पोको बोकेर पर्खिरहेकी रहिछ, म आउनासाथ खुसी भई - 'ए, आयौ ? ल गैहाल !' भन्दै कुन्नि कसको झुप्रोमा लिएर गई । कोठामा पस्नासाथ अरू थाहा पाउँछन् भन्दै सबै झ्यालढोका थुनी र मलाई जवाहरात देखाऊ भन्दै बडो व्यग्रताका साथ सोधी; मलाई उसको व्यवहार एकदमै अनौठो लाग्यो । मैले ल्याएको पोको देखाएपछि ऊ यति खुसी भई कि मलाई लाग्यो उसले जिन्दगी बिताउने मसँग होइन, त्यही सम्पत्तिसित हो । त्यसपछि ऊ मलाई हेरेर त्यही कपटपूर्ण हाँसो हाँसी, उसलाई देखेर मलाई डर लाग्न थाल्यो; मेरो ढुकढुकी बढ्दै गइरहेको थियो कि अचानक पछाडिबाट केही धारिलो चिजले मेरो घाँटीमा बलियोसित हिर्कायो र म यहाँ आइपुगेँ ।

बिमिरो : ओहो ! अली, तपाईंको घटना साँच्चै दुःखलाग्दो रहेछ । म पनि तपाईंसित सहमत छु । संसारमा सबै प्राणीले आफ्नै स्वार्थ पूर्तिको उद्योग मात्रै गर्दछन् ।

लियो : तर बिमिरो महोदय, यो दुनियाँमा प्रेम र विश्वासको अस्तित्व पनि त छ । आखिर संसार नै विश्वासमा अडेको छ ।

बिमिरो : तपाईंको कुरालाई म ठाडै अस्वीकार गर्दिन लियोनोभ तर मान्छेले आफ्नो चाहनासित प्रेम गरेको हुन्छ र आफ्नो स्वार्थलाई विश्वास गर्दछ । संसार त्यति आदर्शमय भएको भए मैले पनि रोगले थलिएर भोकभोकै मर्नुपर्ने थिएन ।

फ्रेडरिक : आश्चर्य ! तपाईं साँच्चै भोकभोकै मर्नुभयो बिमिरो ?

बिमिरो : तपाईं ठूलै घरानियाँको, साँच्चै भनूँ भने राजा-महाराजाहरू जस्तै देखिनुहुन्छ । तपाईंलाई रोग र भोकको बारेमा त्यति थाहा छैन होला ।

फ्रेडरिक : (गनुगुनाउँदै) हो, राजाजस्तो होइन, म सम्राटै थिएँ तर अहिले होइन, पहिले । अफसोच ती दिनहरू !

बिमिरो : तर दैवले हामीलाई भोक नै आहारा र रोग नै उपचार दिएर पठाएको छ । हामीले यस्तो जिन्दगी नचाहेरै पनि जिउनुपर्छ, दुःखलाई नै सुख मान्नुपर्छ । मैले पनि जीवन र मृत्युको लडाइँ हेर्दै र खेल्दै आएँ । सम्पत्ति भनूँ भने हाम्रो ओत लाग्ने झुपडी र खेतबारी जे भने पनि त्यही एकटुक्रा जमिन थियो । त्यही पनि बा सानैमा मरेकाले मैले रातदिन गरेर, अर्कोकोमा काम गरेर जोडेको तर त्यो धेरै अभागी रहेछ । त्यहाँ आएको सालै मेरी आमा बितिन् । तैपनि जेनतेन गरेर भाइ र बहिनीको बिहा गराइदिएँ, दिदी त पहिल्यै बिहा गरेर गइसकेकी थिइन् । पछि मैले पनि बिहे गरेँ, एक छोरा र चार छोरी भए । कान्छी छोरी पाउँदा मेरी जहान पनि मरी । बिचरीले न भनेजस्तो खान पाई, न स्याहार नै ! त्यहीँ हुँदा सुत्केरी व्यथाले उसलाई लग्यो । आखिर छोराछोरी हुर्कंदै गए । चारै छोरीका धेरै टाढाका घर परे । कान्छी छोरीको त बिहा गरेर गएपछि एकैचोटि मात्र मुख देख्न पाइयो । छोराले पनि बुहारी भित्र्यायो । उसका पनि दुई छोरा र एक छोरी भए । मलाई भने बुढेसकालले च्याप्न थाल्यो । उमेर छँदा खिएको जिउले बूढा हुँदा पिराउन थाल्यो । सुरु-सुरुमा त खुट्टा मात्र थर्थराउँदो, हुँदा-हुँदा मेरा दुवै हातगोडा नचल्ने भए । रोगी शरीर आफूलाई पनि भारी, अर्कालाई पनि भारी हुँदो रै'छ । अभागीलाई दैवले दुःखै भोग्न पठाउँदा रै'छन् भनेर सहेर बसेको थिएँ, ठूलै खडेरी पऱ्यो । त्यस्तैमा बुहारीकी कान्छी छोरी खेर गई । अन्नको गेडो भएन, बारीमा लगाएका जैतुन कक्रक्कै सुकेको झ्यालबाट देखिन्थ्यो । छरछिमेक पहिल्यै अन्त बसाइँ सरिसकेका थिए । जानेबेलामा छिमेकीले 'जाने होइन र बा' भन्थे । मैले 'जाँ गए'नि लैजालान् नि छोरा-बुहारीले' भन्थेँ । एकदिन रातभर छोरा-बुहारीले ऽगनगन गरिरहे'थे । भोलिपल्ट खन्द्र्याङ-खुन्द्रुङ भाँडा बजाएको सुनिन्थ्यो, त्यसपछि त चकमन्न भयो । एकछिन त घाँटी सुक्नेगरी कराएँ, कसैले उत्तर दिएन । आखिर सबै बसाइँ सरेर गइसकेका रहेछन् । मलाई एक्लै मन छोडेर । एकछिन त खुब दुःख

लाग्यो, बा-आमा, जहानको धेरै याद आयो । रुँदा-रुँदै आँखा पनि थाकेछन् अनि घिस्रिँदै भान्छामा गएर हेरेँ । कतै केही रहेनछ, फेरि फर्केर ओछ्यानमै आएर पल्टिएँ । तीन दिनसम्म त राम्रै सम्झना छ, त्यसपछि त आँखा धमिला जस्ता भए, मुख सुकेर निल्न पनि गाह्रो हुन लाग्यो, शरीर गल्दै गयो र कतिबेला सास गयो पत्तै भएन ।

टोमेट : अहो ! सम्झँदा पनि कहालीलाग्दो जिन्दगी रहेछ तपाईंको । अनि फ्रेडरिक महाशय ज्यादै शान्त हुनुहुन्छ, तपाईं पक्कै कुनै ठूलै शासक हुनुपर्छ, तपाईंजस्तै थुप्रैलाई मैले सलाम ठोकेको थिएँ र तिनैका लागि जीवन पनि गुमाएँ ।

फ्रेडरिक : ठीक भन्नुभो, मेरो जीवन एकदम शान्त छ, ठूलो भुइँचालो या आँधीबेहरीपछिको शान्ति जस्तो सबैकुरा ध्वस्त भइसकेको, केही बाँकी नराखिएको ... ।

हो, म विशाल सम्राज्यको सम्राट थिएँ । यो साम्राज्यमा मेरा पुर्खाहरूले थुप्रै पुस्ता बिताइसकेको थिएँ तर मेरै पालिमा यस्तो हुनुपर्ने, पापी ईश्वर !

पहिले सम्पूर्ण राज्य मेरै मुट्ठीमा थियो, मेरै इसारामा राज्य संयन्त्र चल्थे । मेरो सुरक्षाका लागि लाखौँको फौज थियो तर आखिरमा ती केही काम लागेनन् । मेरा पिता-पुर्खाले छोडेको गद्दीमा बस्नु मेरो के दोष ? फेरि मेरो राज्य व्यवस्थामा भएका तमाम गल्ती-कमजोरीहरूलाई म एक्लैले कसरी ठीक पार्न सक्छु ? मेरो इच्छा त थियो केही सुधार गर्नुपर्छ तर कसैले मेरो कुरा सुनेन । न मित्रले, न शत्रुले, सबै मानिस बौलाएका थिए । आखिर मेरो सबैभन्दा विश्वासपात्र सेनापति नै पो षड्यन्त्रकारीहरूसँग मिलेको रहेछ । पछि मात्र थाहा भयो । थाहा पाएर के गर्नु ? सबैकुरा आफ्नो पञ्जाबाट फुत्किसकेको थियो । फेरि मैले पनि अन्तिम समयमा गल्ती गरेँ । सिपाहीले पक्रेर ल्याएका सयजना द्रोहीहरूलाई झ्यालखानामा राख्नुपर्ने रहेछ, सबैजनालाई झुण्ड्याइदिने आदेश दिएँ । त्यसपछि त दुष्टहरूको आँधी नै दरबारतिर खनियो । मेरा केही विश्वासिला भारदार र अङ्गरक्षकलाई मारिहालेछन् । म पनि मेरा परिवार र

गरगहना लिएर उम्किसकेको थिएँ, जङ्गल कटेर सीमा पार गर्ने बेलामा बाटामा मोतीको माला खस्न पुग्यो । नटिपे झन् के-कसो हो भनेर होहल्ला हुन्छ भनेर टिप्न निहुरेको, झुत्रो भेषमा घाँटीको हार देखेर सबैले शङ्का गरिहाले । अनि भाग्न खोज्दा सम्राट भाग्न लाग्यो भनेको सुनेपछि द्रोहीहरू लखेट्न आइहाले । अन्तिम समयसम्म पनि कसैले लुकाएर ज्यानको रक्षा गरिदेला कि भनी ढोका ढक्ढक्याउँदा पहिले दर्शन पाउन लालायित हुनेहरूले समेत कुनै वास्ता राखेनन् । आखिर सबै हुँदा नै मान्छे आफ्ना हुँदा रहेछन् । सबैले बलेको आगो नै ताप्ने रहेछन् । अनि त हामी सबैलाई घिच्याउँदै मध्यरातमा राजधानी पुऱ्याए र सहरवासीलाई भेला गराएर मेरै अगाडि मेरा जहान, छोराछोरी काट्न लगाए । मैले हेर्न नसकी आँखा बन्द गरेँ । केवल त्यो भयानक, मुटु नै चुँडिने चिच्याहट सुनिरहेँ । सानो छोराले त मलाई बचाउन गुहारसमेत मागेको थियो तर मैले केही गर्न सकिनँ र आफैलाई धिक्कारेँ । एउटा लामो दाह्री पालेको दुष्टले मलाई रातको ठीक बाह्र बजे काटिने फैसला सुनायो । आँखाअगाडि आफ्ना परिवारको दर्दनाक दृश्य हेरिसकेको र राजपाठ पनि गुमिसकेको हुनाले मलाई जीवनको मोह नै भङ्ग भइसकेको थियो । आकाशमा जूनतारा टिल्पिलाइरहेका थिए । बत्तीको प्रकाशले रातमा पनि छर्लङ्गै देखिन्थ्यो । मैले वरिपरि हेरेँ । मेरा आफन्त, आसेपासे, जो सबै अनेक प्रकारले मेरा ऋणी थिए र अन्य जनसाधारण, अहिले छाती ढक्क फुलाएर मलाई हेरिरहेका थिए । कोही दयाभाव देखाइरहेका थिए, मानौँ उनीहरूलाई कहिल्यै मनैपर्दैन अथवा यो संसारमा मर्न लागेको पहिलो व्यक्ति म नै हुँ र ती द्रोहीहरू, जो ठान्थे, सबै समस्याको कारक र समाधान मै मात्र हुँ । आखिर चर्चको घण्टाघरले बाह्र हान्यो, त्यो नयाँ घण्टाघर आफ्नो राज्यकालमा मैले नै बनाउन लगाएको थिएँ । विदेशबाट सामान र कालीगढ ल्याएर पूरा बनिसक्न पाँचवर्ष लागेको थियो । त्यसपछि मेरो हत्याराले आफ्नो दुवै हात उठाएको छायाँमा प्रस्ट देखिन्थ्यो । मैले अन्तिमपटक अगाडिको भीडलाइ हेर्न मात्रै के भ्याएको थिएँ, ठ्वाक्क ... त्यो भीडको तस्बिर हुँदै एकैछिनमा बिलायो र म यहाँ ... !

थोमस : चिन्ता नगर्नुहोस् फ्रेडरिक महोदय । संसार यस्तै नै छ ... । त्यो सम्पूर्ण साम्राज्य जुन अहिले तपाईंको छैन, पहिले पनि तपाईंको थिएन, जे थियो, एकैछिनका लागि थियो । त्यही पनि सम्पूर्ण रूपले आफ्नो थिएन । त्यसैले दुःख मान्नु व्यर्थ छ । तपाईंलाई आफ्नो दुःख सबैभन्दा ठूलो लाग्ला तर संसारमा सबैलाई आफ्नै व्यथा ठूलो हुन्छ, आफ्नै कथा लामो हुन्छ तर मानिसहरू सतही रूपले बाँच्न खोज्छन्, जीवनको गहिराइलाई उनीहरू महसुस गर्नै चाहँदैनन् । वास्तवमा, सबै प्राणी भौतिक रूपले मात्र भिन्न हुन् । उनीहरूको जीवनतत्त्व एउटै छ । त्यसैकारणले त मायाले सबैको मन पगाल्छ, घृणाले सबैलाई दुख्छ । आफूलाई रुवाउने दुःख हामी अरूलाई किन दिन्छौँ ? अरूको खुसी खोसेर हामी आफूलाई सुखी किन सम्झिन्छौँ ?

तिमीलाई रुवाउँछ भने, दुःख अरूलाई किन दिन्छौ ?
अरूको खुसी खोसेर, सुखी आफूलाई किन सम्झिन्छौ ?
अरूलाई नासी आफू हाँस्ने, मानिसको ठूलो भूल
प्रेम गरे प्रेम नै मिल्छ, यही नै सुखको मूल ।

मरेरै गए'नि तिमी तर, तिम्रो माया त मर्दैन मित्र
बाँचिरहनेछौ सधैँभरि, सुकोमल त्यो हृदयभित्र
जति बाँचे पनि आखिर, लाग्छन् जीवन अधुरा
यो जन्ममा केही बाँकी भए, गर्नु अर्को जीवनमा पूरा ।

जिउँदै मरेझैं हुन् ती जो, आफ्नै स्वार्थसिद्धि मात्र गर्दछन्
मरेरै पनि अमर भए ती जो, देशका लागि मर्दछन्
जान आखिर सबलाई पर्छ, कालनागलाई डसाई
धन्य बन्यौ तिमी जो गयौ, मातृभूमि हँसाई ।

वैरी-बान्धव शत्रु-मित्रु, भेद पाउँदैन जसले
सर्वनाशै हुन्छ उसको, सक्छ बचाउन कसले
चित्त दुखाइ जो काम गर्दछ, इष्टमित्र मातापिताको
जान लौ सल्कायौ आफै, आफ्नो चिताको ।

दैव तिम्रो संसार किन, कहीँ वरदान कहीँ श्राप
कसैलाई सधैँ चैन, किन कहीँ घोर सन्ताप
बाँच्ने आधार केही नभए, दिन बिताउने हो के गरी
सकिँदोरै'न्छ विरहमा, बाँचिरहन सधैँभरि ।

सबै ताप्छन् आगो बलेको, निभेको आगो को फुक्दछ
समयलाई चिन समयमै, नत्र त्यो अघि धेरै पुग्दछ
को जान्दछ आज यहाँ, भोलिको बास कहाँ पर्दछ
क्रोध, मोह, अहङ्कार, नाश त्यो आफ्नै गर्दछ ।

●

# हाइकुहरू





● **कृष्ण बजगाईं**
लन्डन, बेलायत


१
चिसो पहाड
स्वर्गमा जाने ढोका
माउन्ट फुजी ।

२
जापानी बाला
आकाशगङ्गा मन
सौन्दर्य पान ।

३
बैगुनी घाम
उष्णताको साम्राज्य
ब्याकुल टोक्यो ।

४.
दुःखको नदी
विकासको सहर
रुग्ण प्रकृति ।

५
मनको वीणा
सम्झनाको बाँसुरी
जीवन गीत ।

●

## गजल



● **मणि पौडेल 'भिखारी'**
द्वितीय उपाध्यक्ष, अनेसास, कतार च्याप्टर

भनी उसलाई सम्झाएर आएँ,
फगत आफ्नै आँखा रसाएर आएँ ।

सबेरै रविले सखीलाई सुनायो,
जाँगरिला सारा बनाएर आएँ ।

झिल्को मात्र थियो कुरा'थ्यो दुईको,
किन मैले घ्यू झन् लगाएर आएँ ।

सापटी मागेर यस्तो लागिरह्यो,
अमृतजस्तै बोली गुमाएर आएँ ।

सम्पत्तिबिनाको ऊ छ सुदामाझैँ,
भनिदिएँ म घरमै खाएर आएँ ।

## गजल



● **यम पौडेल**
अध्यक्ष, अनेसास, बोस्टन च्याप्टर

आशीषै मिल्ला घर, समाज, देशलाई सधैँभर सघाए,
जन्मेको माटो हिँडेको माटो शिरैमा सजाए ।

नेपाली मिली नेपाल आमालाई सकेको हँसाए,
नेपाली जीवन विदेशमा सधैँ फुलाए फलाए ।

पलायन हुन कति बेर फेरि विदेशमा रमाए,
सार्थक सोच ल्याउनुपर्छ दुई पैसा कमाए ।

दूरदर्शी हुँदै दोस्रो पुस्तालाई संस्कृति थमाए,
नेपाली पहिचान नेपाली इज्ज़त विदेशमा बचाए ।

सार्थक होला विदेशमा भाषा साहित्य बचाए,
नेपाली मिली नेपाल आमालाई सधैँभर हँसाए ।

# धुँवाको आडम्बर



कविता

● सन्तोष अधिकारी
सदस्य, अनेसास कतार च्याप्टर

भट्टीका तमाम मज्जा रित्याएपछि
सुरु हुन्छ एउटा नाङ्गो नृत्य
जहाँ लिलाम हुन्छ
एउटा सिङ्गो इतिहास
जो देशले सदियौँसम्म बोकी हिँडेको थियो
ए ! माटोका देवताहरू हो !
भन
तिमीहरूमा घर जलिसकेपछि मिल्ने
खरानी व्यापारको कति घमण्ड छ ?

कहिल्यै नेपाल बोकेर हिँड्न नसकेका
तिम्रा मुटुहरू
कहिल्यै सगरमाथा बोकेर हिँड्न नसकेका
तिम्रा शिरहरू
कहिल्यै बेसीका फाँटहरू बोकेर हिँड्न नसकेका
तिम्रा पैतालाहरू
देशका दलालहरूको विचार बोकेर
कहाँ-कहाँसम्म फैलिएका छन्
ए ! हावाका बोझहरू हो ... !
भन
तिमीहरूमा अरूका खुट्टा लगाएर दौडिनुको
आडम्बर कति दिनसम्म टिकिरहन्छ ?

जसको झोला बोकेर चिच्याइरहेका छौ
कहिल्यै छामेर हेरेका छौ ?
जहाँ विचारको अनिकालले
तिम्रा रोदनहरूमा कुपोषण लागिसकेको छ
जसको आँखाको ज्योतिमा
आफूलाइ नियाल्न खोजेका छौ
त्यो सदियौँ अगाडि निभिसकेको छ
ए ! खुसीका भ्रामक पुजारीहरू हो !
तिमीहरूको खुसीसँग दूर-दूरसम्म
कुनै सम्बन्ध छैन
भन
तिमीहरूको आँखाको पर्दा कति दिन
नच्यातिकन बसिदेला ?

तिम्रा शोषणका कथा
माग्नेका परिवारलाई सोधे छर्लङ्ग
बताइदिनेछन्
तिम्रा प्रभुत्वको कथा
तिम्रा घरका निर्दोष अतिथिका आँखाले

बताइदिनेछन्
तिम्रा आडम्बरका कथा
तिमी आफै बोकेर हिँडिरहेका छौ
जुन मेरो कविता पढेपछाडि चकनाचुर हुनेछ
र कतै थन्किनेछ कुनै कुनातिर कहिल्यै प्रयोगमा
नआउने गरी
मानौँ कुनै खुकुरी थन्किएको छ सङ्ग्रहालयमा

अझै
कथम्कदाचित तिम्रो आँखाको पट्टी
खोलिएन भने
सराप्ने छ इतिहासले
एउटा सिङ्गो इतिहासलाई
जहाँ दोषी/निर्दोषी केही हेरिनेछैन
जहाँ कानुनका तराजुहरू निर्लज्ज रोइरहेका हुनेछन् ।

●

## हुन्न



कविता

● **दुर्गाप्रसाद पोखे्रल**
लन्डन, बेलायत

टाढा छ गन्तव्य भनेर हुन्न
बाटो छ बाङ्गो पनि ठान्नुहुन्न
आँटिसकेको सब पूर्ण पार्नू
प्रयत्नले जीवन उच्च पार्नू ।

थकाइ लागे पनि छोड्नुहुन्न
काँडा बिझे तापनि छोड्नुहुन्न
सङ्कल्पले जे अघि सारिदिन्छ
नपाई त्यो निश्चित छोड्नुहुन्न ।

कोही भनून् 'हुन्न' तथापि हुन्न
कोही भनून् 'छोड' परन्तु हुन्न
जो जे भनून् लक्ष्य नभेटी हुन्न
सङ्घर्षले 'हुन्न' नमेटी हुन्न ।

कोही भनून् 'छ्या' अरू 'वाहवाह'
संसारको कत्ति नलिई पर्वाह
उद्देश्यमा वाणसमान गड्नू
उद्देश्यबाहेक कतै नअड्नू ।

●

# मुक्तकहरू




● सावित्री गिरी
दोहा, कतार

१
एक्कासि मौसममा परिवर्तन आयो
मझधारमा पुगे'सी गन्तव्य धर्मरायो
तुफानसँग अनुरोध हैन सामना गर्दै थिए
धन्न खुट्टाले धर्म छोडेन चप्पल बगायो !

२
मेरो पनि कोही मान्छे खास भैदिए
मुटुभित्र धड्किएको आभास भैदिए
सधैं घाम लाग्थ्यो होला दिलको मझेरीमा
फूलमा काँडा नभै केवल सुवास भैदिए !

३
अवकाश लिने बेलामा प्रेमको प्रस्ताव आयो के गरूँ
ओत लाग्दा-लाग्दै पनि बाछिटाले रुझायो के गरूँ
जिन्दगी चलाउँछु भन्दैमा सधैं एकनास कहाँ हुँदो रै'छ र !
मलाई घमण्डी बनाउने रूपले उसलाई आसिक बनायो के गरूँ !

४
दुनियाँको कुरा काटेर हिँड्नेहरूका लागि
अरूको खुट्टा तानेर आफूले उछिन्नेहरूका लागि
जितौला भनेर नचिताए पनि हुन्छ छलकपटले
कदर-पत्र बेचिँदैन कदापि किन्नेहरूका लागि ।

# गजल



● श्यामराज रानाभाट
पूर्व अध्यक्ष, अनेसास, कतार च्याप्टर

पर-पर सर्दिन्छौ के पुगेन मायामा ?
त्यसै आँखा तर्दिन्छौ के पुगेन मायामा ?

सुनाउँछु म मुनामदन कथा पिरतीको,
नबुझेझैं गर्दिन्छौ के पुगेन मायामा ?

नबिझाओस् भन्छु नदुखोस् भन्छु सधैं,
आँखाहरू भर्दिन्छौ के पुगेन मायामा ?

बनाउनु'थ्यो नाता उँचो सगरमाथाजस्तै,
तिमी बेसी झर्दिन्छौ के पुगेन मायामा ?

## गजल



● **रमेश दाहाल**
काठमाडौँ, नेपाल

धेरै मीठो हुने रैछ, लुकेर ला'को माया,
संसार नै छुट्टै हुन्छ, चोरेर ला'को माया ।

जसले गर्छ चोखो माया, जीवनभरका लागि,
उसकै यादमा घरिघरि, तड्पेर ला'को माया ।

महत्त्व नि धेरै हुने, यस्तो माया लाएपछि,
प्यारो लाग्छ दुनियाँले, खेदेर ला'को माया ।

लुकिछिपी प्यार बस्छ, अनि छोड्न गाह्रो हुने,
डरै-डरमा जीवन हुन्छ, काँपेर ला'को माया ।

उनको साथबिना पक्कै दिन पनि कालो हुन्छ,
कैले होला भेट्ने दिन गनेर ला'को माया ।

## गजल



● **हरिप्रसाद अधिकारी**
उपाध्यक्ष, अनेसास पर्थ च्याप्टर

आफैलाई नचिन्ने, सहरका मान्छे
बाघझैँ एक झिनो, रहरका मान्छे ।

उर्लिंदो, छचल्किँदो सपनाको हाँक कसो,
झस्किँदै रुने एक, प्रहरका मान्छे ।

आकाश छुने सुनका गगनमुनि,
बिचरा टुहुरोझैँ, डहरका मान्छे ।

न देख्नु हिमाल, न आभाष पारिलो,
भत्किएको बाघझैँ, नहरका मान्छे ।

न जन्ती न मलामी, न देख्नु चौतारी,
लौ मरेर बाघझैँ, ठहरका मान्छे ।

# कम्पना



कथा

● डा. लेखनाथ काफ्ले
पिङडोङ, ताइवान

केही क्षणअगाडि मात्रै उसकै अगाडि नतमस्तक भई 'हजुरलाई के टक्र्याऊँ साब ?' भन्ने सेतो लुगा लगाएको अधबैंसे उसैलाई धक्का दिँदै ढोकारूपी निकासबाट बाहिर हुत्तियो । ऊ पनि अरूहरूजस्तै हतार-हतार त्यो सानो कटेज रेस्टुरेन्टबाट बाहिर निस्केर ठिङ्ग उभियो र हेर्न थाल्यो वरपर ।

अघि भर्खरै आफूभन्दा अगाडिको टेबुलमा हात समातेर जुगजुग सँगै बाँच्छु र मर्छु भनेर जिउज्यान जोडेर बसेको जोडी एउटा प्राणी पूर्व र पश्चिम कुदिरहेकी छन्, फर्केर अर्को कता जाँदै छ भन्ने हेक्का नभएजस्तो गरी ।

केही निमेष अगाडि मात्रै उसकै छेउमा बियरको गिलासको पछाडि गजधम्म बसी 'मेरो सामान एक घण्टाभित्र ठाउँमा नपुगे भनिदिनू, उसलाई पुऱ्याइदिन्छु' भनेर मोबाइलमार्फत् अर्कोतिर चर्को आवाज फालिरहेको रिसाएको राँगोभावको मानुष हडबडीमा त्यही मोबाइल एकातिर फालेर आफ्नो ज्यानलाई अर्को दिशा पातालतिर कुदाइरहेको छ। एउटी महिला भुइँमा थचक्क बसेर 'राम नाम' जपिरहेकी छ । उसको गलाबाट धातुले बनेको क्रस सिक्रीमा तुर्लुङ्ग झुण्डिएर उसको नाकैमा टाँसिएलाजस्तो गरी भित्तेघडीको पेन्डुलमजस्तै तर बेसुरमा यताउता हल्लिरहेको छ।

यसो पछाडि फर्केर कटेजलाई हेर्दा साहू भित्रै नगद सोहर्दै छ, त्यहाँ ऊबाहेक अरू कोही छैनन्। एकछिन अगाडि तीनजना कामदार केटाहरूले तलब माग्दा 'पैसा माग्ने खचडाहरूलाई जागिर खोसेर कटेजबाट सडकमा पुऱ्याइदिन्छु' भन्दै थियो। अहिले साँच्ची नै ती केटाहरू कटेजबाहिर सडकमै र साहू भित्रै छ।

अगाडिपट्टि चैं सामुन्नेका मच्चिन सक्ने घरहरू हल्लेर पिङ खेलिरहेका छन् । मच्चिन नसक्नेहरू थचारिदिइसकेका छन् । घरहरूका छाना एकातिर,

अर्कोतिर गारोका माटो, ढुङ्गा र ईंट्टाको थुप्रोले धुलो उडाइरहेका छन् । मान्छेहरू कोलाहल र भागदौड बीचमा अतास्सिएर बिना सोचविचार कुदिरहेका छन् । कोही पूर्वबाट पश्चिम, कोही पश्चिमबाट पूर्व । उनीहरू अन्धाधावन मुद्रामा हातखुट्टा धुलाम्मे हावामा बत्ताइरहेका छन् । को कता पुगेर रोकिने हुन्, कता पुगेर ठोक्किने हुन्, उनैलाई पनि होस छैन ।

त्यो कटेज उसको नयाँ मान्छे भेट्ने, नयाँ कथा, पात्र र परिस्थिति भेटाउने सूत्रधार थलो हो । त्यहीँ बसेर उसले दर्जनौँ कविता, केही थान कथा, केही थान लेख, रोमान्टिक, वियोगान्त उपन्यास र हास्यव्यङ्ग्य सङ्ग्रहहरूको सूत्र अभ्यारम्भ गरेको थियो ।

बाटो नजिकैको कटेज, सहरको हल्लाभन्दा अलि बाहिर तर सहरकै छेउमा थियो । मन बहलाउने कर्मचारी, व्यापारी, उद्यमी, राजनीतिकर्मी, मायाजालमा मखलेल जोडी, सधैँ एकै बान्कीका खाद्यले वाक्क भएर नयाँ स्वादका आमिष भोजन खोज्दै हिँड्ने तीखो जिब्रो भएका परिकारपारखी, एकछिनको रमाइलो चाख्ने पटके र ऊजस्तै सदाबहार ग्राहकहरू नै त्यो कटेजको छानोमुनि आ-आफ्नो रङ्गढङ्गसाथ व्यस्त हुने ठेगान हो । उसका लागि त्यो थात विचार र कथावस्तुको महाविक्रयकारी होलेसेल भण्डार हो, जहाँ थरिथरिका मूल्य, गुणस्तर र आकारप्रकारमा मोलमोलाइ र छुटका साथ मालताल छानी-छानी पाइन्छन् ।

एकैछिन अगाडि ऊ केही नयाँ खोज्दै आफ्ना पाँचै इन्द्रियहरूलाई सक्रिय बनाएको थियो किनकि कथा र विषयवस्तु, दृश्य, आवाज, गन्ध, स्वाद वा स्पर्श जसैबाट पनि आउने सम्भावना त्यहाँ सधैँ रहन्छ ।

अचानक फेरि कुकुरहरू कुदे । चराहरू उडे । रूखहरू थरर कामे । अघि मच्चिएका घर अहिले गर्ल्याम्म गुर्लुम्म भई भुइँतलामा विश्राम गर्न पुगे । छिमेकी पाँचतले महलले कटेजको मुख्य गुँडलाई धक्का दियो । साहूको आवाज अचानक डरलाग्दो किसिमले आयो र धुलाम्मे वातावरणमा हरायो ।

कटेज बाहिर किंकर्तव्यविमुढ भावमा क्षितिजको पर्दामा प्रकृतिको नाटक हेरिरहेका तीनजना युवाहरूले ज्यानको पर्वाह नगरी साहूलाई पनि आँगनमै ल्याए । अहिले साहू पनि तिनै केटाहरूकै भाँती कटेजको बाहिर हरितन्नम भएर लडेको छ । केटाहरूको अनुहार भने सन्तोषभावले भरिपूर छ । कस्तो सन्जोग, अहिले मालिक र कामदार दुवै सडकमै आइपुगेका छन् ।

कटेजको छिमेकी महल अझै बेसरी तर बेतालमा नाच्न लाग्यो र अन्तिम तालका साथ कटेजको काखका ढुन्मुनियो । त्यसो हुँदा महलको झ्यालको एउटा फल्याक उछिट्टिएर उसको टाकै बजारियो । त्यसपछि उसलाई के भयो, कसैलाई थाहा भएन । एकछिनपछि होस आउँदा वरिपरि केही बाँकी थिएन, न कटेज, न घरहरू, न त सिङ्गो बाटो तर उसको पकेटको पर्स जहाँको त्यहीँ थियो । उसको मोबाइल उसकै झोलामा थियो । हिजोसम्म मिलिक्कै गर्दा हराउने वस्तु, आज जस्ताको त्यस्तै स्थितिमा थिए ।

उसले झल्यास्स उसकै घर, बूढी र बुहारीलाई सम्झ्यो र फटाफट त्यहाँबाट हिँड्यो । बाटोमा जे देख्यो, जे सुन्यो, जे सुँघ्यो, जे स्पर्श गऱ्यो, त्यसले उसैले आफ्नै एक उपन्यासमा गरेको देव-दैत्य सङ्ग्रामको बयानभन्दा ज्यादा विनाश, चित्कार र अत्यासको अन्तरात्मन गऱ्यो ।

बल्लतल्ल घर आयो । घर त धुलिसात भैसकिएछ । घरसँगै बूढी र बुहारीको ज्यानको सास पनि त्यही धुले हावामा उडेछ । छोरो अरबमा गएको थियो, बँच्यो । छिमेकीहरूको गति पनि आफ्नो जस्तै भएछ । कसले कसलाई ढाडस दिने, कसले कसलाई मनोबल दिने, सबै हारेका सिपाहीजस्ता गलेका, थाकेका र आत्तिएका थिए । सबैलाई आफ्नाबाहेक अर्काको बारेमा सोचना गर्न सकेका थिएनन् । उसले आज थाहा पायो, जिन्दगीको सबैभन्दा सत्य कथा त प्रकृतिले उसका लागि लेखिदिएको रहेछ । उसले लेखेका कथा त के कथा ? उसका उपन्यास त के उपन्यास ? सबै फिका रहेछन् । उसकै बूढी र बुहारीको प्राणविहीन देह आफ्नै घरले थिचिएका छन् । आफ्नै अगाडि तर आफू अगाडिको भग्नावशेषको थुप्रो पार गरेर उनीहरू पुरिएको ठाउँमा समेत पुग्न सक्दैन । एउटा भयङ्कर कृति लेखेर ठूलो पुरस्कार हात पारौँला भनेको ऊ त प्रकृतिले कथेको पटककथाको फगत एउटा सानो भूमिकाको भुसुने पात्र पो रहेछ । आज जीवनको भयङ्कर सत्य उद्घाटन भयो, जीवनभरको भ्रम भङ्ग भयो ।

तैपनि केही अगाडि जान खोज्यो । भग्नावशेषको थुप्रोमा अलिकति माथि के पुगेको थियो, उसले टेकोको सतहको सन्तुलन बिग्रियो र बजारियो । उसलाई भाउन्न भएर आयो । त्यहीँ लडेको ऊ उठ्न सकेन । त्यसपछि के भयो थाहा भएन ।

उसलाई अस्पतालको एउटा सुताइएको छ, टाउकामा चोट लागेछ, देब्रे हात भाँच्चिएछ, खुट्टा, ज्यान सग्लो नै छैन ।

केही दिनपछि ऊ तङ्ग्रियो । अनि फेरि उसको प्रिय उही ठेगानामा पुग्यो । यसपटक ऊ त्यहाँ कुनै चरित्र, कथा वा सूत्र खोज्न होइन, धरतीको कम्पनले मच्चाएको विध्वंशले विरक्तिएको मन बुझाउने ठाउँ चाहर्दा-चाहर्दै उसका खुट्टा आफै त्यतै तानिएर त्यता पुगेको हो ।

त्यहाँ महाविनाशको अवशेषका डङ्गुरबाहेक अरू केही बाँकी थिएनन् । तत्क्षण नै उसका अगाडि अतीत आयो । त्यो अतीतमा कटेजका वर्षहरू आए । घर आयो । परिवार आयो । छिमेकी, नाताकुटुम्ब आए । मन परेका आए । मन नपरेका आए । राम्रा दिन आए । नराम्रा दिन पनि आए । उसका विगतका सबै कुराहरू एक-एक गर्दै आए । पछि गर्छु भनेका काम आए । गर्छु भनेर कहिल्यै नगरेका काम पनि आए । कहिल्यै गर्दिन भनेर गरेका काम पनि आए । एउटा पूर्ण जीवन बाँच्न गरेको सङ्घर्ष र असफलताका क्रमबद्ध शृङ्खला आए ।

उसलाई चिटचिट पसिना आयो । सरल र सजिलो जीवन नबाँचेकोमा पछुतो लाग्यो । त्यही अवशेषको थुप्रोको एउटा कुनामा थचक्क भुइँमा भेटिएको एउटा कागजको टुक्रामा उसले आफ्नै जीवनकथाको नाउँ लेख्यो 'कम्पना' ।

# खन्छु खोरिया



कविता

● **व्याकुल पाठक**
न्युयोर्क, अमेरिका

लाइन बस्दै थाकेँ म त जान्न कोरिया,
घर फर्की जान्छु अब खन्न खोरिया ।

जागिर खोज्दाखोज्दै मेरा खुट्टा खिइसके,
अन्तर्वार्ता दिँदादिँदै शब्द रित्तिसके ।

साथीहरू लाइनमै छन् जान कोरिया,
घर फर्की जान्छु म त खन्न खोरिया ।

कोही युवा जङ्गल पसे कोही खाडीतिर,
माया गाँस्ने कोही भएन आफ्नो पाखोसित ।

कौडी दाममा बेचिँदै छन् हाम्रा खोरिया,
लाइन बस्दै थाकेँ म त जान्न कोरिया ।

# बा र ढुङ्गा



कविता

● **मीनराज बास्तोला**
सदस्य, अनेसास, जापान च्याप्टर

मेरा बा ढुङ्गा हुन्
उनलाई ढुङ्गा हुन खुब मनपर्छ
र कहिलेकाहीँ
मलाई सम्झाउँदै भन्छन्
ढुङ्गा बन छोरा ढुङ्गा
न कहिल्यै दुख्नुपर्छ
न कहिल्यै रुनुपर्छ
न कहिल्यै भत्किनुपर्छ
फूलजस्तो देखिने यो दुनियाँमा
म पनि
ढुङ्गाको मन लिएर उभिएको छु ...
सायद,
बाहरूलाई कठोर हुन खुब मनपर्छ क्यारे !
कहिले काँडा बन्छन्
फूलहरूकै वरिपरि बस्छन्
र फूलहरूलाई नै सुन्दरता र सुरक्षा दिन्छन्
हेर त,
कसैको जिन्दगी सुन्दर देखिन पनि
कोही-कोही त
ढुङ्गा बन्दा रहेछन्
तिखा काँडा बन्दा रहेछन्
सबै तिखा काँडाहरूले
मुटु नघोच्दो रहेछ
सबै पत्थरहरूले
मन नदुखाउँदो रहेछ ...
प्रायः संसारमा नरम चिजहरू
बार-बार टुक्रिन्छन्
चाँडै सकिन्छन्
भन्ने लागेर नै
मान्छेहरू ढुङ्गा बन्छन् होला
यहाँ
केही-केही कुराहरू त
आफ्नो अस्तित्व जोगाउन पनि
कठोर बन्दारहेछन्
संसारको
सबैभन्दा महङ्गो तरल पदार्थ 'आँसु'
जसमा,
पन्ध्र पानी र
नौसय पञ्चानब्बे फिलिङ हुन्छ
हो, यही अमूल्य आँसु
खेर जान्छ भन्ने डरले नै
म रहरले ढुङ्गा बनेको हुँ

र यो दुनियाँ हेर्दा पनि यस्तो देखिन्छ
जिन्दगी बुझेका मान्छेहरू
कहिल्यै दु:ख-पीडामा रुँदैनन्
बरु, मुस्कुराइरहन्छन्
यस्तै,
अथाह कुरा मनमा आएर

एकदिन बा'लाई सोधेको थिएँ
बा तपाईं किन कहिल्यै रुनुहुन्न ?
त्यो दिन पनि
बाले मुस्कुराउँदै भने
छोरा ! आँसुको मूल्य बुझेकाहरू कहिलै रुँदैनन् ।

●

# नजरहरू



कविता

● **पुष्करजङ्ग थापा**
टोक्यो, जापान

नजरहरू गढ्दै थिए
तिम्रो नजर पाएपछि
बाडुल्की नि लाग्दै थिए
तिम्ले सम्झिदिएपछि
यादहरू
यादहरू त्यसै आउने
हैन रै'छन्
निम्तो तिम्ले दिएपछि
बिर्सी जान नसक्ने रै'छन्
कोसेली आफूसँग भएपछि

तिमीले दिए माया मलाई
पैंचो तिरिदिन्थेँ
इसारा मात्र काफी थियो
बाटो धाइदिन्थेँ
तर खै
नबुझेकी भाका हौ भने
मैले बुझाइदिन्थेँ
साँवा-ब्याज सबै मिलाई
चाँडै फर्काइदिन्थेँ ।

●

# श्रीमान् म नेपाली हो




● **मुक्ति गौतम**
टिमिन्स, क्यानडा

श्रीमान्
म वंशजको नाताले नेपाली नागरिक
पहिले बाईसे/चौबीसे राज्यमध्ये
जाजरकोट राज्य
थात थलो 'पाउट'
अहिलेको चौरजहारी
त्यही गाउँमा
नेपाल भनेको 'काठमाडौँ खाल्डो' भन्ने बुझ्ेकी
मेरी आमाले
ढिकी कुट्दा कुट्दै व्यथाले च्यापेर
घिस्रिँदै कुना पसेर
मलाई जन्माएकी हुन् रे
श्रीमान् म नेपाली हुँ ।

मैले सानो हुँदा
आमाको निधारभरि पसिनाबाहेक केही देखिनँ
जिउभरि थकान
ओठबाट सुस्केराबाहेक केही सुनिनँ
रोगले लड्दा उनको पीडा
उठ्दा उनको कुप्रिएको ढाडबाहेक केही देखिनँ
हो, दुःखले उमेर नपुग्दै उनको अनुहारमा
देशको नक्साजस्तै बनेका रेखाहरू देखेको हो
तर
उनको आँखामा मैले कहिल्यै देश देखिनँ
उनले देश हुनु र नहुनुको अर्थ नै नबुझ्ेर होला
अथवा देशले आफ्नो अर्थ बुझाउन नसकेर
उनले देशको कहिल्यै कुरा गरिनन्
पछि पढ्न जान्ने भएपछि पुस्तकले सिकायो
'मेरो देश नेपाल'
श्रीमान् म नेपाली हो ।

गाउँ छोडेँ
टिप्न रहरहरू
थाहा पाएँ - मन छुटेको
उतै रूखका हाँगाहरूमा
धुलाम्य बाटाहरूमा
बदाम खनेका बारीहरूमा
चिप्ले ढुङ्गाको फेदमा
छोट्टीहरूका सुल्पाहरूमा
र
दलिनमा झुण्डिएको पिङको चकटीमा ।

परदेशी भए
उन्न सपनाहरू
आफू उतै छुटेछु
घरको भित्तामा टाँगिएको घडीको सुइको टुप्पामा

चिसो कोठाको गोरखापत्रले ढाकेको टेबलमा
साथीहरूका मनहरूमा
आफन्तहरूका कोसेलीहरूमा
आमाको धोतीको सप्कोको टुप्पामा
र बाको पुरानो मैलो इस्टकोटको खल्तीमा ।

श्रीमान्
नेपालको भूकम्पमा
मेरो यताको घर पनि हल्लिएको हो
कयौँपटक
त्यता पहिरो जाँदा
म यता पुरिएको पनि हो
त्यता आगो लाग्दा
म यता जल्छु श्रीमान्
त्यता पीडा हुँदा
म यता गल्छु श्रीमान्

मसँग माटो छैन भनेर
कसरी मबाट नेपाली हुनुको हक खोस्न मिल्छ र ?
परदेशी भएको साँचो हो
मैले देश छोडेको छैन
श्रीमान् म नेपाली हो ।

श्रीमान्
मीठो खाँदा मैले देश सम्झिन्छु
राम्रो लाउँदा मैले देश सम्झिन्छु
चिल्ला सडकमा हिँड्दा
गगनचुम्बी महल चुम्दा मैले देश सम्झिन्छु
र
अहिले यतै जन्मिएकी मेरी छोरीले गर्वसाथ भन्छे -
'आइ एम नेपाली'
मेरी नेपाली छोरीको बाबा म
श्रीमान् म नेपाली हो ।

●


**शुभकामना**

**अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास), बेलायत च्याप्टर**
को आयोजनामा हुने
**छैटौं अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन २०१९**
को भव्य सफलताको कामना गर्दै
**अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)** को मुखपत्र
**अन्तर्दृष्टि**को **४४ औं अङ्क** प्रकाशन भएकोमा
खुसी प्रकट गर्दछु ।

**गिरिजा गैरे**
उपाध्यक्ष

**अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)**
**जापान च्याप्टर**

# फेसबुक लभ



कथा

● **बाबा बस्नेत**
काठमाडौँ, नेपाल

'हेलो !'

मैलाई सङ्केत गरेर कसैले मेरो कुममा कोट्याउँछ। फर्केर हेर्छु, आश्चर्य ! एउटी अपरिचित युवती - आकर्षक, चिटिक्क परेकी। निर्धक्कले मुस्कुराउँछे मनै खोलेर । के गरौँ, कसो गरौँ दुविधामा पर्छु म । हतार-हतार भन्छे ऊ आफ्नो मोबाइल मलाई थमाउँदै -

'प्लिज ! मेरो दुई/चार पोज फोटो खिचिदिनोस् न ... ! त्यता होइन, ... यी ...यी ... यता...यता ।'

आफ्नै सुरमा बोल्दै मलाई अलिपर खेतको आलीतिर पुऱ्याई उसले । राम्री केटी, भलाद्मी स्वभावकी, मुस्कानमै जादु छरेर मलाई फोटो खिच्न आग्रह गर्दै छे निर्धक्कले । त म कसरी अस्वीकार गर्न सक्छु ! चुपचाप उसको पछि लाग्छु र उसले जसो अह्राए, त्यसै गर्छु । कहिले टुसुक्क बस्छे आलीमाथि । कहिले च्यापुमा हात राख्दै घुँडामा कुइना टेक्छे। कहिले एउटा आँखा चिम्लेर गाला खुम्च्याउँछे .... के-के गर्छे-गर्छे। म थाक्छु यता र उता हिँड्दा, उसको एक्सनलाई मोबाइल क्यामेरामा कैद गर्दा तर ऊ पटक्कै थाक्दिन । अब यसो र अब उसो भनिरहन्छे । अति भएपछि केही नलागेर आलीमा थ्याच्च बस्दै उसको हातमा मोबाइल थमाउँदै मैले भनेँ -

'ओ म्याडम् ! अब भयो । लिनोस् तपाईंको मोबाइल । अरू कसैलाई बोलाएर खिच्न लगाउनोस् बाँकी पोजहरू ।'

ऊ अलमल्ल परी मेरो अपर्झटको परिवर्तित व्यवहारले । चुप लागेर मलाई हेरिरही केहीबेर र शान्त भएर भनी -

'किन झर्को मान्नुभएको ? मान्छेले कति-कति सहयोग गर्छन् एकअर्कालाई । एकछिन तपाईंले मलाई साथ दिँदा के बिग्रियो र तपाईंको ?'

बिग्रन त केही बिग्रिएको छैन तर बढी हिमचिम हुँदै गयो भने के-के बिग्रेला-बिग्रेला भन्ने ठान्छु मन-मनले तर सभ्यता प्रकट हुन्छ ओठबाट -

'केही बिग्रियो भनेको होइन, यत्रो विधि पोज कसका निम्ति होला नि ! थाहा पाउन सक्छु ?' प्रस्ट मान्छे आफू प्रस्ट वाक्य फोड्छु ।

जवाफमा ऊ मुसुक्क हाँस्छे र मेरो छेउमै बसेर मोबाइलमा अघि खिचेका फोटोहरू क्लिक-क्लिक गर्दै भन्छे -

'मेरो ब्वायफ्रेन्डका निम्ति ।'

ओ ! म झस्किन्छु उसको यो वाक्यले । कति निर्धक्कसित भन्न सकेकी नि ब्वायफ्रेन्डको निम्ति भनेर । काठमाडौँ, साँखुको मेलाको भीडबाट अलि वरको खेतको आलीमा छौँ हामी यतिखेर । ऊ पनि एक्लै आएकी रहिछे माघे स्वस्थानीका अवसरमा स्वस्थानी देवीको पूजाआजा गर्न । त्यस्तै के सुर चढ्यो एक्लै भौँतारिँदै आइपुगेको म पनि यहाँ । यस्तै सामान्य कुराकानी हुन्छ हामीबीच । सोचेर बोल्ने, भलाद्मी पाराकी, राम्रै परिवारकी सदस्य रहिछे ऊ - नाम रहेछ मेवी । उसको नाम सुनेर एकछिन हेरिरहेँ उसलाई । मेरो हेराइको कुनै प्रतिक्रिया नजनाई भनी उसले -

'किन हेर्नुभएको मलाई ?'

'तपाईंको नाम....यानि, शब्द अचम्मको लागेर ।'

'बाबाको नाम विष्णु र आमाको मेनका । आमा-बाबाको नामको पहिलो एक-एक अक्षरबाट बनेछ मेरो नाम मेवी ।'

अब अलिकति मुस्कान कोरिन्छ उसको गालामा र वाक्य पूरा गर्दा ऊ पूरै मुस्कुराउँछे -

'जो पनि अल्मलिन्छ एकछिन मेरो नाम सुनेर ....तर ....मलाई मन पर्छ मेरो नाम । कमसेकम आमा-बाबा दुवैको अक्षर गाँसिएको छ मेरो चिनारीमा ।'

मजा लाग्छ मलाई ऊसित गफ गर्दा । उसको मोबाइल त थमाएँ मैले तर अझै केहीबेर ऊसित छुटिन मन लाग्दैन । एकअर्कामा बिस्तारै खुल्दै जान्छौँ हामी ।

'एउटा कुरा सोध्न सक्छु ?' आफूमा ध्यानाकर्षण गराउन खोज्छु उसलाई ।

'अँ, भन्नुस् न प्लिज !'

मोबाइलकै फोटोहरूमै एकत्रित भएर बोल्छे ऊ । अलिकति रीस उठ्छ मलाई तर रीस पोख्नु पनि उचित थिएन ।

'ब्वायफ्रेन्डसित किन नआउनुभएको नि ?'

'ऊ यहाँ छैन । विदेशमा छ । फ्रान्समा । विभिन्न पोजका फोटोहरू राख्नु फेसबुकमा भनिरहन्छ । अनि अचेल मेरो मुख्य काम त्यही भएको छ । फेसबुकमा राखिदिन्छु अनेक फोटोहरू अनि ऊ मक्ख ।'

'तपाईं नि ?' बेमतलबको प्रश्न उभ्याउँछु । ऊ पुलुक्क हेर्छे मलाई ।

'तपाईं कत्तिको मक्ख पर्नुहुन्छ नि ?'

'ऊ मक्ख परेपछि त ....।'

वाक्य अपूरो हुँदै ऊ चुप लाग्छे । तर त्यो मौनता उत्तेजनात्मक थिएन ।

'कहाँ भेट भएको नि तपाईंहरूको ? मेरो मतलव तपाईंको ब्वायफ्रेन्डसित कहाँ भेट भएको भनेको ?'

'फेसबुकमा !'

यति भनी उसले आफ्नो मोबाइल ज्याकेटको खल्तीमा राख्छे र दुई हात बाँधेर तटस्थसित उल्टा मलाई सोध्छे -

'किन ? किन सोध्नु भएको ? लभ जुन माध्यमबाट पनि हुनसक्छ, होइन र ?'

'मैले त्यसो भनेको कहाँ छु र ? तपाईंको कुरा ठीक हो, लभ इज ब्लाइन्ड अर्थात् प्रेम अन्धो हुन्छ । होइन ?'

'त्यसो पनि होइन । अन्धो हुँदैन यो ।'

ऊ हतारिँदै तर्क दिन्छे ।

'कतिपल्ट भेट्नुभएको छ तपाईंले आफ्नो ब्वायफ्रेन्डलाई ?'

फेरि कुरो उप्काउँछु म । मेरो यो प्रश्नमा एकछिन अल्झिन्छे ऊ । म फेरि प्रश्न दोहोऱ्याउँछु ।

'स्काइपमा मात्र भेटेको छु । ६ महिनापछि ऊ नेपाल आउँदै छ । अनि हाम्रो बिहे हुन्छ ।'

'यो कुरा उसले भनेको होला होइन ? ऊ त आफ्नो छुट्टीमा आउने होला

त्यतिखेर ..... सधैँझैं । बिहे गर्नै आउँछ भनेर कसरी विश्वास गर्नुभो ? तपाईंलाई झुक्याएर फेरि फर्किन पनि सक्छ ऊ होइन र ?'

मैले यतिभन्दा उसका आँखा रसाइसकेका रहेछन् । थर्थर काँपेको देखेँ उसलाई । नमज्जा लाग्यो । उसले मन पराएको, माया गरेको मान्छेका बारेमा उल्टा-सिधा भनिदिँदा नराम्रो लाग्यो होला नै । तर एकछिन नराम्रो लागेर जीवन पूरै राम्रो हुन्छ कसैको भने त्यो नराम्रोपनासित सम्झौता गर्नुपर्छ मान्छेले भन्छु म ।

फेसबुक लभले धेरैको जीवन बर्बाद भएको मैले देखेको छु । सुनेको छु । भिन्ना-भिन्नै नाम राखेर फेसबुक खोली असल चरित्रका व्यक्तिहरूको चरित्रसितै खेलवाड गर्ने दुष्चरित्र मान्छेका बारेमा पनि सुनेको छु । अनि डर लाग्छ मलाई फेसबुक लभ गर्नेहरूसित, आँखा चिम्लेर नदेखेको मान्छेप्रति हुरुक्क भई एकोहोरिनेसित । विदेशी प्रलोभनमा पारी ती निरीह नेपाली युवतीहरूलाई बिहेको सपना देखाउँदै उनीहरूबाट पैसा ठग्ने धन्दा गर्ने दुष्चरित्रहरूका बारेमा पनि मैले सुनेको छु । त्यसैले ....त्यसैले यो निरीह मेवीलाई भन्नै मन लाग्छ यी सब कुरा राम्ररी तर .....।

'विश्वास भन्ने कुरा देखिन्छ र ? तैपनि हामी यसकै आधारमा बाँच्छौँ, होइन ? पृथ्वी सुन्तलाकार छ भनेर कसैले भनेकै कुरालाई त हामीले मानिरहेका छौँ । त्यसो त वर्सौं साथै रहेर, रात-बिहान सँगसँगै उठ-बस गर्नेहरूले पनि त एकअर्कालाई धोका दिइरहेका हुन्छन् नि ?'

ऊ त निकै गम्भीर हुन पुगी । एकछिन रमाइलै भएको थियो गफगाफ-कुराकानी । मलाई पनि किन व्यर्थै यथार्थको धरातलमा पुग्नु परेको होला कुन्नि ! अब मेवीको विश्वासको परिभाषालाई 'मेवी ! मेवी !' नै भनेर बिट मार्नु उचित लाग्छ । दुवैको सहमतिमा खाजा खान पस्छौँ भीडभाडे होटलतिर ।

अघि जत्तिको प्रफुल्ल छैन अहिले मेवी । एउटा बोर्डिङ स्कुलमा पढाउँदी पनि रहिछे ऊ । आफू सरकारी कर्मचारी भएको कुरा पनि मैले उसलाई भनेँ । सङ्खुवासभा घर भएकी ऊ, दिदी-भिनाजुसित डेरामा बस्दिरहिछे कपनमा । आखिर मेवी कसरी फेसबुक लभमा परी ? ऊ निकै माया गर्छे उसको ब्वायफ्रेन्डलाई, जसलाई उसले देखेकी छैन । भेटेकै छैन, कस्तो एकोहोरो हुँदोरहेछ यो लभ ? आमनेसामने मुखामुख गरेर बसेका छौँ हामी । बीचमा टेबुल छ । घरि-घरि के

ल्याऊँ हजुर ? भन्दै सोध्न आइरहन्छ होटेलको फुच्चे केटो । उसले चिया मात्र पिई । मैले सेल, पुरी, दही, तरकारी, अचार टन्नै खाएँ । ऊ गम्भीर नै भइरही । मोबाइल पनि चलाइन निकै बेरसम्म ।

'यो घडी त निकै राम्रो छ नि ! ब्वायफ्रेन्डकै गिफ्ट होला फ्रान्सको ?' मौनता भत्काएँ मैले घडीलाई विषयवस्तु बनाएर ।

'होइन-होइन, यहीँ किनिदिनुभएको दिदीले ।'

ऊ बोल्छे ।

'अनि, ब्याग त पक्कै फ्रान्सकै हुनुपर्छ ।' फेरि म ब्यागतिर ध्यानाकर्षण गराउँछु उसलाई ।

'होइन नि ! यो पनि यहीँ किनेको न्युरोडमा ।'

'अनि त्यसो भए मेवी मात्र फ्रान्सको ?' म जिस्काउन खोज्छु, ऊ निधार खुम्च्याएर मलाई हेर्छे ।

वास्तवमा केही पनि रहेनछ मेवीसित फ्रान्सको, ताकि उसले मलाई यतिखेर गर्वसाथ देखाउन सकोस् ।

'यहाँ आउने मान्छेले सामान ल्याउनै मान्दैनन् रे !'

'यो पनि उसले भनेको होला, होइन ?' चियाको कप घुमाउँदै भन्छु म । ऊ अलमल्ल पर्छे ।

'घडी त सानो हुन्छ नि ! ल्याउनेले पक्कै झर्को मान्दैनन् ... विश्वासको कुरा न हो !' म जिस्काइरहन्छु उसलाई तर मेरो व्यङ्ग्याभिव्यक्तिले उसको अनुहारको भाव परिवर्तन गराउँदै लैजान्छ ।

'कति भयो लभ परेको ?' लाज पचाएर सोध्छु म ।

'छ महिना ।'

छोटो हुन्छ जवाफ । अब ऊ चियाको रित्तो गिलास घुमाउन थाल्छे र बिस्तारै भन्छे -

'कतिपल्ट मलाई उसले सामानहरू पठाएको थियो । ल्यापटप, ब्याग इत्यादि । ल्याउने मान्छेले यहाँको एयरपोर्टमै छुटाएछ । पछि भेटिएन ।'

सुनिरहन्छु म उसको कुरो । जवाफ दिन मन लागिहाल्छ ।

'त्यो कुरा पनि उसैले भनेको होला होइन ? कि सामान ल्याउने मान्छेले

भन्यो ?' मेरो यो प्रश्नको जवाफमा अब रिसाई । ऊ झर्को मानेझैँ गरी । यसपछि मैले केही भनिनँ । शान्त तर आक्रोशित भाव व्यक्त गरी उसले -

'तपाईंले के-के गिफ्ट दिनुभएको छ आफ्नी गर्लफ्रेन्डलाई ?

'गिफ्ट दिएर मात्र प्रेम दिगो हुने हो र ?' म मुसुक्क हाँस्छु, उसको यो कुरा पनि बेठीक होइन । अब म अरूथोक भनेर उसलाई तनाव दिन चाहन्नँ । यो केटीको भविष्यको भने चिन्ता लाग्छ मलाई । त्यसपछि हामी आ-आफ्नै गन्तव्यमा लाग्यौँ ।

मैले सजिलैसँग उसलाई दिमागबाट हुत्याउन सकिनँ । फेसबुकमा खर्च हुने उसको समय अरू कुनै उपलब्धिपूर्ण कार्यमा सदुपयोग होस् भन्ने मलाई लाग्छ तर उसको व्यक्तिगत मामलालाई लिएर मैले कुरो उठाइरहने पनि कसरी ? त्यसपछि हाम्रो आक्कलझुक्कल फोनमा कुराकानी हुन थाल्यो । छ महिनापछिको कुरो हो । उसले मलाई फोन गरी, प्रसन्न थियो आवाज । खुसी हुँदै भनी -

'मेरो ब्वायफ्रेन्ड आएको छ नि तर मैले भेटेको छैन । अब हाम्रो बिहे हुँदै छ । लामो सास फेरेँ मैले उसको कुरो सुनेर । मेवीलाई एयरपोर्टमा भेट्न नबोलाउनु, मेवीको दाइभाउजूसित भेट्न उसले अस्वीकार गर्नु र आफ्नै घरमा पनि उसले मेवीलाई नलैजानु आदि-इत्यादि रहस्यमय कुराप्रति पनि कुनै शङ्का उब्जाउन नसक्नु कति कमजोर हो मेवी ! तर मैले केही भनिनँ फोनमा । मलाई एकपल्ट भेट्न आग्रह गरेँ उसलाई । ऊ आई मैले भनेको ठाउँमा । हात बाँधेर एकछिन हेरिरहेँ उसलाई - कति निरीह केटी ! आफूलाई शिक्षित र बाठी ठान्दा-ठान्दै पनि कहाँ-कहाँ फस्न पुग्छन् यी केटीहरू ! हो, मेवी राम्ररी फँसी तर ऊ उत्रनैपर्छ । उसका अगाडि सुनौलो भविष्य छ । उमेर छ, सबथोक छ ।

अब एकछिन उसलाई नराम्रो नै हुन्छ तर मेरो सिद्धान्तमा एकछिन नराम्रो हुँदा सिङ्गो भविष्य राम्रो हुन्छ भने हामीले त्यो क्षणिक 'नराम्रोसित' सम्झौता गर्नैपर्छ ।

उसलाई मैले आफूसितै लिएर गएँ ललितपुरको एउटा भव्य बिल्डिङमा । अलमल्ल परी, शङ्कालु पाराले सोधी -

'किन ल्याउनुभएको मलाई यहाँ ?'

'मेरो दाइको घर हो यो । आमा-बा पनि यहीँ हुनुहुन्छ ।' झन् चकित पर्छे ऊ । घरभित्र पस्नासाथ हँसिलो, रवाफिलो जुन व्यक्तिलाई मेवीले देखी, ऊ हेरेको हेर्‍यै भई । उसले पनि मेवीलाई निकै नियालेर हेरिरह्यो एकछिन र

अनायासै चोरझैँ हड्बडाएर उम्कन खोज्यो त्यहाँबाट । दस/पन्ध्र वर्षका दुईजना केटाकेटी हातमा ब्रेकफास्ट लिएर उक्त व्यक्तिलाई सम्बोधन गरी ड्याडी-ड्याडी भन्दै बोलाउँदै आए ।

'तँ, ए ! कताबाट अपर्झट ?' भन्दै मबाट समेत उक्त व्यक्ति छलिँदै हतार-हतार अर्को तलामा उक्लियो ।

हामी तलै बैठकमा बस्यौँ । मेवीलाई विश्वासै हुन सकेन कि उसको विश्वासिलो ब्वायफ्रेन्ड नै उही मेरो दाइ भनेर । मलाई एकोहोरो हेरेको हेर्‍यै भई ऊ । हामी बसुञ्जेल अर्की रवाफिली राम्री महिला चिया लिएर आई हाम्रा अगाडि राखिदिन्छिन् । हामीबीच सञ्चो-विसञ्चोको औपचारिकता आदानप्रदान हुन्छ ।

'अघिको मेरो दाइ, उहाँ भाउजू र दाइसितै माथि उक्लने दुईजना दाइ-भाउजूका छोराछोरी हुन् ।'

भाउजू भान्सातिर फर्केपछि वास्तविकताको गाँठो फुकाइदिन्छु मेवीसामु । उसका आँखामा पोतिएको कालो गाजलले उसको पीडा थाम्न सकिरहेको थिएन । गालामा लत्पतिन आइपुगेको थियो गाजल । कसैले नदेख्ने गरी आफूलाई सम्हाल्ने कोसिस गरिरहेकी थिई । प्रारम्भको भेटमै उसले आफ्नो ब्वायफ्रेन्डका रूपमा फेसबुकमा देखाएकी तस्बिर देखेर म जिल्ल परेको थिएँ र फेसबुकमार्फत् नयाँ-नयाँ सुन्दर केटीहरूलाई प्रेमको नाटक गरी पहिला-पहिला पनि अरू दुई/चारजना केटीहरूलाई फसाइसकेको आफ्नो दाइको आदत खोलिहाल्नु उचित थिएन । त्यसैले म हड्बडाएको थिएँ । लोभी प्रवृत्तिको आफ्नो दाइ विभिन्न केटीहरूलाई झुक्याउँदै उनीहरूको अस्मिता लुट्छ र पैसावाल केटीहरूसितै धेरै हिमचिम गर्छ भन्ने कुरा थाहा पाएर पनि भाउजूसमेत लाचार भइरहनुपरेको कुरा म मेवीलाई खुलस्तै बताइदिन्छु ! हामी तल बसुञ्जेल दाइ ओर्लिएन । अनि आमा-बालाई भेटेर म पनि फर्किएँ त्यहाँबाट मेवीलाई साथमै लिएर । बस् ! यसभन्दा बढी मैले उसलाई अरू के गर्न सक्थेँ ? बाटोभरि यो केटीलाई यथास्थितिमा ल्याउने सक्दो प्रयास गरेँ । मेरो मोटरसाइकल पछाडि बसेकी मेवी, म बोल्दा पनि केही बोलिन । एकैचोटि मेरो घरमा ल्याइपुऱ्याएँ उसलाई । कतै बाटोमै छोड्न मन लागेन ।

'अब चियाखाजा खाएर जाने मेरो गर्लफ्रेन्डले बनाएको ।' मोटरसाइकल ग्यारेजमा थन्काउँदै म उसलाई आफ्नो घरभित्रै ल्याउँछु । ऊ लुरुलुरु मेरो पछि

लाग्छे । बैठक कोठामा बसुञ्जेल उसको मनले केही राहत पाएको महसुस मैले गरेँ । भित्ताभरि म र मेरो गर्लफ्रेन्डका अनेक पोजका तस्बिरहरू थिए । आँखा घुमाइ-घुमाई हेरी उसले र मन्द मुस्कान मुस्काई ।

अब ऊ उत्सुक थिई मेरो गर्लफ्रेन्ड हेर्न । हातमा किस्तीभरि खानेकुरा चिया लिएर मुस्काउँदै उनी बैठक कोठामा आइन् । अचम्म मानेर हेरिरही मेवीले उनलाई किनकि उनी जन्मजातै एकदमै लङ्गडी थिइन् । नराम्रोसित खुट्टा खोच्याउँदै हिँड्ने उनको त्यही अवस्थाले गर्दा मेरो परिवारले उनीसित मेरो विवाह गरिदिएनन् र पनि हामी सँगै बस्छौँ । कहिले बा-आमाकहाँ, कहिले यता, पालैपालो बस्छु म ।'

मेवी यसपछि केही बोल्दिन । वास्तवमा अत्यन्तै समझदार र असल मान्छे हो मेवी । त्यसैले उसको जीवन छर्प्रस्टियोस् भन्ने चाहना ममा उब्जिएन । मेरो गर्लफ्रेन्डको बोलीचाली, व्यवहार, उनले तुल्याएको खानेकुराले केहीबेर मेवीको पीडा लुट्यो ।

'तपाईंले के-के गिफ्ट दिनुभएको छ आफ्नी गर्लफ्रेन्डलाई भनेर सोधेकी होइनौ मलाई ? मैले मेरो एउटा किड्नी गिफ्ट दिएको छु उनलाई, त्यसैले उनलाई देख्न पाइरहेको छु । एउटा किड्नी असफल थियो उनको ।' यो वाक्य पूरा गर्दानगर्दै गला भरिएर आयो मेरो ।

'सरी ! अञ्जानपन र विश्वासको आधारमा मैले केही भनेँ, अन्यथा नलिनुहोला । म बहकिएँ फेसबुकमा स्काइप गफमा । सूचना प्रवाहको एउटा सही माध्यमलाई गलत आधार बनाउने मान्छे पनि हुनसक्छन् भनेर कहाँ सोच्यो र मेरो मस्तिष्कले ?'

'आज मेरो आँखा खुल्यो । तपाईंहरू दुई मेरो जीवनको आदर्श हुनुहुन्छ । मेरो मात्रै होइन, सम्पूर्ण मानव जोडीहरूको । अब मेरा उदाङ्ग आँखाहरू कहिल्यै धमिलिने छैनन् , कहिल्यै ।'

मेवी अब साँच्चै हिक्कहिकाई र उठेर उनलाई अर्थात् मेरी गर्लफ्रेन्डलाई अँगाली बेस्सरी रोई ।

एकछिन पेटभरि रुन दियौँ हामीले उसलाई र फेरि कहिले नरुने वाचा गराएर घर पठायौँ ।

●

# रकफेलरको आँगन



कविता

● किशनसिंह धामी
न्युयोर्क, अमेरिका

फलामको चुच्चो भएको रकफेलरको अग्लो महल
दानी, ध्यानी, निसन्तानी र ज्ञानी
नग्न सुनौला तस्बिरले रङ्ग्याएको महल
मूलद्वारमा राधा, कृष्ण र नटराज नाचेजस्तै
सँगै बनाएको पानीबिनाको आधुनिक पोखरी
पोखरीभित्र भोजनालय
उही पिज्जा, स्यान्डविज, बेगल
दर्जनौं पेयपदार्थ
गुमचुम भएर एकअर्कालाई सुमसुम्याइरहेछन्
दुनियाँका झण्डाहरू
कहिले पुराना बस्तीजस्तै
मैलाफोहर र निथ्रुक्क भिजेका
धान रोप्ने रोपाहार जस्तै
त्यही आँगनभरि कहिले टन्न फूल फुल्छ
कहिले वीर बलभद्रहरू राजकीय बैठक बस्छन्
भीमकाय तस्बिरले पृथ्वी बोकेको छ
हस्तिनापुरमा कहिले
कौरवहरू पासाको तयारी गर्छन्
कृष्णको बाँसुरीले बोलाएका राधाहरू
कहिले हरियाली दुबोको घाँसले वृन्दावन देखिन्छ
कहिले खाली थालहरू
टेबुलमाथि बसेका

हजारौँ मिष्ठानहरूको स्वादमा
हराएको म
रङ्गीचङ्गी दुनियाँभित्र
सौन्दर्यको बीचमा विलय भएको छु ।

# मन



कविता

● **लोकराज न्यौपाने**
सदस्य, अनेसास, कोरिया च्याप्टर

ए !
भन्देऊ न कसैले
किन गाह्रो हुन्छ ?
बुझ्नलाई यो
मान्छेको मन ।
मुस्किल हुन्न देख्नलाई
चाह भए दुवैतर्फ
हर अङग-अङग गरिकन
मज्जाले हेर्न सकिन्छ तन
विडम्बना !
गरे पनि कोसिस कोटि-कोटि
किन होला
बुझ्नै सकिँदैन
यो मान्छेको मन ।
भैदिन्छ प्याल्ल नौनी कसैको
त
भैदिन्छ दर्शन ढुङ्गा कसैको ।
क्षणमै
कालो बादल लागेर
जोतिन्छ मुन्टो भुइँमा कसैको
फुर्रफुर्र क्षणमै भैदिन्छ
चङ्गा कसैको ।
यो विचित्रको संसारमा
देख्न सकिन्छ
भेट्न सकिन्छ
चित्र-चित्रको मन
तर
कदापि कसैले
बुझेनन् र
बुझ्नै सक्ने भएनन्
यो मान्छेको मन ।
●

## गजल




● **अरुण बेल्बासे 'रोज'**
रियाद, साउदी अरब


परदेशी सधैँ देश सम्भिन्छ माटो सम्भिन्छ,
आफ्नै घरआँगन अनि मूलबाटो सम्भिन्छ ।

जति नै दिनोस् के.एफ.सी., बर्गर, पिज्जा तर,
खानेबेला एकपटक गुन्द्रुक आँटो सम्भिन्छ ।

श्रावणमा वर्षाले गीत गाइरहँदा यता,
घरको चुहिने छानो र भिरालो पाटो सम्भिन्छ ।

जसका लागि परदेशमा दशकौँ बिते आखिर,
उसैसँगको मनमुटाव र फाटो सम्भिन्छ ।

आफ्नीले अर्केलाई आफ्नो बनाएर गएपछि,
आफैले आफैलाई हेर्छ हाँस्छ लाटो सम्भिन्छ ।

## गजल




● **घायल तिवारी 'घनश्याम'**
रियाद, साउदी अरब


अजम्बरी माया समालेर बसेकी छ्यौ,
एक्लै छोराछोरी अँगालेर बसेकी छ्यौ ।

बिहानदेखि हरेक बिहानसम्म पनि,
विछोडको तिर्सना फालेर बसेकी छ्यौ ।

सत्यतथ्य गिर्दैन कुरा काट्नेकाट भन्दै,
यस्ता असत्य ग्रह पनि ढालेर बसेकी छ्यौ ।

भाँचियो चढ्नु खुड्किला हाल्नुपर्ने हुन्छ,
गिरेको त्यो खुड्किला टालेर बसेकी छ्यौ ।

खुसी छु तिम्रो पत्रमा खुलाएकी छौँ बरै,
इष्टमित्र कुलकुटुम्ब पालेर बसेकी छ्यौ ।

# खुसी



कविता

● केशवमोहन अधिकारी
क्यालगरी, क्यानाडा

खल्ती रित्तो थियो
जागिर भर्खर गुमे'थ्यो
प्रेमिकाको हनिमुन चल्दै थियो
साथीभाइ, नो रेस्पोन्स
छिमेकी, तटस्थ
परिवार, बेचैन
यसो बार्दलीमा चुरोट तान्दै थिएँ
देखेँ,
नजिकै रूखमा एउटी चरी बचेरालाई चारा खुवाउँदै छे
तल बगैँचामा फूल र पुतली प्रेममा लिप्त छन्
पानीका कण बोक्दै बादल कुद्दै छन् आकाशमा यताउता
काफी
त्यत्ति काफी भो मलाई
यसरी नै सेक्छु आफूलाई म हरपल आजकल
खुसीका तापहरूले ।

●

शुभकामना

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास), बेलायत च्याप्टर
को आयोजनामा हुने
छैटौं अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन २०१९
को भव्य सफलताको कामना गर्दै
अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) को मुखपत्र
अन्तर्दृष्टिको ४४ औं अङ्क प्रकाशन भएकोमा
खुसी प्रकट गर्दछु ।

विजय चालिसे
महासचिव
रमेश विकल साहित्य प्रतिष्ठान
काठमाडौं, नेपाल

## गजल



● **दीपक सुवेदी**
सचिव, अनेसास पर्थ च्याप्टर

म सूर्यभन्दा पहिला आँखैमा उसलाई देख्छु,
म जूनभन्दा पहिला काखैमा उसलाई देख्छु ।

कहिले आगो कहिले शीतका थोपा उस्तै लाग्छ,
म ऐनाभन्दा पहिला आफैमा उसलाई देख्छु ।

शब्दहरूले बयान आज कसरी गरूँ खै उनको
म पन्नाभन्दा पहिला गातैमा उसलाई देख्छु ।

ज्योतिषीले भन्थे तेरो भाग्यमा ऊ छँदै छैन,
म रेखाभन्दा पहिला हातैमा उसलाई देख्छु ।

मुस्कुराउँदा उनी सारा संसार उज्यालो हुन्छ,
म मुटुभन्दा पहिला सासैमा उसलाई देख्छु ।

## गजल



● **अमर खडका**
सल्लाहकार, अनेसास, कुवेत च्याप्टर

एक ठाउँमा जग्गा अर्को ठाउँमा, घर बनाउनु छ,
वर्षौंदेखिको सपना हो मेरो, सकभर बनाउनु छ ।

यी हजारौं रहरहरूलाई लिलाम गरेर भए पनि,
सुन प्यारी ! हाम्रो छोरीलाई, डाक्टर बनाउनु छ ।

जो आए पनि यो मनसँग खेलवाड गर्छन्,
सबैभन्दा पहिले यो मनलाई, पत्थर बनाउनु छ ।

दुष्मनहरूले आँखाभरि नदी बनाएर गए,
त्यही नदीलाई तह लगाउन, बगर बनाउनु छ ।

भावी सन्ततिले जरुर सम्झिनेछन् यो कुरा,
नाम अमर भइहाल्यो सोच, अमर बनाउनु छ ।

# बादलपारि डुल्न पाऊँ

गीत





● अग्नि पराजुली र आरजु पराजुली
न्यु ह्याम्पसायर, अमेरिका

फक्रेपछि बालापन यो, कसको आउँछ र
आँखाभरि देख्या सपना, कसले पाउँछ र ?

मलाई पनि ठुल्दिदीझैँ लुगा लाउन मन छ
ठूलदाइजस्तै फूलबारीमा नाच्न/गाउन मन छ
भाइ र म नि हावासँगै, उड्ने कहिले पाउँला ?
मामु-ड्याडको बाइक ले'र, गुड्न कहिले पाउँला ?

फक्रेपछि बालापन यो, कसको आउँछ र ?
आँखाभरि देख्या सपना, कसले पाउँछ र ?

ठूला-ठूला स्कुल-कलेज, धेरै पढ्ने मन छ
सुन्दर ठाउँ हाँस्दै नाच्दै, हिमाल चढ्ने मन छ
छहरामा नुहाएर, गुराँस बनी फुल्न पाऊँ
आकाशको पन्छीजस्तै, बादलपारि डुल्न पाऊँ ।

फक्रेपछि बालापन यो, कसको आउँछ र
आँखाभरि देख्या सपना, कस्ले पाउँछ र ?

●

## अनेसास दर्पणका लागि लेख-रचना आह्वान

**अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)** केन्द्रीय कार्य समितिको अनलाइन प्रकाशन **अनेसास दर्पण**को नयाँ अङ्क छिट्टै प्रकाशन हुन गइरहेकाले आफ्ना मौलिक लेख-रचना पठाई सहयोग गर्नुहुन विनम्र अनुरोध गर्दछौँ ।

- जुन कुनै विधाका रचनाहरू पठाउन सक्नु हुनेछ ।
- सम्पादक मण्डलको निर्णय नै अन्तिम हुनेछ ।
- रचना सम्प्रेषण गर्दा नाम, ठेगाना, फोटो र इमेल अनिवार्य खुलाउनु पर्नेछ ।

**अनेसास दर्पण प्रकाशन समिति**

इमेल : darpan.inls@yahoo.com

# हाइकुशिखरमा एक्लो तेन्जिङ



समीक्षा

● **महेश पौड्याल**
त्रि.वि., काठमाडौँ

नेपाली हाइकुको विस्तार, लोकप्रियता र गुणस्तरलाई लिएर नेपालभित्र व्यापक बहस र छलफल चलिरहेको बेला हाइकुका अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपाली स्वाभिमानको एक्लो तेन्जिङका रूपमा उभिएका एकजना भद्र हाइजिन देखिन्छन् । देशभित्रको होहल्लाबाट टाढा, लेखक र सिकारुहरूको कोटरीभित्रै रुमल्लिएको नेपाली हाइकुको परिवेशभन्दा पृथक् प्रकाश जापानमा बसेर सिर्जना कर्म गरिरहन्छन् र एउटा उचाइतिर आफैलाई उठाइरहेका छन् । विश्व हाइकु सङ्गठनमा कार्यकारी सदस्यको रूपमा भर्खरै नियुक्त भएका ती भद्र स्रष्टाले पाएको यो सम्मान कुनै पनि नेपालीले पाएको पहिलो यस स्तरको जिम्मेवारी हो, हाइकुका सन्दर्भमा । यस पदमा उनी पुगेपछि, निरन्तर निखारको बाटो अपनाइरहेको र लेखक अश्विनी कोइरालाको भाषामा भन्ने हो भने 'स्वर्ण युग' तिर लम्किरहेको नेपाली हाइकुका लागि अन्तर्राष्ट्रिय यात्राको एउटा बलियो फाटक खुलेको छ । त्यसै फाटकको नाम हो प्रकाश पौडेल 'माइला' ।

प्रकाश पौडेलको हाइकु साधना र अन्य नेपाली हाइजिनहरूको हाइकु साधनामा केही भिन्नता छन् । पौडेल जापानमा बस्छन् र जापानी हाइजिनहरूसँग उनको निकटको उठबस छ । उनले हाइकु जुन वातावरणमा मौलाउँछ, त्यो आवाजको अल्पता, शान्तिको निकटता, प्रकृतिसँगको सामीप्य र ध्यानको भव्य प्रभाव भएको जापानलाई भित्रैबाट स्पर्श गरेका छन् । सधैँ होहल्ला, आन्दोलन, कोलाहल र कहरपूर्ण राजनीतिको रापमा पिसोल्लिइरहन बाध्य नेपाली सर्जकका सिर्जनामा स्वतः आउने उत्कण्ठा, विद्रोह र असन्तुष्टि उनको लेखनमा छैन । हाइकुले उद्भवकालदेखि नै यस विधाभित्र अपेक्षा गरिने शान्ति शब्द र आवाजको मितव्ययिता, आत्मिक खुसी तथा मान्छे र प्रकृतिको अन्तर्क्रिया र प्रेमालापको सुविधा नेपाली हाइकुकारहरूसँग आजको सन्दर्भमा खासै छैन । हाम्रा अखबारका हेडलाइनले बिहानैपिच्छे राजनीतिक

व्यथिति, भ्रष्टाचार, बलात्कार, महङ्गी, प्रदूषण, मृत्यु, ढिलासुस्ती र अवनतिका खबर सुनाइरहँदा नेपाली सर्जकलाई यी तीता यथार्थबाट आफूलाई पृथक् राखेर साहित्य सिर्जना गर्ने सुविधा पनि त छैन ! कवि जोन किट्सका शब्दमा भन्ने हो भने त यो 'निगेटिभ क्यापेबिलिटी' त्यति सहज छैन । त्यसैले हाइकु लेखनमा सङ्ख्यात्मक रूपमा धेरै विकास भएको र संस्थाहरूले पनि यसलाई प्रवर्द्धन गर्ने कोसिस गरिरहेको बेला, हाइकुले अझै पनि आफूलाई असली हाइकुको अन्तर्राष्ट्रिय आकाशमा उद्घाटित र परिचित गराउन सकेको देखिँदैन । यो क्षमता भएका अग्रज बिस्तारै नेपथ्यतिर अथवा अन्य विधातिर लागेको देखिन्छ भने नयाँ पुस्तामा साधना कम र उत्पादन बढी भएको देखिन्छ । नेपाली पाठकहरूकै रोजाइमा पनि हाइकु पुग्न र पुस्तक पसलहरूमा आकर्षणको विधा बन्न सकिरहेको छैन । अधिकांश हाइजिनहरू प्रयोगका लागि, विदेशी विधासँग आफूलाई परिचित गराउनका लागि अथवा नेपालबाहिर, विशेषगरी जापानमा हुने हाइकु सम्मेलनहरूमा सहभागिताका लागि आफूलाई बैधसिद्ध गर्नका लागि हाइकु लेखनमा लागिरहेको देखिन्छ ।

यी सबै तिगडम र होहल्लाबाट पृथक् छन् प्रकाश पौडेल । हुन त उनी संयोजकारी भूमिका र साङ्गठनिक नेतृत्वमा पनि नदेखिने होइनन् तर पनि उनले आफ्नो लेखनको स्तरलाई क्रमशः उत्कर्षतिरै लाँदै गरेको देखिन्छ ।

भरतपुर चितवनमा मूलघर भएका प्रकाश सानै उमेरदेखि सभासमारोहमा आफूलाई उद्घाटित गर्न निर्भीक थिए । कार्यक्रमहरूमा जाने र साहित्यकारहरूसँग चिनजान गर्ने उनको युवाकालदेखिको स्वभाव हो । कविता, हाजिरी जवाफ तथा वक्तृत्व प्रतियोगिताहरूमा पुरस्कृत हुँदै हौसला बटुल्दै गर्थे प्रकाश । परिवार स्रोत भन्छ, उनी पढाइमा पनि तेज थिए र कक्षामा पहिलो वा दोस्रो भइरहन्थे । आफूभित्रको क्षमताबाट आफै परिचित हुँदै गएपछि आफूलाई प्रकाशित गर्ने र पत्रपत्रिकाबाट पाठकहरूको बृहत्तर संसारमा पुग्ने रहर पलाउँदै गयो ।

२०५८ सालमा प्रमाण-पत्र तह परीक्षा पास गरेपछि प्रकाश काठमाडौँ आए । कविता र गजलबाट आफूलाई खोज्दै आएका प्रकाश काठमाडौँमा पुस्तक पढ्नतिर बढी केन्द्रित हुन थाले । यसै क्रममा हो, उनले माधवलाल कर्माचार्यद्वारा सम्पादित पुस्तक **जापानी हाइकु, हिजो र आज** भेटेका थिए । पुस्तकमा सङ्कलित हाइकुले उनकै शब्दमा भन्दा उनको मन छोयो । उनले त्यो बेला सोचेछन्, 'गजल लेख्नेको भीडमा हराउनुभन्दा हाइकु लेखेर केही फरक काम गर्नु ठीक ।' भन्छन्, 'र, नै हाइकुको खोजी अनुसन्धान र लेखनमै समय व्यतीत गर्न थालेँ ।'

यसपछि प्रकाश हाइकुमै होमिए । चितवनका मात्रै होइन, देशैभरिका पत्रपत्रिकामा हाइकु पठाउन थाले । ती प्रकाशित पनि हुन थाले । लेख्दै जम्मा गर्दै जाँदा हाइकुको सञ्चयन नै तयार भयो र निस्कियो उनको पहिलो किताब **पर्दाफास** (२०६१) । लेखनका साथै अनुसन्धानमा पनि सक्रिय उनले **मधुपर्क**को २०६२ पौषको अङ्कमा एउटा ६ पृष्ठ लामो आलेख नै प्रकाशित गरे । अब प्रकाश पौडेल माइलालाई हाइकु क्षेत्रमा परिचयको कुनै पनि सङ्कट रहेन । तर पनि हाइकुको उद्भव भूमि जापानको सपनाले भने उनको मन ज्याद्रोसँग सङ्क्रमित भयो । हातमा कुनै उपाय भने तत्काल भेटेनन् ।

यसैबीच, उनीमाथि लोकसेवाको पनि भूत सवार भयो । स्नातक तहमा अध्ययन गर्दागर्दै उनी लोकसेवाको तयारीमा लागे । उत्तीर्ण हुने कुरा एकातिर थियो तर तयारीकै क्रममा उनले लोकसेवाका चार तहका तयारी पुस्तक लेखे, जसको बिक्रीबाट दैनन्दिन मात्रै चलेन, जापान छिर्ने खर्चको तर्जुमा पनि भयो ।

यी तमाम व्यस्तताका बीच प्रकाश माइलाको अर्को पाटो थियो राजधानीमा हुने गरेका साहित्यिक समारोहहरूमा भ्याएसम्म पुग्ने । आफू पनि लेखकको रूपमा परिचित हुँदै जाँदा रेडियोहरूमा अन्तर्वार्ता प्रसारण हुन थाले ।

यसै क्रममा हो, उनले आफ्नो प्रथम हाइकुसङ्ग्रहको प्रकाशनको तयारी सुरु गरेको । सङ्ग्रह तयार भएपछि यसको भूमिका कसलाई लेखाउने भन्ने क्रममा उनलाई रामकुमार पाँडेलाई भेट्ने सल्लाह दिइयो । उनले त्यसै गरे । पाँडेले भूमिका मात्रै लेखेनन्, उनीसँग एउटा जीवन्त मित्रता पनि स्थापित गरे । भेट्ने र छलफल गर्ने क्रम सुरु भयो, जुन आजपर्यन्त जारी छ । त्यसको ज्वलन्त उदाहरण त २०७५ मा प्रकाशित दुई स्रष्टाको संयुक्त कृति **हजार हाइकु** हो, जसमा उनीहरूका पाँच पाँच सय हाइकु प्रकाशित छन् । यसका अतिरिक्त **हाइकुमाला**, **तातेसिना**, **रातो साकुरा** लगायतका हाइकु कृतिहरू लेखन र सम्पादन पनि गरेका छन् ।

यसैबीच, उनी हाइकुबारे कार्यक्रम गर्दै आइरहेको संस्था नेपाल निप्पन रिसर्च सेन्टरमा आबद्ध भए । राष्ट्रिय महोत्सव पनि मिलेर आयोजना गरियो । नेपाली हाइकु पत्रिकाको सम्पादन गर्ने अवसर पनि प्रकाशले पाए । हाइकुको क्षेत्रमा काम गर्ने झनै ऊर्जा थपिँदै गयो । पछि नेपाली हाइकु केन्द्र गठन भयो । उनी यस संस्थाका संस्थापक महासचिव भए ।

हाइकु लेख्दै जाँदा हाइकुको जन्मभूमि जापानबारे थुप्रै जिज्ञासा मनमा आए । जापानी भाषा सिकेर जापानी भाषामै हाइकु लेख्न पनि मन लाग्यो । यतिले

मात्रै मन सन्तुष्ट नभएर उनी जापान जाने बाटो पनि खोज्न थाले । विद्यार्थी भिसाबाट जाने बाटो फेला पऱ्यो र सोही सहाराले उनी जापान पुगे ।

हालसम्म उनले लेखेका वा सम्पादन गरेका कृतिको सङ्ख्या दर्जन नाघिसकेको छ। देशविदेशमा गरी आधा दर्जनभन्दा बढी प्राज्ञिक कार्यपत्र पनि प्रस्तुत गरिसकेका छन् उनले। चैत्र २०६२ मा जापान छिरेपछि भने उनको सङ्गत जापानी हाइजिनहरूसँगै बढेको छ। हाइकुको पठन र स्वभावसँगै दीक्षित जापानी पाठकहरूकै बीच पनि उनी लोकप्रिय छन्। लेखकहरूका बीच त उनी सबैका प्यारा छन्। हाल पाँचवटा रेष्टुराँका सञ्चालक प्रकाश वर्तमानमा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका वरिष्ठ उपाध्यक्ष, नेपाल हाइकु केन्द्रका विदेश विभाग संयोजक तथा वर्ल्ड हाइकु एसोसिएसनका कार्यकारी सदस्य पनि छन् । हाल उनी हरेक महिना पाका र नाम चलेका जापानी हाइकु कविहरूसँग गोष्ठीमा सहभागी हुँदै हिँड्छन् । २९-३० सेप्टेम्बर २०१८ मा जापानमा अन्तर्राष्ट्रिय नेपाली हाइकु महोत्सवको संयोजकको रूपमा भव्य कार्यक्रम समेत सम्पन्न गरे। वर्ल्ड हाइकुका अध्यक्ष नाचुइसीदेखि नेपाल हाइकु केन्द्रका रामकुमार पाँडेसम्मको विशाल सहभागिता रहेको थियो । साथमा २०७५ को **मधुपर्क**मा हाइकुको नालिबेली छापेर हाइकु क्षेत्र थप तरङ्गित बनाए ।

**के छ प्रकाश पौडेल 'माइला' का हाइकुमा ?**

उनको भर्खरै प्रकाशित कृति **हजार हाइकु**को आधा हिस्सेदारी उनको हो, जसमा उनका ५०० हाइकु प्रकाशित छन् । यसअघि **पर्दाफास**, **अन्धगल्छी** र **हाइकुमाला** प्रकाशित छन् । उनीबाट आएको पछिल्लो कृति **हजार हाइकु** नै भएका कारण र यसमा उनका रोज्जा हाइकु समाविष्ट भएका कारण पनि उनका हाइकुको चरित्र विश्लेषण गर्नका लागि यसै कृतिलाई आधार मान्न सकिन्छ ।

संरचनामा प्रकाशका हाइकुमा कतै पनि विचलन छैन । प्रकृतिका बिम्बको अनिवार्यतालाई खकुल्याउँदै सेर्न्यु लेखेर अल्मल्याउने काम उनले गरेका छैनन् । बाहिरीभन्दा पनि मान्छेको भित्री यथार्थको चित्रणमा उनका हाइकु बढी केन्द्रित छन् र मान्छेको आत्मिक सुख अथवा त्यस मार्गमा देखापर्ने मनोवैज्ञानिक व्यवधानमा उनका हाइकुको बढी जोड छ। उनका हाइकुहरूले प्रतीकात्मक शैलीमा आदर्शवादको विरोध गर्छन् र मान्छेलाई प्रकृतिबाट विनम्रताको पाठ सिक्न अभिप्रेरित गर्छन्। उमेरसँगै आउने प्रलापहरू, प्रवाहमान समय र जवानीका उच्छ्वासहरू, दिवास्वप्न, खातमाथि खात खप्टिँदै आएका समस्या, पर्खन अभिशप्त मान्छेको आस्तित्विक बाध्यता आदि गहन र भित्री विषय उनका रोजाइका विषयहरू हुन्। अङ्ग्रेजीमा प्याथेटिक फ्यालेसी भनिने,

मानवीय पीडालाई प्रकृतिमा आरोपित गर्ने शैली उनले पनि अपनाएका छन् तर त्यसमा मान्छे र प्रकृतिको भावनान्तम ऐक्यको पूर्वीय दार्शनिक जग परिलक्षित हुन्छ। पारम्परिक प्रकृति लेखकहरूले गर्ने गरेको मानवकेन्द्री सौन्दर्य अथवा सन्नाटाको परिभाषामा उनको सहमति छैन। उनी यी मानवीय कोणहरूको विनिर्माणमा विश्वास राख्छन् र चेतनाको फिल्टरले मान्छेका स्वार्थपूर्ण अभीष्टहरूको छाप प्रकृतिको निश्छलताबाट हटाउनुपर्ने कुराका हिमायती लाग्छन्। एक्लै जिउनको निरर्थकता, सूक्ष्म अवयवहरूको हाम्रो जीवनमा उपादेयता, प्राकृतिक चक्रविपरीत गरिने गतिविधिको प्रतित्युत्पादक असरको चित्रण तथा मान्छे र प्रकृतिबीचको संवेदनशील सन्तुलनको वकालत उनका हाइकुका केही प्रमुख दलिल हुन्। उनको चिरकालीन विश्वास छ - मानव जीवनमा शान्तिको स्रोत आत्मिक सन्तोष हो, र त्यो प्रकृतिसँगको सम्यक एकाकारले मात्रै सम्भव छ। उनका हाइकु बाहिरी दृश्य, रङ्गीन संसार, सतही भावनात्मक, मायाप्रेम र प्रदर्शनमा विश्वास गर्दैनन्। समयसँगै आएका विसङ्गति र विचलनमाथि टिप्पणी गरिरहन पनि उनी खासै तत्पर देखिँदैनन्। विसङ्गत समयप्रतिको उनको उदासीनता अथवा बेवास्ता पनि आफैमा एउटा टिप्पणी हो सायद। उनी यस समयलाई ध्यानको काबिल पनि मान्दैनन्। बरु मान्छेको जीवनका सङ्गतिलाई फर्काउन सक्ने उपाय के हुन्, त्यसको खोजीमा उनी लागेको देखिन्छ। यसो गरिरहँदा उनले मान्छेका आदिभौतिक, मनोवैज्ञानिक र भावनात्मक कमजोरीलाई आफ्ना हाइकुमा बिम्बात्मक शैलीमा उनेका छन्। यो भित्री यात्रा अर्थात्, मनोविज्ञानको यात्रा र त्यसको सम्यक् व्यवस्थापनका लागि सही मार्गको खोजी उनका हाइकुको मूल खोजी हो। यहीँनेर उनी चलनचल्तीका नेपाली हाइजिनको लेखनबाट पृथक् छन् र जेन, बौद्ध र ताओनिकट चिन्तनको नजिक पनि छन्। कतै पनि आक्रोशको विरेचन, असन्तुष्टिको विष्फोट, क्रान्तिको हुङ्कार, सस्तो निर्णयात्मकता, विद्रोह आदिजस्ता कुरा उनको हाइकुमा पढ्न पाइँदैन। खासमा, यस्ता विषयवस्तु हाइकुको प्रकृतिसँग मेल खाँदैनन् पनि।

हाइकु आन्तरिक यात्राकै अभिव्यक्ति हो र आफैसँगको साक्षात्कार हो। त्यसैको सुन्दर र सम्यक् अभ्यास गरिरहेका प्रकाश पाडेल 'माइला' नेपाली हाइकुको अन्तर्राष्ट्रिय अनुहार हुन्। उनको अभिव्यक्तिको गहिराइ र दार्शनिक उत्कर्ष बुझ्न एउटै हाइकु पूर्ण छ :

मनको बत्ती
तेल थप्दै कुरेर
बिहानी भयो।

●

# टेक केअर योर सेल्फ



कविता

● **सीताराम थापा**
दोहा, कतार

छोरा !
थाहा छैन मलाई तिमी माया गर्छौ या गर्दैनौ !
चिन्छौ मनभित्रैबाट वा चिन्दैनौ !
म माफी चाहन्छु
तिमी असल छोरा हौ तर म असल बाउ हैन !
मैले तिमीलाइ मेरो बाबाले मलाई हुर्काएजस्तो हुर्काउन सकिनँ
न त काँधमा बोकेर गाउँ-बेसी गराउन पाएँ
न त तिम्रा ती साना नरम पाखुरा पक्रेर
ललिपप किनिदिन पऽऽर स्याउली बजारसम्म लैजान सकेँ
न सकेँ
ती तिम्रा कलिला चोरी औँलाको बीचमा पेन्सिल थमाएर बाह्रखरी सिकाउन
म त्यो चुच्चे परेको तिम्रो नाकमाथि
मेरो आफ्नो नाक दलेर कति जिस्किन चाहन्थेँ
र
चाहन्थेँ
रानी भ्यागुताको जस्तो भुक्क परेको तिम्रो त्यो पेटमा काउकुती लगाउँदै खित्का छोड्न
तर यो परदेशमा यो कमलो मन यति बाँधियो कि
रहर तिमीसँग हैन पैसासँग साटिँदै छ
मलाई पश्चात्ताप छ
रातभरि तिमीलाई हनहन्ती ज्वरो आउँदा
यी छिप्पिएका हत्केलाले तिम्रो फराकिलो निधार छाम्न सकिनँ
न त सकेँ यी खस्रा हातले तिम्रो
कमलो शरीरका लागि

मेरा बाबाले बुनिदिएजस्तो बाँसको नरम चोयाको कोक्रो बुनिदिन
न सक्यो यो हातले
तिमीले मनपराएजस्तो
कागजको फिर्फिरे र चङ्गाको लट्टाइसम्म बनाइदिन
न सक्यो तिमीले चाहेजस्तो घोडा बनेर तिमीलाई बोकी हट्हट् गर्दै
हरियो दुबोको चौरमाथि घिस्रन यो दरो ढाडले
मलाई थाहा छ,
तिम्रा हरेक चाहनाहरू तिम्री आमाले सधैं बजारबाट खरिद गरेको कुरा
मलाई थाहा छैन
तिम्री आमाले बजारबाट खरिदेका
कृत्रिम चाहनाहरूमा बाबाको कुनै गन्ध पायौ वा पाएनौ ?
म अहिले सम्झिरहेछु
बाबा त त्यस्तो हुनुपर्थ्यो
जसले न एकमुठी बाबियो बाटेर
आँगनको डिलमा डोरेपिङ झुन्ड्याइदिन सकोस्
र टिपेर ल्याइदिन सकोस्
तिमीले खसालेको साइकलको पाङ्ग्रो आँगनमुन्तिरको साग बारीबाट
म सोचिरहेछु
मेरो बाबाले मलाई मनाइदिएको
दसैं तिमीलाई मनाइदिन सकिनँ
न त सकेँ दसौं वर्षसम्म
तिम्रो त्यो कलिलो निधारमा ढपक्क ढाक्ने टीका
र
कमलो च्याउजस्तो तिम्रो कानमाथि पहेँलै छपक्क जमरा सिउरिदिन
मलाई यो पनि थाहा छैन
तिम्रो विछोडिएको मनले
बाटोमा गुड्दै गरेका लाहुरेहरूका सुट्केस देख्दा
आफ्नो बाबाको बाटो हेर्न खोज्छ या खोज्दैन
या तिम्रो स्कुलको वार्षिक उत्सवमा
बाबाको चोरी औंला पक्रेर स्कुल गेटमा उभिन खोज्छ मन या खोज्दैन

छोरा
म अहिले परदेशमा
तिम्रो इतिहास वर्तमान र भविष्य पढ्दै छु
तिमी जन्मेको खबर मैले परदेशमै सुनेँ, थुप्रै लड्डु बाँडेँ
तिमी स्कुल जान थालेको खबरले
रसबरी र बर्फी पनि बाँडे परदेशमै
तिमीले एस.एल.सी. पास गऱ्यौ
त्यो खबर पनि मैले परदेशमै सुनेँ
मैले खसी नै ढालेँ क्याम्पभित्रै
तिम्रा हरेक सफलताले मलाई उत्साहित बनाउँछ परदेशमा
र
थपिरहन्छ भिसाको म्याद वर्सैपिच्छे
अहिले तिमी कलेज जाँदै छौ
मलाई थाहा छ,
अबका केही वर्षभित्र
तिमी अमेरिका छिर्नेछौ, उच्च शिक्षाको बहानामा
तिम्री आमा तिमीलाई पठाउन मान्ने छैनन्
तिम्रो समाजले तिमीलाई दिनेछैन घर बस्न
जतिबेला म परदेशबाट घर फर्केको हुनेछु
र यी एकजोडी धमिला आँखाले तिम्रो सहारा खोज्नेछ,
तिमी केही थान डलरका पत्ताहरूसँग बिक्री भैसकेका हुनेछौ
बेला त्यस्तो आउनेछ
जब मलाई दमको बिमारले थला पार्नेछ
ठीक त्यसैबेला सायद
तिमी पी.आर. मिलेको खुसियालीमा
अमेरिका वा अस्ट्रेलियाको कुनै डान्स बारभित्र
मस्त पिइरहेका हुनेछौ
र
भन्नेछौ
माइ लब्ली ड्याड 'टेक किअर योर सेल्फ' ।

# नपुंशक समयविरुद्ध



कविता

● लक्ष्मी राई 'लारा'
सदस्य, अनेसास, केन्द्रीय कार्य समिति

जुध्दै मनास्थितिहरूसँग
छाम्दै मानवीय संवेदनाहरू
लाग्छ,
बाँच्न सकिन्न औसत जीवन यो मुलुकमा भने
यो नपुंशक समयविरुद्ध
के गतिले 'अराजक' जन्मिनुपर्छ ?
उसोभए -
सम्भोगको समस्त परिभाषाबाट अलग्गिएर
आवेशबाट
उत्तेजनाबाट
तातिएर अङ्ग-प्रत्यङ्ग
चरमोत्कर्षबाट
एउटा अराजक सन्तान जन्माउन चाहन्छु
त्यस्तो भयङ्कर अराजक जसले
मचाउन सकोस् चेतना
लगाओस् कर्फ्युहरू
बालेर हैन टायरहरू
बालेर चुल्हो घर-घरमा
ताकेर कन्चटमा नेपाली स्वाभिमान
यो नपुंशक समयविरुद्ध
त्यस्तो अराजक सन्तान जन्माउन चाहन्छु
ए ! कोही छ ?
त्यस्तो 'वीर्यवान' खोजिरहेछु
तर अफसोच !
नखस्दै जून धर्तीमा
नउदाउँदै सूर्य आकाशमा
लर्को मुग्लानी सपनाहरूको
वैदेशिक श्रम मन्त्रालय अनि
राजधानीका वैदेशिक दूतावासहरूका सडक-पेटीहरूमा
यी एकहुल भीडसँगै
पग्लिँदै गएपछि 'आइसबर्ग' जस्तै स्वाभिमान मेरो
लाग्दै छ,
बाँझो हुँदै गइरहेकी छु म अहिले ।

●

# पुनर्जन्म




● **भरतविक्रम ढकाल**
कालिकास्थान, काठमाडौँ

आकाश छुने रहर हुँदाहुँदै
बीच बाटोमै झर्न पुग्यो
केही गर्ने इच्छा थियो
तर अनायासै लड्न पुग्यो ।१।

मनको भावना यस्तो थियो
उर्ली-उर्ली दौडौँ जस्तो
जीवन यस्तो भयो कि
फर्की हेर्दा डुब्न पुग्यो ।२।

सोच्ने एउटा हुने अर्कै
टक्करसँगै कयौँ ठक्कर
ओइलाएको पत्तै नभै
एकाएक सुक्न पुग्यो ।३।

जन्म उसको भएकै हो
आफैलाई ऊ बिर्सन पुग्यो
जीवन यो कस्तो रहेछ भने
मरेर पनि बाँच्ने देख्यो ।४।

दुःखको रूप भिन्न यहाँ
सुखको द्वारको खोजी
अरूले उसलाई हेर्दै गर्दा
एकाएक ओझलिन पुग्यो ।५।

जन्म-मृत्युको त्यो दृश्यले
आफ्नै रूप बिर्सन पुग्यो
आफूले आफैलाई खोजी गर्दा
फेरि एकाएक जन्मिन पुग्यो ।६।

कर्म बाँकी रहेछ अझै
धर्तीमा पुनः ओर्लिन पुग्यो
अरूको भलाइ गर्ने इच्छाले
फेरि त्यो जन्मिन पुग्यो २ ।७।

●

# रोपाइँ



कविता

● रवीन्द्रभक्त श्रेष्ठ
वासिङ्टन डि.सी., अमेरिका

कविताको खेतबारीमा
वर्षात्‌अघि गोडमेल गरिन्छ
मलिलो भावना खन्दै जोत्दै
अक्षरहरूको बीउ छरिन्छ
हिलाम्मे मसी लत्पताउँदै
अक्षरको ब्याड मिलाइन्छ
गैरी खेतमा रोपाइँ गर्न
कवि मनहरूको लर्को लाग्छ
घुम बढ्दै उत्सुकताका साथ
लस्करै कविहरू
छन्द कविता वाचन गर्दै
भव्यताका साथ रोपाइँ सुरु गर्छ
क्रमबद्ध रूपले आफ्नो खेतीको
आ-आफ्नो पालोमा
आ-आफ्नै शैलीहरूमा
गद्य-पद्य कविताको रोपाइँ गर्छ
साथीभाइको खेतबारीमा पसी
हिलाम्मे हुँदै अक्षरै-अक्षर छ्याप्दै
वाक्य लस्कर मिले/नमिलेको हेर्दै
रोपाइँको सुरुवात गर्छ
अर्कोपल्ट अर्कै साथीको बारीमा
अक्षर उम्रिएका पालुवा हेर्दै
नयाँ शब्द मिश्रित कविताको मुना टिप्दै
आ-आफ्ना भाकामा वाचन गर्छ
कसैले पिरो खुर्सानी मिसाएर
च्वाट्ट स्वादिलो मुक्तक पस्कँदै
सबैले रचनाको उत्कृष्ट रस पिउँदै
जिब्रो पड्काउँदै भावनाको रसास्वादन गर्छ
देशप्रेममा लत्पतिँदै लाउकेहरूलाई
अक्षरको हलोले जोत्दै
हो हो तारे, हो हो ! हो हो तिखे हो हो ! गर्दै
शब्दको कोर्राले ढाडमा हिर्काउने गर्छ
अक्षरको रोपाइँमा रमाइलो गर्दै
चुराको झङ्कार, लज्जामा मुस्कानको माधुर्य
हिँडाइमा हंसचाल छचल्किएको जवानी
प्रेमिल कविताहरू मायाको अक्षरमा गोड्दै
सप्तरङ्गी इन्द्रेणी अक्षरस पलाइरहन्छ
कोही भावुक बनेर रोपाइँमा
वेदनाको बहाव बगाई
आँसुको थोपा-थोपा रसाइरहँदा
अक्षरको ब्याड लत्रक्क लत्रिएको देखिन्छ
सिमसिमे अक्षरको झरीले

कविताMा निथ्रुक्क भिजेर
आ-आफ्नो खेतबारीमा
धान रोप्नेले धान फलाउँछ
मकै रोप्नेले मकै
तर,

कविहरूको खेतबारीमा
हामी त अक्षरको खेती गर्छौं
हाम्रो त खेतबारीमा हजुर
अक्षरशः कविता फल्छ !

●

# चोट





● **ज्योतिकुमार श्रेष्ठ**
न्युयोर्क, अमेरिका


चोटबाट नै पलाउँछन् सम्भावनाहरू
यदि जराले माटो छाडेको छैन भने
ठक्करपछि नै खुल्छ चेतनाका ढक्कनहरू
यदि इमान र इख हारेको छैन भने ।

नियति भोग्नु धर्म हो हाम्रो
चोखो नियत कर्म हो राम्रो
सहनेहरू हार्दैनन् कहिल्यै
अहङ्कारी र असहिष्णु हार्छन् बरु ।

माया त केवल भिक्षा हो
पाउञ्जेलसम्मलाई न्यानो हो
चोट नै जीवनको हरेक पलमा
हिँड्न सिकाउने शिक्षा हो ।

नरोकियोस् हिम्मतिला पाइलाहरू
नथाकोस् सकारात्मक सोचहरू
थाकोस् बरु ती चोट दिने
कुँडा कर्कट खोटहरू ।

जिन्दगी त पाठशाला हो
बाँचुञ्जेल सबथोक सिक्नुपर्छ
जिउँदो मान्छे बाँच्ने हो भने
चोटमा पनि मुस्कुराउनुपर्छ ।

मरेर जाला यो हाडछाला
आत्मा त कहिल्यै मर्दैन
पलाउँछ सम्भावना चोटमा सधैँ
जराले जबसम्म छाड्दैन ।

# कस्टोमर सर्भिस



संस्मरण

● **सुरेन उप्रेती**
ओटावा, क्यानडा

मेरो स्वभाव नेपालमा हुँदादेखिकै अलि अन्तर्मुखी खालको थियो । मलाई अरू केटाकेटीहरूसँग गफगाफ गर्न र समय बिताउन त्यति मन पर्दैन । मेरो स्वभावका कारणले गर्दा हाइस्कुलमा पनि मेरा धेरै साथीहरू थिएनन् । साथीहरू बढी नहुनुमा अर्को कारण पनि छ । त्यो हो मेरो खेलकुदप्रतिको अरुचि । कुनै पनि खेलको प्रिय बन्न सकिनँ म । खेल्न प्रयासै नगरेको भन्नचाहिँ मिल्दैन । अरूले खेलेको देखेर म पनि भलिबल खेल्न पसेको थिंएँ । अर्कोतिरबाट बतासिएर आएको बल मेरो पुर्पुरोमा बजारियो । मैले त केही पनि देखिनँ । आँखा खोल्दा त स्कुल नै छुट्टी भैसकेछ । सबै घर-घर गइसकेछन् । पालेदाइ र हेडसर मात्रै रहेछन् । मेरा टाउकोमाथि कसैले जाँतो राखिदिएझैँ गह्रुङ्गो भएको थियो । मेरो जिउ पनि पसिनै-पसिना भएछ । मलाई त आगोको छेउमा बसेझैँ भित्रैदेखि पोलेर हरहर भएको थियो । पालेदाइले एक ग्लास पानी खान दिए । मलाई त पूरै एक गाग्रो पानी खाऊँ जस्तो भएको थियो ।

हेडसरले कस्तो छ तिमीलाई ? हिँड्न सक्छौ ? भनेर सोध्नुभयो । बल्लतल्ल उठेँ । हिँड्न सक्छु भनेर बाटो लागेँ । स्कुलकै छेउमा मेरो डेरा थियो । पालेदाइ र हेडसर मेरो हिँडाइ नियाल्दै थिए । बल्लतल्ल डेरामा पुगेँ र लम्पसार परेँ । भोलिपल्ट स्कुल गइनँ । जान नसकेर चाहिँ हैन । अरू केटाकेटीहरू मलाई देखेर हाँस्लान् भन्ने डरले र लाजले नगएको । तेस्रो दिन स्कुल लागेपछि लजाउँदै-लजाउँदै कक्षामा गएँ । सबैले मलाई नै हेरिरहेजस्तो लाग्यो । तर मैले चाहिँ कसैलाई पनि हेरिनँ । सधैँ कक्षा नछोड्ने विद्यार्थी एकदिन नआउँदा पनि चियो र चर्चा हुने । मेरो बारेमा पनि निकै खोजतलास भएछ । कस्तो छ तिमीलाई आज भनेर सरले

सोध्नुभयो । मैले टाउको पनि नउठाई ठीक छ भनेँ । प्रत्येक पिरियडमा सरहरूले मेरो स्वास्थ्यका बारेमा सोधेका प्रश्नहरूले गर्दा म झन् बिरामीजस्तो भइसकेको थिएँ । कतिखेर स्कुल सकिन्छ र मुक्ति मिल्ला भन्नेमा मरो मन केन्द्रित थियो ।

अरूले फुटबल खेलेको प्रायः हेर्ने गर्थें । तर म ग्राउन्डमा खेल्न भनेर पसेको चाहिँ थिइनँ । सातौँ पिरियडमा शारीरिक शिक्षा पढाइ हुन्थ्यो । सरले हामी सबै केटाकेटीलाई ग्राउन्डमा लिएर जानुभयो । सबै विद्यार्थीहरू दुई समूहमा विभाजित भयौँ । सरले आ-आफ्नो पोजिसनको बारेमा बताउनुभयो । मेरो पोजिसन चाहिँ गोल्कीभन्दा अगाडि उभिएर गोल छेक्नेमा परेँ । आफ्नो कोर्टतिर बल आएपछि बलका पछि बेस्सरी दौडिएँ । अहँ बललाई भेट्न सकिनँ । म त अरू बिस्तारै हिँडे जतिको पनि पो कुद्न सक्दिन रहेछु । सबै केटाकेटीले मलाई एक कोसै छोड्दा रहेछन् । त्यसपछि भने मैले खेलकुदलाई जिस्क्याउनु व्यर्थै रहेछ भनेर फेरि खेलमा पस्ने जमर्को गरिनँ । खेलकुदमा भाग नलिने भएपछि साथीहरू पनि त्यति हुँदा रहेनछन् । सबैले उसलाई त किताव भएपछि पुगिहाल्छ नि भनेर जिस्क्याउँथे । त्यसले गर्दा पनि अरूभन्दा अलग्गै हुने स्वभाव विकसित भयो ।

स्वभाव अन्तर्मुखी भए पनि उमेरसँगै भावना र चाहनाहरू भने परिवर्तन हुँदा रहेछन् । मेरा मनका पनि बिस्तारै प्वाँखहरू पलाउन थाले । कलेजमा गएपछि त नजानिँदो गरी मनका पखेटाहरू फट्फटाउन थाले । मन बहकिन थाल्यो । बरालिन थाल्यो मन । कसैलाई थाहा नदिने गरी आँखाहरूले चिहाउन थाले । यो मनले पनि सपनाहरू देख्न सुरु गऱ्यो । मन रम्न थाल्यो सपनाहरूमा । कुनै दृश्यलाई अनवरत हेरिरहूँ गर्न थाल्यो यो मन । कुनै आवाजलाई सुन्न व्यग्र बन्न थाल्यो मन । सङ्गीतको खडेरीयुक्त मनमा पनि भाकाहरू अङ्कुराउन थाले । गीतहरू गुन्गुनाउन थाले कण्ठहरूले । तर न त्यो दृश्यलाई थाहा छ दर्शकका बारेमा, न त त गीतलाई नै थाहा छ गायनका बारेमा ।

म बुवा-आमासँगै केही दिनअगाडि मात्र नर्थ अमेरिका टेकेको थिएँ । बुवाले स्टोरबाट दूध ल्याउन अह्राउनुभयो । म नजिकैको कर्नर स्टोरमा गएँ । स्टोरमा चार/पाँचजना ग्राहक मभन्दा अगाडि थिए । कुनामा रहेको फ्रिजबाट एक प्याकेट दूध लिएर पैसा तिर्न लाइनमा उभिएँ । मेरो पालो आयो । दूधलाई काउन्टरमा राखेँ । काउन्टरमा मेरै उमेरकी एउटी युवती उभिएकी थिइन् । उनको

सुन्दर अनुहारमा मुस्कान पोखेर मेरो स्वागत गरिन् । मैले दूधको पैसा तिरेँ र फेरि एकपटक उनलाई हेरेँ । उनको मुस्कान फेरि पनि पोखियो । त्यो मुस्कानलाई उठाएर बाहिर निस्किएँ ।फेरि पनि उनलाई हेरौँ-हेरौँ लाग्न थाल्यो । उनी र उनको मुस्कानलाई वर्सौंदेखि चिनेजस्तो लाग्यो । केही बहाना निकालेर फेरि मुस्कानको दृश्यपान गर्न जाऊँ जस्तो हुन थाल्यो । घरमा केही सामान किन्नुपर्दा म नै अघि सरेर जान थालेँ । कुनै सामान त्यतिखेर नचाहिने भए पनि किन्न गइहाल्थेँ । म एक किसिमले मद्यपानमा लत बसेको मान्छेजस्तै बनिसकेछु । मेरा आँखा व्याकुल हुन्थे नजरपान गर्न । मन त्यसै छट्पट गर्थ्यो । उस्तै मुस्कान, उस्तै हेराइ म झन्-झन् एकोहोरिन थालेछु । कहिलेकाहीँ उनका ठाउँमा अरू नै बसेका हुन्थे । मन निराश हुन्थ्यो । आँखा त्यसै न्यास्रो मान्थे । खिन्न भएर गह्रुङ्गो पाइला चाल्दै फर्कन्थेँ । मन विरसिलो हुन्थ्यो । राति पनि ढिलोसम्म निद्रा पर्दैनथ्यो । मनमा सिएन टावर र आइफल टावरहरू बन्दै र ढल्दै गर्थे । मेरा दिनहरू कहिले संयोग र कहिले वियोगमा गुज्रँदै थिए । नयाँ ठाउँ, परिवेश र नयाँ परिस्थितिसँग परिचित हुन म प्रयासरत थिएँ । म फेरि मनभरि रहर पालेर स्टोरमा जाँदै थिएँ । ठीक स्टोरको बाहिर उनलाई देखेँ । मेरो मन त्यसै-त्यसै खुसीले रम्न थाल्यो । म छिटो-छिटो पाइला चालेर उनीतिर बढेँ । हामी नजिक-नजिक हुँदै गयौँ । उनीसँग भेट भयो । तर उनीसँग त्यो मुस्कान, चमक, सुन्दरता केही थिएन । मलाई पीर पर्‍यो । उनलाई के विपत्ति आइपर्‍यो होला भन्ने खुल्दुली भयो । उनको दुःखमा सरिक भएर सबै पीडा लिन आतुर भयो मन । यो जीवनको अन्त्य हैन, सुरुवात हो । प्रिय ! पीर नगर भन्नलाई थर्थराउन थाले कण्ठहरू । पूर्णिमाको जूनमा बादल लागेजस्तै भएकी थिइन् । उनी बिनाशब्द स्टोरभित्र छिरिन् । मलाई झन् पीर पर्‍यो । म पनि उनको अव्यक्त पीडाले पीडित थिएँ । सुस्तरी पाइला चाल्दै भित्र गएँ । अनि मात्र बल्ल थाहा भयो । त्यो पोखिएको मुस्कान, चमक र सुन्दरता हराएको रहश्य । त्यो बिक्री काउन्टरमा बस्दा मात्र पोखिँदोरहेछ उनको मुस्कान । त्यहाँ बसेपछि मात्र यत्रतत्र भएर छरिदोरहेछ सुन्दरता र चमक । उनले त जागिर खाएकी रहिछ । त्यसलाई कस्टोमर सर्भिस भन्दारहेछन् ।

●

# नयाँ युगको सुरुवात



कविता

● **दीपा राई पुन**
बोस्टन, अमेरिका

आजभोलि अक्षरहरू
रात-रातभर जागाराम बसेर
ब्रान्डीको चुस्कीमा
वार्ता गर्छ
निर्णयमा पुग्छ
र सखारै
नयाँ युगलाई
पोल-पोलमा झुण्ड्याएर
पत्रिकाहरूमा भाइरल बनाउँछ ।

समाज परिवर्तनलाई
क्रान्ति गर्नेहरू
अहिले आफैसँग क्रान्ति गर्न
सकिरहेका छैनन्
युद्धमा होमिएर
असरल्ल जीवन भोग्नेहरू
जीवनलाई एउटा आकार दिन
सकिरहेका छैनन् ।

तर हरेक दिन अक्षरहरू
नयाँ-नयाँ योजना बनाउँछ
फेरबदल गर्छ
झ्याली पिटी-पिटी हल्ला गर्छ
एक चुट्कीमा रेलवे बनिन्छ
पानी, बिजुली, ग्याँस
घर-घरमा पुग्छ
विडम्वना !
देशकै लागि केही गरूँ भन्नेहरूको
हातमुखसम्म जोडिन् हम्मे-हम्मे पर्छ

केवल अक्षरहरूले बनेको मेरो देश
कहिले सिङ्गापुर बन्छ
कहिले स्विट्जरल्यान्ड
आफू आफै हुन नपाएर छटपटिँदा
हिमालको उज्यालो मुहार
पत्रेचट्टान बनेको कसले देख्ने ?
पढेर देशको सेवा गर्छु भन्नेहरूको पाइला
पलायन किन भयो कसले बुझ्ने ?
मौन जुलुसहरू मनमा नै साँधेर
जिन्दगीभरि
थोरै जिउनु सजिलो होस् भनेर
पर्खी बाँच्नेहरूको कथा कसले लेख्ने ?

ए अक्षरहरू !
कहिलेकाहीँ त आफूलाई फर्केर हेर
गुडन नजानी उड्न खोज्नेहरू
तिमीहरू चल्न-बोल्न थालेपछि
सबै-सबै मान्छेको काम
तिमीहरूले नै गर्न थालेपछि
मान्छेहरू कुजा भएका छन्
विकास अल्मलिएको छ
यस्तो बेलामा
अक्षरहरू पोलमा झुण्डिएर
आफै आत्महत्या नगरे त
कसरी नयाँ युगको सुरुवात हुन्छ !

●

# चार मुक्तकहरू



मुक्तक

● **मोहनराज खनाल**
याङ्गुन, स्यान्मा

१
व्यथा सबैको घर-घर पुगेको हुन्छ
अनि सबैको मन-मन चुमेको हुन्छ
हृदयाघात आघातका दिनचर्याभित्र
कथा सबैको घर-घर लुकेको हुन्छ ।

२
कहिल्यै नमर्ने आत्म-कथा छ यहाँ
विचार बदल्ने आत्म-कथा छ यहाँ
सारथिबिना दगुर्दै छ मनको रथ
कहिल्यै नडग्ने आत्म-कथा छ यहाँ ।

३
मान्छे हुनुको कथा अझ कठिन
अझै सुध्रने नशा अझ कठिन
विचारको बडवानल अघोर हुँदै
मान्छे हुनुको व्यथा अझ कठिन ।

४
मुटु बाँड्न सजिलो छैन विश्वास धारामा
अझै हाँस्न सजिलो छैन विश्वास पाखामा
अचम्म छ हृदयरोग महामारी झस्टेझैँ
मुटु साट्न सजिलो छैन विश्वास पाटामा ।

●

# बा-आमा र सपनाहरू



कविता

● डा. केशव शर्मा

अध्यक्ष, अनेसास, ब्रिसबेन च्याप्टर

एउटा सपना बा र आमाले देखेका थिए
गाउँघरतिर
ओकाली-ओराली गर्दै
वनपात र मेला भर्दै
आँगनमा टुकुटुकु हिँड्न थालेदेखिन एक्लो छोरो
छोरो धेरै पढोस्-लेखोस्
ठूलो र राम्रो मान्छे बनोस्
र बुढेसकालमा
बनोस्
बा-आमाको भरोसाको दरिलो टेको
र सहाराको एउटा बलियो लौरो ।

बा र आमाको यही सपनाको डोरीले छोरोलाई
गाउँबाट सहर पुऱ्यायो
र यही सहरमा
छोरो बगिरह्यो, निरन्तर बगिरह्यो
बा-आमाका सपनाका नदीहरूमा
झेल्दै अभावका अनगिन्ती छालहरू
र छिचोल्दै विवशताका असङ्ख्य गल्छेडाहरू
बा-आमाका सपनाहरूको फेर समाउँदै बगिरहँदा
उसले पनि बिस्तारै बुन्यो आफ्ना सपनाहरू
सजायो आफ्ना सपनाहरू

बा-आमाका सपनाहरूको ठूलो क्यानभासको एउटा कुनामा
र टेको लगायो बा-आमाकै सपनाहरूको झाङमा
आफ्ना सपनाहरूको ।
सपनाहरू एकोहोरो बुन्दै गर्दा
उसले पत्तै पाएन
सपनाहरूबीचको विरोधाभाषको
सपनाहरूकै बीचमा दन्किएको अराजक द्वन्द्वको
र विपरीत दिशामा उन्मुख
उसका र बा-आमाका सपनाहरूको गन्तव्यको
बा-आमाले मलजल गरी हुर्काएको सपनाहरूको बगैँचामा
आफ्ना सपनाहरू फुलाउन
अब उसले बा-आमाका सपनाहरू निमोठ्नुपर्ने भयो
र उसले यसै गऱ्यो
अथवा भनौँ उसका सपनाहरूले यसै गर्न लगाए ।
बा-आमाका सपनाहरूको फेर समातेर कुनै दिन
गाउँबाट सहर पसेको ऊ
तिनै सपनाहरू अलपत्र छाडेर बा-आमाका चिसा आँखाहरूमा
आफ्ना सपनाहरू भर्खरै किनेको नयाँ सुटकेसमा खाँदेर
ऊ देश छोडेर परदेश उड्यो
बेवारिस उसका बा-आमाका सपनाहरू
गाउँमाथिको अग्लो थुम्कोबाट
ऊ गएको दिशामा निरन्तर हेरिरहे
टोलाएर हेरिरहे
थोरै आशामा र धेरै निराशामा ।
समयको अर्को कालखण्डमा
उनीहरू पनि बा-आमा बने
र हरेक बा-आमाको जस्तै
भर्खरै बामे सर्दै गरेको आफ्नो छोरा
र तोतेबोली बोल्दै गरेकी छोरीका आँखामा

केही धुमिल र केही स्पष्ट
आफ्ना धेरै सपनाहरू
एक-एक गरी सजाए
सपना
समृद्धिको
सफलताको
सुखद परिवारको
भाषा, धर्म-संस्कृतिको
परम्पराको
सभ्यताको
रीतिरिवाज र चालचलनको
छोरा र छोरी हिँडिरहे बा र आमाले बिछ्याएका सपनाका गोरेटोहरूमा ।

समयले फेरि कोल्टे फेर्‍यो
र समयसँगै
जब यिनका आफ्ना सपनाहरू
बा-आमाले सजाएका सपनाहरूसँग लड्न-भिड्न थाले
छेक्न थाले यिनले एकअर्काको बाटो
र चिथोर्न थाले एकअर्कालाई ।

सपनाको यो अन्तर्द्वन्द्वमा
एकपल्ट फेरि निमोठिए बा-आमाका सपनाहरू
उसका सपनाहरूले पनि त्यही नियति भोगे
जुन उसका बा-आमाका सपनाले धेरै वर्षअघि भोगेका थिए ।

सपनाहरूको नियतिको निरन्तर चलेको यो क्रमसँगै
क्रम भङ्गताको झिनो आशा
आँखामा सजाएर बा-आमाहरू
छोराछोरीको प्रत्यागमनको पर्खाइमा
उनीहरू फर्कने बाटो कुरेर
अझै बसिरहेछन्
बसिरहनेछन् ।

# साथी



कविता

● **खगेन्द्र थापा**
कोषाध्यक्ष, अनेसास डि.सी. च्याप्टर

साथी कति-कति
भएनन् अहिलेसम्म पुग्नेजति
हुँदा पनि कहिले नपुग्ने, जहाँ गयो त्यहीँ बनाउनुपर्ने
नहुँदा पनि छोड्दै-छोड्दै जानुपर्ने ।
साथी कस्तो-कस्तो !
आजसम्म पाइनँ मैले सोचेजस्तो
नहुन सके म अरूले खोजेजस्तो ।
स्कुलको साथी कलेज जाँदा छोडियो/छोडिए
कलेजको साथी खाएपछि टाढिए
यी सबै साथी अमेरिका आएपछि हराए ।
न मैले समय दिन सकेँ, न उनीहरूले
न एकदिन/दुईदिन गर्दागर्दै वर्षौं बिते
झझल्कोले
साथी खै कस्तो-कस्तो
नबिर्से पनि, नसम्झेजस्तो ।
सोच्दै नसोचेको पनि साथी भइदियो
मनमस्तिष्कमा बसेको, सँगै गुच्चा खेलेको साथी पराई भइदियो ।
साथी कस्तो-कस्तो !
कहिल्यै बुझ्न नसकेजस्तो ।
गर्न नसकिने कामलाई सकिन्छ भनेर हौसला दिने भेटिए

सफलतापूर्वक खुड्किलो, चढ्दै जाँदा, पछाडिबाट खुट्टा तानेर
धड्कनभन्दा प्यारो पनि साथी भेटियो
यही धड्कन बन्द गर्न खोज्ने पनि साथी पाइयो ।
साथी कस्तो-कस्तो !
चिन्न सकिनँ ऊ कस्तो-कस्तो !
ह्विस्की किन्दै जाँदा साथी थपिँदै गए
म बिरामी भएँ ह्विस्की बन्द भयो
साथी पनि घट्दै गए ।

खै साथी कस्तो-कस्तो !
नपाएपछि पराईजस्तो ।

अचानक म एकदिन अस्पतालमा भर्ना भएँ
मर्न अत्तालिएको थियो, श्रीमती डराएकी थिइन्
तर ह्विस्कीमा चुस्की मिलाउने
एकजना पनि आएका थिएनन्
बेकार रहेछ किनेकाको आश गर्नु
धिक्कार त्यस्ताको साथी हुनु

साथी खै कस्तो-कस्तो !
हुँदा पनि नभएजस्तो ।

डाक्टर, इन्जिनियर बनेर जापान, अमेरिका पलायन भई
गाउँको बाटो भुल्ने नि मेरो साथी
गाउँमै हलोकोदालोसँग खुसी हुने नि मेरै साथी
कोही रातदिन पसिना बगाउने मरुभूमिमाथि
कर्तव्य नभुलिदेऊ जता-जहाँ भए पनि मातृभूमिमाथि ।

खै कस्तो-कस्तो साथी !
सबैभन्दा असल त मेरै जीवनसाथी ।

●

# मेरी आमा, कुकुर र नेता



निबन्ध

● **सर्वज्ञ वाग्ले**
अध्यक्ष, अनेसास क्यालिफोर्निया च्याप्टर

मेरो जन्म तनहुँ जिल्लाको क्यामिन गाविसको नौरङ्गा भन्ने ठाउँ हो ! हाल म धेरै ठूलो मान्छे ! मलाई हाँस्न मन लाग्छ, हाँस्न सक्दिनँ, मन खोलेर बोल्न मन लाग्छ, बोल्न पनि सक्दिनँ-सक्दिनँ । म धेरै ठूलो दुःख काटेर समाजमा, देशाँ ठूलो मानिस भएकोमा मलाई खुसीको आँसु निकाल्न मन लाग्छ तर म त्यसो गर्न पनि सक्दिनँ ।

मैले काठमाडौँमा घर बनाएको पनि धेरै वर्ष भैसक्यो । त्यसैले मलाई पटक्कै बाहिरको भन्न मनै लाग्दैन । त्यति मात्रै हो र ? मेरो आफन्त आउँदा पनि मलाई मात्रै होइन, मेरो परिवारलाई नै झन्झट लाग्छ । किनभने मेरा परिवार र गाउँले नातापाताहरूको त स्ट्यान्डर्ड नै मिल्दैन । हिजोआज मेरो परिवार र मैले भातलाई भुजा भन्छौँ । गाउँले पाखेहरू भात पो भन्छन् । हामी आइस्यो भन्छौ । उनीहरू आउनुस् भन्छन् । हामीहरू भोटेकुकुरको बेलायती नाम दिएर आइस्यो टोनी भन्छौँ । लाज नभएका गाउँले तँ च्यै काल च्यै भन्छन् । कस्ता पाखे, त्यसमा पनि मेरो आफ्नै आमा, जन्म दिने आमा आउँदा त टेन्सनै हुन्छ । न त लगाउनै आउँछ, न त खानै, मैले त मेरा धेरै साथीहरूसँग सि इज माइ सर्भेन्ट भनेको छु ! लुजा जे-जे पर्ला-पर्ला ? परेको टर्ला ।

फेरि मेरी श्रीमतीतिरको नातापाता आए भने मलाई असाध्यै चाख लाग्छ । किनभने उनीहरूलाई सबै बजारिया सिस्टम थाहा छ । मलाई पनि उनीहरूले नै यसरी पाइन्टबाट साडीमा मोडेर मोडेल नै बनाइदिए । आज म जे छु, ससुरालीकै आशीर्वादले छु । म भोलि जे हुन्छु, ससुरालीकै आशीर्वादले हुन्छु । पर्सि मेरा सन्तान जे हुन्छन्, ससुरालीकै आशीर्वादले हुन्छन् ।

अचानक मेरी आमालाई बिसञ्चो भएर घरमा ल्याए के गर्ने भन्ने मलाई त टेन्सनै भयो । फेरि पाखेहरू आमाको निहुँ पारेर भेट्न र हेर्ने निहुमा आउन थाले । त्यसैले मैले आमालाई दिसापिसाब बन्दकोठामै कठोरै भए नि बस भन्दै उनको ढोका बन्द गरेँ । तर मेरो कुकुर टोनीलाई भने बिहान-बेलुका म आफैले डुलाउँथेँ र घुमाउँथेँ पनि । ज्याङ्गो भोटेकुकुरलाई बल्ल-बल्ल निकाल्दा मलाई गर्व लाग्थ्यो तर, बिरामी आमा बाहिर निस्किन् भने हप्काएर भित्रै राख्थ्यौँ । 'लाज नभएकी बूढी ! त्यस्तो पहिरनमा डुङ्ग-डुङ्ग गना'र के ब'ना हुलिया हँ ?'

एकपटक के भयो-भयो ! अचम्मै भयो, लाजले म त भुतुक्कै भएँ । मैले छ्याक छोडेको दस/बाह्र दिन भयो, मलाई त खाना खान बस्यो घुँक्क-घुँक्क हुने, पटक्कै खानै रुचेन, हाम्रो घरको परिवारलाई पनि सम्झाउन खोज्छु ! आफैलाई थाम्न सकिनँ । हामी सबै समवेदनामा थियौँ, दुःखको कुरा त कसैले पनि हामीलाई समवेदना दिएनन् तर आज अचानक रुनैपर्ने दिन आयो । आँसु निकाल्न खोज्छु पटक्कै आउँदैन ! आउँदै-आउँदैन । ज्यान छोडेर डाँको छोडेर रुन खोज्छु, सबैलाई सङ्केत गरें आज रूनैपर्छ भने तर कसैको आँखाबाट आँसु झरेन, झर्दै-झरेन । त्यो जाबो कुकुर मर्दा दस/बाह्र दिन कसैले खाना खाएनन् । आफ्नो पनि पटक्कै मन मानेन । आज मलाई जन्म दिने आमा मर्दा रुन पर्ने भयो र रून खोजे आँसु आउँदैन लड्न खोज्दा पनि शरीरले साथ दिएन । छ्याक छोड्न पर्ने बाध्यता भयो, झन् भोक लाग्छ बा ! के भयो मलाई ? आमाभन्दा पनि कुकुर मर्दा झन्-झन् मन बुझाउन सकिनँ, कसैले त थाहा पाएन हँ ?

हुन त आफूलाई भगवान् मान्दाझैँ मान्ने कयौँ साथीहरू मर्दा त लिडर महाशयलाई चिन्ता हुँदैन । बरु निर्जीव कुर्चीको चिन्ता हुन्छ । त्यत्रो कयौँ पुस्तकको लगानी र लाखौँ साथीहरूको त्याग र बलिदानले ल्याएको प्रजातन्त्रको त चिन्ता हुँदैन । राष्ट, राष्ट्रियता र जनताको त चिन्ता हुँदैन । आफूलाई भात खुवाएर पाल्ने साथी मर्दा नरुने नेता, आफ्नो एउटै थालाँ दिनरात साथ दिएका साथीहरूले घर छोडेर भौँतारिँदै हिँड्दा त चिन्ता हुँदैन । विश्वमा प्रजातन्त्रको लहर चलेको बेला भन्दैमा आफ्ना स्वार्थका लागि देश, जनता र संसारको अगाडि लाजै नमानी ताज पहिरिदिने मुलुकाँ । आफै कुर्ची समातिरहनुपर्ने मुलुकाँ जुलुस निकाल्न केको आइतबार ? मुलुक अगाडि बढोस् या खाल्टौ जाकियोस अथवा छिमेककै हालिमुहाली, जता-जता अड्कन्छ फाली, त्यतै हलो र गोरुको काली कुनै

समकक्षी खेमाँ अट्काइदिन्छु हलो रूख, ठुटो, बुटो, ज़रा जे-जे भेटिन्छ, त्यहीमा । यो हाम्रो राजनीतिको चलन चलाउन हाम्रा पोलिटिक पण्डित आफू पनि सुधार त नहुने र गर्नेको पनि विश्वास नगर्ने महाशयको अगाडि मलाई केको लाज ? मेरो मोह त आफैले पालेको कुकुरको पो, त्यो जन्म दिने आमा, हुर्काउने आमा भनेको त के हो र ? ए बल्ल कुरोको चुरो मैले बुझैं, आमाले मलाई पालेकाले माया गरेकी रहिछन् । जनता र कार्यकर्ताले नेतालाई पालेकाले माया गरेका रहेछन् । मैले कुकुर पालेकाले माया गरेको रहेछु हैन त हजुर ?

●

# विचरा मेरा बा !



कविता

● **यादव देवकोटा**
सदस्य, अनेसास, पोर्चुगल च्याप्टर

हलोमा बा - बलोमा बा
खलोमा बा - थलोमा बा
हिलोमा बा - किलोमा बा
नाम्लामा बा - दाम्लामा बा
भारीमा बा - बारीमा बा
खन्तीमा बा - जन्तीमा बा
कलमीमा बा - मलामीमा बा
उकालीमा बा - ओरालीमा बा
जन्तीमा बा - खान्तीमा बा

देउरालीमा बा - चौतारीमा बा
हल्लामा बा - सल्लामा बा
गोठमा बा - मोठमा बा
कुलोमा बा - धुलोमा बा
मेलामा बा - हेलामा बा
रूखमा बा - दुःखमा बा
छानामा बा - तानामा बा
हाँसोमा बा - आँसुमा बा
घाँसमा बा - त्रासमा बा

बिचरा मेरा बा !

●

## गजल



● **सरोज भण्डारी 'सर्वहारा'**
महासचिव, अनेसास, कोरिया च्याप्टर

तारा खसाएजस्तो क्या तामझाम हुन्छ,
छेपारोको कहानी सम्झाउने काम हुन्छ।

केही विशाल कारण चाहिन्न दुख्न यो मन,
तँ भन्नेले तपाईंभन्दा तमाम हुन्छ ।

जसले म मौन बस्दा कायर भनेर सोच्यो,
केही बोले म उसको मस्तिष्क जाम हुन्छ।

यौटै छ प्रश्न जसको उत्तर खोजिरहेछु,
कर्तव्यको कसीझैँ केको लगाम हुन्छ ।

यही बाध्यताले मुग्लान पस्ने हो 'सर्वहारा',
पाइन्न मूल्य देशमा पसिना लिलाम हुन्छ।

## गजल



● **गणेश घिमिरे**
महासचिव, अनेसास, केन्द्रीय कार्य समिति

बुझ्दिनँ म रहर कति, शृङ्गार कति हो ?
तिमीले लिने, मैले पाउने प्यार कति हो ?

पाइलैपिच्छे यो समाज निगरानी राख्छ,
बोल ए समय ! छिचोल्नु पर्ने दिवार कति हो ?

तिमीले खोज्ने हरप्रश्नका जवाफ पाउनेछ्यौ,
भन पगली नबुझेको संसार कति हो ?

हल्ला त ठूलै चल्छ तरबार र कलमको,
बुझे पुग्छ मात्रै कसको सार कति हो ?

स्वार्थ हेरी नागरिकको वर्गीकरण गर्छ,
थाहा छैन दलाल कति, सरकार कति हो ?

# गोविन्दको पक्षमा



कविता

● लालगोपाल सुवेदी
सचिव, अनेसास, केन्द्रीय कार्य समिति

फोटो देख्छु सजीव एक नरको हो झैँ कि अब्राहम
रेखा तीन निधारको फलकमा देख्दै छु प्रस्टै जहाँ
लाम्चो त्यो मुहुडा, विषाद गहिरो, गाला त पाखैसरि
फुस्रा ओठहरू जहाँ नयन छन्, ती जूनतारासरि ।१।

सादा निर्मल एकजोर कपडा मात्रै हुने मानिस
थोत्रा चप्पलमा सधैँ सडकमा हिँड्ने त्यही मानिस
भोकोपेट बसी सयौँ दिन कठै खोल्दै छ हाम्रो बह
बज्रैझैँ दृढ भै विचार बलले गर्दै छ सत्याग्रह ।२।

योगी जीवन बाँच्छ जो तर बिहे गर्दैन आजीवन
देख्दै स्वप्न सयौँ तले महलको साँच्दैन केही धन
बाँड्दै औषधि प्रेमले विकलका झुप्रा कटेरातिर
सिंगो जीवन अर्पियो मन दिई यै देशको खातिर ।३।

भ्रष्टाचारविरुद्ध कत्ति नडगी चट्टानझैँ उभिने
गान्धीवाद जगाउने जगतको अन्ना हजारे हुने
द्यौतैतुल्य रहेछ सत्यपथमा गोविन्द के.सी. भनी
श्रद्धाले शिर नै नुहाउन जुटे निष्ठा पुजारी पनि ।४।

ती मुट्ठीभरका जुकासरहका नेता करोडौँपति
मर्छन् खान नपाउँदा कति जहाँ नेपालका सन्तति
झुल्केला अब रामराज्य कहिले यो देशमा लौ हरे ?
हाम्रो इज्जत हुन्न विश्वभरमै गोविन्द के.सी. मरे ।५।

●

# नारी



कविता

● नमराज लामिछाने
अध्यक्ष, अनेसास, साउदी च्याप्टर

नारी हुन् धरणी अमुल्य गहना सौन्दर्यकी आँचल
चोखो स्वच्छ विवेकपूर्ण रसकी हुन् शुद्ध गंगाजल
नारी दिव्य विशालता हृदयकी मातृत्वमा पूजित
प्यारा सुन्दर प्रेमभाव मनमा सौभाग्यले पुष्पित ।१।

नारी रूप अनेक छन् भुवनमा सीता जसै द्रौपदी
कैकेयी अनि उर्वशी र यमुना कुन्ती तथा देवकी
गान्धारी र शकुन्तला पनि जसै नारी थिए सृष्टिमा
खै के खै कलिभित्र आधुनिकता क्रीडा लुके दृष्टिमा ।२।

नारी दिव्य लता मनोहर छटा सम्मानका फूल हुन्
नारी जीवनको उषा किरणको प्रारम्भको मूल हुन्
हाम्रो वंश-परम्परा सिलसिला विश्वासमा चल्दछन्
नारीभाव अभाव त्यो हुन गए आक्रोशमा बल्दछन् ।३।

आमा पूजित भाउजू र बहिनी पत्नी दिदी सादर
नारी बिम्ब र भाव हुन् कुसुमका श्रद्धेयका आदर
नारीका अधिकारका दिनदिनै गर्छन् कुरा गन्थन
हिंसा शोषण कष्ट अन्त नभए हट्दैन यो चिन्तन ।४।

छन् नारी नरमा समान ममता आशा-भरोसा पनि
फूलोस् जीवन उच्च दिव्य पथमा विश्वास गाढा बनि
नारी देश-विदेश आज भरमा सामर्थ्यमा लम्कने
नारीका प्रतिभा र कौशलसँगै विज्ञान झन् चम्कने ।५।

●

# बिदाइ



कविता

● भविन लिम्बू
अध्यक्ष, अनेसास, हङकङ च्याप्टर

साँच्चीकै बिदाइ पीडादायी हुन्छ
चाहे जस्तोसुकै होस्
टाढाको दूरीमा छुट्टिनेछ बिदाइ
नजिकको विरानो बिदाइले
बिदाइ पीडादायी हुन्छ
आभास अनुभूतिको बेग्लै हुन्छ
कता-कता केही कोही छुटेजस्तो महसुस हुन्छ
यो आभास नभइदिए
बिदाइ किन हुन्थ्यो र पीडादायी ?
आखिर एउटा अञ्जान मुटुको आभास
अर्को अञ्जान मुटुलाई किन पो हुन्छ ?
हो, यी सबै प्रश्नहरूको उत्तर छैनन् दुनियाँमा
त्यसैले त प्रश्नहरूको पीडाझैँ
विछोडको पीडा दुःखद हुन्छ
कसै गरे नि भुल्न नसकिने
जसै जीवन पो चालिन्छ यहाँ
त्यसैले,
त्यसैले लाग्छ, साँच्चै बिदाइ पीडादायी हुन्छ
आँसुका मुहानहरू फुट्छन्
मुटुमा ज्वारभाटाहरू चल्दछन् अनायासै
यदाकदा मनमस्तिष्कमा
पारि गाउँ र क्षितिजमा डुब्ने घाम हेर्दै
टोलाई बाटो हेरी रुन पो मन लाग्छ
त्यसैले पीडा र आँसुको सम्मिश्रण हो बिदाइ
तर,
तर आफ्नै मनलाई एकपटक सोध
आफ्नै एउटा निष्कर्ष निकालेँ
बिदाइ किन पीडादायी हुन्छ ?
साँच्चीकै रोदनको सम्मिश्रण मात्र हुन्छ।
तर मलाई दिलको एक कुनाले बोल्यो
बिदाइ मीठो हुन्छ
एक मनले सोचेँ
फरक धारले सोचेँ
अझ बर्फिली हुन्छ।

●

## गजल



● **प्रकाश सापकोटा**
अध्यक्ष, अनेसास डेनमार्क च्याप्टर

यो खबर सिधै आमाको कानमा कसले पुऱ्यायो,
झुक्याई उसलाई भेडाको बथानमा कसले पुऱ्यायो।

खुसी बेसाउन भनी घरै धितो राखेको हो उसले,
कठै ! बबुरालाई आँसुको मुहानमा कसले पुऱ्यायो।

ल्याप्चे लाएको त फूल गोड्ने मालीको सम्झौतामा,
घोक्र्याई बालुवै-बालुवाको चिहानमा कसले पुऱ्यायो।

सहरको झिलिमिली र हरियो मुद्राको आशा देखाई,
सुख्खा, फगत सुख्खा रेगिस्तानमा कसले पुऱ्यायो।

तेरो बाउले त उतै घरजम गऱ्यो भन्दिएछ कसैले,
हल्ला अनर्गल पीडितकै सन्तानमा कसले पुऱ्यायो।

सयौं थुँगामध्येको ऊ पनि त एउटा फूल थियो,
टपक्कै टिपी त्यो फूल रछ्यानमा कसले पुऱ्यायो।

## गजल



● **राजेश तुफान कार्की**
महासचिव, अनेसास डेनमार्क च्याप्टर

तिमीलाई मेरा सबै कुरा ठूलो लाग्न सक्छ,
जस्तो मूर्खलाई बाकै हात लुलो लाग्न सक्छ।

मेरो शिरमाथि बस्नुपूर्व यति सोच्नु पर्थ्यो,
लडियो भने पक्कै भुइँमा धुलो लाग्न सक्छ।

तिम्रो खेतमा महल छ उम्रिँदैनन् केही,
म त अझै बाँझै छु सजिलै कुलो लाग्न सक्छ।

पार्टीका झण्डा बोकी हिँड्ने भरौटेहरूलाई,
देशकै झण्डा हेर लौ आज तुलो लाग्न सक्छ।

तिम्रो इसारामा म कहिले नाचिनँ त्यसैले,
यी कागको बीचमा म बकुल्लो लाग्न सक्छ।

मेरो मनमा अगुल्टोले झोस्ने निष्ठुरीलाई,
म नै जलेको चिता पनि चुलो लाग्न सक्छ !

# निर्झरिणी



कविता

● **नदिया**
न्युयोर्क, अमेरिका

झर्झर झर्झर
झरिरहने आफ्नै वेगमा
सफेद वस्त्रले ढाकिएकी
मनोरम पवनले छोए जस्ती
सूर्यको किरणले चुम्दा
इन्द्रेणी परिदृश्य
सप्तरङ्गी भावभङ्गिमा
दृश्य-अदृश्य कन्दराहरू छिचोल्दै हिँडेकी
बेदाग कञ्चन तिम्रो वदन
ऊर्धवदृष्टिमा जब पर्छौ तिमी
अनौठो तृष्णा उत्पन्न भैदिन्छ कताकता
एक्लो शान्त
आफ्नै बहाव-बहावको तरङ्ग
साना-ठूला चट्टानहरू छिचोल्दै
मधुर तिम्रो सा रे ग म प ध नि सा
आहा ! अर्को दुनियाँ पनि छ र ?

तातो हावा बहने याम
कहीँ कतैबाट झर्दै गरेको
हावाको झोँकामा तिम्रो खुस्बु
बतासले कहीँ कतै उडाइल्याएको
चिसो-चिसो स्पर्शको सामु
तिमीमै समाहित भई
घुँडा टेक्न पुग्छु
अनि एकतमास अवर्णनीय
तिम्रो लावण्यमा समर्पित हुन्छ मन ।

सामर्थ्य राखूँ कसरी
तिम्रो सौन्दर्यको वर्णन गर्ने ?
दिन र रातको हर प्रहरमा
मनमोहक तिम्रा चालहरू
सुसेलीहरूको उत्पन्न झङ्कारहरूले
वारिपारिका पखेराहरू मन्त्रमुग्ध भई
तिम्रो गुञ्जनलाई परावर्तित गराइदिन्छ ।

वनकुञ्जमा कोइलीले
तिम्रै सुसेलीमा सुर-ताल मिलाएको
वसन्तको हरियाली र पात-पतिङ्गर
तिमीलाई देखेर खिलखिलाएको
खोला किनार, गैह्रीखेत निस्किएकाहरू
तिमीलाई छोएर आफ्नो प्यास मेटिरहेका
कोही मायालु भने

तिमीलाई साक्षी राखी परदेसिएका
ओहो ! तिमीसँगको सामीप्य ।

हर कोही तिम्रो सफेद रूपमा मग्न भएझैँ
म पनि कहाँ अछूत रहन सक्छु र ?
तिमीलाई अञ्जुलीमा हेर्दै
धित मरुन्जेल पिउने यो मन
तिमीलाई हरघडी अँगाली
खेलिरहन मन पराउने यो मन
हृदयको भित्रपट्टि लुकाएँ तिम्रो मोहनी
ओ प्रिय ! निर्झरिणी !

●

# जीवनको भोगाइ



कविता

● इशा शर्मा कोइराला
सचिव, अनेसास क्विन्सल्यान्ड च्याप्टर, अस्ट्रेलिया

म मुढो भएँ कि पत्थर भएँ
लाग्छ, जीवनको भोगाइले म त मत्थर भएँ
म मुढो भएँ कि पत्थर भएँ
लाग्छ, जीवनको भोगाइले म त मत्थर भएँ ।

न कुनै खुसियालीले धेरै झन्काउँछ
न कुनै दुःखी समाचारले बेस्सरी हल्लाउँछ
न त कुनै ईर्ष्या/द्वेषले तड्पाउँछ
न त कुनै रीसरागले रन्काउँछ ।

केही हुँदा वा सुन्दा
बस्, 'ए !' वा 'ए........!' को महसुसता
बाँकी सबै जीवनको शाश्वत सत्यता

सूर्य र पृथ्वीको परिक्रममा
आउने दिन र रातझैँ
जीवनको चक्रमा
दुःख र सुख त आइरहन्छन् गैइरहन्छन् ।

छुट्याई सही-गलत, त्यागी वैरभाव
नगरी परपीडा गरी परोपकार
पाइन्छ जीवनमा तृप्ति र आनन्द
ल्याउँछ भोगाइमा यसैले परमानन्द ।

●

# कर्मचारीपत्नीको जिज्ञासा



निबन्ध

● **सुस्मिता सुवेदी पौडेल**
भरतपुर-२०, चितवन

अरूसँग परिचय दिनुपर्दा आफ्नै नामले परिचय दिन्थे। कर्मचारीकी पत्नी हुँ भनेर अरूलाई चिनाउन आवश्यक विषय थिएन र त्यसो गर्न मन लाग्दैनथ्यो पनि। केटाकेटीहरूसँगै मैले पनि उहाँलाई बाबा नै भनेर सम्बोधन गर्थें। शुक्रबारको दिन थियो। बिहान बूढा चाँडै अफिस जानु छ भनेर निस्कनुभयो। नयाँ शैक्षिक सत्र सुरु भैसकेको हुनाले केटाकेटीहरूलाई उठाई पढ्न बसाएर म भान्छाको काममा लागेँ। खाना पकाउँदै गर्दा ग्याँस सकियो। भुइँचालो गएको ताका किनेको इन्डक्सन चुलो चालु अवस्थामै भएकोले ग्याँस लिन कुदिहाल्नु परेन। प्रायःजसो अफिस निस्कने बेलामा मिलेसम्म बाबाले बच्चाहरूलाई पनि स्कुलसम्म पुऱ्याइदिने हुनाले मलाई काममा सहज महसुस हुन्थ्यो। तर कहिलेकाहीँ उहाँ छिटो अफिस गएको बेला भने आफै बच्चाहरू पुऱ्याउन जानुपरिहाल्थ्यो। नयाँ कक्षामा प्रवेश गरेसँगै केटाकेटीहरू स्कुल जान निकै उत्साहित भएको अवस्था थियो। खाना खुवाएर बच्चाहरूलाई स्कुल पुऱ्याउन गएँ। फर्किएर कोठाको सरसफाइ र काम गर्दागर्दै पल्लो कोठाकी दिदी आउनुभयो, एकछिन गफगाफ गरियो। त्यसपछि बच्चाहरू लिन जानुपर्ने बेला भयो। शुक्रबार हुनाले अरू दिनको भन्दा अलिक छिटो बच्चाहरूलाई लिन जानुपर्ने थियो। क्लास टेस्टमा राम्रो गरेँ मामु भनेर दुवैले सुनाउँदा मनमा खुसी र आनन्द लाग्यो। नानी कक्षा ६ मा पढ्छिन् भने बाबु कक्षा १ मा पढ्छ। स्कुलबाट फर्कदै गर्दा बाबुको कपाल लामो भएको हुनाले बाबुको कपाल काटेर ल्याएँ, दुवैजनालाई नुहाइदिएँ। भोलिपल्ट शनिबार हुनाले केटाकेटीहरूले घुम्न जाने प्रस्ताव राखे। भ्याली बाहिर घुम्न जाने विषय भने उनीहरूको बाबाको छुट्टीमा निर्भर

हुने गर्दथ्यो । त्यसैले शनिबारको दिन पारेर नजिकको ठाँउतिर घुम्न जाने सल्लाह भयो केटाकेटीसँग ।

साँझ परिसकेको थियो । अन्य दिनभन्दा शुक्रबार अफिस छिटो छुट्टी हुने हो तर उहाँ साविकभन्दा पनि ढिलो अफिसबाट फर्कनुभयो । झोलामा अफिसका कागजपत्र बोकेर आउनुभएको रहेछ । 'अफिसमा काम गर्दागर्दै भ्याइएन बूढी, यो काम हाकिम साहबले जरुरी र चाँडो गर्नुपर्ने भन्नुभएकोले घरमै लिएर आएँ' उहाँको उत्तर थियो । चिया र खाजा बनाएर खुवाएँ । केटाकेटीको क्लास टेस्ट के-कस्तो भयो भन्ने उहाँलाई कुनै जिज्ञासा थिएन । बच्चाहरूले भोलिपल्ट शनिबार घुम्न लगिदिनु भनेका छन् भन्ने पनि जानकारी गराएँ, उहाँले हुन्छ भनी टाउको हल्लाएर सहमति जनाउनुभयो र आफ्नो काममा लाग्नुभयो । बेलुकाको खानापछि बच्चाहरूले गृहकार्य सकाए । त्यसपछि ओछ्यानमा पल्टिएर उनीहरूलाई बालकथा सुनाएँ । कथा सुन्दासुन्दै उनीहरू निदाए । बूढा भने अफिसबाट बोकेर ल्याएको काम गर्दै हुनुहुन्थ्यो । अलिकति काम बाँकी छ भन्दै हुनुहुन्थ्यो, मेरै करले उहाँले भोलिपल्ट बिहानीपख बाँकी काम गर्ने भनेर कागजपत्र बन्द गर्नुभयो । निदाउनुअघि केहीबेर बूढाबूढीले घरायसी गन्थनमन्थन गरियो । केही छिमेकीहरूले अलि राम्रो स्कुल हाल्ने भनेर उनीहरूको बच्चाका लागि स्कुल खोज्दै हिँडेको कुरा सुनाएँ । अलि राम्रो भनिने स्कुलको शुल्क कति रै'छ भनेर उहाँले सोध्नुभयो । 'भर्ना शुल्क २५ हजार र मासिक शुल्क १५ हजारसम्म लाग्ने रै'छ भन्ने सुनेको थिएँ' मेरो जवाफ थियो । उहाँ झसङ्ग हुँदै बोल्नुभयो - 'मेरो तलब कति छ भन्ने थाहा छ नि, तिमीलाई !' मलाई बूढाको तलब लगभग थाहा थियो नै । तर पनि मनमा लागिरहन्थ्यो कि केटाकेटीहरूको स्कुलको स्तर पनि उनीहरूका बाबुआमाको जागिरमा निर्भर हुने दिन आएछन् । विद्यार्थीले आर्जन गर्ने ज्ञानभन्दा पनि उनीहरूले पढेको विद्यालयको नामले बढी महत्त्व राख्न थालेको देख्दा दिक्क लागेर आउँछ । यस्तो परिस्थितिलाई कुनै नीतिगत रूपमा समाधान गर्नमा पहल गरिएन भने भोलिका दिनमा शिक्षा प्रणालीमा नै ठूलो समस्या पर्ने हो कि । कहिलेकाहीँ बढी बोलेर बूढाको दिमाग बेक्कारमै तताएँ भनेर आफैसँग रीस उठ्यो । 'अरूको देखेर फुरफुर परेर हुँदैन है' भनेर सुनाइरहनुहुन्थ्यो बेला-बेलामा । घाँटी हेरी हाड निल्नु भनेजस्तो आफ्नो गच्छेअनुसारको खर्चमा चल्नु नै पर्ने भन्ने बूढाको कुरा ठीक हो । कहिलेकाहीँ साथीहरूको लहैलहैमा लागेर अलिक

बढी खर्च गरिने अवस्था पनि आउँथ्यो । बूढा मात्र सहरमा बस्ने भएमा साथीहरूसँग क्वार्टरमा समूहमै बसे पनि मिल्ने थियो तर छोराछोरीसहित हामी सहरमा बसेका थियौँ, त्यसैले कोठा भाडामा लिनु हाम्रो बाध्यता थियो । बेडरुम र किचन गरी दुईवटा कोठाको दसहजार रूपैयाँ त घरबेटीलाई नै बुझाउनुपर्ने थियो । अब बाँकी सम्पूर्ण खर्च बीस हजारले पुऱ्याउनैपर्ने बाध्यता हामी सामु थियो । बूढाबूढी गफ गर्दै थियौँ, रात ढल्कँदै थियो । चकमन्न रात थियो तर गाँउघरतिर जस्तो सहरमा भ्याउकिरी कराएको आवाज सुनिदैनथ्यो । 'तपाईं जहिले अफिसको कुरा गर्नुहुन्छ, घरका लागि पनि समय दिनु न कहिलेकाहीँ त' मैले जिस्काएँ । 'जे-जति खटिएको छु, सबै तिमीहरूका लागि त हो नि' भन्ने उहाँको तर्क थियो । यत्तिकैमा नानीले खोकी, बिउँझिएकी रहिछ । 'अब केटाकेटीलाई कोठा पुग्ने गरी फ्ल्याट लिएर उनीहरू छुट्टै सुत्ने बानी पनि पार्नुपर्ने हुन्छ कि' मैले भनेँ । 'फ्ल्याटको कति लिन्छन् नि ?' बूढाले मलीन स्वरमा सोध्नुभयो । 'फ्ल्याटको बीसहजार जति भन्छन् होला' मैले जवाफ दिएँ । बूढा जति व्यस्त भएर काममा लागे पनि वास्तवमै खर्च धान्न धौधौ परेको यथार्थता हामी सामु थियो । समय-समयमा फोनमा ममीबुवासँग कुराकानी भने भइरहन्थ्यो । उमेरले बूढाबूढी भएका ममीबुवा गाँउमा ठमठम परेर गाई दुहेर खानसक्ने भएकोले धेरै चिन्ता लिनुपर्ने अवस्था थिएन, हामीलाई ।

बिउँझिँदा शनिबारको बिहान भैसकेको थियो । केटाकेटीहरू ओछ्यानमै थिए । मोबाइलमा गेम खेल्ने भनेर मोबाइल मागे, मेरो मोबाइल दिएँ । खाना खाएपछि 'जु' जाने भनेर केटाकेटी फुर्किएर बसेका थिए । बिहानी चियापछि उहाँ आफ्नै काममा लाग्नुभयो । खानापछि घरको काम सकेर सबैजना तयार भयौँ । ट्याक्सीलाई भनिसकेकी थिएँ । यत्तिकैमा बूढाको मोबाइलमा फोन आयो । फोन हाकिम साहबको रहेछ । 'म एकपटक अफिस पुग्नुपर्ने भयो, तुरुन्तै फर्किहाल्छु' भन्दै बूढा अफिसतिर लागेपछि बच्चाहरूले खल्लो महसुस गरे । तैपनि कुरेर बसियो । एकघण्टा जति पछि फोन आयो, 'तिमीहरू जाँदै गर्नु, मलाई अझै टाइम लाग्ला जस्तो छ ।' बाबा आएपछि सँगै जाने भनेर केटाकेटी निकै बेरसम्म मानेनन् । बल्ल-बल्ल सम्झाएर लिएर गएँ । पसलतिर देखिएका खेल्ने कुराहरू किन्ने रहर केटाकेटीमा हुनु स्वाभाविकै थियो । एक-एकवटा खेलौना किनिदिएँ । घुमिसकेर हामी कोठामा पुग्दा उहाँ टुप्लुक्क आइपुग्नुभयो । यो उहाँको बाध्यता हो भन्ने

मैले बुझेकी थिएँ । हामीसँग हिँड्न-डुल्न त उहाँलाई पनि पक्कै मन थियो । 'बूढी, आज हाकिम साहेबको बच्चाको बर्थ डे रहेछ । हामी सबै कर्मचारीलाई फेमिलीसहित बोलाउनुभएको छ, बच्चाहरू कोठामै खेलेर बस्छन्, तिमी तयार हुनू ।' उहाँको प्रस्तावमा सहमति जनाएँ । घरबाट निस्किएर ट्याक्सी चढी सिधै गिफ्ट पसल गयौँ । दक्षिणा दिँदा यति नै दिनुपर्ने भन्ने कतै लेखिएको छैन क्यारे भनेर खाममा पाँचसय मात्र राखी ठिकै मूल्यको र बच्चालाई मनपर्ने किसिमको खेलौना किनेर बर्थ डे पार्टीमा पुगियो । पार्टी सकिने बित्तिकै छिटो-छिटो खाना खाएर निस्कियौँ । नानीलाई तरकारीबाहेक दालभात पकाउन आउँथ्यो । दालभात पकाइसकेकी रहिछन् । उनीहरूलाई खाना खान दिएर भान्छाको काम सकाएँ । हामीले उतै खाइसकेका थियौँ ।

केटाकेटीहरू समयमै सुते । सामाजिक सञ्जाल हेर्दै थिएँ, सरकारी सम्पतिको दुरूपयोग भन्ने एउटा भिडियो रै'छ । नेट राम्रो नटिपेकोले खुल्न समय लाग्यो । सदुपयोग र दुरूपयोगको अर्थ छुट्याउन त म आफै सक्थेँ तर पनि साह्रै जिज्ञासा लाग्यो र बूढालाई सोधेँ - 'सरकारी सम्पतिको दुरूपयोग भनेको कस्तो किसिमको दुरूपयोग हो ?' बूढाले यसको जवाफ दिन खोजेनन् । सरकारी सम्पतिको दुरूपयोग हुनुहुँदैन, हुने गरेको रहेछ भने पनि रोकिनुपर्छ । तर हामी कहाँ दुरूपयोग भनिदिने मात्र परिपाटी देखिन्छ, सुधार कसरी गर्ने त्यो पो खोजी हुनुपर्ने थियो कि । मै हूँ भन्ने केही मित्रहरूले मिडियामा अरूका कमजोरी देखाइदिएर आफू हिरो बन्ने परिपाटी पनि देखिन्छ । कर्मचारीले आफ्नो परिवारलाई लिएर हिँडेको विषयमा सरकारी सवारी साधन भित्र खोजी-खोजी भिडियो खिचेर बाहिर ल्याएर चर्चा बटुल्ने पनि भेटिन्छन् । सोचेँ - अमेरिकाका राष्ट्रपतिले पनि पत्नीलाई विभिन्न ठाँउमा सँगै हिँडाएकै देखिन्छ । नेपालमा पनि मन्त्रीज्यूहरूको सरकारी क्वार्टरमा मन्त्रीज्यू मात्र एक्लै बस्ने भन्ने पक्कै होइन । सचिवज्यूहरू, सहसचिवज्यूहरू चाडवाडमा घर जाँदा आफू सरकारी साधनमा गएर पत्नीहरूलाई बसको टिकट काटेर बस चढाउन पक्कै गएनन् होला । जिल्ला-जिल्लामा सरकारी क्वार्टरहरू बनाइएका छन्, जसमा सम्बन्धित कर्मचारीहरूको परिवार पनि बस्छन् भलै सबै कर्मचारीलाई क्वार्टर नमिलेको हुनसक्छ । परिवार त क्वार्टरमा बस्छन्, उसका एक/दुईदिने पाहुनाहरू के गर्लान्

त, तिनलाई पनि राख्नैपर्‍यो । जिल्लाबाट चाडवाडमा जिल्ला प्रमुखहरू घर जाँदा आफूसँगै क्वार्टरमा बस्ने धर्मपत्नी र छोराछोरीलाई अरू गाडी खोजेर पठाएर आफू मात्र चालकलाई लिएर एक्लै घर जाने भन्ने कुरो व्यावहारिक पक्कै होइन होला । मनमा धेरै सोचाइ आइरहे । नेटको टावर आएछ, त्यसपछि उक्त लिङ्क खुल्यो, जसमा तीन/चारजनाको समूहले एउटा सरकारी बाइक रोकेको थियो । 'सरकारी बाइकमा पछाडि कसलाई चढाउनु भएको' उनीहरूको प्रश्न तेर्सियो । 'मेरी श्रीमती र छोरा' बाइक चलाउनेले जवाफ दियो । सरकारी बाइकमा परिवार लिएर हिँड्न पाइन्छ ? भन्दै उनीहरू कड्किए । म अक्क न बक्क भएँ । केही मित्रहरूले आफू चर्चित हुन यस्तो भाषा प्रयोग गरेर समाचार बाहिर ल्याउँदा वाहवाही कमाउन सफल पनि भए होलान् तर सस्तो लोकप्रियताका लागि गरिने प्रसारित सामग्री देखेर मलाई भने अचम्म लाग्छ । एकताका कुर्सीमा राखिने गरेको टाबेलको बारेमा पनि राम्रैसँग समाचारहरू आएका थिए । कपालको तेल र पसिनाको असरबाट टाबेलले कुर्सीको बचावट गरेको हुनसक्छ भन्ने कुरा भने कतै आएन । कुर्सीको कभरमा पाँचसय रूपैयाँको रुमाल राखेर पन्ध्र हजार पर्ने कुर्सी जोगिन्थ्यो भने टाबेलको विषयमा त्यति विधिको समाचार बनाउनु जरुरी थिएन कि भन्ने मेरो विचार मात्र हो । विश्वका राम्रा देशहरूमा कर्मचारीले दिने सेवाको अपेक्षा हाम्रा देशका कर्मचारीहरूबाट गरिन्छ, तर साधनस्रोत एवम् मोटिभेसनका पक्षहरू के-कस्ता छन् र त्यसबाट कर्मचारीहरूको कार्यसम्पादनमा पर्ने असरको बारेमा मूल्याङ्कन कहाँ, कताबाट हुने भन्ने विषय मनन गरिनुपर्ने विषय हो जस्तो लाग्दछ । एकदिन बूढालाई सोधेँ - 'कर्मचारीलाई तलब कम भयो भनेर ठूलाबडाकहाँ खटिएका कर्मचारीहरूले अनौपचारिक नै भए पनि जानकारी त गराउलान् नि !' मेरो प्रश्नको उत्तर दिइरहनु जरुरी देख्नुभएन उहाँले । पछि पत्रिकामै पढेर थाहा पाएँ, नजिक भएर काम गर्ने केही कार्यालयहरूका कर्मचारीहरूलाई शतप्रतिशत भत्ताको व्यवस्था गरिएको हुनेरहेछ । गतवर्ष एकपटक त भत्ता काटेको पनि रै'छ, फेरि स्वीकृत गरेका रे त्यो भत्ताको कुरो ! समाचारमै पढेर थाहा भयो । वास्तविक रूपमा भन्नुपर्दा सामान्य खर्च धान्न गाह्रो परेको कुरा कसले बुझिदिने ? पत्रिकातिर पढ्न पाइएको थियो, एकजनाले ड्राइभर र सहयोगीमा चार-चार ठाँउमा आफ्नै नाम राखेर तलब झिकेर खाएछन् । यस्ता गलत कार्यका

धेरै उदाहरणहरू रोकिनुपर्छ र कर्मचारीको उचित व्यवस्थापन हुन पुग्ने तलबमान कायम गरिनुपर्छ जस्तो लाग्छ । अब त २० कि ३० कति प्रतिशत हो कुन्नि तलब पनि बढ्ने रे भनेर पत्रिकातिर व्यापक रूपमा आए । हरेकवर्ष आउने बजेटलाई, जस्तो बजेट आए पनि राम्रो बजेट आएन भन्ने अर्थविज्ञहरू सबैलाई जम्मा पारेर बजेट बनाउन लगाएमा कस्तो बनाउँदा हुन् कुन्नि ! छक्क लाग्छ यिनका कुरा सुन्दा पनि । जति प्रतिशत तलब बढ्छ, त्योभन्दा बढी महङ्गी बढेर आउने हुँदा तलब बढेकोमा हामी कर्मचारी पत्नीले हर्षको अनुभूति कहिल्यै गर्न पाएका छैनौँ । जागिरमा छिरेकाहरूले तलब कम भएकै कारणले जागिर छाडेर विदेसिने बाध्यात्मक अवस्था आउन दिनुहुँदैन भन्ने मेरो सोचाइ हो । कर्मचारीहरूलाई काममा लगनशील भई लाग्नका निमित्त कर्मचारीहरूकै पति वा पत्नीको समेत अहम् भूमिका रहेको हुन्छ । हामी कहाँ, कसले, कसलाई सुधार्नुपर्ने हो भन्ने त मलाई थाहा छैन तर धेरै कुराहरू सुधार्नु जरुरी भने पक्कै छ भन्ने मानेकी छु । यस्तै गन्थने कुरा सोच्दासोच्दै रात घर्किसकेको थियो । यसो हेरेँ, कोठामा सबै सुतिसकेका रहेछन् । गर्मी मौसममा भएकोले शीतल महसुसका लागि पुरानो पत्रिका खोजेर हल्लाएँ । पत्रिका मुख्य पेजमा बैँङ्कको ब्याजदर दुई अङ्कमा रहनुहुन्न भन्ने डाक्टर साहेबले भनेको समाचार आएको रै'छ, राम्रो कुरा गरेछन् खुसी लाग्यो । बैँङ्कको ब्याजदरको मनोमानीले अर्थतन्त्रलाई पार्ने यस्ता असरहरू नियन्त्रण होऊन् र नियन्त्रण गरिनैपर्दछ । तर सबै मानिस ठाउँमा पुग्दा आफ्ना पालामा केही नगर्ने, अनि अर्काका पालामा जनताका पक्षमा नियम ल्याइदेऊ भनेर यसरी गुहार मात्र मागिरहने हो भने कसरी अघि बढिएला खै ! सबैभन्दा ठूलो कुरा इच्छाशक्ति हो ! हरेक कामको जिम्मा लिएर बसेको व्यक्तिमा नैतिक आचरण र इच्छाशक्ति भयो भने अरू केही चाहिँदैन । देश उँभो लाग्न समय पनि लाग्दैन । अरूको आशा गर्ने र मुख ताक्ने हामी जनता पनि उस्तै हौँ । कमजोरी हामीमा पनि देखिन्छ । राजनीतिक दल, नेता र कर्मचारीतन्त्रमाथि रिस पोख्न सजिलो छ । कर्मचारी परिवार भएकाले मैले नजिकबाट धेरै नियालेको छु र बुझेको पनि छु । जति गरे पनि जादुको घडीजस्तै कायापलट केही हुँदैन । सङ्घर्षपूर्ण हाड घोटाइ अग्रपङ्क्तिमा आउँछ नै । मनमा अनेक तर्कना खेल्दैथियो । मस्तिष्कले गो लचक्कर लाउँदै थियो । जिज्ञासै-जिज्ञासामा डुब्दाडुब्दै निदाइएछ । ●

## गजल



● **किरण मानिके**
अध्यक्ष, अनेसास जर्जिया च्याप्टर

निर्धाले नै मुक्का खान्छ, कैदीले सलाम,
छिया-छिया अचानो, खुकुरीलाई मलाम ।

स्वर्ग हो सिँगारौँ मिली, हिमाल पहाड तराई,
भ्रष्ट मति किन उही, बिगारम् र भत्काम् ।

आकाशको भन्दा मनको चन्द्र-सूर्य गाढा,
भत्भती पोल्छ तर देखिँदैन नीलडाम ।

फुल्नलाई नि पुरिएर उम्रनुपर्छ,
फुलेर गाँसिने बेला हुन्न अरे ठाम ।

दुनियाँमा कहलिई सर्व शिल्प श्रेष्ठ,
आफ्नै भण्डारमा किन त्यही सुन फलाम ।

## गजल



● **सन्तोष लुइटेल 'समीप'**
साउदी अरब

तिम्रो पो आँसु झर्ने मेरो त पानी हो,
तिमी झार्छौ सोचेर मेरो त बानी हो ।

आँखा भिझ्छन् मेरा झरी नपरी नै,
लाग्छ तिमीभन्दा म भाग्यमानी हो ।

अरूको देखेर आत्तिनु बेकार ठान्छु,
मान्छेले भोग्ने आफ्नै जिन्दगानी हो ।

नाम, दाम, धन, सम्पत्ति तिम्रो हुँदा,
मेरो आफ्नो भन्नु यही कहानी हो ।

जति चम्काऊ जति रङ्गाऊ त्यो रूप,
आखिरमा हुने त फुस्रो खरानी हो ।

# ज्योत्स्ना



कविता

● **सुदीपभद्र खनाल**
वासिङ्टन डि.सी., अमेरिका

नीर आकाशको शुभ सञ्जालमा
चाँदनी मूर्च्छना मन्द मुस्कानमा
झर्छ जादु जसै लठ्ठ पार्ने छवि
खुल्छ नौलो धरामा नयाँ जिन्दगी ।

मोहिनी मादले मग्मगाई धरा
मौरीले गाउँछन् नाम सोध्छन् चरा
आरती गर्दछन् फाँटले उर्वरा
झुल्दछन् लेक बेसी गरा कन्दरा ।

दिव्य सङ्गीत भर्छन् महाभीरले
रूपसी अर्चना नैनका तीरले
खप्न सक्थ्यो कहाँ सिन्धु ज्वारै उठी
पोख्छ उर्ली स्वयम् भित्रको भुटभुटी ।

फूलका प्रीतमा भृङ्गका गीतमा
पात ताली थपी बज्छ सङ्गीतमा
नाच्दछन् पालुवा छम्छमी तालमा
सुन्दरीको छटा ओर्लिंदा झ्यालमा ।

रङ-नौरङको माधुरी अङ्गमा
भर्दछन् कोपिला फूल हाँस्छन् नयाँ
हर्षले मात्तिई फाल हाल्छिन् नदी
नाच्दछन् जूनकिरी चुम्छ झर्ना रवि ।

सुनको माथका शैल हाँस्छन् कतै
मोहिनी रागमा मृग नाच्छन् कतै
हाँस्दछन् जिन्दगी झुम्दछिन् रे धरा
गाउँदै प्रीतका गीत नाच्छन् चरा ।

सूरका लोकको एक टुक्रा खसी
मोदिनी काखमा ठप्प आई बसी
दिव्यता फैलिँदा सृष्टिमा जगमगी
ज्योत्सना बीजको काव्य लेख्छन् कवि ।

●

## गजल



● **वासु पौडेल**
उपाध्यक्ष, अनेसास ह्युस्टन च्याप्टर

गहिरो मायामा भर हुँदोरहेछ,
छुट्ला कि भन्ने डर हुँदोरहेछ ।

तिम्रो मायामा निर्जन ठाउँमा पनि,
यति सुन्दर सहर हुँदोरहेछ ।

सायद त्यसैले पो होला सबैलाई,
मायामै हराउने रहर हुँदोरहेछ ।

दुई आत्माको मिलन भएपछि,
हराभरा सधैँ घर हुँदोरहेछ ।

एकअर्कालाई राम्रो नबुझिदिए,
मीठो सम्बन्ध पनि जहर हुँदोरहेछ।

## गजल



● **आचार्य प्रभा**
कोलोराडो, अमेरिका

जब बस्छौ लजाएर रातो घुम्टो ओढेर,
जाऊँ अब कहाँ मैले तिम्रो साथ छोडेर ।

आँखाभरि नाचिदिन्छ तिम्रै मीठो तस्बिर,
सक्दिनँ म जान अब सम्बन्ध यो तोडेर ।

फूल भई फुल्नू तिमी मेरो चौडा छातीमा,
माली भई बाँच्नेछु म त्यही फूल गोडेर ।

थाहै थेन कसरी यो मन मेरो अल्झियो,
आईपुगेँ अनायासै यात्रा यहीँ मोडेर ।

तिमीसँगै बाँच्छु/मर्छु भन्ने धोको पाल्या'छु,
नछाड है बिन्ती गर्छु दुई कर जोडेर ।

# सोचाइ, व्यवहार र संस्कार



कविता

● उर्मिला निर्दोषी
अध्यक्ष, अनेसास मिजौरी च्याप्टर

हो ! म यो समाजको सोचाइभन्दा
बिल्कुल फरक महिला
परिर्वतन मेरो अनिवार्यता
बिना सिकायत, यो फरकपन मेरो स्वीकार्यता
अनि मेरो स्वतन्त्र निर्णय मेरो गर्व
सुन त !
मलाई पटक्कै प्रतिवाद छैन
समाजका ती घृणित दृष्टिहरूप्रति
रत्तिभर पनि डर छैन
ती दुषित सोचाइहरूको भनाइहरूप्रति
कृपया दुवै कान खोलेर सुन
म त धिक्कारिरहेछु तिनीहरूलाई
जसले
पितृसत्तात्मक सोचाइको हाँक दिएर
युगौँभर रक्षकहरूको स्वागतमा
हजारौँ अबोध नारी-अस्मिताहरू चपाई डकारिरहे
भाग्य र समाजको गोटीचाल चलाएर
पुस्तौँ-पुस्ता निर्लज्ज भई
स्वच्छ नारी-अस्मिताहरू सर्लक्क निलिरहे
कृपया अब सुन !
ख़बरदार ! ख़बरदार ! ख़बरदार !
बन्द गर ! यी अर्थहीन मर्दरूपी हाउगुजीहरू
बस् अब सहनशीलताका बाँधहरू
समयले आफै फुलाएका छन्
परिणामस्वरूप बाँधहरूका फोहराले
युगका मजस्ता थुप्रै अगुवाइहरू जन्माएका छन् ।

जान्न चाहन्छौ ?
लाखौँ आमा, हजुरआमा र काकीहरू
दिदी, बहिनी, छोरी र नातिनीहरू
यस युगको अगुवाइ बनी
एकसाथ स्वरमा स्वर मिलाएर भनिरहेका छन्
हरेक सिक्काका दुई पाता भएझैँ
नारी-पुरुष मानव सभ्यताको
मात्र एउटै ढुकढुकी हुन्
केवल एउटै ढुकढुकी हुन्
आऊ, सब मिलेर यसलाई
सोचाइ, व्यवहार र संस्कारमा परिणत गरौँ ।

●

# मौन जवाफहरू



कविता

● **दिलु सिजाली**
अनेसास, नर्वे च्याप्टर

चुपचाप उनका आँखाले दिएका जवाफहरू
ओठबाट पच्छारिँदै खसेका आवाजहरूभन्दा
कैयन गुणा बढी भयानक लाग्छ मलाई ।

मार्तोल हानिराख्छ मेरो मस्तिष्कमा
रेटेर जान खोज्छ मेरो मुटु-कलेजो
र, तुहाउन खोज्छ मेरो चेतनाको गर्भ
गालाका डिलबाट रन्किएका उनका जवाफहरूले ।

आँखाबाट झारी पठाएका ताराहरूको थुङ्गाले
मिसाइल हानिरहेकी छिन् उनी मेरो छातीमा
र, म उछिट्टिएर खसिरहेछु आफैबाट ।

किन लखेटिराख्छ मलाई
उनका मौन जुलुसहरूले
र, तसाईराख्छ यसरी मलाई
उनका मृत संवादहरूले ?

आँखाबाट छोडिदिएकी क्षेप्यास्त्र
ठोक्किँदै खस्छ जब उनका पुस्तकभरि
विस्फोट हुन्छ एउटा संवेदनाका ज्वालामुखी

र, छरपस्ट हुन्छ उनका हृदयका शोकाकुल लाभाहरू
ठीक यतिखेर
छिलेर लैजान्छ विज्ञानका छालाहरू
भुइँभरि छरपस्टिन्छ विचारका गिदी
र, लड्खडाउँदै खोच्याउँछ एउटा अपाङ्ग भोलि ।

पल्टाएर व्यथाका अध्यायहरू दुःखको पन्नाबीच
खोजिराखेकी छिन् उनले आफ्नै बाबुको ठेगाना
सोधिराखेकी छिन् बाटोमा उभिई बसेको अक्षरहरूलाई देख्यौ कि कतै भनी
र, देखाइरहेकी छिन् बाको बिम्बचित्र मलामी-शब्दहरूलाई ।

यसरी संवेदित उनको निधारको मुजैमुजामा
चेपिएर आत्महत्या गऱ्यो एउटा इन्द्रेणीले
ओइली झऱ्यो फत्रक्क रहरको शिरफूल उनको चुल्ठोबाट
गीतका लयहरू छिनेर गयो हिउँजस्तो मुहारबाट
र, उक्किगयो हाँसोको वैजनी रङ उनको ओठबाट ।

यसरी एकाएक गर्ल्यामगुर्लम भत्किगयो खुसीका चाङहरू
र, फोसिल भइगयो कुमारी उत्साहहरू उनको
घरमाथि थुचुक्क बस्न आए जसरी एउटा पहिरो ।

उनको जवाफको गहिरो डेडसीमा म
डुब्दै-तैरिँदै, तैरिँदै-डुब्दैं
निसास्सिएको छु ऐठन भए जसरी ।

किन चढाएँ मैले उनलाई व्यथाको यो अग्लो पहाडमा
बोकाएर कपासजस्तो नरम उनको थाप्लोमा दुःखको गह्रौं भारी
सोधिराखेर बारम्बार बाबुको अप्रिय खबर ।

●

# विडम्बना



कथा

● **पुष्प आर.जे.**
साउदी अरब

'हेल्लो कान्छा ! के गर्दै छस् ?'

फोन दिदीको थियो घरबाट धेरै समयपछि ।

'दिदी ! म त पल्लो गाउँको सतार साहिँलाले हाम्रो घरमा गर्ने गरेको काम गर्दै छु ।' निधारका पसिना पुछ्दै जवाफ दियो पुष्पले ।

केहीबेर दिदी मौन हुन्छिन् । उनले पुष्पको कुरा बुझिन् कि बुझिनन्, थाहा भएन तर सतार साहिँला अझै खेतमा बाली लाउन ड्याङ बनाउन व्यस्त होला । अनि खेतमा उम्रेको झारपात निकाल्न र नयाँ बेर्ना लगाउँदै होला ।

'त्यति धेरै पढेको, फेरि त्यहाँ अरू काम पाइनस् त ? म्यानपावरले त राम्रो छ अफिसको काम, भन्दै'थ्यो त । फेरि तँ यो सब के भन्दै छस् ?'

उता दिदीको आवाज सानो अनि अवरुद्ध हुँदै थियो । यता पुष्पको बोली पनि उस्तै हुँदै थियो । आलीमा बसेको पुष्पले साथीहरूले नदेख्ने गरी आँसु पुछ्यो । अनि आमा र बाबाको बारेमा सोध्यो । छोटो समयमा धेरै कुरा भए दिदीभाइका ।

'दिदी ! स्मृतिलाई कस्तो छ ?'

'को ... को स्मृति ?'

'उही क्या त स्मृति ...!'

'तँ गएदेखि उनको अनुहारमा खुसी छैन । उसले गौरीगञ्ज मा.वि.मै बहिरालाई साङ्केतिक भाषा पढाउने काम पाइन् । कक्षा भर्खर सुरु हुँदै छ । यस्तो पढाइ पहिलोपटक यो स्रोतकेन्द्रमा सुरु भएको रे ! अँ ... बाटोमा कहिलेकाहीँ भेट्दा सोधिरहन्छिन् तँलाई ।'

धेरैपछि स्मृतिको खबर थाहा पायो पुष्पले । तर ऊ भने दलालको झुटो आश्वसानले मरुभूमिको खुल्ला मजराखेती गर्ने ठाउँमा थियो । काम जहाँ भए नि गर्नु थियो । अब दुई वर्ष उसको यही जीवन थियो ।

अचानक साहूले गाली गर्दै बोलिरहेको मोबाइल खोसेर पर फ्याँकिदियो ।

'याल्ला ... याल्ला ... सुगल, अलातुज जवल जवल । मा इप्का फुलुस यल्ला रो बेथ । आना मा इप्का इन्त ।

(छिटो छिटो काम गर । जतिखेर नि मोबाइल । तँलाई पैसा चाहिँदैन ? मलाई तँ चाहिँदैन ।'

'इन्त मुदिर, कुल्लु नफर सुगल । इन्त लेहाल इजलिस जवल अलातुल गिरगिर । (तँ म्यानेजर होस् र ? सबैजना काम गर्दै छन् । तँ मात्र मोबाइल बोकी जतिखेर नि गफ बसेर बस्छस्)'

भर्खर अरबी अलि-अलि आउँदै थियो पुष्पलाई । उसले जानी-नजानी जवाफ दियो । साहूले घर जा भन्दा साँच्चीकै साहूले घर पठाइदिने पो हो कि भनी डरायो अरब आउँदाको ऋण सम्झेर । उसले गाली खाने कारण केही थिएन, बिहानैदेखिको चर्को गर्मीमा सब्जी काटेर गाडीमा राख्नुपर्ने थियो ।

शरीर स्वस्थ नभएर नि बाध्यता थियो काम गर्नुपर्ने । त्यहीबेला फोनमा बोलेको साहूले देखेको रहेछ । गाउँमा हुँदा साहिँला सतार काममा नआउँदा उसको घरमै गएर थर्काएको याद आयो पुष्पलाई । साहू कराउँदै थियो पुष्प भने आँखाभरि आँसु पारेर 'मालिस ... मालिस ... मालिस.... ! (सरी ... सरी ... सरी)' भनिरहेको थियो ।

समयसँगै अब त पुष्प पनि मरुभूमिमा रमाउन सिकेको थियो । प्रविधिको उपयोग पुष्पले पनि गरेको थियो । ऊ पनि आफ्नो बालसखा स्मृतिसँग फेसबुकमा रमाउन थालेको थियो । मनबाट माया गरे पनि कहिले भन्न सकेको थिएन । ऊ दोधारमा थियो । कुलीन घरानाकी स्मृति र सामान्य परिवारको पुष्पका आँखा नजुधेका हैनन् । विदेश जाँदा हातको इसाराले साङ्केतिक भाषामा पनि सम्झाएकी थिइन् पुष्पलाई । स्कुलदेखि मेलापात जाँदासम्म हातमा हात मिलाई हिँडेका थिए ।

'हेर्दै गर, एकदिन पुष्पले नै स्मृतिलाई लान्छ ।'

'त्यस्ती बहिरी, लाटीलाई लगेर के गर्नु र ? दुःख मात्र पाउँछ पुष्पले । रूपले मात्र खान दिँदैन क्यारे ।'

बेला-बेला गाउँमा यस्तो गाइँगुइँ नचलेको हैन । जब एस.एल.सी.मा गौरीगञ्ज मा.वि.बाट जिल्लाकै उत्कृष्ट छात्रा भइन् स्मृति, सबैको मुख बन्द भएको थियो । हरेक ठाउँमा स्मृतिका मात्र कुरा हुन थालेका थिए । राम्रो- नराम्रो कहिले वास्ता गरिनन् उनले । सधैँ आफ्नो लक्ष्यमा अगाडि बढिरहिन् ।

स्मृति र उनको परिवारको प्रेरणाले पुष्पले +२ सकेको थियो । ऊ त्यस घरको एउटा सदस्यझैँ थियो । स्मृतिसँगै स्कुल जाने/आउने अनि नआएको कुरा पुष्पले नै सिकाइदिने गर्दथ्यो स्मृतिलाई । घर पनि खासै टाढा थिएन । अलि साह्रो करायो भए सुन्ने ठाउँमा थियो ।

बी.ए. पढ्न नजिकैको सहर विराटनगर या भद्रपुर जानुपर्दथ्यो, जुन पुष्पका लागि सम्भव थिएन । उमेरसँगै बुवामा आएको स्वास्थ समस्याले गर्दा पढ्ने, जागिर खोज्ने या विदेसिने यति मात्र विकल्प थियो पुष्पको । अन्तमा केही नलागेपछि अरूझैँ ऊ पनि हरियो पासपोर्ट बोकी राष्ट्रिय पत्रपत्रिकामा छापिएका विज्ञापनको कटिङ बोकेर म्यानपावर धाउन थाल्यो । एकदिन ठूलो सपना बोकेर मरुभूमिको देश अरब भासियो पुष्प ।

म्यानपावरले भनेजस्तो केही हुँदैन । ऊजस्तै ठगिएका अन्य देशका मानिसहरू सँगै काम गर्दै छ । मजरामा अहिले मौसमी र बेमौसमी दुवै खेती हुन्छ । १० घण्टा लामो ड्युटीसँगै अरू पनि नेपाली साथीहरू भएकोले गर्दा मन भुलाउने राम्रो बाटो भएको छ पुष्पलाई ।

स्मृतिको फोटो हेर्दै ऊ टोलाउँछ कहिलेकाहीँ । एउटा मनले त भन्छ नेपाल जाऊँ, अहिले अनि स्मृतिको हात मागौँ । सुरु गरौँ, जीवनको नयाँ अध्याय । तर जिम्मेवारी अनि केही बाध्यता पनि त छ । अब त अरबको यो मजरा उसका लागि एउटा गाउँझैँ भएको थियो । बेलुकी नजिकैको अर्को मजराबाट कराउने भेडा-बाखा र दसैं अनि तिहारमा बज्ने नेपाली धुनहरू । मादलुको तालमा साथीहरूसँग गाउँदै-नाच्दै, पीर भुल्दै दिनहरू बित्दै जान्छ । कति साथीहरू रक्सीमा रमाउँदा ऊ स्मृतिको यादमा हराउँछ ।

'पुष्प भयो अब त फर्केर आऊ । २ वर्ष भयो तिमी गएको । म तिमीलाई

धेरै मिस गरिरहेको छु ।'

भिडियो कलमा स्मृति हातका औँलाले अनेकौँ स्वरूप बनाउँदै साङ्केतिक भाषामा भन्छिन् । पुष्पले पनि सम्झाउँदै भन्छ -

'स्मृति बल्ल ऋण तिरेर केही बचाउँदै छु । मायाले मात्र जीवन चल्दैन । मेरो बाध्यता बुझ न । तिमीबाट टाढा हुन कहाँ मन छ र मलाई चाहिँ ।'

स्मृतिसँगै सिकेको थियो पुष्पले पनि साङ्केतिक भाषा । जबदेखि दुवैले एकअर्कालाई नजिकबाट चिनेका थिए । स्क्रिनमा हेर्दै पुष्प केही टोलाउँछ ।

'कता हराएको पुष्प किन टोलाएको ! सञ्चै त छौ तिमी ?'

'I love smriti. I love u. Do u love me?'

स्मृति फेरि पनि औँलालाई विभिन्न भावभङ्गीसँगै केही रिसाएको भावमा भन्छिन् -

'पुष्प यो नि भन्ने कुरा हो र ? नगर्ने भए म यति कुरा गर्ने थिएँ र ? मैले अहिले हो र ? धेरै पहिलेदेखि नै मन पराएको थिएँ । म त तिमीबाट सुन्न चाहन्थेँ - 'Yes I love u puspa, I love u puspa...!'

म्यासेन्जरमै धेरैबेर दुवै हातको इसाराले साङ्केतिक भाषामा धेरै कुरा गर्छन् । फेरि बोल्दाबोल्दै स्मृति टोलाउँछिन् ।

'के भयो स्मृति किन टोलाएकी नि ?'

'पहिलेको याद आयो । ढुङ्गाको बाटो दुवै सँगै स्कुल गएको । बाटोमा साथीहरू कोही नहुँदा तिम्रो हात समातेको । स्कुलबाट आउँदा तिम्रो बुइ चढेको ।'

स्मृति केही लजाउँछिन् अनि दुवै हाँस्छन् । भविष्यको मीठो सपना बनाउँदै दुवै फेरि भेट्ने वाचासहित दुवै छुट्टिन्छन् ।

'दिदी, पुष्प दुर्घटनामा पऱ्यो ! ऊसँगै केही साथीहरू पनि अहिले अस्पतालमा छन् ।'

एक्कासि अरबबाट फोन आयो । स्वर पुष्पको झैँ थियो तर हैन रहेछ फोन त नजिकैको अर्को मजरामा काम गर्ने उसकै साथी टुपेन्द्रको थियो ।

हुन पनि घरको समस्याले गर्दा पुष्प दुई वर्ष पूरा हुँदा पनि जान चाहेको थिएन । साथीहरूलाई भन्दै थियो - 'अब आउने दसैँमा त तीन वर्षभन्दा धेरै

हुन्छ । स्मृतिलाई बेहुली बनाउनेछु । उनी कान नसुन्ने, बोल्न नसक्ने भएर के भयो र ....!'

स्मृतिका लागि मोबाइल र लुगा पहिले नै किनेर झोलामा राखेको थियो । जसको फोटो स्मृतिलाई पठाएको थियो । स्मृति धेरै खुसी भएकी थिइन् ।

अचानक पुष्पको यो खबरले घरमा कोलाहल मच्चियो । तर स्मृति यो कुराबाट बेखबर थिइन् । स्मृति त केवल आउने दसैँको प्रतीक्षामा थिइन् । अनि पुष्पको हातले आफ्नो सिउँदो रङ्गाउने कल्पनामा ।

दसैँ गयो । तिहार गयो । स्मृतिले गरेको म्यासेज अनि फोनको कुनै जवाफ आएन । उनी धेरै छट्पटिन थालिन् । जतिपटक स्मृतिले पुष्पको दिदीलाई सोधे पनि उनी अनेकौँ कुरा गरी टार्न खोज्दथिन् । यस्तो लाग्दै थियो स्मृतिलाई पुष्पको परिवारले आफूलाई टाढा बनाउँदै छन् । पढाउन त स्कुल जान्थिन् तर मन भने कतै हराएको हुन्थ्यो । मनमनै सोच्थिन् - 'कतै हाम्रो सम्बन्ध थाहा पाएर उनीहरू टाढा भएका पो हुन् कि ?'

दिन, हप्ता अनि महिना स्मृतिका लागि चैत महिनाको पट्यारिलो अनि लामा दिनजस्तै भएको थियो । उनको खानपिन घट्दै थियो भने पुष्पलाई केही नहोस् भनी मन्दिर जाने, पूजा गर्ने र व्रत बस्ने समय बढ्दै थियो ।

'स्मृति तिमी बिहानै यहाँ ? के भयो छोरी तिमीलाई ? धेरै दुब्लाइछौ, भन, मेरो छोरी ?'

बिहानै आँगनीमा ठिङ्ग उभिएको देखी पुष्पकी आमाले हातको सङ्केतले सोधिन् । स्मृति आमाको हात आफ्नो शिरमा राख्दै भन्छिन् -

'आमा पुष्प खै ? के भयो उसलाई ? म पुष्पबिना बाँच्न सक्दिनँ ! ऊ दसैँमा आउँछु भन्थ्यो तर आजसम्म आएन । मेरो म्यासेज, फोनको कुनै जवाफ दिँदैन ।'

स्मृति रुँदै चिच्याउँछिन् । त्यही बाटो भएर आउँदै गरेका स्मृतिका बाबाले सम्झाउँदै घर लग्छन । यता पुष्पकी आमा आँखाबाट बर्रर आँसु झार्दै स्मृति गएको बाटो हेरी टोलाइरहन्छिन् ।

'काका स्मृति कता छिन् । धेरै दिन भयो नदेखेको ।' स्मृतिको बुवालाई पुष्पको दिदीले एकदिन सोधिन् ।

'छोरी, अब बाँच्दिन होला स्मृति ! पाँच दिन भयो केही नखाएको कसरी भन्नु खै पुष्पलाई यस्तो भयो भनेर ! दिनभरि ढोका थुनेर बसेकी छ । केही गर्ने पो हो कि डर लाग्छ ।'

'काका उपचारबाट धेरै सुधार भएको छ रे । अब पुष्प हप्ता दिनपछि घर आउने पक्का भयो । हिजो कुरा भएको थियो । म यही सुनाउन आएको ।'

'स्मृति... ! स्मृति ... । स्मृति ... ।'

ढोका ढक्ढक् पारेपछि भित्रबाट ढोका खुल्यो । पुष्पकी दिदी र स्मृति दुवै अँगालोले बेरिएर धेरैबेर रुन्छन् ।

'तिम्रो प्रार्थना सफल भयो स्मृति ! पुष्प अर्को हप्ता आउँदै छ । हामी दुवै जाने ल लिन एयरपोर्ट ।'

हातको सङ्केतले यस्तो भन्दै गर्दा दुवै भावविह्वल भई फेरि रुन्छन् ।

दुब्लो शरीर, रातो लेहङ्गामा सजिएर स्मृति पनि सँगै जान्छिन् । यात्रु प्रतीक्षालयमा सबैजना पर्खिन्छन् । स्मृतिको ध्यान पुष्प आउने बाटोमा हुन्छ । लामो प्रतीक्षापछि केहीपर भीडबाट रातो बाकस लिएका मानिसहरू बाहिर निस्कन्छन् । स्मृतिको मनमा चिसो पस्छ । केहीबेरमा ढोकाबाट ह्विलचेयर ठेल्दै पुष्प बाहिर निस्कन्छ । गरेको देखेर स्मृति कुदेर चिच्याउँदै जान्छिन् र अँगालो मार्छिन् । उनको चिच्याहटले सबैको ध्यान भङ्ग हुन्छ । उनी घुँडाले भुइँ टेकेर अगाडि बसेर चिच्याउँदै रुदै हातले के-के साङ्केतिक भाषामा भन्छिन् । रुँदै पुष्पको शरीरको विभिन्न भागमा हातले केटाकेटीझैँ हान्छिन् । अचानकको उनको हात एकतिरको खुट्टामा गई रोकिन्छ । फेरि अनुहार हेर्दै हल्का हान्छिन् । चिसो पस्छ मनमा स्मृतिको । अनि त्यही खुट्टामा शिर राखेर रुन्छिन् । पुष्प आँखाबाट आँसु झार्दै यताउता हेर्छ । सँगै ह्विलचेयर ठेल्दै आउने साथीले सबै भन्छ । भनौँ, पुष्पको शरीरको आधा अङ्ग नचल्ने भएको हुन्छ । कुनै बेला ह्विलचेयरप्रति नराम्रो धारणा बनाएको आज ऊ आफै ह्विलचेयरमा थियो । वरिपरि मानिसहरूत्यो दृश्यदेखि आँसु थाम्न सक्दैनन् । कोही मोबाइल निकालेर भिडियो खिच्न थाल्छन् । स्मृति आफै पुष्पको आँसु पुछी ह्विलचेयर ठेल्दै अघि बढ्छिन । एयरपोर्ट अनि मानिसको भीडबाट पर-पर ।

●

# डिजिटल नक्सा



कविता

● नम्रता गुरागाईं
नर्थ क्यारोलाइना, अमेरिका

ए मान्छेहरू !
तिमीले मलाई जसरी हेर
जताबाट हेर
नेप्ट्याएर हेर वा
चेप्ट्याएर हेर
आँखाबाट फालेर हेर वा
आँखाभित्र हालेर हेर
प्रविधिको एउटा सानो अंश
डिजिटल नक्साले
कहिल्यै ऐया भन्दैन
कहिल्यै दुख्यो भन्दैन ।
सुन्दै छु
कागजको नक्सामा
बाटो खुट्याउन नस्कने भयौ रे !
तिम्रा आँखालाई सजिलो बनाइदिन
म अचेल डिजिटलमा रूपान्तरित
भइदिएको छु
प्रत्येक बाटो नामसहित देखाइदिन्छु
भत्केको, बिग्रेको मात्र कहाँ हो र ?
जाममा परेको र
मर्मत गर्दै गरेको समेत देखाइदिन्छु
भन
संसारको अग्लो ठाउँ छाम्न सगरमाथा जान्छौ कि
होचो ठाउँ छाम्न मृत सागर जान्छौ
मरुभूमि छाम्न सहारा जान्छौ कि
सदाबहार छाम्न अमेजनतिर जान्छौ
प्रविधिको एउटा सानो अंश
डिजिटल नक्साले
कहिल्यै गलें भन्दैन
कहिल्यै ढलें भन्दैन ।
ए मान्छेहरू !
तिमी आफैले हतार गरेर बाटो छोड्दा
बाटो खोजेर
तिमीलाई टुङ्गामा पुऱ्याउनु मेरो धर्म
फर्काएर घरसम्म ल्याइदिनु मेरो कर्म
जे सोच, जसरी सोच
म त सधैं तिम्रो आँखाको ज्योति
न सुरक्षाको आवश्यकता,
न अग्रिम सूचनाको आवश्यकता
तिमीले दिएको ठेगानाको भरमा
गन्तव्यको ढोकामा पुऱ्याउने
प्रविधिको एउटा सानो अंश
डिजिटल नक्सालाई
मान या नमान, विश्वास गर या नगर
म भने सधैं विश्वासका साथ
तिम्रो बाटो पहिल्याइरहेको हुन्छु ।

●

## शुभकामना

**अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास), बेलायत च्याप्टर**

को आयोजनामा हुने

**छैटौं अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन २०१९**

**6th Int'l Nepali Literary Convention 2019**

को

भव्य सफलताको कामना गर्दै

**अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)** को मुखपत्र

साहित्यिक त्रैमासिक

**अन्तर्दृष्टि**

को ४४ औं अङ्क प्रकाशन भएकोमा

खुसी प्रकट गर्दछु ।

**यम पौडेल**

अध्यक्ष

**अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)**

**International Nepali Literary Society (INLS)**

**बोस्टन च्याप्टर**

# ए मान्छे, शत्रुसित लड



कविता

● शिव लामिछाने (शिशिर शर्मा)
सचिव, अनेसास, बोर्ड अफ ट्रस्टी

उनीहरू भोकसित लडिरहेछन्
रोगसित लडिरहेछन्
र अनायास आउने शोकसित लडिरहेछन्
तिमी मान्छे र उनीहरू पनि मान्छे
ए मान्छे, तिनैका शत्रुको पङ्क्तिबाट
तिमी मान्छेका विरुद्ध लडिरहेछौ ?

सभ्य हुनुको अभिमानमा विवेक गुमाएर
नयाँ आविष्कारको नशामा बेहोस भएर
आफै मान्छे भएर मान्छे मारिरहेछौ ?
चिम्ल एकफेर आँखा र छाम
मान्छेको मुटुको धड्कन
तिमी त्यही भोको मान्छे हौ
उही रोगी मान्छे हौ अनि
ऊजस्तै निरीह शोकाकुल छौ
र पनि, नचिनेर आफैलाई
भोक, रोग र शोकको हुलमा मिसिएर
मान्छेसितै लडिरहेछौ ?

सङ्ख्यामा तिमीभन्दा कति हो कति बढी
ती आममान्छेहरू
तिम्रै रङको रगतमा बाँचिरहेछन्
शान्तिका खोजीमा तड्पिरहेका उनीहरू
तिम्रै ढङ्गको स्वाभिमानमा उठ्न खोजिरहेछन्
तिमीजस्तै निर्बन्ध, सिमाहीन
फैलने अभिलाषा लिएका मान्छेलाई
मानवताको बाहाँ फैलाएर अङ्कमाल गर्न नसकी
उल्टै शत्रु ठानेर मारिरहेछौ ?
मान्छेका तमाम शत्रुको पङ्क्तिमा उभिई
तिमी मान्छेसितै लडिरहेछौ ?

ए मान्छे,
समयको अनन्तगतिमा पल-पल मिसिन आउने
प्रत्येक युगमा
सधैँ तिमी मान्छेसितै लडिरह्यौ
मान्छे भएर सधैँ-सधैँ
मान्छेकै विरुद्ध सङ्घर्ष गरिरह्यौ
कहिले पराजित भएको बहानामा
कहिले जित भएको अभिमानमा
तिमी मान्छेमाथि नै खनिइरह्यौ
मान्छेले विश्वास नै गर्न नसक्ने गरी
मान्छेकै हुलमा मिसिएर
मान्छेलाई नै मारिरह्यौ ।

ए मान्छे,
नयाँ युग स्रष्टानानीहरूलाई जन्मँदैमा तर्साउने
र, नहुर्कंदै तिनको ज्यान लिने
बम र गोली किन बनायौ ?
मान्छेका मनमा विद्रोहको भावना उठाउँदै
निरीह तिनका हातमा बन्दुक किन थमायौ ?
र हात-हातमा बन्दुक र पिस्तोल बोकेर
शान्तिको नारा किन लगायौ ?
भो, तिमीले शान्ति नमागे पनि हुन्छ कसैसित
शान्तिका लागि तिमीले
बम र बन्दुक नबनाए मात्र पुग्छ
शान्तिका लागि तिमीले
युद्धको वितण्डा नमच्चाए मात्र पुग्छ
युद्ध समाप्त भएको दिन, अस्त्र निष्क्रिय भएको दिन
शान्ति फेरि धर्तीबाटै उठ्नेछ -
मात्र यत्ति हो, आकाशबाट बादल फाटेजस्तै
तिम्रो मनबाट पनि
युद्धको उन्माद र अहङ्कारको बादल फाट्नुपर्छ
युद्ध सकिएकै दिन मानव बस्तीबाट
भोक, रोग र शोक पनि सकिनेछ
किनभने
प्रेम र सद्भाव फलेफुलेको बस्तीमा
भोक, रोग र शोकको अस्तित्व मेटिनेछ
हो मान्छे, लड्नु छ फेरि पनि भने
मान्छेको अगाडि उभिएर मान्छेकै विरुद्धमा होइन
मान्छेको हुलमा मिसिएर
भोकविरुद्ध लड, रोगविरुद्ध लड
अनायास मान्छेका सामु आउने शोकविरुद्ध लड
त्यो पल अपूर्व प्रकाश
चम्किनेछ तिमीभित्र
मन्दिर, गुम्बा, मस्जिद र चर्चको आडमा छेलिँदै
युगयुगदेखि मान्छेका विरुद्ध युद्धरत तिमीले
त्यही प्रकाशमा पाउनेछौ
ईश्वरको दर्शन आफूभित्र ।

●

## गजल



● **पवन लामिछाने**
टेक्सास, अमेरिका

दिनमा नआए पनि यार रातमा आइहाल्छ,
कुनै न कुनै बेला ऊ औकातमा आइहाल्छ।

आँखाको बगरसम्म भए पनि राखिदिनू,
आँसु पुछ्ने जिम्मा मेरो हातमा आइहाल्छ।

शरीर भोग्न कति हतार गर्नुहुन्छ महोदय !
माया होस् न जवानी त सौगातमा आइहाल्छ।

टुप्पोबाट पलाउने एउटा दुष्प्रयास मात्र हो,
जराको रोग सुस्त-सुस्त पातमा आइहाल्छ।

अरू बेला सम्झे पनि बिर्से पनि फरक छैन,
तिम्रो याद अनायासै वर्षात्मा आइहाल्छ।

## गजल



● **महेश्वर पन्त**
बोस्टन, आमेरिका

बाले घर नदिए नि सरौँला नि कटेरोमा,
जिन्दगीको मायामोह छरौँला नि कटेरोमा।

आँसु हाँसो दुःखसुख जे-जे देला जिन्दगीले,
दियो भने भुराभुरी भरौँला नि कटेरोमा।

खानाबिना मर्ने छैनौँ बल छँदा पाखुरीमा,
उमेर छँदै जोरे धन चरौँला नि कटेरोमा।

अब टाढा भएर नि बाँच्न सक्ने हैनौँ हामी,
मर्दा पनि सँगैसँगै मरौँला नि कटेरोमा।

महेशले के दियो र नभन्नू है अन्त कतै,
लिने/दिने हाम्रा कुरा गरौँला नि कटेरोमा।

# बिछट्टै मीठो छ



कविता

● **कृष्ण गिरी**
अध्यक्ष, अनेसास, न्यु ह्याम्पसायर च्याप्टर

यो माया पनि उनको बिछट्टै मीठो छ,
चिरेर मुटु मेरो सोध्छिन् ऐले कस्तो छ ?

कति रात काटेँ मैले परेली नझिम्काई
सुस्तरी रेटिन् उनले एक चोटमा नछप्काई
त्यो मार पनि उनको बिछट्टै मीठो छ,
चिरेर मुटु मेरो सोध्छिन् ऐले कस्तो छ ?

कहाँ-कहाँ खोजिनँ मैले हरमोडमा उनलाई
भेट्न त भेटिनँ मैले, हराएँ आफैलाई
त्यो खोज पनि उनको बिछट्टै मीठो छ,
चिरेर मुटु मेरो सोध्छिन् ऐले कस्तो छ ?

यो माया पनि उनको बिछट्टै मीठो छ,
चिरेर मुटु मेरो सोध्छिन् ऐले कस्तो छ ?
चिरेर मुटु मेरो सोध्छिन् कैले कस्तो छ ?

# मुक्तक



मुक्तक

● **शारदा पौडेल 'निशा'**
अध्यक्ष, अनेसास स्पेन च्याप्टर

आफ्नै गाउँघरको बाटो छोडेर
अनि खेतबारी र पाटो छोडेर
जाँदै छु मुग्लान् मुटु दह्रो बनाई
मातृभूमिको प्यारो माटो छोडेर ।

# पुर्पुरोको खत



लघुकथा

● **डा. मणि पनेरू**
पर्थ, अस्ट्रेलिया

लामो होस्टेलको बसाइबाट विरक्तिएर बा-आमा अनि घर गाउँको न्यास्रो मेटाउन घरतर्फ बढ्दै रहँदा अनायस एक महिलाको चिच्याहटले म झसक्क हुन्छु ।

'गुहार ... गुहार ... मलाई बचाऊ !'

चिरपरिचितझैँ लाग्ने उक्त आवाज अरू कसैको नभएर मेरी छिमेकी टुल्कीको थियो । सधैँ नशामा रम्ने उनैका पति परमेश्वर भुन्टे आफ्नो बाहुबल पूर्णरूपमा प्रयोग गर्दै भकुरिरहेको थियो टुल्कीलाई । आखिर त्यो कारुणिक दृश्यबाट टाढा रहन त को नै सक्थ्यो र ? त्यसमा पनि भुन्टेको बालसखाको नाताले मसमेत यस्तो दृश्य टुलुटुलु हेरेर बस्न नसक्नु स्वाभाविकै थियो ।

जब-जब म भुन्टेलाई त्यसो नगर्न आग्रह गर्थें, भुन्टे भने झनै उत्तेजित हुँदै आफ्नो प्रहारलाई उग्र बनाउँथ्यो । जसले मलाई टुल्कीको जीवन नै खतरामा पुगेको महसुस गराउँथ्यो । आखिर रगतले लतपतिएको अनुहार लिएर ढलेकी टुल्कीमाथि हिंस्रक जनावरले झैँ निरन्तर आक्रमण गरिरहेको भुन्टेलाई छेक्न बल प्रयोग गर्नु बाहेक मेरो अगाडि अरू कुनै विकल्प पनि त थिएन नि !

हो मैले पनि त्यसै गरेँ ।

घिच्चायर भुन्टेलाई टुल्कीबाट अलग गर्नसम्म भ्याएँ । भुन्टेलाई पनि के चाहिएको थियो र ? ऊ अब टुल्कीलाई छाडेर मैप्रति खनियो ।

'यो तेरी कि मेरी स्वास्नी ? ए घैँटे ? मेरो घरको मामलामा हस्तक्षेप गर्ने तँ को होस् ? ए बोक्सीका नाति ?'

यावत शब्दवाणका साथ ऊ एक्कासि मेरो गालामा थप्पड मार्न समेत पछि परेन । मेरी बूढी हजुरआमालाई बोक्सी भन्ने त्यो पाजी भुन्टेलाई त्यसै म पनि कहाँ छाड्न सक्थैँ र !

अनि सुरु भयो मेरो र भुन्टेको भिडन्त ।

भर्खर मात्रै कराँते क्लास सुरु गरेको मलाई जाँडले सुकेको भुन्टेसँग लड्नु कुनै ठूलो कुरो भने थिएन । एक/दुई मुक्का प्रहारपछि धकेलिदिएँ भुन्टेलाई । जसका कारण डगमगिएर भुन्टे कान्लामुनि पछारिन पुग्यो । त्यसरी लडेको भुन्टेले कतिबेला ममाथि झम्टने हो भनेर सोचिरहेको म तब झस्कन पुगेँ जब भुन्टे लडेको ठाउँमा खुट्टा तन्काउँदै पानी-पानी भनिरहेको थियो ।

अब अनर्थ पो हुने हो कि ?

डरले काम्दै म लडिरहेको भुन्टेको नजिक पुगेर भुन्टेलाई उठाउने कोसिस गरेँ । यत्तिकैमा मलाई कुनै वस्तु मेरो पुर्पुरोमा खसेको महसुस भयो । अनि अनायस मेरो हातले मेरो निधार छाम्न पुग्यो । रगतले लतपतिएको मेरो हात निधारबाट निकाल्नुपूर्व नै महिषासुरको अगाडि उभिएकी दुर्गाझैँ भएर हातमा चिर्पट लिएर बसेकी टुल्कीमा मेरो नजर पऱ्यो ।

'ज्यानमारा घैँटेले मेरो पोइलाई माऱ्यो नि ! अब मैले के गरौँ ?'

(टुल्कीका गालीहरूका साथ अरू प्रहारबाट बच्न म त्यहाँबाट भाग्न बाध्य भएछु । टाढा पुगेर पुनः लडेको भुन्टेतिर आफ्नो नजर घुमाउँदा त टुल्की भुन्टेको हात समाउँदै उठाउने कोसिस गरिरहेकी दृश्य पो देखापऱ्यो)

'उठ मेरो प्राण, उठ !'

यत्तिकैमा भुन्टे पनि टुल्कीको सहारा लिएर जुरुक्क उठ्यो । यस्तो लाग्थ्यो - सायद उसलाई केही भएको नै थिएन ।

भुन्टे अब टुल्कीको हातमा हात राख्दै घरतर्फ लाग्छ । टुल्की भने मलाई सरापिरहेकी हुन्छे । बोक्सीको नाति ... ज्यानमारा घैँटे ..... ।

जब-जब ऐना अगाडि आफ्नो चेहरा राख्छु, तबै मेरो पुर्पुरोमा बसेको त्यही दागले मलाई भुन्टे र टुल्कीको प्रेमको याद दिलाइरहन्छ ।

●

## गजल



● **सतिस त्रिपाठी**
उपाध्यक्ष, अनेसास ह्युस्टन च्याप्टर

ग्रहण भए तिम्रो माया, त्यही मलाई प्यारो,
रोऊ बरु मेरै काखमा, टाढा हुँदा गाह्रो।

जे-जस्तो छु तिम्रो नै छु, बन्नुछैन अरू,
म हाजिर छु आँसु पुछ्न, खोलिदेऊ तगारो।

तिम्रै निम्ति जोवन साँचें, खुसी तिम्रै निम्ति,
सहजै छ संसार जित्न, तिम्रै आँसु सारो ।

नसार भो अन्त पाइला, मेरो बाटो फुकाउन,
जति टाढा उति तिम्रै, यादकै चटारो ।

सक्दिनौ भो जिउन उता छोडी मन यता,
आफ्नै दियो निभाएर, मेट्छ्यौ कुन अँध्यारो।

## गजल



● **सौरभ करञ्जित**
महासचिव, अनेसास बेल्जियम च्याप्टर

दुःख मात्रै गरी-गरी यो जिन्दगी बित्ने भयो,
बाँच्छु भन्दै मरी-मरी यो जिन्दगी बित्ने भयो।


रोक्न खोज्दै पुछे पनि नरोकिने आँसुका भेल
दिनहुँ नै झरी-झरी यो जिन्दगी बित्ने भयो।

बल्झी दिने घाउहरू हान्न थाल्छन् हियाभित्रै,
दुखाउँदै घरि-घरि यो जिन्दगी बित्ने भयो ।

सबैखाले दुःख देख्नु नियतिकै लेखा हो कि,
दुःख भोग्दै थरि-थरि यो जिन्दगी बित्ने भयो ।

पीडा हर्न देवता ढोग्दै थाकिसकें भन्छ 'सौरभ',
जप्दा-जप्दै हरि-हरि यो जिन्दगी बित्ने भयो।

# परदेशी युवालाई आह्वान



कविता

● **निजानन्द मल्ल**
अध्यक्ष, अनेसास फ्लोरिडा च्याप्टर

बलिया-बाङ्गा परदेश लागे नहुँदा कलकारखाना
कहिले पाउलान् निमुखाजनले खाना, नाना, छाना ?
देश बनाउने नेता भए व्यस्त आफ्नै भुँडी भर्दै ठिक्क
जनताचैँ सधैँ भ्रष्टाचार, अभाव र अप्ठ्याराले दिक्क ।
अड्डा अफिस विकास निर्माणमा कमिसनकै छ जालो
सुशासन, इमान्दारिताको खै कहिले आउने हो पालो ?
त्यत्तिकै कहाँ भन्या'रहेछन् र हाम्रा ती बूढ़ापाका ?
जति जोगी आइसके नि यहाँ सबै नै कान चिरेका ।
हुन्थ्यो पहिले कृषिउपज राम्रै बढी भएकोचैँ निकासी
मिहिनेत गर्ने पाखुरा भए ती रोजगारीका लागि प्रवासी ।
पाटन दरबार बनिसक्दा नि थिएन देश कतै अमेरिका
तर थियो नेपाल हाम्रो चार वर्ण छत्तीस जात फूलबारीका ।
छ दशक पहिले थियौँ हाराहारी सरह दक्षिण कोरिया
हेर्दाहेर्दै अहिले कहाँ पुगिसक्यो त्यो देश नि मलाया ?
कतिञ्जेलसम्म पर्खने हो है सधैँ हँ हामीले यसरी ?
नचेती छिट्टै निदाई बसे पाउनेछौँ गोता झनै बेसरी ।
नयाँ उद्योगधन्दा खोलेर यहीँ रोज़गारी बढाऔँ
परदेशमा होइन स्वदेशमै अब पसिना बगाऔँ ।
आर्जेका ती सब ज्ञान, सीप, स्रोत यहीँ अब लगाऔँ
परिवारसँगै मिलेर बसी यहीँ मातृभूमिलाई हसाऔँ ।

●

# मेरै आँगनमा !



कविता

● दीपेन्द्र के.सी.
ब्रसेल्स, बेल्जियम

यो सुदूर टापुमा !
पिएर आँसुले भरिएका कचौराहरू
लट्ठिँदै निदाउने रातहरू
सपनाहरू किन रहर गर्छन्
म ओर्लिएका उकालीहरू चढ्न ?
बूढा भएर सेतै फुलेजस्ता यादहरू
लौरो टेकेर किन पुगिरहन्छन्
शून्य आँगनहरूमा ?

उतै पो छुटेको छ कि ?
मैले खोज्ने हीरामोती ।

उजाड मन फूलको बगैंचा
अब उम्रिँदैनन् होला
जीवनभर पुग्ने लहरे फूलहरू
कता कैद भए होलान्

जीवनको सुगन्ध
हतार-हतार दौडाइरहन्छ समयको वेग
फुर्सदसँगै हराएर जिउनुको अर्थ
म सन्नाटै-सन्नाटा भेटछु
यी क्याफे, डिस्को र बारका चर्का सङ्गीतहरूमा
लाग्छ, यी क्लासिक, रक र जाजहरू
हानिएका ड्रमसेट र गितारका तारहरू
बजिरहेछन मेरो व्यङ्ग्यमा
मान्छेले मान्छेलाई जित्न हिँडेको यो लहरसँग
मध्यमा उभिएर यो सहरसँग
यी घरहरू, लाग्छन् मेरा डाँडाहरू
र, यातना पठाइरहन्छु छातीभित्र ।

वास्तवमा ! म छैन यहाँ
अदृश्य उभिइरहेछु मेरै आँगनमा ।

●

## गजल



● **कृष्ण कुसुम**
न्यु जर्सी, अमेरिका

जब जोवन नजिक भई बच्पन टाढा भयो,
त्यहीँदेखि आफ्नै घरको आँगन टाढा भयो ।

बा-आमा र आफ्नाहरू सबै छोडी हिँडे,
यस्तो लाग्यो जीवनबाटै जीवन टाढा भयो ।

एक्लो यो मन बुझाउन माया गाँसेको थेँ,
मेरो चोखो माया साट्ने त्यै मन टाढा भयो ।

पराईले रङ्गाइदियो, उनको खाली सिउँदो,
सँगै जिउने हाम्रो वाचा, बन्धन टाढा भयो ।

पीडा भुल्न प्यालासँग यति नजिकिएँ,
सराब भए पुग्न थाल्यो, सितन टाढा भयो ।

## गजल



● **सङ्गीता पौडेल 'स्मृति'**
निकोसिया, साइप्रस

के-के छ पर्दाभित्र हेरेर जान्छन्,
ललित पार्दै धेरै बुझेर जान्छन् ।

प्रथम हुने अभिलाषाले हतारमै,
कोमल छातीमा टेकेर जान्छन् ।

होसियार हुनुस् प्रत्येक पाइलामा,
आई पढाउन स्वयम् पढेर जान्छन् ।

मुसोले खायो चोट पायो भ्यागुतो,
भित्र-भित्रै दोषीहरू मिलेर जान्छन् ।

स्वार्थ पूर्तिपछि कोमल मुटुसँगै,
सुन्दर रूप र जवानी रेटेर जान्छन् ।

# सत्ययुग फर्किने आशामा



कविता

● **गोविन्दप्रसाद गौतम**
मस्को, रुस

मनभित्र पापले भरिभराउ
नक्कली बाबाहरूले
गेरु वस्त्र पहिरेर
ईश्वरको रूप धारण गरेपछि
मेरो निर्दोष दृष्टिलाई
दिग्भ्रमित पार्दै
मेरो समीपमा
प्रायश्चित गर्नका लागि
लम्पसार परी ढोग्नेहरूसँग
मेरो पुरापुर विमति भए पनि
चुपचाप झुकेर ढोग्न विवश भएँ म
समाजमा विद्रोही कहलिने भयले
अलमलमा काँपेर त्रसित भएँ म
किनभने येसु ख्रिस्टलाई झुण्ड्याउनेहरू
गौतम बुद्धलाई धम्काउनेहरू
भगवान् श्रीकृष्णलाई वाण प्रहार गर्नेहरूको
बोलवाला र बिगबिगी छ यहाँ
सरासर झुटको खेती गर्नेहरूको रजाइँ छ
निर्दोष र सज्जनहरूलाई दास बनाउन
षड्यन्त्रकारीहरू नेपथ्यमा बसेर
षड्यन्त्रको मार्गचित्र कोर्दछन्
सत्यका हिमायतीहरूलाई अल्पमतमा पार्नलाई
बलात्कार गर्न, ठग्न, लुट्न र जालमा पार्नलाई
तर म भने मडारिएको कालो बादलमुनि बसेर
आकाश फाट्ने समयको प्रतीक्षामा
वेदनाका तरङ्गहरूसँग जुद्दै
अभावैअभाव र दबावैदबावको परिवेशमा
अत्याचार, भ्रष्टाचार र दुराचारको विरोध गर्दै
बर्सौंदेखि स्वविवेकमा अटल रही
समाज परिवर्तनको परिकल्पनामा
समाजवादको उदयसँगै
सत्ययुग फर्किने आशामा थिएँ
ती आशाहरू अब सब निराशामा बदलिए
सायद म कल्पनाको मिथ्या सागरमा
सदासदाका लागि डुब्दै त छैन ?
गन्तव्यबिनाको चालमा भएर !
यसैबीच आकाशबाट आशाको दियो पलायो
आकाशवाणीको रूपमा
कलियुगमा सत्ययुग पर्खिने हे पटमुर्ख
लाज लाग्दैन तँलाई
भन्यो मलाई
मेरो आत्मा झनै जलाई ।

# गजल



● **आनन्द श्रेष्ठ**
न्युयोर्क, अमेरिका

लाग्दैन निद्रा बरै ! निदाउने प्रयास छ,
बोकेर आँखा मनलाई जिताउने प्रयास छ।

सम्झिँदा प्रियसीलाई बाडुली लाग्यो होला,
रातभरि तकियालाई भिजाउने प्रयास छ।

देखेको हुन्न रै'छ, लेखेको कहाँ-कहाँ,
आफ्नै यो भाग्यसँग रिसाउने प्रयास छ।

पिएर शान्त हुन्छु कलेजो डढे डढोस्,
मेरोझैँ उनको मुटु बिझाउने प्रयास छ।

'आनन्द' भन्नु केवल आत्माको शान्ति रै'छ,
हाँसेर त्यही शान्ति बिकाउने प्रयास छ।

# गजल



● **विष्णा विरही**
अध्यक्ष, अनेसास, सिकागो च्याप्टर

तिमीले आँखा तरेको पनि,
खुलेरै गाली गरेको पनि ।

मलाई साँच्चै निको लाग्छ,
तिमी मसँग लडेको पनि ।

मीठो लाग्छ तिम्रो ख्यालठट्टा,
सीमा मिचेर वर सरेको पनि ।

आँखा जुध्दा जिस्काउनेले,
लुकेर मलाई हेरेको पनि ।

समीपमा आई कानमा बोल्दा,
मन पर्छ सुवास छरेको पनि ।

# डुबर्समा नेपाली पत्रकारिताको सङ्क्षिप्त इतिहास



खोजमूलक लेख

● **डा.जीवन राणा**
सिलिगुडी, भारत

डुबर्समा नेपाली-पत्र-पत्रकारिताको इतिहास धेरै पुरानो होइन। भनौँ भने छिमेकी जिल्ला दार्जिलिङको प्रभावस्वरूप डुबर्समा नेपाली-पत्रकारिताको जन्म भएको हो। डुबर्समा प्रथम मुद्रित रूपमा हाम्रो ध्वनि सन् १९६७ मा भएको हो। तर सन् १९४९ मा दुम्सीपाडा चिया बगानबाट श्री जन्द्रवीर प्रधानको हस्तलिखित **जागृति** पत्रिका प्रकाशन भएपछि डुबर्समा-पत्रकारिता प्रारम्भ भएको पाइन्छ। हुन त, अन्यान्य भाषाका साथै नेपालीका पनि अन्य ठाउँहरूमा-पत्रकारिताको इतिहास मुद्रितबाहेक हस्तलिखित र लिथोमा प्रकाशित पत्रपत्रिकालाई पत्रकारिताको इतिहासमा कम समावेश गरेको पाइन्छ। यद्यपि डुबर्सजस्तो बन्जर भूमिमा हस्तलिखित र लिथोद्वारा भए पनि पत्रकारिता ल्याई दुईदशकभन्दा बढ़ी समयसम्म गरेको सेवालाई हाम्रो पत्रकारिताको इतिहासले भुल्न सक्दैन। डुबर्समा सन् १९४९ देखि हालसम्म नेपाली पत्रकारितालाई अवलोकन गर्दा अध्ययनको सुविधाको निम्ति तीन चरणमा विभक्त गर्न सकिन्छ :

१. प्रथम चरण (सन् १९४९ देखि १९६६ सम्म)
२. द्वितीय चरण (सन् १९६७ देखि १९८७ सम्म)
३. तृतीय चरण (सन् १९८८ देखि हालसम्म)

## १. प्रथम चरण (सन् १९४९ देखि १९६६ सम्म)

सन् १९४९ मा चन्द्रवीर प्रधानको सम्पादनमा हस्तलिखित रूपमा प्रकाशित **जागृति** पत्रिका नै आजसम्मको तथ्याङ्कअनुसार पहिलो पत्रिका हो। यसरी डुबर्समा नेपाली पत्रकारिताको थालनी भएको लगभग छ वर्षपछि सन् १९५५ मा चिलाउने कमानबाट लिथोमा डुबर्सवाणी र सन् १९६०, १९६४, १९६५ र १९६६ मा थालझोडा, बानरहाट, सामसिम र दलसिंह पाडाबाट क्रमशः

ज्योति, ध्वनि लिथोमा उषा र वसन्त हस्तलिखित रूपमा देखापर्छन् । यसरी हस्तलिखित र लिथोमाद्वारा डेढ दशकभन्दा बढी समयसम्म पत्रपत्रिका जन्मिरहे तर मुद्रित रूपमा भने प्रकाशन हुन सकेनन् । सायद मुद्रित रूपमा पत्रपत्रिका जन्मन नसक्नु आर्थिक अभाव, मुद्रण व्यवस्थाको अनुभवमा कमी, समीपवर्ती इलाकामा मुद्रणायलको उचित प्रबन्ध नभएको आदि कारणले हुनसक्छ । यस चरणका सम्पादकहरूमा सर्वश्री चन्द्रवीर प्रधान, तारानारायण श्रेष्ठ, एस.एन. क्षेत्री, मणिकुमार थापा, वसन्तकुमार क्षेत्री, कृष्णभक्त खड्का, बाष, कर रसाइली, डी.बी. योञ्जन, किताबसिंह राई, इन्द्रकुमार लामा हुन् ।

## २. द्वितीय चरण (सन् १९६७ देखि १९८७ सम्म)

सन् १९६७ सालमा बानरहाटबाट श्री जगदीश शर्माको सम्पादनमा **हाम्रो ध्वनि** नामक पत्रिका प्रथम मुद्रित रूपमा प्रकाशन भएपछि डुबर्समा नेपाली पत्रकारिताको इतिहासमा नयाँ अध्याय सुरु हुन्छ । उक्त पत्रिका प्रकाशन भएको एक सालपछि सन् १९६८ मा राँगामाटीबाट **रुञ्चे** र सन् १९७२ **बाग्राकोट हिमालवेदी** प्रकाशन हुन्छ । सन् १९७३ मा आशाबारीबाट **इन्द्रधनु** र बाग्राकोटबाट **नायक**, **प्रयास**, कालचिनीबाट **डुबर्स** बुलेटिन मुद्रित रूपमा प्रकाशन भएका थिए । पत्रकारिताको रूपमा यसवर्ष अन्य-अन्य वर्षको तुलनामा सङ्ख्याको दृष्टिकोणमा भएको वृद्धि भएको देखिन्छ । सन् १९७४ मा दुम्सीपाड़ाबाट **कोपिला नव जागृति** र सामसिम बाग्राकोट, कालचिनी, मादरीहाट र हेमिल्टनगञ्जबाटबाट क्रमशः **दीपमालिका**, **शिरीष**, **मुना**, **पसिना** र **जगटे** नामक पत्रिका हुन्छन् । सन् १९७७ मा कालचिनीबाट **टिस्टा सुनकोश** र **सङ्गीत दर्पण**, सामसिमबाट **डुबर्स आवाज र कोपिला** (हस्तलिखित) बानरहाट, वीरपाड र बाग्राकोटबाट क्रमशः **बाँच्न देऊ**, **सौगात**, **मैतालु** पत्रपत्रिका प्रकाशित हुन्छन् । सन् १९७८ मा बाग्राकोट र चिलाउने कमानबाट **प्रयोग** र **युगवाणी** पत्रिका प्रकाशन भएपछि सन् १९८० मा भगतपुर सामसिंह राजाभातखुवा, दलसिंह पाडबाट क्रमशः **घाम-छायाँ**, **टेवा**, **घडेरी** र डुनेसाविसको स्मारिका प्रकाशन हुन्छ ।

सन् १९८१ माकालचिनी लुकसानबाट **डुबर्सवार्ता** र **नौलो मुक्ति** सन् १९८२ मा कालचिनी राइमाङटाङ, दलसिंहपाड़ा र बीट चियाकमानबाट क्रमशः **नौमती**, **डुबर्समाला**, **बधाइ** (हस्तलिखित) र **शुभकामना** प्रकाशित हुन्छन् । **हाम्रो**

**ध्वनि** (सन् १९६७) प्रकाशपछि डुबर्समा मुद्रित रूपमा थुप्रै प्रकाशन भएको देखिन्छ । जब कि डुबर्समा पत्रकारिताको थालनी सन् १९४९ मा भएको थियो । पत्रकारिताको प्रथम चरण अर्थात् प्रारम्भिक कालमा लगभग १७ वर्षमा (अर्थात् सन् १९४९ देखि ६६ सम्म) कुनै पत्रपत्रिका मुद्रित रूपमा देखा परेन । वस्तुतः हस्तलिखित **जागृति** पत्रिकालाई डुबर्सका केही लेखक-लेखिकाहरूलाई जन्माउने श्रेय जान्छ भने डुबर्सको पत्रिकामा नवजागरण अर्थात् रेनसा ल्याउने श्रेय **हाम्रो ध्वनि**लाई जान्छ ।

यसरी डुबर्समा नेपाली पत्रकारिता द्वितीय चरणमा पदार्पण गरेपछि मुद्रित स्तरीयता र सङ्ख्यात्मक वृद्धि भएको पाउँछौं । यस चरणका पत्रकारिता प्रकाशनको क्रममा १९४७ र १९७७ मा सात-सातवटा पत्रपत्रिका प्रकाशन गरी पत्रकारितातर्फ अभिवृद्धि भएको दृष्टिगोचर हुन्छ। यस अवधिका प्रकाशनमा **इन्द्रधनु**, **टिस्टा सुनकोश**, **सौगात** आदि पत्रपत्रिका केही अङ्कसम्म (हाल प्रकाशन बन्द भए तापनि) निकै स्तरीय रचानादि प्रकाशन गरी डुबर्सको नेपाली साहित्यलाई श्रीवृद्धि गरेको पाउँछौं । द्वितीय चरणका सम्पादकहरूमा जगदीश खरेल, टी.एस.छिरिङ, समीर क्षेत्री, प्रियदर्शी, विष्णु शर्मा अधिकारी, मोहनसिंह रोका, कालुसिंह लामा, तुलबहादुर राई, भानुप्रकाश मार्मिक, बद्रीनारायण प्रधान, किरणचन्द्र प्रधान, सागर राई देवान, सुवास प्रधान, चन्द्रवीर प्रधान, किताबसिंह राई, तारानारयण श्रेष्ठ, गङ्गासिंह राई, मदन वियोगी, मदन मोक्तान, शङ्कर प्रधान, प्रह्लाद गोले, ललित न्यासोर, इन्द्रबहादुर गुरुङ, डी.बी. घिसिङ, जीवन नामदुङ, मोहन थामी, दुर्गा यामलिङ, तनयसा, जनार्दन थापा, कमल थुलुङ, जीवन राणा, प्रदीप थापा हुन् ।

## ३. तृतीय चरण (सन् १९८८ देखि हालसम्म)

यस चरणमा प्रकाशित पत्रपत्रिका सन् १९८७ मा बाग्राकोट चिन्हारी, सन् १९८८ र ९० मा **आवाज**, **डुबर्स संवाद** र **युगास्था** प्रकाशित हुन्छन् । सन् १९८९ र ९० मा जयगाउँबाट **मन्थन** र **बुखिमबारी शारदा संस्कृति सङ्घ तथा पुस्ताकालय स्मारिका** र सन् १९९१ मा दलसिंहपाड़ाबाट **त्रिवेणी** र **पाक्षिक विमर्श**, कालचिनी पत्थरझोड़ाबाट **डुगोस** स्मारिका सन् १९९२ मा **जयगाउँ**, वीरपाडा र दलसिंहपाडबाट क्रमशः **म्हामिपा दर्पण बुलेटिन** (नेपाली साहित्य समिति) र **जोखाना** (हास्य व्यङ्ग्य पत्रिका) प्रकाशन भएको देखिन्छ । सन् १९९... मा **आँगन**, सन्

१९९५ मा दलसिंहपाडाबाट **मननिषा**, गङ्गुरिया चियाकमानबाट सन् १९९७ मा **सुदर्शन**, एकता आवाज, वीरपाडबाट **साहित्य सङ्गम राईमटाङ** चियाकमनबाट, **करुणा**, जयगाउँबाट २००२ मा प्रकाशन भएको देखिएको छ । तेस्रो चरणमा प्रकाशनको दृष्टिले कम रहे तापनि द्वितीय चरणको तुलनमा स्तरीय **म्हामिण दर्पण** भने प्रकाशित छ । यस चरणका सम्पादकहरूमा हेमलाल शर्मा, सितम मोक्तान, किशोर मोक्तान, इन्द्रबहादुर गुरुङ, सागर राई, कितापसिंह राई, जीवन राणा, आचार्य साँगे लोटो मोक्तान, सीताराम काफ्ले, कमल योञ्जन, जीवन लामा, प्रभात थापा, श्रीमती अमृता राणा, काजीमान गोले र श्याम थोकर हुन् ।

निष्कर्षतः डुबर्समा उल्लेखित तीनै चरणका (सन् १९४९ देखि हालसम्म) पत्रकारिताको इतिहासमा सङ्ख्यात्मक दृष्टिले धेरै नै प्रकाशित भए तापनि स्थायित्व नियमितताको अभाव खट्किन्छ । तर जे भए पनि उत्साह र प्रयासको सराहना गर्नुपर्छ ।

●

# दूरी




● **अरुण पौडेल**
महासचिव, अनेसास जापान च्याप्टर

घरको धुरी
बा-आमाको मुस्कान
जहाँ पुगे पनि त खोजिरहन मन लाग्छ
दिनदिनै घर पुगेर फर्किने यो मन
पल-पल सोचिरहन्छ
ऊ त्यहीँ छ मेरो देश, ऊ त्यहीँ हो मेरो घर
म बसिरहेको भूगोलको समुद्र छेउसम्म पुगेर
ठूलो दूरबिनबाट हेर्दा पनि
जब भेट्दिन केही
झस्किन्छु
मेरो घरदेखि यो दूरबिनसम्मको
दूरीको हिसाब सम्झेर ।

●

कविता

# दिन !



● **ईश्वरी भट्ट**
सदस्य, ट्रस्टी पुरस्कार समिति

अचम्म छ बा
दिन आउँछ जान्छ
जान्छ आउँछ
कहिले लम्बिँदै
र कहिले छोटिँदै
कहिले घामसँग
कहिले पानीसँग
कहिले तातो बोकेर
र कहिले चिसो बोकेर
कहिले सुख बटुल्दै
कहिले दुःख थप्दै
दिन आउँछ जान्छ
दिन जान्छ आउँछ
दिनले धकेलेर
जीवन पर पुऱ्याइदिन्छ
दिन ढल्कँदाढल्कँदै
पर एउटा खम्बा
ढल्न तयार छ
एउटा पहाड
भत्कन तयार छ
सवल परिवारको मालिक
दिनले लखेट्दै
इन्तु न चिन्तु छ
गाईसँग चर्दै
जोडेका खेत पाखाहरू
दिनसँगै बस्ने छन्
पालनपोषण गरी
हुर्काएका परिवारहरू
दिन कुर्दै बस्ने छन्
जे थिए र जे छन्
दिनसँगै रहनेछन्
अब यो खम्बा गलिसक्यो
यी दिनहरूसँग
लटारो खेल्न सक्दैन
झगडा गर्न सक्दैन
ख़म्बा हालत भयो
उसको अब केही लाग्दैन
यी दिनहरूसँग
बिदा माग्दै छ
एउटा गाउँकै पुजारी
एउटा गाउँकै वैद्य
अब दिनहरूसँग

धेरै झमेला गर्ने वाला छैन
दिनदिनका झमेलाले
उसलाई थकाइसके
यी दिनहरूका झन्झट
तोड्ने वाला छ ऊ
त्यो बलवान् खम्बा
ढल्ने वाला छ ऊ
दिनहरू आऊन् जाऊन्
जे मन लाग्छ गरून्
अब मतलब छैन
सब कुराहरू
त्याग्ने वाला छ ऊ
नफर्कने गरी
यी दिनका मुखहरू
नहेर्ने वाला छ ऊ ।

●

# आऊ साहिँला पोखरा



गीत

● **ऋषि बराल**
सदस्य, अनेसास, बोर्ड अफ ट्रस्टी

भुल्यौ कि त साहिँला परदेशमा कखरा ?
सम्झिनलाई भए पनि आऊ साहिँला पोखरा

कति राम्रो हिमालमुनि गुञ्जिएको छहरा
रमाउनलाई भए पनि आऊ साहिँला पोखरा

बिर्स्यौ भने गामबेसीका सुसेली र भाका
गुनगुनाउन भए पनि आऊ साहिँला पोखरा

कु-संस्कार र उपद्रवले फिँजाइसके जरा
एक्लै भएँ होस्टे गर्न आऊ साहिँला पोखरा

यौटै दाना रोपी हेर मौलाउँछ कि त लहरा !
उर्वर भूमि रोइरहेछ आऊ साहिँला पोखरा

अरू भए लोभीपापी, दासी, अनि नकचरा
गुहार माग्ने तिमी त छौ आऊ साहिँला पोखरा ।

फेवा पनि सुक्यो हेर खेतबारी परे चिरा
बन्जरभूमि सिँचाउन आऊ साहिँला पोखरा ।

प्रकृतिले बनाएकी यौवन मेरो हराभरा
सेतीझैँ बेहाल छु म आउ साहिँला पोखरा ।

# म प्रवासी



कविता

● मधुकर अधिकारी
महासचिव, अनेसास, मेरिल्यान्ड च्याप्टर

हो म प्रवासिएको छु
भासिएको छु
तर
किञ्चित
म नासिएको छैन,
मासिएको छैन ।

तिम्रा चिच्याहटले मेरो अस्तित्व मेटिदैँन
तिम्रा कोलाहलले मेरो मस्तिष्क हल्लिदैन
किनकि
तिमीलाई भन्दा सयौँ गुणा माया मलाई मेरो मातृभूमिको छ ।

पुर्खाको देन र अस्तित्व तिमी स्विकार्न सक्दैनौ
इतिहासका पानाहरू अक्षरश : भन्न सक्दैनौ
तर म पुर्खाको त्यो रगतलाई सम्मान गर्छु
गौरवपूर्ण इतिहासको जगेर्ना गर्छु ।
अनि सानै किन नहोस्
मेरो आम्दानीको हिस्सा त्यसकै लागि खर्च गर्छु ।

हो म प्रवासिएको छु
भासिएको छु
म नासिएको छैन
भासिएको छैन ।

तिम्रा ती हतोत्साही धारणा पानीको फोकाजस्तो लाग्छ
तिम्रा ती ढोंगी चरित्र उजागर हुँदै भाग्छ
यस्तै वहुलठी तिम्रा धारणालाई तिरस्कृत गर्न मन लाग्छ
नेपाल आमालाई एक बनाउनेलाई पुरस्कृत गर्न मन लाग्छ ।

तिमीलाई के थाहा
प्रवासी मनले कर्णालीलाई हेर्छ
गौतम बुद्धको शान्ति विश्वभरि छर्छ
कला संस्कृति अनि सम्पदाको जगेर्ना गर्छ
त्यति मात्र कहाँ हो र त्योभन्दा धेरै तिम्रो तलब नै तिर्छ ।

तिम्रा तिखा वाण वर्गविभेद लाग्दछ
तिमी नै वोइङ चढी उत्रिँदा तिम्रा नयनले प्रवासी अनुहार खोज्दछ
तिम्रा ती असन्तुलित मन अनि धारणा घृणित लाग्दछ
आखिर तिमी आफैबाट आफै पीडित लाग्दछ ।

प्रवासीलाई जति घृणा गरे पनि
प्रवासी मनलाई गहिरो सुइरो रोपे पनि
प्रवासीलाई भूपूको संज्ञा दिए पनि
प्रवासीको तेजोबोध गरे पनि
तिम्रा फोहोरको डङ्गुर उठाउने प्रवासी नै हुन्
तिम्रा बर्सौं पुरानो मयल पखाल्ने प्रवासी नै हुन्
तसर्थ
प्रवासीलाई नगर हेला
हो म प्रवासिएको छु
भासिएको छु
तर
म नासिएको छैन
मासिएको छैन ।

●

# आमा



कविता

● **पुष्पा खनाल**
संयोजक, काव्य उत्सव, काठमाडौँ

तिम्रो आँसु झर्दा म हाँसेँ होला
तिमीलाई चोट पर्दा म नाचेँ होला
ती मेरा करतुत सबै भुलेर
मलाई वात्सल्यमा डुबाइदिने आमा ।

तिमीलाई ठेस लाग्दा खुच्चिङ भनेँ कि
ढुङ्गाभन्दा नि म कठोर बनेँ कि
ती मेरा गल्तीलाई माया ठानेर
मलाई प्रेम आँचलमा लुकाइदिने आमा ।

मैले तिम्रो दुःख देखिनँ होला
तिम्रा आँसु झर्दा पुछिनँ होला
तर आफ्ना सबै चोट भुलेर
मेरो घाउमा मल्हम लाइदिने आमा ।

चोटैचोटले चिरिएको तिम्रो छाती
कति कुल्चिएँ खै मैले त्यहीमाथि
ऐया नि नभनी चुपचाप लागेर
सबै-सबै पीडा सहिदिने आमा ।

मैले नै सहारा दिनुपर्ने बेला
मेरै निम्ति बन्यौ सबैको हेला
अझै टेकी लौरो सकी-नसकी
मेरै निम्ति मन्दिर धाइदिने आमा ।

मेरो पीडामा कति दुख्यौ आमा
मेरो चिन्ताले कति सुक्यौ आमा
तर सधैँ मेरो खुसीका लागि
आँसु पिएरै बाँचिदिने आमा ।

थियो होला भरोसा पक्कै ममाथि
बन्नेछ भन्ने बुढेसकालको साथी
तिमीलाई छोडी म टाढा भए'नि
मेरै निम्ति सबै कुरा साँचिदिने आमा ।

आमा मेरी आमा
आमा मेरी आमा ।

# गुल्मोहरको बोटमुनि



कविता

● **सजल नयन**
सिड्नी, अस्ट्रेलिया

लेख्नु थियो
एउटा फुल्दै नफुल्ने जिन्दगीको कथा
एउटा खुल्दै नखुल्ने जिन्दगीको व्यथा
बसेर राताम्मे गुलमोहरको बोटमुनि ।

ए भुइँभरिका कोमल मखमली
दुबोहरू हो,
नठान्नू
अभिमान गर्छ
ऊ आफ्नो उचाइमा,
उभिएको हो ऊ
सामना गर्न समयको हर प्रहार
उभिएको छ यसरी नै
हरकठोरताका अगाडि ।

नगरी हिसाब
कति लाछिए मूल हाँगाहरू
हुरीमा
ओहो ! हेर कति लोभलाग्दो छ
उसको सौन्दर्य !
तर
गुजारेर उजाड-उजाड समय
काटेर जर्जर रातहरू
बहेको हो उसकै रित्ता-रित्ता हाँगाहरूबीच भएर शिशिर
र
त्यही बाटो हुँदै भर्खर आएको हो यो
हराभरा मौसम
सर्वाङ्ग रित्तिएर आफैमा
निलेर कहालीलाग्दो कुरूपता
पर्खेको हो फेरि पलाउने र फुल्ने
एक दिन
र थाहा छ उसलाई
यो हराभरापछि
फेरि तिनै हाँगाहरूबीच
हुँदै फिर्नेछ
अर्को शिशिर ।

तर
मान्छेको मन
डढेलोको दास
डढेपछि पलाउन निकै गाह्रो
असमय नै

उडेपछि
जीवनका रङ्गहरू
असमय नै सही
झरेपछि
चाहनाका फूलहरू
एकपटक
किन बाँच्न सक्दैन मान्छे
फेरि
स्वाभिमानको एउटा हराभरा जिन्दगी ?

मलाई त
उभिनु थियो एकपटक
मलाई नै थाहा नदिई
मेरा रहरहरूलाई
बगाई लाने छालहरूका विरुद्ध
बिहानैको जूनघामसँग
कहिल्यै डुबी नजाने चोखो
प्रीत लाउनु थियो
कैद गर्नु थियो सुनौलो फ्रेमभरि
असमय लोप हुन खोज्ने
आफ्नै जीवनका रङहरू
र झरिजाने चाहनाका फूलहरू

निस्केर पीडाहरूको शिविरबाट
मूल सडकमा
गाउनु थियो
उत्साहको एउटा
युगीन धून
बसेर
आफ्नै
हारहरूको मोर्चाको अग्रपङ्क्तिमा
मनाउनु थियो
कहिल्यै हार्दै नहार्ने मनहरूको विजय उत्सव
र
निचोरेर हृदयभरिको चोखो प्रेम
लेख्नु थियो
एक प्रेमपत्र
कहिल्यै सामु नआइपुग्ने सपनाको
राजकुमारलाई
अनि फेरि
लेख्नु थियो
एउटा
फुल्दै नफुल्ने जिन्दगीको कथा
खुल्दै नखुल्ने जिन्दगीको व्यथा
बसेर राताम्मे गुलमोहरको बोट्मुनि ।

●

## गीत




● **पुष्पा घिमिरे**
वासिङ्टन डि.सी., अमेरिका

अमेरिका आउन भनी भित्र सपना बुनें मैले,
एकको सय हुन्छ भनी मनमनै गुनें मैले ।

त्यसैले त होला हजुर मलाई पऱ्यो डि.भी. चिठ्ठा,
सपनामै सीमित रहेँ डलरका बिट्टैबिट्टा ।

अमेरिका बस्नेहरू देखेर नै डर लाग्थ्यो,
कहिले आफू पुग्ने होला भित्रभित्रै रहर लाग्थ्यो ।

अमेरिका पनि यस्तै रहेछ भन्ने जानें,
नेपालभन्दा स्वर्ग अन्त कतै छैन सबैले जाने ।

## गजल



● **मोहनप्रसाद खतिवडा**
चिवा, जापान

समय फेरियो माया फलामी भए हिजोआज,
आफ्ना भन्नेहरू पनि कलामी भए हिजोआज ।

पिण्डहरू आफ्नै चक्रमा घुमिरहे पुस्तौंदेखि,
यहाँका  मान्छेहरू गलामी भए हिजोआज ।

बाँचुन्जेली खुट्टा तान्नेहरू धेरै छन् समाजमा,
मरेपछि लाश हेर्ने धेरै मलामी भए हिजोआज ।

इमान बेचिरहन्छ  तिनैले देशमा सत्ताकै लागि,
धूर्त अवसरवादीहरू नै सलामी भए हिजोआज ।

कानुन आँखामा पट्टी कसेर न्याय  दिन छ बसेको,
अपराधी खुलेआम सहरमा चलानी भए हिजोआज ।

# वादका अनुहार



कविता

● **केदार सङ्केत**
लन्डन, बेलायत

वादका अनुहारहरू
पलायनवादका अनुहार
कसरी पहिचानवादजस्तो भयो ?
अँ, साँच्ची
पलायनवादको पुरानो वंशावली
पहिचानवादसँग मिल्न गएछ
दुवैको वंश एकै भएकाले
बारमा टकिला ठोक्काइ पनि ठ्याक्कै मिलेको थियो
समुद्रपारिबाट आएका पलायनवादीलाई
उसको घरभन्दा नजिक
एयरपोर्टमा खादा लगाइदिने वन्धु आत्मीय भयो ।
त्यसपछि
कुन कुन अनुहार आफूलाई मनपर्छ
खोल्यो सुटकेस, निकाल्यो ब्रान्डेड सामान
बाँड्न थाल्यो फालाफाल ।
काठमाडौँमा अनुहार बेच्न बसेका वन्धुहरूको
चल्यो हारालुछ
स्याखुने नाडीमा बाँधे ब्रान्डेड घडी
पाँचसयको पत्लुनमा
धस्काए ब्रान्डेड जुत्ता
दस हजारको जागिरवालाले
बोक्ने भए डेडलाखको फोन ।

हप्तादिन नपुग्दै
पलायनवादीको अनुहार
ऊ आफैले नचिन्नेगरी
छापाहरूमा
देशभक्त नागरिक भएर उफ्रिरहेको देखियो
कट्टर पहिचानवादी भएर दौडिरहेको देखियो
देशकै शिर उच्च बनाउने नागरिकको उपस्थिति देखियो
बजार त हो, अनुहारलाई ताली लगाउँछन्
मै हुँ भन्ने क्याफेहरूले नाफा कमाए
मै हुँ भन्ने सेकुवा घरहरूले नाफा कमाए ।
बिस्तारै-बिस्तारै
नेपथ्यमा गीत गुन्जन लागे
'आयो लाउरे बुटजुत्ता कसेर, गयो लाउरे ...'
छापाहरूमा
समाचार फेरिन लाग्यो अर्कै-अर्कै
क्याफेमा बिस्तारै भीड पातलिँदै जान थायो
टकिला साँझ बिस्तारै सुनसान हुँदै गए
अनुहार बिक्रेताहरू बिस्तारै पातलिँदै जान थाल्यो ।
सत्य सधैँ तीतो हुन्छ
सत्य सधैँ अन्तिममा थाहा हुन्छ ।
पलायनवादीलाई लगभग थाहा भइसक्छ कि
किनेको अनुहार एकहप्ता मात्र टिक्दो रहेछ
फेरि अनुहार किन्न सुट्केस भरेर आउनुपर्छ
अनुहार बेच्नेहरू
अर्कै बजारको खोजीमा हिँडिसके ।
समय पर पुगेको छ
समयसँगै मान्छे पनि
धेरै पर पुगेका छन्
हामी प्रचण्ड घाममा पनि
बाक्लो सिरक ओढेर
जाडोको संज्ञा दिन खोजिरहेछौँ ।

# रङ्गमञ्च



कविता

● **शिखर दुलाल 'लेखु'**
अध्यक्ष, अनेसास नर्थ क्यारोलाइना च्याप्टर

म सम्पूर्णमा एक मञ्च तयार भैसकेछु
कलाकारहरू ममाथि चढेर
आ-आफ्ना कला देखाउन आतुर रहेछन्
एक-एक गरेर
पालैपालो
सिकारु पोख्त र मध्यम
सबैखाले कलाकारहरू
परिश्रम बोकेर ढाकर चढेका छन् मैमाथि
म नतमस्तक एकनास बसेको छु
सकिनसकी थामेर गजधुम्म
एक मञ्च तयार भैसकेको छु ।

बडेमानको हात्ती पनि म होइन
न त म कुनै निर्जीव कर्मठ ढुङ्गा हुँ
मेरो आपत्ति शून्य छ
म केवल एउटा सिङ्गो मञ्च मात्रै हुँ
जहाँ
निमेष-निमेषमा नाट्य मञ्चन हुने गर्दछ
राष्ट्रिय बनाउनेहरूको लामो भाषण हुने गर्दछ ।

यो मेरो जीवनमञ्चले
सयौँ कलाकारहरू जन्माइसक्यो
लाखौँ मन्त्री, प्रधानमन्त्री बनाइसक्यो
नेता-अभिनेता, नाइके बुद्धिजीवी
सारा ठूल्ठूला देशभक्त जन्माइसक्यो
तर म सधैँ

निस्तब्ध एउटा मञ्च
निर्वाद
एउटा सभा अझै कुरिरहेको छु
वरिपरि अगाडि पछाडि जम्मा भैरहने
सुन्ने कानहरू कुरिरहेको छु
निःसन्देह म एउटा खुला मञ्च भएको छु ।
मेरा शरीरभर
आन्दोलनका बारुद पड्किएका छन्
ईंट्टा, ढुङ्गा र लाठीचार्जका दागहरू लागेका छन् ।
बुट र लात्ती खाएका यी मेरा छातीहरू नीलडाम र खिलहरू खपिरहेछन्
तर पनि
म अझै एउटा गतिलो सभा पर्खिरहेको छु
जसले देशको ऐठनमा श्वास भर्न सकोस्
यहाँ अझै एउटा सशक्त आमसभा गर्जियोस्
सारा अधकल्चा छट्पटीहरू टुङ्गिएको
घोषणा होस् ।
बरु मेरा गोडाहरू अझै थाकून्
मेरो पिठ्युँले यमानको पहाड थाम्न सक्छ
यहाँ अझै एउटा त्यस्तो नाटक मञ्चन होस्
जसले
साँच्चीकै उज्यालो रक्तिम बिहानी लिएर आओस्
मेरो मञ्चले साँच्चीकै नयाँ वर्षको थालनी पाओस्
र
अबको विशाल आमसभामा
तमाम निर्मलाहरू जयजयकार गरून्
फूल, अबिर र ध्वजापताकाले रङ्गीन बनाउन मेरो एक्लो मञ्चबाट
कर्रतल ध्वनिले ताली ठोकियोस्
सत्य र न्यायको युग विगुल फुकियोस्
जहाँ
आजैबाट नयाँ युगको उद्घोष हुन सकोस् ।

●

# आमा




● भूपेन्द्र महत
कोलोराडो, अमेरिका

तिम्रो पट्पट् फुटेका पैतालाले कोरेको धर्साभित्र
बामे सरेर हुर्केका वर्तमान
तिम्रो ममताको अभावमा
हुन त न दर्फराएको कहाँ हो र आमा !

तिमीले आफ्नो गाँस काटेर
भरेको यो मेरो सानो पेट
अचेल कहिले भरिन्न आमा
किनकि
अचेल मलाई धेरै भोक लाग्छ
धेरै भोक यसर्थ कि
यो भोकभित्र लोभ मिसिएको छ
यो भोकभित्र लालच भरिएको छ
हुन त यो पेट खुम्चिँदै जाँदा
यसको आयतन पनि घट्नुपर्ने हो
पाचनशक्ति घटेर
परहेजमा तौली-तौली खानु पर्दा
थोरैमा भरिनुपर्ने हो
तर यो पेट भरिन्न आमा

अलौटा मकै सागको डुकु
गहुँबारीको कुटुली कोसा
चिचिले कटमेरा फलफूल
अगेनामा पोलेको आधाकाँचो आलु
नुनखोर्सानी देलेर खा'को काँक्रो
नपखाली लुगैमा पुछेर खा'को मुला
सबले भरिथ्यो यो पेट आमा ।

तिम्रो क्षीण भएको श्रवणशक्ति
लर्खराउने तिम्रा झिना खुट्टा
धमिलिएको तिम्रो आँखा
घट्दै गएको तिम्रो स्मरणशक्ति
सबले मलाई खोज्दो हो
माफ गर म लाचर छु आमा
किनकि म यो पेट भर्न तल्लीन छु
किनकि यो पेट कहिल्यै भरिन्न

●

## शुभकामना

**अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास), बेलायत च्याप्टर**

को आयोजनामा हुने

**अन्तर्राष्ट्रिय**

**छैटौं**

**नेपाली साहित्य सम्मेलन २०१९**

**6th Int'l Nepali Literary Convention 2019**

को

भव्य सफलताको कामना गर्दै

**अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)** को मुखपत्र

साहित्यिक त्रैमासिक

**अन्तर्दृष्टि**

को ४४ औं अङ्क प्रकाशन भएकोमा

खुसी प्रकट गर्दछु ।

**सुनिल संगम**

उपाध्यक्ष

**अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)**

**International Nepali Literary Society (INLS)**

केन्द्रीय कार्य समिति

# टाउकाहरूको मेला



कविता

● राखी गौचन
अमेरिका

टाउकाहरुको मेलामा कसो-कसो आँखामा अडिएको
यो कस्को टाउको रहेछ ?
जो भर्खर
रङ्गीविरङ्गी कोमल सुगन्धित फूलहरुलाई निहालिरहेको छ
अहो ! त्यही मान्छे
जसरी आएको थियो वर्षौंपहिले
कुनै बेदाग सेतो कपडाजस्तै
कुनै ऐनाजस्तै
छर्लङ्ग देखाएर टाउकाको सुन्दरता
समयको पर्दामा
र पर्दाको पछाडि हावा फरक-फरक स्वरुपमा बग्दोरहेछ
टाउकाहरुको मेलामा
लागे'थ्यो कुनैबेला कुनै टाउको
बुद्धजस्तो
गान्धीजस्तो
अझ मुटुको तहमा पुगेर
आदर्शको लेपन लगाएको आँखामा टाउको सप्रमाण अडिरहेको ।
त्यो मुकुण्डो कसको हो ?
जो जीवित आत्मालाई पर राखेर
बुट्टेदार भाषा बोल्दै छ ।
पृथ्वीको अन्तिम गर्भबाट
यदि जन्मिहाल्यो भने

अर्को टाउको
टाउकाहरुको मेलामा नलैजानु
एक-एक गरेर नकाब उतारियो भने
आदर्शको गलबन्दी भिरेर
कति दिन हिँड्न सक्ला यो समयको पर्दामा
एउटा बेदाग अनुहार भिरेको टाउको ?

## बग्दै छु नदी बनेर



कविता

● रजनी श्रेष्ठ
उपाध्यक्ष, अनेसास, डि.सी. च्याप्टर

बग्दै छु नदी बनेर जीवनको यात्रामा
बग्ने मेरो क़ाम हो समयको परिधिमा
जब ठक्कर खान्छ मेरा स्वाभिमानमा
अड्चन बनेर उभिएका विशाल ढुङ्गाहरूमा
म निर्धक्क बनेर जुट्छु अगाडि बढ्ने प्रयासमा
मेरा वेगहरू ठोक्दै बग्दा कहिले तेर्सिएर बग्छु
सके बगाउँछु नसके छोडेर बग्छु
किनारालाई समेट्दै
जस्तो बाटो छ, उस्तै वेगमा
ढुङ्गालाई बगाउँदै खियाउँछु
कतै बगरमा लगेर छोड्छु
प्रकृतिको नियतिभित्र बनेको नियममा
बगिरहन्छु निरन्तर जलप्रवाहमा
सूर्यको तापमा मेरा छिल्काहरू जब समेट्छ
बाफ बनेर उड्छु
हावासँग डुल्छु खुल्ला आकाशमा
मन अट्नेगरी बादलमा लुक्छु
जब आभास हुन्छ आफ्नो स्वरूप
मन पग्लिन्छ भावविह्वलमा
वर्षात् बनेर झर्छु धर्तीकै आँगनमा
जहाँ छु, त्यहीं खुसी भएर मिल्छु
आत्मसात गर्छु
बालुवामा, माटोमा, नदीमा
जता मिले पनि पानी नै भएर
विसर्जित हुन्छु धर्तीकै आँगनमा ।

●

## अनेसास डेनमार्क च्याप्टरको अध्यक्षमा प्रकाश सापकोटा

नेपाली साहित्यकारहरूको विश्वव्यापी र ठूलो संस्था अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) डेनमार्कको २४ फेब्रुअरी २०१९ को दिन पुनर्गठन भएको छ ।

शनिबारको साँझ चर्चित युवाकवि नवराज पराजुली युरोप कविता कन्सर्ट-२०१९ अन्तर्गत आफ्नो कार्यक्रम लिएर डेनमार्कको कोपनहेगन पुग्नुभएको सन्दर्भ पारी आयोजित एक भेलाबाट नयाँ कार्यसमिति चयन गरिएको हो ।

यसअघि सन २०१५ मा गठित शशी ढकाल नेतृत्वको सो समाजको डेनमार्क च्याप्टर अब साहित्यकार तथा पत्रकार प्रकाश सापकोटाको संयोजकत्वमा हस्तान्तरित भएको छ । पुनर्गठित समितिको महासचिवमा राजेश कार्की तुफान छानिनुभएको छ । उपाध्यक्षमा सरस्वती ज्ञवाली रेग्मी र सचिवमा पूर्णकुमार (पुकु) खत्री र कोषाध्यक्षमा रमेश घिमिरे छानिनुभएको छ । सदस्यहरूमा शशीकुमार ढकाल र दीपक तिवारी छन् भने डेनमार्कमा अन्य सङ्घसंस्थामा आबद्ध रहेर साहित्य विधामा पनि लाग्नुहुने सर्जकहरूलाई पनि समेटेर समितिलाई विस्तारित गरिने जनाइएको छ ।

सर्जक तथा एनआरएनए डेनमार्कमा प्रवक्ता रोशनकुमार खतिवडा र सक्रिय सामाजिक अभियन्ता प्रभात किरणलगायतले अनेसास पुनर्गठनमा महत्त्वपूर्ण भूमिका खेल्नुभएको थियो छ ।

## अनेसास डेनमार्क च्याप्टरको पुनर्गठित समितिको पहिलो बैठक सम्पन्न

अनेसास डेनमार्कको नवगठित कार्यसमितिको पहिलो बैठक अनलाइन बैठकका रूपमा मार्च ३ आइतबार साँझ सम्पन्न भयो । सात सदस्यीय प्रारम्भिक कार्यसमितिका सातमध्ये छ सदस्य सहभागी हुनुभएको बैठकले भविष्यका कार्यक्रम र कार्यदिशाबारे छलफल गरेको थियो ।

कार्यसमितिलाई पूर्णता दिनका लागि डेनमार्कका अन्य सङ्घसंस्थासँग र व्यक्तिहरूसँग समन्वय गरी सदस्यसङ्ख्या बढाउने सहमति भयो । साथै विगतको

कार्यसमितिमा अनुभव सम्हाली सक्नुभएको र यो कार्यसमितिमा पनि रहनुभएका रमेश घिमिरेलाई कोषाध्यक्षको जिम्मेवारी दिने सर्वसम्मत निर्णय भयो ।

कमिटी सञ्चालनार्थ आर्थिक कोषको स्थापना गर्ने सहमति भयो, यसको कार्यविधि आगामी दिनमा छलफल गर्दै जाने समान धारणा रह्यो । आगामी दिनमा यस कार्यसमितिले गर्नुपर्ने विषयको विभिन्न प्रस्तावनाहरूमा छलफल भयो । जसअन्तर्गत अरू देशको अनेसासका गतिविधि र सिकाइहरूबारे आ- आफ्नो ठाउँबाट जानकारी लिने, डेनमार्कको नेपाली पाठशालाका भाइबहिनीहरूसँग बालसाहित्यिक गतिविधिको सम्भाव्यताका लागि यस कार्यसमितिका सदस्य तथा नेपाली पाठशालाका प्राध्यापक दीपक तिवारीमार्फत् उनीहरू र उनीहरूका अभिभावकहरूलाई जानकारी दिने, रायसुझाव लिने तथा थप छलफल गर्दै आगामी दिनमा अनेसास डेनमार्कले ती भाइबहिनीहरूलाई नेपाली साहित्यप्रति प्रोत्साहित गर्ने कार्यक्रम ल्याउने, डेनमार्कमा रहनुभएका नेपाली सहित्य सर्जकहरूका रचना सुन्ने/सुनाउने कार्यक्रम ल्याउने विषयमा आगामी दिनमा छलफल गर्दै जानेलगायतका निर्णय भयो ।

अनेसासको आजीवन सदस्यताको बारेमा थप जानकारी लिने र इच्छुक साथीहरूले सदस्यता लिने विषयमा छलफल भयो ।

बैठकमा नेपाली साहित्यका विभिन्न विधाप्रतिको आ-आफ्नो बुझाइहरू, सिकाइहरू, अनुभवहरू साझा गर्दै अनेसास, डेनमार्कको समान धारणा तथा दृष्टिकोण बनाउँदै लैजाने विषयमा छलफल भयो ।

## अनेसास पोर्चुगलको वार्षिक साधारण सभा सम्पन्न

**कृष्ण कँडेल 'जिज्ञासु'**

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज पोर्चुगलको वार्षिक साधारण सभा शनिबार पोर्चुगलको राजधानी लिस्बनमा सम्पन्न भएको छ। साथै सोही कार्यक्रममा **अन्तर्दृष्टि** त्रैमासिक पत्रिकाको विमोचन तथा आजीवन सदस्यहरूको प्रमाण-पत्र पनि वितरण गरिएको छ ।

अनेसास पोर्चुगलका अध्यक्ष वाइ.वी. गुरुङको सभापतित्व तथा लिस्वनका लागि अवैतनिक वाणिज्यदूत मकरबहादुर हमालको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको थियो। समाजका वरिष्ठ उपाध्यक्ष कृष्ण कँडेल 'जिज्ञासु' ले आगन्तुक पाहुनाहरूलाई स्वागत गर्नुभएको थियो। कार्यक्रममा युरोपबाट अनेसासका केन्द्रीय

उपाध्यक्ष सुनील सङ्गम, गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्य नरेन्द्रबहादुर हमाल, एनआरएनए पोर्चुगलका अध्यक्ष कुवेर कार्की, नारी समाज पोर्चुगलकी अध्यक्ष सीता बराल, नेपाल पत्रकार महासङ्घ युरोप शाखाका महासचिव योगेन्द्रमिलन छन्त्याललगायतले मन्तव्य राख्नुभएको थियो । मन्तव्यकै क्रममा वक्ताहरूले नेपाली भाषा र साहित्यको संरक्षण र सम्बर्धनमा यथास्थानबाट सबै लाग्नुपर्नेमा जोड दिनुभएको थियो ।

कार्यक्रममा सचिव सबी श्रेष्ठले वार्षिक प्रतिवेदन तथा कोषाध्यक्ष सञ्जय लामाले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । कार्यकुशलताका आधारमा विनोद स्पन्दनलाई सचिवबाट महासचिवमा बढुवा गरिएको तथा यादव देवकोटा र अरुण भेटवाललाई समाजको सदस्यमा मनोनीत गरिएको पनि कार्यक्रममा जानकारी गराइएको थियो ।

## मिजौरी च्याप्टरको आयोजनामा छन्द कविता कार्यक्रम सम्पन्न

डि.सी. नेपाल, ५ वैशाख, २०७६

अमेरिका । यही २०१९ साल, अप्रिल १३ का दिनमा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (मिजौरी च्याप्टर) सेन्ट लुइस मिजौरीमा छन्द कविता गोष्ठी कार्यक्रम भव्यताका साथ सम्पन्न भएको छ ।

उक्त कार्यक्रममा, अध्यक्षता मिजौरी च्यापटरकी अध्यक्ष उर्मिला निर्दोषीले गर्नुभएको थियो भने कार्यक्रमको सञ्चालन च्यापटरका सचिव सदन पोखरेलले गर्नुभएको थियो ।

आदिकवि भानुभक्त आचार्य, युवाकवि मोतीराम भट्ट, महाकवि लक्ष्मीप्रसाद देवकोटा आदिका तस्बिरहरूमा माल्यार्पण, दीपज्योति प्रज्ज्वलन र राष्ट्रिय गानबाट कार्यक्रम सुरुवात भएको थियो ।

उक्त कार्यक्रममा, स्वागत मन्तव्यका साथ 'नेपाली भाषाको जगेर्ना र पहिचान बचाउनु' सबको महत्त्वपूर्ण कर्तव्यको वर्णन गर्दै च्यापटरकी अध्यक्ष उर्मिला निर्दोषीले छन्द र नेपाली भाषासम्बन्धी चर्चा-परिचर्चा गर्नुभएको थियो ।

कार्यक्रममा कवि बलराम पन्थीले मौखिक छन्द र नेपाली भाषासम्बन्धी चर्चा-परिचर्चा र केन्द्रका सचिव कवि लालगोपाल सुवेदीद्वारा पठाइएको छन्दबारे अडियो रेकर्ड सुनाइएको थियो ।

कार्यक्रममा यस क्षेत्रका विभिन्न साहित्यकारहरूले आ-आफ्नो कविता पाठ गर्नुका साथै सिकागो अनेसासको अध्यक्षबाट प्राप्त छन्द कविता पनि पाठ गरिएको थियो ।

त्यसै गरी कार्यक्रमको अन्तिममा, मिजौरी च्यापटरकी अध्यक्ष उर्मिला निर्दोषीले अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको योगदान र आउँदो अन्तर्राष्ट्रिय नेपाली साहित्यको लन्डन सेमिनारबारे वर्णन गर्दै सभा बिसर्जनका साथ सहभागी सबैलाई जलपान समारोहमा सामेल हुन अनुरोध गर्नुभएको थियो ।

## बोस्टनको विशेष साहित्यिक कार्यक्रममा डा. गौतमको 'झ्याम्ली बाख्राको पाठो' को उपर समीक्षा

अमेरिका, बोस्टन । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज बोस्टन र राज मित्र स्मृति प्रज्ञा प्रतिष्ठानको संयुक्त आयोजनामा गत आइतबार मे ५ तारिख स्टोन ह्याम सिटीस्थित नमस्ते रेस्टुरेन्टमा निकै राम्रो साहित्यिक कार्यक्रम सम्पन्न भयो । त्यहाँ साहित्यकार एवम् पूर्व हार्वड युनिभर्सिटीका प्रोफेसर डा. शिव गौतमको बौद्धिक निबन्ध **झ्याम्ली बाख्राको पाठो**माथि विशेष छलफल भयो ।

अनेसास बोस्टनका अध्यक्ष यम पौडेलको सभापतित्व र सचिव मनोज आचार्यले सञ्चालन गरेको कार्यक्रममा क्यानडाबाट आउनुभएका साहित्यकार डा. गोविन्द सी राउतले प्रमुख वक्ताको रूपमा बोल्दै कृतिउपर विशेष समीक्षा गर्नुभएको थियो । कृति अत्यन्तै बौद्धिक, सरल, सहज तार्किक एवम् उत्कृष्ट भएको विचार राख्दै नेपाली भाषा साहित्यमा ठूलो रिक्त स्थान यसले पूरा गर्ने डा. राउतले बताउनुभयो । न्यु ह्याम्सायरबाट आएका लेखक पेशल पोखरेलले पुस्तक उत्कृष्ट भएर पनि चर्चा कम हुनुको कारण खोज्नुपर्ने बताउनुभयो । अनेसासका पूर्वअध्यक्ष हरि काफ्ले 'शैव' ले डा. गौतमलाई आफूहरूले कम बुझेको र यस कृति पढेपछि उहाँभित्र रहेको थप ज्ञानको भण्डार थाहा पाएको बताउनुभयो । कार्यक्रममा बोल्दै कृतिकार प्रोफेसर डा. शिव गौतमले आफू हार्वड विश्वविद्यालयमा छँदा खेलिरहने कुराहरूलाई फ्लोरिडामा गएपछि समेट्ने काम गरेको, कहिल्यै हुर्कन नसकेका चकचकलाई उतारेको र आफ्नो परिचयलाई बाल्यकालसँग जोड्न खोजेको कुरा बताउनुभयो ।

सबै वक्ताबाट पुस्तकको प्रशंसा भएपछि सहभागीबाट पुस्तक पढ्न

पाउनुपर्ने कुरा उठ्यो । सोहीबेला कृतिकार डा. गौतमले आफ्नी धर्मपत्नी, अनेसास बोस्टनकी पूर्वअध्यक्ष एवम् साहित्यकार भारती गौतमसँगै संयुक्त हातबाट आफूले ल्याएका चार थान **झ्याम्ली बाख्राको पाठो** पुस्तक अनेसास बोस्टनका अध्यक्ष यम पौडेललाई उपहारस्वरूप प्रदान गर्नुभयो ।

यो पुस्तक पालैपालो पढ्न चाहनेलाई निःशुल्क पढ्न दिने पौडेलले बताउनुभयो । सो अवसरमा अनेसास बोस्टनकी अर्की पूर्वअध्यक्ष डा. उषा शर्माले धेरै समय आफूहरूसँगै बोस्टनमा रहेर टाढा जानुभएको डा. गौतमले ठोस कोसेलीको रूपमा पुस्तक लिएर आएकोमा खुसी व्यक्त गर्नुभयो । त्यसपछि रचना वाचन चलेको थियो । कवि दीपा राईले 'बाटो र बाटैबाटो' शीर्षकको कविता, अनेसास बोस्टनका सहसचिव अबी गजुरेलले 'फूलैफूलको बहार तिमीलाई' गजल सुनाउनुभएको थियो । त्यसै गरी कार्यक्रम सञ्चालक अनेसास बोस्टनका सचिव मनोज आचार्यले आफ्नो रचना एवम् कथा वाचन गर्नुभएको थियो ।

कार्यक्रमका सभापति पौडेलले आफ्ना रचना 'सङ्कोचित मित्रहरूप्रति...' र 'सार्थक जीवन' शीर्षकमा दुई कविता सुनाउनुभयो । अन्तमा अनेसास बोस्टनका उपाध्यक्ष एवम् राज मित्र स्मृति प्रज्ञा प्रतिष्ठानका संस्थापक सुशील नेपालले उपस्थित सबैलाई धन्यवाद दिँदै आफ्नो रचना वाचन गरेपछि कार्यक्रम सकिएको थियो । कार्यक्रमपश्चात् आयोजकबाट व्यवस्था गरिएको लन्च लिँदै बोस्टन आएका गौतम परिवारसँग बोस्टनवासीको लामै भलाकुसारी चलेको थियो ।

कार्यक्रममा अनेसास केन्द्रका पूर्व महासचिव गोवर्धन पूजा र सदस्य महेश्वर पन्त, अनेसास बोस्टनका पूर्वअध्यक्ष अच्युत अधिकारी, जिबिएनसीका पूर्वअध्यक्ष राम थापालगायत बोस्टनभित्र र बाहिरबाट आएका खास-खास व्यक्तित्वहरू कुसुम राउत, शेरल पोखरेल, मदन कार्की, कोमल पोखरेललगायत अनेसास बोस्टका पदाधिकारी एवम् साहित्यप्रेमी महानुभावहरूको उपस्थिति रहेको थियो ।

स्मरण रहोस्, २०३० को दशकदेखि कथा, कविता, निबन्ध लेखनमा सक्रिय त्रि.वि., नेपालमा ५ वर्ष, अमेरिकाको विश्वप्रसिद्ध हार्वड युनिभर्सिटीमा १३ वर्ष र हाल फ्लोरिडा युनिभर्सिटीमा प्राध्यापन सेवा गरिरहनुभएका प्राध्यापक डा. शिव गौतमका **सपनाका रङहरू** (२०५६), **मुटुनेरीको सिस्नेरी** (२०६०), **बाटो हेरिरहने बाटाहरू** (२०७४) र **झ्याम्ली बाख्राको पाठो** (२०७४) गरी चार कृति

प्रकाशित भइसकेका छन् । शब्दार्थ प्रकाशन नेपाल प्रकाशक रहेको यो पछिल्लो निकै बौद्धिक निबन्धसङ्ग्रह हो ।

यस पुस्तकभित्र पाल्सी कुरा, आगोको खोजी, उत्तानो ओदान, अजर अमर अ र मबीचको अक्षर, उद्धरण र उदाहरणको जादुयी शक्ति, आठ दुना सत्र भएपछि, आटसउटुस, रुमालमाथि बसेर अरुण नदी तर्ने कला, झ्याम्ली बाखाको पाठोलगायत २२ वटा रोचक विषयवस्तुमा एकसेएक मार्मिक निबन्धहरू लिपिबद्ध छन् ।

## अनेसास इटाली च्याटरको पुनर्गठन

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज इटाली च्याटरको पुनर्गठन भएको छ । २५ अप्रिल, २०१९ मा इटालीको रोममा साहित्यकार लीला लुइटेलको प्रमुख आतिथ्यमा स्थानीय साहित्यकारहरूको एक भेलाले च्याप्टरको पुनर्गठन गरेको हो । साहित्यकार गणेश आचार्यको अध्यक्षतामा पुनर्गठित कार्यसमिति ११ सदस्यीय रहेको छ । समितिको उपाध्यक्षमा नारायणी पाण्डे, डा. मुकुन्द थापा, महासचिव रमिता प्रजापति, सचिवमा सुदीप अधिकारी तथा कोषाध्यक्ष दुर्गादत्त शर्मा रहनुभएको छ । त्यसै गरी सदस्यहरूमा ज्ञानबहादुर लामा, मोहन प्रजापति, रोशन खड्का, सङ्गीता शर्मा तिमिल्सिना र मीना आचार्य हुनुहुन्छ । भेलामा अनेसास इटालीका संस्थापक अध्यक्ष राम भण्डारीलगायत नीलकण्ठ पौडेल, पेशल खड्का, सुस्मिता खड्कालगायत स्थानीय नेपाली समुदायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । भेलाले चाँडै नै सल्लाहकारहरूको टुङ्गो लगाउने निर्णय गरेको छ । पुनर्गठित च्याप्टर समितिका अध्यक्ष आचार्यले जानकारी गराएअनुसार स्थानीय साहित्यकारहरूलाई सकेसम्म समेटेर कार्य समितिको सदस्य थपघट गर्न सकिने बताउनुभयो ।

## अनेसास न्युयोर्क च्याप्टरद्वारा नयाँवर्ष २०७६ को शुभकामना तथा विविध कार्यक्रम सम्पन्न

न्युयोर्क । नयाँवर्ष विक्रम संवत् २०७६ को उपलक्ष्यमा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) न्युयोर्क च्याप्टरको आयोजनामा अनेसासका आजीवन सदस्यहरू साहित्यानुरागी महानुभावहरू तथा साहित्यकारहरूको उपस्थितिमा हिजो आइतबार ज्याक्सन हाइटसमा एकआपसमा शुभकामना आदानप्रदान गरियो ।

अनेसास बोर्ड अफ ट्रस्टी गीता खत्रीको प्रमुख आतिथ्यमा अनेसास न्युयोर्क च्याप्टरका अध्यक्ष राजेन्द्र श्रेष्ठको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा अनेसास बोर्ड अफ ट्रस्टीको अध्यक्ष हुनुभएकोमा गीता खत्रीलाई र केन्द्रीय कोषाध्यक्ष हुनुभएकोमा विकास विष्टलाई च्याप्टर अध्यक्ष राजेन्द्र श्रेष्ठले दोसल्ला एवम् पुष्पगुच्छाले बधाई ज्ञापन गर्नुभएको थियो भने विशेष अतिथि साहित्यकार हरि अधिकारी र उहाँकी धर्मपत्नीलाई पनि स्वागत-सम्मान गरिएको थियो ।

नयाँवर्षको अवसर पारेर अनेसासबाट प्रकाशित स्मारिका **अन्तर्दृष्टि** तथा नेपाली र अङ्ग्रेज़ी दुवै भाषामा कलम चलाउन सिपालु बहुप्रतिभाशाली इन्जिनियर गोपाल श्रेष्ठद्वारा लिखित **कलेक्सन अफ म्यानेजमेन्ट राइट्स अप**को लोकार्पण पनि गरिएको थियो ।

कार्यक्रममा साहित्यकारहरू शारदा क्षेत्री, रश्मी भट्ट, लक्ष्मी श्रेष्ठ, आनन्द श्रेष्ठ, शान्ता अधिकारी घिमिरे, पुनम काफ्ले, किरण काफ्ले, राजन महर्जन, डा. गोविन्द कोइराला, कुन्ती थापा, विकास विष्ट, हरि अधिकारी, अरुण अनुरागी, राजेन्द्र श्रेष्ठ तथा गीता खत्रीले आ-आफ्नो मन्तव्य तथा रचना वाचन गर्नुभएको थियो ।

कार्यक्रम अनेसास न्युयोर्क च्याप्टरका उपाध्यक्ष साहित्यकार शकुन ज्ञवालीले सञ्चालन गर्नुभएको थियो ।

## अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज कोलोराडो च्याप्टरको पहिलो स्मारिका विमोचन

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज कोलोराडो च्याप्टरको आयोजनामा संस्थाको दुई वर्षका गतिविधि समेटिएको पहिलो स्मारिका विमोचनको साथै वरिष्ठ पत्रकार तथा साहित्यकार हरि अधिकारीलाई सम्मान गरिएको थियो ।

स्रष्टा सम्मान तथा नियमित कवि गोष्ठी कार्यक्रमअन्तर्गत मे ४ तारिखका दिन कोलोराडोको नर्थ ग्लेनस्थित क्रसरोड चर्जमा वरिष्ठ पत्रकार तथा साहित्यकार अधिकारीलाई सम्मान तथा उनको बाहुलीबाट स्मारिका विमोचन गरिएको थियो ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज कोलोराडो च्याप्टरको विगत दुई वर्षको कार्यकालमा डेड दर्जनभन्दा बढी कवि गोष्ठी र दुई दर्जनभन्दा बढी स्रष्टाहरूलाई सम्मान तथा अभिनन्दन गरिएको थियो ।

यही अवसरमा सबै कार्यक्रमका झलकहरू समेटेर तयार पारिएको संस्थाको पहिलो स्मारिका वरिष्ठ पत्रकार तथा साहित्यकार अधिकारीको प्रमुख आतिथ्यमा विमोचन गरिएको आयोजक संस्थाका महासचिव श्याम श्रेष्ठले बताउनुभयो ।

स्मारिका विमोचन तथा स्रष्टा सम्मान समारोहमा अधिकारीको प्रवचन, कविता, वाचन, स्मारिका वितरण कार्यक्रम गरिएको अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज कोलोराडो च्याप्टरका अध्यक्ष कृष्णमुरारी ढुङ्गेलले बताउनुभयो ।

मानिस जहाँ, जसरी रहे पनि नेपाल र नेपालीको भाषा, संस्कृति जोगाइराख्नु पर्दछ भन्ने उद्देश्य लिई 'भाषा चाहिन्छ, भेष चाहिन्छ शिर उठाई बाँच्न आफ्नो देश चाहिन्छ' भन्ने मूलमन्त्रका साथ विश्वको ७३ देशमा शाखा र सयौँ च्याप्टरमा फैलिएको अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजअन्तर्गत कोलोराडो च्याप्टरको आयोजनामा हरेक वर्ष स्रष्टा सम्मान तथा कवि गोष्ठी हुँदै आएको छ ।

# जापानमा स्वर्ण साहित्यिक शृङ्खला सम्पन्न

जापानको व्यस्त समयलाई पनि व्यवस्थापन गरी अनेसास जापानले साहित्यिक शृङ्खलालाई निरन्तरता दिँदै आफ्नो गौरवमय स्वर्ण साहित्यिक शृङ्खला (५० औँ) आइतबार टोक्योमा एक कार्यक्रम गरी सम्पन्न गरेको छ। स्वर्ण शृङ्खला विशेषमा नेपालबाट कवि/गीतकार रमेश पौडेल र युवा आख्यानकार मीनराज वसन्तलाई अतिथिका रूपमा निमन्त्रणा गरिएको थियो ।

जापानको साहित्यिक गतिविधिलाई निरन्तरता दिँदै आइरहेको अनेसासले नेपालमा हालसालै मात्र प्रकाशित वसन्तको आख्यान **पिपिरी**को जापान लोकार्पण तथा केन्द्रको मुखपत्र **अन्तर्दृष्टि** पनि विमोचन गरिएको थियो ।

जापानमा अनेसास साहित्य शृङ्खलाको जग राखेका पूर्वअध्यक्ष बेलुकाजी थापाले संस्था यहाँसम्म आइपुग्नुमा सबैको सहयोग रहेको बताउनुभयो। 'त्यतिबेला एउटा होटलको टेबलको कोठाबाट सुरु भएको यात्रा हो' अनेसासको विगतका दिन सम्झँदै उहाँले भन्नुभयो, 'हामीले कयौँ शृङ्खला चार/पाँच जना मात्रैले पनि चलायौँ तर मर्न दिएनौँ ।'

आफूले बीउ राखे पनि संस्थालाई यहाँसम्म ल्याइपुऱ्याउन सबैको उत्तिकै

साथ सहयोग रहेको बताउँदै कृतज्ञता प्रकट गर्नुभयो । केन्द्रका वरिष्ठ उपाध्यक्ष प्रकाश पौडेल 'माइला' ले केन्द्र र च्याप्टरको बीचमा हातेमालो गर्दै अगाडि बढ्नका लागि आफूले भूमिका खेल्ने पनि बताउनुभयो । यस्तै सल्लाहकार तिलक मल्ल, सुष्मा ओमाता, दिनेशराज ज्ञवालीलगायतले अनेसासले गरेका विभिन्न यात्राबारे आफ्ना अनुभूति सुनाउनुभएको थियो ।

गैरआवासीय नेपाली सङ्घ (NRNA) जापानका उपाध्यक्ष शिवप्रसाद पौडेल, गायक रामकृष्ण बम मल्ल, गीतकार कृष्ण के.सी., साहित्यकार शेखर विकल्पलगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

लोकार्पित कृतिमाथि बोल्दै प्रमुख अतिथि रमेश पौडेलले, **पिपिरी** बाल्यकालीन दिनको सुन्दर चित्रण भएको बताउनुभयो । '**पिपिरी**मा वसन्तले बालमनोविज्ञान, गाउँले चरित्र र नारी संवेदनालाई कुशलतापूर्वक आख्यानीकृत गरेका छन् ।' उहाँले भन्नुभयो - 'एकपटक गाउँ फर्काउने शक्ति **पिपिरी**मा छ ।'

संस्थाका अध्यक्ष दीप पाठकले अनेसाससँग आफ्नो घनिष्टता रहेको बताउनुभयो । 'दुईवर्षे कार्यकालको उत्तरार्धमा छु' उहाँले बताउनुभयो । 'संस्थालाई आफूले जतिसक्दो बलियो र गतिशील बनाउन कुनै कसुर बाँकी राखेको छैन ।' स्वर्ण शृङ्खलाकै सन्दर्भ पारेर समग्र संस्था र जापानको साहित्य क्षेत्रमा पुऱ्याएको योगदानको उच्च कदर गर्दै पूर्वअध्यक्षहरूलाई दोसल्ला र सम्मानपत्रद्वारा अभिनन्दनसमेत गरिएको थियो ।

कार्यक्रममा सहभागी तथा साहित्यकारहरू सविना रेग्मी, दीप मुस्कान, गङ्गा गगन, ध्रुव बन्जाडे, ग्रीष्मा पौड्याल, हेमन्त गिरी, मीनराज बास्तोला, सुमन प्रतिबिम्ब, अनिलकुमार निर्दोष, राजु लक्षित, केबी पारखी, रमेश लामिछाने, दीपा घिमिरे, रचना रचु, सङ्गीता कुँवर, दिनेश ज्ञवाली, शेखर विकल्प, राजु के.सी., अरुण पौडेल, गिरिजा गैरे, सरिता ढकाललगायत दुई दर्जन स्रष्टाले देशप्रेम, मायाप्रेम र राज्य व्यवस्था फेरिए पनि ती देशमा रहेका जनताले सुशासनको अनुभूति गर्न नपाएको लगायतका भाव बोकेका रचना प्रस्तुत गरिएको थियो ।

गायिका ऋतु थापा र गायक साहिल खड्काले साङ्गीतिक प्रस्तुतिसमेत प्रस्तुत गर्नुभएको थियो भने गत फेब्रुअरीमा सिटी एक्स्प्रेस मनी ट्रान्सफरको प्रायोजनमा आयोजित जापानव्यापी खुल्ला कविता लेखन प्रतियोगितामा प्राप्त २० कविताबाट उत्कृष्ट तीन कविता छनोट भएका थिए, जसमा सविना रेग्मीको

'राम्रो हुँदा देशमा', शरद पोखेलको 'नेपाल यातायात' तथा दीप मुस्कानको 'देश र आमा' कविता उत्कृष्ट भएका थिए । उत्कृष्टलाई नगद, प्रमाणपत्र र मायाको चिनोसहित पुरस्कृत गरिएको थियो ।

## अनेसास बेल्जियम च्याप्टरका अध्यक्षको कवितासङ्ग्रह 'जीवनको आरम्भ' लोकार्पण

त्रिशुली वाङ्मय प्रतिष्ठानको आयोजनामा प्राध्यापक डा. गोविन्दराज भट्टराईले आज पुडासैनीको उक्त कवितासङ्ग्रह विमोचन गर्नुभएको हो । कृतिमा समावेश भएका कविता कुनै घटनामा छोएका अनुभूति रहेको उल्लेख गर्दै उहाँले अन्य भूमिमा गैरकानुनी रूपमा बसेको बसाइँपछिको उत्पन्न भएका विषयदेखि समग्र यथार्थ कथा पुस्तकमा सुन्दर ढङ्गले प्रस्तुत भएको बताउनुभयो । निबन्धकार कुमारी लामा, प्रा.डा. कुमार कोइराला, साहित्यकार गोविन्द गिरी 'प्रेरणा' र कवि भीष्म उप्रेतीले उक्त कृतिमाथि टिप्पणी गर्दै लामो समय प्रवासमा बसेर नेपाली भाषा र साहित्यको उन्नयनमा लागेका कवि पुडासैनीको कवितासङ्ग्रहमा जीवनको भोगाइ प्रतिबिम्बित भएको बताउँदै पहिलो प्रयास राम्रो रहेको प्रतिक्रिया दिनुभयो ।

शब्दालय प्रकाशनद्वारा प्रकाशित उक्त कृतिमा ५८ वटा कविता समावेश छ । विदेशमा बस्दाको अनुभवदेखि मायाप्रेम, जीवनको अर्थ, बुबाआमाको स्मृतिका पलहरू, मातृभूमि, सुखदुःखका विषयमा लेखिएका कविताहरू समावेश छन् । कार्यक्रममा लेखक पुडासैनीले जीवन र जगत्का बारेमा बुझ्न थालेदेखि नै आफ्ना अनुभूति शब्द-शब्द हुँदै कवितामा परिणत भएको बताउँदै पहिलो प्रयासमा भएका कमी-कमजोरीलाई सुधार गर्दै अघि बढ्ने प्रतिबद्धता जनाउनुभयो ।

## पोखरामा अनुवाद विषयक विचार गोष्ठी तथा कवि गोष्ठी सम्पन्न

नेपाल प्रज्ञा प्रतिष्ठानसँगको सहकार्यमा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजले पोखरामा विचार गोष्ठी र कवि गोष्ठीको आयोजना गर्‍यो । प्राज्ञहरू माया ठकुरी तथा उषा ठाकुरले प्रज्ञा प्रतिष्ठानको प्रतिनिधित्व गर्नुभएको थियो भने अनेसासका तर्फबाट अनेसासका केन्द्रीय अध्यक्ष राधेश्याम लेकाली तथा अनेसास नेपाल च्याप्टरका पदाधिकारीहरूले प्रतिनिधित्व गर्नुभएको थियो ।

कार्यक्रम दुई चरणमा सम्पन्न गरिएको थियो । पहिलो चरणको विचार

गोष्ठी सत्रमा 'नेपाली आख्यान साहित्यमा अनुदित कृतिहरू' विषयक कार्यपत्र त्रिभुवन विश्वविद्यालयका सहप्राध्यापक डा. नवराज न्यौपानेले प्रस्तुत गर्नुभएको थियो ।

विचार गोष्ठीमा प्रा.डा. यमबहादुर पौडेल क्षेत्री, भाषाविद् मुकुन्दशरण उपाध्याय, अनेसासका निवर्तमान अध्यक्ष पदम विश्वकर्मा, अनेसास नेपाल च्याप्टर महासचिव सन्ध्या पहाडी, अनेसास बेलायत च्याप्टर अध्यक्ष सुमलकुमार गुरुङ, अनेसास गण्डकीका अध्यक्ष दुर्गाबहादुर शाह बाबा, साहित्यकार गोविन्द गिरी ' प्रेरणा', डा. रेणुका सोलु, ज्ञानु अधिकारी, गीता मैनाली, गीता कार्कीलगायतले विभिन्न टिप्पणी गर्नुभएको थियो ।

अनेसासका केन्द्रीय अध्यक्ष राधेश्याम लेकालीले निकट भविष्यमै समाजले २० जना कथाकारका कथाहरू अङ्ग्रेजीमा अनुवाद गरेर प्रकाशन गर्ने तयारी पनि गरिरहेको बताउनुभयो । 'उत्कृष्ट कृतिको पहिचान र त्यसलाई बजारीकरण गर्ने हो । पुस्तक प्रकाशन गरेर मात्रै हुँदैन, विश्वबजारमा पठाउनुपर्छ' उहाँले भन्नुभयो - 'हामी त्यसकै तयारीमा छौँ । कथा पहिचान गरिरहेका छौँ ।'

कार्यक्रमको अर्को सत्र कवि गोष्ठीमा साहित्यकारहरू सुमन वर्षा, जलेश्वरी श्रेष्ठ, उपमा आचार्य, सरु सुवेदी, सुशीला खड्का, रञ्जना निरौला, डा. शान्तिमाया गिरी, पुष्पा खनाल, पवित्रा अधिकारी, अर्जुन थापा, गीता रेग्मी, राजेन्द्र केसी, सूर्य खडका बिखर्ची, पद्मराज ढकाल, प्रभा बराल, सरस्वती श्रेष्ठ सरु, रमा पराशर, घायलश्री, वसन्त चालिसे, गोविन्द गिरी 'प्रेरणा', गीता तिवारी गौतम, मदन मल्ल 'छाया', सरु दाहाल अधिकारी, नरेन्द्र रानाभाट, डिल्लीराम कार्कीलगायतले कविता वाचन गर्नुभएको थियो । साथै कार्यक्रममा मेनका लामाले कत्थक नृत्यसमेत प्रस्तुत गर्नुभएको थियो ।

साथै सो कार्यक्रममा अनेसासको मुखपत्र **अन्तर्दृष्टि**को ४३ औँ अङ्कको विमोचनसमेत भएको थियो ।

कार्यक्रममा मदन पुरस्कार प्राप्त पोखरेली कवि मुकुन्दशरण उपाध्याय, विश्व शाक्य, तीर्थ श्रेष्ठलगायतको सहभागिता र उपस्थिति रहेको थियो । गोष्ठीमा विश्वका विभिन्न देशमा रहेका अनेसासका च्याप्टर अध्यक्ष एवम् प्रतिनिधि, प्रज्ञा प्रतिष्ठानका परिषद सदस्य र सभासद, प्रज्ञा प्रतिष्ठानअन्तर्गत गद्य तथा आख्यान विभाग र अनुवाद विभागका विभागीय प्रमुखसहितका पदाधिकारी र काठमाडौँबाट

आएका अग्रजसहित पोखरेली अग्रज, समकालीन र अनुज स्रष्टा साधकको उपस्थिति थियो ।

अनेसास महासचिव सन्ध्या पहाडीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन अनेसास नेपालका सदस्य पुष्पा खनाल र अनेसास गण्डकीका सचिव असफल गौतमले गर्नुभएको थियो ।

## विनोदका दुई कृति 'अविरल स्पन्दन' र 'भिजाएर गए ऊ' सार्वजनिक

काठमाडौँ, चैत्र १९ । गजलकार स्पन्दन विनोदका दुई कृति **अविरल स्पन्दन** र **भिजाएर गए ऊ** अनेसास नेपाल च्याप्टरको आयोजनामा प्रज्ञा प्रतिष्ठान, कमलादी काठमाडौँमा लोकार्पण गरिएको छ ।

वरिष्ठ पत्रकार भैरव रिसालको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा डा. घनश्याम परिश्रमी, प्रभाती किरण, वरिष्ठ गजलकार ज्ञानुवाकर पौडेल, नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्य-सचिव प्रा. जगतप्रसाद उपाध्याय र अनेसासका केन्द्रीय अध्यक्ष राधेश्याम लेकालीले मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रममा स्रष्टाहरूले प्रवासमा रहेर पनि स्पन्दन विनोदले साह्रै मिहिनेत गरेर उत्कृष्ट बहरसङ्ग्रह र गैर बहरसङ्ग्रह निकाल्न सफल हुनु भएकोमा यस्तो उत्कृष्ट रचनाको हार्दिक स्वागत गर्नुभयो । जोकोहीले पनि यो गजलसङ्ग्रहबाट गजल र बहर मात्र नभएर यसबारे महत्त्वपूर्ण जानकारी पाउनसक्ने कुरा जोड दिइएको थियो । कार्यक्रममा गजलकारहरूले स्पन्दन विनोदका गजलसङ्ग्रहबाट गजलहरू सुनाउनुभएको थियो ।

कार्यक्रममा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) नेपाल च्याप्टरका महासचिव सन्ध्या पहाडीको अध्यक्षतामा भएको थियो । प्रवासमा बसेर पनि नेपाली भाषा र साहित्यको उत्थानका लागि अनवरत लागि पर्दै आएका स्पन्दन विनाद यस नेपाल खबर डेलीको युरोप साहित्य समाजको संयोजकको रूपमा रहँदै आउनुभएको छ ।

## डि.सी. मेट्रो कमिटीमा भूपनारायण घर्तीमगरको नेतृत्व

अमेरिका । रामप्रसाद खनालको अध्यक्षतामा रहेको अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज वासिङ्टन डि.सी. मेट्रो कमिटीले आफ्नो कार्यकाल सफल ढङ्गले

पूरा गरी आजदेखि बिदा भएको छ। बिदावारी हुने क्रममा भर्खरै सम्पन्न निर्वाचनमा निर्वाचित कार्य समितिलाई खनालले आज पद हस्तान्तरणसमेत गर्नुभएको छ । अनेसास, वासिङ्टन डि.सी. मेट्रो कमिटी, निर्वाचन समिति-२०१९ ले अनेसास, वासिङ्टन डि.सी. मेट्रो कमिटीको विधानअन्तर्गत रहेर प्रकाशित निर्वाचन तालिकाबमोजिम विधि सम्मत ढङ्गले निर्वाचन सम्पन्न गरी निर्वाचित कार्य समितिको नामवली प्रमुख निर्वाचन आयुक्त डा. होमबहादुर थापाले समारोहमा घोषणा गरेलगत्तै अनेसासका संस्थापक अध्यक्ष होमनाथ सुवेदीले निर्वाचित कार्य समितिलाई सपथ ग्रहण गराउनुभयो । प्रमुख आयुक्त थापा र अर्की निर्वाचन आयुक्त शोभा नेपाल गौतमले नवनिर्वाचित अध्यक्ष भूपनारायण घर्तीमगरसहित सबै पदाधिकारी तथा सदस्यहरूलाई निर्वाचित भएको प्रमाणपत्र पनि हस्तान्तरण गर्नुभयो ।

बिदा हुँदै गर्दा अध्यक्ष रामप्रसाद खनालले आफ्नो दुई कार्यकालमा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज वासिङ्टन डि.सी. मेट्रो कमिटीलाई हरतरहले सहयोग गरेका अनेसासका संस्थापक अध्यक्ष होमनाथ सुवेदी, पूर्व केन्द्रीय उपाध्यक्ष एवम् डि.सी.का पूर्वअध्यक्ष प्रकाश नेपाल, निर्वाचन समितिमा रहेर काम गर्नुभएका डा. होम थापा, डा. अनिल सुवाल र शोभा नेपाल गौतम, दुई कार्यकालमा पहिला उपाध्यक्ष र पछि महासचिवका रूपमा काम गरी संस्थामा सबैभन्दा बढी योगदान दिने भूपनारायण घर्तीमगरलाई संस्थाका तर्फबाट सम्मान गर्दै मायाको चिनो र उपहार प्रदान गर्नुभयो ।

नयाँ कार्यसमितिको घोषणा, सपथ ग्रहण, पद हस्तान्तरण कार्यक्रममा बोल्दै अनेसासका संस्थापक अध्यक्ष होमनाथ सुवेदी, पूर्व केन्द्रीय उपाध्यक्ष एवम् डि.सी.का पूर्वअध्यक्ष प्रकाश नेपाल, निर्वाचन समितिमा रहेर काम गर्नुभएका डा. होम थापा र अनेसास बिओटीका सह-अध्यक्ष पुरू सुवेदीले अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज वासिङ्टन डि.सी. मेट्रो कमिटीले गरेका कार्यको खुलेर समर्थन र प्रशंसा गर्नुभयो । उहाँहरूले विगत चार वर्षमा डि.सी.मा अनेसासका कार्यक्रम र सक्रियताले संस्थालाई पुनर्जीवन दिएको बताउनुभयो । उहाँहरूले मन्तव्यका क्रममा रामप्रसाद खनाल र उहाँको टिमलाई विगत दुई कार्यकाल सम्पन्न गरेकोमा बधाई र भूपनारायण घर्तीमगरको नेतृत्वमा बनेको नयाँ कार्य समितिलाई कार्यकाल सफलताका लागि शुभकामना व्यक्त पनि गर्नुभयो ।

दुई कार्यकाल सकेर बिदाइ हुने क्रममा अध्यक्ष रामप्रसाद खनालले

भन्नुभयो - 'कुनै पनि संस्था आफैमा खराब हुँदैन, त्यसका नेतृत्वकर्ताका व्यवहारमा संस्थाको नाम जोडिन्छ । अनेसास डि.सी. संस्थाको विधानअनुसार चलिरहेको र यो संस्था केन्द्रीय समिति वा बिओटीकै अन्तर्गतको कमिटी रहेको बताउनुभयो । उहाँले केन्द्र र बिओटीका केही गलत मान्छेले हस्तक्षेप गर्न खोजेको तर केन्द्र र बिओटीभित्रै रहेका अरू असल व्यक्तिहरूले त्यो हस्तक्षेप रोकेको बताउनुभयो । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज वासिङ्टन डि.सी. मेट्रो कमिटीलाई आफ्नो सधैँ हरप्रकारको सहयोग रहने बताउँदै खनालले केन्द्रीय नेतृत्वमा रहेका ती गलत व्यक्तिहरूलाई सच्चिन सचेत गराउनुभयो । विधानमा सिन्डिकेट लगाएर राम्रा साहित्यकारहरू अनेसास केन्द्रीय नेतृत्वमा पुग्न नदिने, केही सीमित व्यक्तिहरूले १० र १२ वर्षसम्म संस्था कब्जा गरेर पालैपालो संस्थालाई आफ्नो कोठरी बनाउने गरेका छन् भन्दै म ती गलत मान्छेहरूले नेतृत्व गर्दासम्म अनेसासको आजीवन सदस्यताबाट समेत व्यावहारिक रूपमा अलग भएको घोषणा गर्दछु र ती गलत प्रवृत्तिका विरुद्ध अब खुलेर अगाडि आउनेछु । तर पनि डि.सी. मेट्रो कमिटीलाई मेरो पूर्ण साथ र सहयोग रहन्छ' खनालले भन्नुभयो ।

नवनिर्वाचित अध्यक्ष भूपनारायण घर्तीमगरले आफू र आफ्नो टिममा रहनुभएका सबैलाई विश्वास गरी निर्वाचित गर्नुभएकोमा सबैलाई धन्यवाद दिँदै अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज वासिङ्टन डि.सी. मेट्रो कमिटीले केन्द्र र बिओटीसँग सहअस्तित्व र सम्मानका आधारमा मिलेर काम गर्ने बताउनुभयो । अनेसासलाई टुट्न र झुक्न दिनेछैन भन्दै उहाँले नेपाली भाषा, साहित्य, कला र संस्कृतिका लागि आफू र आफ्नो कमिटीले काम गर्ने बताउनुभयो ।

आजै कोषाध्यक्ष पुष्कर पन्तले हास्य शैलीमा कोषाध्यक्षको प्रतिवेदन पेस गर्दै नयाँ कोषाध्यक्षलाई र घर्तीले नयाँ महासचिवलाई पनि प्रतिवेदन र पद हस्तान्तरण गर्नुभयो ।

नवनिर्वाचित महासचिव मुकुन्द कोइरालाको सञ्चालन र उपाध्यक्ष अरुण रूपाखेतीको स्वागत मन्तव्यमा सम्पन्न उक्त कार्यक्रममा अनेसासका थुप्रै आजीवन सदस्यहरू र सङ्घसंस्थाका प्रतिनिधिहरूको उपस्थिति थियो । कार्यक्रममा कवि सुदीपभद्र खनालले कविता वाचन पनि गर्नुभएको थियो ।

प्रमुख निर्वाचन आयुक्त डा. होमबहादुर थापाले समारोहमा घोषणा गरेको निर्वाचित कार्यसमितिको नामवली यसप्रकार रहेको छ –

१. भूपनारायण घर्तीमगर - अध्यक्ष, २. अरुण रूपाखेती - उपाध्यक्ष (जनरल), ३. रजनी श्रेष्ठ - उपाध्यक्ष (महिला), ४. पुष्कर पन्त - उपाध्यक्ष (संस्कृति), ५. मुकुन्द कोइराला - महासचिव, ६. नीलकण्ठ सुवेदी - सचिव, ७. अशिव (खगेन्द्र) थापा - कोषाध्यक्ष, कार्यकारी सदस्यहरू - ८. अम्बिका गुरुङ ९. रवीन्द्रभक्त श्रेष्ठ, १०. अनिल खनाल, ११. विकास अधिकारी, १२. गोमा न्यौपाने, १३. सुनिता खत्री, १४. लोककुमारी सुवेदी, १५. शकुन्तला अधिकारी, १६. रोजा ओली (राजकुमारी), १७. सङ्गीता पन्त, १८. सुजना ढकाल, १९. सन्देश शर्मा, २०. अनिल रूपाखेती ।

## कोरियामा गजल मुसायरा र कृति विमोचन सम्पन्न

५ मे २०१९, सौल । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) दक्षिण कोरियाद्वारा आयोजित काव्य सुधाअन्तर्गत गजल मुशायरा, गजल एल्बम विमोचन, पुस्तक विमोचन एवम् बृहत रचना वाचन सम्पन्न भएको छ । दक्षिण कोरियाको राजधानी सौलको दोङ्देमुनस्थित शुभेच्छा रेस्टुरेन्टको हलमा सम्पन्न भएको हो ।

मुसायरामा चार गजलकारहरू; कृष्ण रिजाल, धीरेन्द्र स्पन्दन, खगेन्द्र खत्री र ह्यारी बोन्डले आफ्ना उत्कृष्ट ५/५ गजलहरू वाचन गर्नुभएको थियो भने उपस्थित सर्जकहरूको रचना वाचनसमेत भएको थियो ।

अत्यधिक मात्रामा सर्जक र स्रोता उपस्थित उक्त कार्यक्रममा मिलन कान्छा किराँती, क्रिस बाबु गुल्मेली, रामचन्द्र शर्मा, जीवन खत्री, सञ्जय खनाल, सुमन तिमिल्सिना, दीपकराज बन्जाडे, हेमराज पोखरेल, सुशील अर्याल, जनक सन्याल, आर.एन., भोजराज घोडासैनी, डि.बी। तनाव, विराट पराजुली, रवित सुगम, अमृत बास्तोला, दीपन न्यौपाने, प्रकाश योजनलगायत तीन दर्जन सर्जकहरूले आफ्ना रचना वाचन गर्नुभएको थियो भने आर.के. पौडेल र सुमन ढकालले साङ्गीतिक प्रस्तुतिबाट कार्यक्रममा बेग्लै माहोल सिर्जना गर्नुभएको थियो ।

कार्यक्रममा अनेसास कोरियाका नौ जना गजलकाहरूको संयुक्त गजल एल्बम काफिया र अनेसास कोरियाको मुखपत्र एवम् प्रथम एसियाली साहित्य सम्मेलनको स्मारिका **कोरियामा अनेक डायस्पोरा**'को विमोचन भएको थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि श्रम सहचारी डिल्लीराम बास्तोलाले कोरियाका काम गर्ने नेपालीहरूका समस्यामा दूतावासको ध्यानाकर्षण रहेको र सधैँ नेपाली कामदारका पक्षमा बोलिरहने, सहयोग गरिरहने कुराको प्रतिबद्धता गर्नुभएको थियो । दूतावासले एउटा पुस्तकालयको व्यवस्था गर्नुपर्ने माग पनि कवि जीवन खत्रीले प्रमुख अतिथिसामु राख्नुभएको थियो ।

कोरियामा पहिलो कार्यकाल सकेर नेपाल फर्कन लागेका संस्थाका सदस्य हेमराज पोखरेल र अनेसास कोरियालाई माथि उठाउन हरघडी लागिपर्नुभएका वरिष्ठ उपाध्यक्ष डी.आर. न्यौपाने 'सूर्य' लाई संस्थाले स-सम्मान बिदाइ गरेको थियो । संस्थाका अध्यक्ष प्रमोद सारङको सभापतित्वमा सञ्चालित कार्यक्रमको संयोजन सचिव जनक सन्यालले गर्नुभएको थियो भने, कार्यक्रमको सञ्चालन महासचिव सरोज सर्वहाराले गर्नुभएको थियो ।

## समालोचक लुइटेलसँग पोर्चुगलमा साक्षात्कार

अनेसास पोर्चुगलले मे १६ तारिख, बिहीबार ! युरोप भ्रमणमा रहनुभएकी वरिष्ठ साहित्यकार एवम् समालोचक लीला लुइटेलको सम्मानार्थ रात्रिभोज, स्रष्टासँग साक्षात्कार तथा शृङ्खला रचना वाचन सम्पन्न गऱ्यो । उक्त कार्यक्रममा अनेसास केन्द्रका उपाध्यक्ष सुनिल सङ्गम, अनेसास पोर्चुगलका अध्यक्ष वाइवी गुरुङ, महासचिव स्पन्दन विनोद, नारी समाज पोर्चुगलकी संस्थापक अध्यक्ष तथा साहित्यकार सीता बराललगायत दर्जनभन्दा बढी साहित्यकार, साहित्य अनुरागीहरूको सहभागिता रहेको थियो। कार्यक्रममा साहित्यकार लीला लुइटेलले समसामयिक नेपाली भाषामा चलेको द्वन्द्वका बारेमा विश्लेषण गर्नुका साथै प्रदेशमा साहित्यकर्मीको भूमिका ठूलो रहेको र यस्ता सर्जकहरूलाई अनेसासले एकै मालामा बुन्न सफल रहेको बताउनुभएको थियो। कार्यक्रममा सहभागी सम्पूर्णले आ-आफ्नो रायमार्फत् नेपालमा प्रतिलिपि अधिकार सुनिश्चित हुन नसक्नु दुःखद भएको बताउनुभयो। साहित्यकार लीला लुइटेलले गत शनिबार मात्र स्पन्दन विनोदका दुई गजल सङ्ग्रह **अविरल स्पन्दन** र **भिजाएर गयौ** नेपाली इतिहासमा पहिलोपटक युरोपको अन्तिम बिन्दुमा विमोचन गर्नुभएको थियो।

## जापानमा स्वागत र सम्मान कार्यक्रम

अनेसास जापान च्याप्टरको आयोजनामा टोक्योमा स्रष्टाहरूलाई स्वागत

कार्यक्रम गरिएको छ । टोक्यो सिन ओकुबोमा आयोजित कार्यक्रममा दुईदर्जन बढी स्रष्टाहरूको उपस्थिति रहेको थियो ।

बेलायतबाट आउनुभएका साहित्यकार कुमारबाबु सिम्खडा र अमेरिकाबाट आउनुभएका अनेसास बोर्ड अफ ट्रस्टी (बोट) का सदस्य तीर्थ अधिकारी र उहाँकी धर्मपत्नी सीतादेवी अधिकारीलाई मार्च ३१ तारिखको दिन जापानमा स्वागत गरिएको हो । साथमा जापान च्याप्टरका सदस्य आनन्द अधिकारीको बुवाआमा कृष्ण अधिकारीज्यू र शान्ता अधिकारीलाई पनि जापानमा स्वागतको साथमा डिनर भेटघाट कार्यक्रम गरिएको थियो ।

अनेसास केन्द्रीय समितिका वरिष्ठ उपाध्यक्ष प्रकाश पौडेल 'माइला' र च्याप्टर अध्यक्ष दीप पाठकले खादा लगाई स्वागत गर्नु भएको थियो ।

साथै अप्रिल २० तारिखको दिन अनेसास बोर्ड अफ ट्रस्टीका कोषाध्यक्ष राम लामा अविनाशी र सशस्त्र प्रहरीका नायव उपरिक्षक (डि.एस.पी.) किरण पौडेल र उहाँकी धर्मपत्नी सुस्मिता सुवेदी पौडेलको सम्मानमा अनौपचारिक डिनर भेटघाट कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा अध्यक्ष दीप पाठक केन्द्रीय वरिष्ठ उपाध्यक्ष प्रकाश पौडेल 'माइला' सहित गिरिजा गैरे, अरुण पौडेल, रवीन शर्मा, आनन्द अधिकारी, दीपा घिमिरेलगायतको उपस्थिति रहेको थियो ।

## अस्ट्रेलियामा नेपाली नृत्य प्रतियोगिता हुने

**सुदीप त्रिपाठी**, प्रतिकस ब्रिसबेन (११ मे, २०१९)

अस्ट्रेलियामा यो वर्ष नेपाली नृत्य प्रतियोगिता हुने भएको छ। अस्ट्रेलियाको क्विन्सल्यान्ड राज्यको ब्रिसबेनमा आउँदो सेप्टेम्बर महिनाको २८ र २९ गते नेपाली नृत्य प्रतियोगिता गर्न लागिएको हो ।

नेपलिज एसोसियसन अफ क्विन्सल्यान्डको आयोजना, गैरआवासीय नेपाली सङ्घ अस्ट्रेलियाको सहभागिता र अस्ट्रेलियास्थित नेपाली राजदूतावासलगायत नेपाली सामुदायिक संस्थाहरूको सहयोगमा आयोजना हुने एक्स्पर्ट नेपाली नृत्य प्रतियोगिता २०१९ को आयोजक समितिको हिजो शुक्रबार बसेको बैठकले एक प्रेस विज्ञप्ति जारी गर्दै प्रतियोगिता अस्ट्रेलिया र न्युजिल्यान्ड व्यापी हुने उल्लेख गरेको छ। प्रतियोगिता ब्रिसबेनस्थित क्विन्सल्यान्ड युनिभर्सिटी अफ टेक्नोलोजीको गार्डेन्स थियटरमा हुनेछ ।

# पर्थ च्याप्टरको मासिक साहित्यिक शृङ्खला

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज पर्थ, पश्चिम अस्ट्रेलियाले नेपाली भाषा, साहित्य, कला तथा संस्कृति संरक्षण एवम् प्रवर्धन गर्ने क्रममा आफ्नो साहित्यिक यात्रालाई अझै प्रभावकारी बनाउने अभिप्रायले मासिक रूपमा साहित्यिक कार्यक्रमको सुरुवात गरेको छ ।

प्रत्येक महिनाको अन्तिम आइतबारका दिन गरिने सो साहित्यिक भेला यसै वर्षको मार्च महिनादेखि सुरु गरिएको थियो । मार्च ३१ तारिख, अप्रिल २८ तारिख र मेको २६ तारिख आइतबारको दिन कार्यक्रम आयोजना गरिएको थियो भने आगामी शृङ्खला जुन ३० तारिख हुने कुरा च्याप्टर अध्यक्ष नीरज क्षेत्रीले बताउनुभयो ।

रचना वाचन, अन्तर्क्रिया, छलफल, लेखन र अध्ययनलाई पनि एकैसाथ केन्द्र बनाएर डायस्पोरिक नेपाली साहित्यलाई एउटा अलग पहिचान स्थापनाका लागि दृढ आफ्ना पाइलाहरू पर्थ च्याप्टरले अगाडि बढाइरहेको छ । आगामी कार्यक्रमलाई अझै प्रभावकारी बनाउँदै लग्ने कुरा उपाध्यक्ष हरि अधिकारीले बताउनुभयो ।

# अनेसास पर्थले मोटिभेसनल कार्यक्रम गर्ने

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज पर्थले आउँदो जुन महिनाको २३ गते मोटिभेसनल सेमिनार गर्ने भएको छ । मासिक रचना वाचन तथा स्रष्टा भेटघाट गर्दै आएको अनेसास पर्थले डायस्पोरिक समुदायमा आउन सक्ने विभिन्न जोखिमसम्बन्धी सजगता तथा नेपालप्रतिको जिम्मेवारी साथै जेनेरेसन ग्यापलाई ध्यानमा राखेर मोटिभेसनल कार्यक्रम गर्न लागेको जानकारी च्याप्टरका अध्यक्ष नीरज क्षेत्रीले बताउनुभयो । कार्यक्रममा **रूपान्तरण** किताबका लेखक तथा युवावर्गका उत्प्रेरक रोमन मानवले आफ्नो पुस्तकको निचोडलाई उत्प्रेरक कार्यक्रमको रूपमा प्रस्तुत गर्नु हुनेछ। उत्प्रेरक रोमन मानवका अनुसार कार्यक्रमले मानवीय सोच र व्यवहारमा परिवर्तन ल्याउनेछ । कार्यक्रम ३ घण्टाको हुनेछ । कार्यक्रम रेडिक्लफ कम्युनिटी हलमा सञ्चालन हुनेछ ।

# 'तमसुक' कतारमा सार्वजनिक

हिजो २० मे, २०१९ का दिन बेलुका अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) का निवर्तमान अध्यक्ष तथा बोर्ड अफ ट्रस्टीका उपाध्यक्ष पदम विश्वकर्माद्वारा लिखित कथासङ्ग्रह **तमसुक**माथि विमर्श कतारमा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज कतार च्याप्टर र नवोदित साहित्यिक वाचनालय कतारको संयुक्त आयोजनामा कतारको नज्मास्थित दी गोरखा नेपाली रेस्टुरेन्टको सभाहलमा अनेसास कतार च्याप्टरका अध्यक्ष प्रेमप्रसाद भट्टराईको सभापतित्वमा सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल पत्रकार महासङ्घ कतारका अध्यक्ष करिम बक्स मिया हुनुहुन्थ्यो भने विशेष अतिथि र विशिष्ट अतिथिमा एनआरएन कतारका अध्यक्ष नवीन पोखरेल **तमसुक**का लेखक पदम विश्वकर्मा, कमला विश्वकर्मा, शिला नकर्मी, चानक पोखेल, गणेशप्रसाद बन्जाडे, विनोद खड्का, कुमार कार्की र तेज कटुवाल रहनुभएको थियो ।

ब्यानर उद्घाटनसँगै नेपाली राष्ट्रिय गान गाएर सुरु गरिएको कार्यक्रममा सभापति, प्रमुख अतिथि तथा विशिष्ट अतिथिहरूको हातबाट कथासङ्ग्रह **तमसुक**को सार्वजनिक गरिएको थियो । कार्यक्रममा कतारमा कार्यरत डेढ दर्जनभन्दा माथि साहित्यकारहरूले आफ्ना रचना वाचन गरेका थिए भने साहित्यलाई सुन्ने र सुनाउनेहरूले हल भरिभराउ थियो ।

**तमसुक**का लेखक पदम विश्वकर्माले बोल्दै कतारमा आउने धेरै पहिलादेखिको सपना पूरा भएको जानकारी गराउँदै रेगिस्तानी कवि तीर्थ सङ्गम राई र अनेसास कतारका अध्यक्ष प्रेमप्रसाद भट्टराईले छोटो समयमा यस्तो भव्य कार्यक्रम सम्पन्न गरेर कतारको साहित्यलाई प्रत्यक्ष रूपमा श्रवण गर्ने मौका मिलाइदिएकोमा आभार प्रकट गर्दै **तमसुक** पढेर प्रतिक्रिया दिन पनि अनुरोध गर्नुभएको थियो ।

सोही कार्यक्रममा लमजुङ सेवा समाज कतारले साहित्यकार पदम विश्वकर्मा दम्पतीलाई सम्मान साथै मायाको चिनो प्रदान गरेको थियो । कार्यक्रमको अन्त्यमा सभापति भट्टराईले उपस्थित सबैलाई कार्यक्रममा उपस्थिति जनाएर कार्यक्रम सभ्य र भव्य रूपमा सफल बनाइदिनुभएकोमा मुरी-मुरी धन्यवाद व्यक्त गर्दै कतारमा नेपाली साहित्यको विकासका निम्ति अनेसास कतार च्याप्टर र

नवोदित साहित्यिक वाचनालय कतार सदैव अगाडि बढिरहने वचनबद्धता व्यक्त गर्दै **तमसुक** प्रत्येक नेपालीको मनमस्तिष्कमा बस्न सफल बनोस् भनी कृति सफलताको कामना गर्दै कार्यक्रमको समापन गर्नुभएको थियो ।

उही कार्यक्रमलाई नवोदितका अध्यक्ष दीप मिलनले सञ्चालन गर्नुभएको थियो ।

## ह्युस्टन च्याप्टरले बुद्ध जयन्ती मनायो

ह्युस्टन, टेक्सास, मे २६ । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) ह्युस्टन च्याप्टरले साहित्यिक जमघट गरी बुद्ध जयन्ती मनाएको छ । सहरको बीचमा रहेको सुन्दर, शान्त अर्थर स्टोरी पार्कमा साहित्यिक हृदयहरू साँच्चै नै रमाएको भान हुन्थ्यो ।

अनेसास ह्युस्टनका अध्यक्ष कमल पन्थीको सभापतित्वमा कार्यक्रम सम्पन्न भएको थियो । पन्थीले अङ्गुलीमाल दैत्यको कथा भन्दै भगवान् बुद्धको बारेमा प्रकाश पार्नुभएको थियो । संस्थाका उपाध्यक्ष बासु पौडेलले आफ्नो विपसना ध्यानको अनुभव बताउनुभएको थियो । ध्यानले मानिसलाई शान्त र संयम हुन सिकाउने भन्दै व्यस्त जीवनमा ध्यानको महत्त्वबारे प्रकाश पार्नुभएको थियो ।

समाजका उपाध्यक्ष सतीश त्रिपाठी, सल्लाहकार राजेन्द्र श्रेष्ठ र सदस्य बिदुर दवाडीले बुद्ध जीवनका केही रोचक पक्षहरूको चर्चा गर्नुभएको थियो ।

कार्यक्रममा साहित्यकार बिटु के.सी.ले मीठो गजल सुनाउनुका साथै आफ्नो कृति 'मायाको मात' २० प्रति संस्थालाई हस्तान्तरण गर्नुभएको थियो । साना बालबालिकाको गीतले कार्यक्रमलाई थप रौनकता प्रदान गरेको थियो । संस्थाका महासचिव अमृत लामिछानेले बुद्धका रोचक प्रसङ्गहरूसहित कार्यक्रम सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा विभिन्न व्यक्तिहरूले आफ्ना मीठा-मीठा रचना वाचन गर्नुभएको थियो ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज ह्युस्टनको नवनिर्वाचित कार्य समितिको यो पहिलो कार्यक्रम हो ।

## सिड्नीमा खुल्ला बाल वक्तृत्वकला कार्यक्रम भव्यताका साथ सम्पन्न

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, न्यु साउथ वेल्स, अस्ट्रेलियाको

आयोजनामा सिड्नीमा खुल्ला बाल वक्तृत्वकला कार्यक्रम भव्यताका साथ सम्पन्न भएको छ । प्रवासमा रहने हाम्रा पछिल्ला पुस्ता बालबालिकाहरूमा आफ्नो मातृभाषा र संस्कृतिप्रति अभिरुचि जगाउने मूल उद्देश्यसहित आयोजना गरिएको सो विशेष कार्यक्रममा पच्चीसजना बालबालिकाहरूले कार्यक्रममा भाग लिएका थिए । अनेसास न्यु साउथ वेल्स बाल क्लबकी अध्यक्ष रिभा शाह र आस्ना खतिवडाको उद्घोषण अत्यन्तै रोचक बनेको थियो । पहिलोपटक बालबालिकाबाटै उद्घोषण भएको कार्यक्रममा सबै अभिभावकहरू उत्साही देखिन्थे ।

जब विभु सापकोटाले संस्कृतबाट मन्त्र उच्चारण गर्दै आफ्नो वक्तृत्वकला सुरुवात गरे । सबैले गड्गडाहटका साथ ताली बजाए । यसै गरी ब्राज सापकोटा, एन्जेलिना अवाले, रायन खनाल, हिमान्सी घिमिरे, जिना चालिसे, लिजा त्रिपाठी, जेनिशा योञ्जन लामा, सारा श्रेष्ठ, सरिना सैंजू, शालीन श्रेष्ठ, टिमिला मानन्धर, आकृति घिमिरे, ऋतिका खरेल, सिमोन श्रीपाली, सिमोल श्रीपाली, तिप्सु पाण्डे, अनुष्का गौतम, मुकेश के.सी., शालोक जिसी, लुनिभा जोन्छे, प्रान्सी तिवारी, अग्रिम घिमिरे, रायन पन्त, विदेव क्षेत्री तथा साक्षी निरौलासहित पच्चीसजना बालबालिकाहरूले कार्यक्रममा आफ्नो वक्तृत्वकला प्रस्तुत गरे, जसमा सरिना सैंजूले नेवारी भाषामा वक्तृत्वकला प्रस्तुत गरिन् भने विदेव क्षेत्रीले मीठो गीत गाएका थिए ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, न्यु साउथ वेल्स, अस्ट्रेलियाका अध्यक्ष महेश्वर शर्माको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा अनेसास केन्द्रका उपाध्यक्ष भीमसेन सापकोटा (आचार्य राजन शर्मा) ले यस्ता कार्यक्रमहरू अहिले अत्यन्तै आवश्यक रहेको बताउनुभयो साथै अनेसासले विश्वभर आफ्नो भाषा बचाइराख्नका निम्ति यस्ता कार्यक्रमहरूको भूमिका ठूलो रहने बताउनुभयो । यसै गरी त्रिभुवन विश्वविद्यालयका उप-प्राध्यापक (अङ्ग्रेजी केन्द्रीय विभाग) हाल सिड्नी युनिभर्सिटीमा 'द स्कुल अफ आर्ट लिट्रेचर एन्ड मिडिया' मा पिएच.डी. गर्दैगर्नुभएका जीवनाथ लम्सालले प्रवासमा गरिने यस्तो कार्यक्रमले नेपाली समुदायका बालबालिकाहरूमा आफ्नो मौलिक संस्कृति, भाषाप्रति मोह जगाउन ठूलो मद्दत पुग्ने बताउनुभयो । डा. मोम विश्वकर्माले अनेसासले गरेको यो कार्यक्रमको मुक्तकण्ठले प्रशंसा गर्नभयो । यसै गरी नेपाली समुदायका अगुवा डा. नारायण प्रधान, शब्दमाला नेपाली भाषा विद्यालयकी अध्यक्ष अर्चना गुरुङ, अनेसास केन्द्रकी सदस्य सानु घिमिरे, गैरआवासीय

नेपाली सङ्घ, अस्ट्रेलियाका उपाध्यक्ष तथा न्यु साउथ वेल्स स्टेट कोर्डिनेटर नन्द गुरुङले आ-आफ्नो मन्तव्य राख्नुभएको थियो ।

अनेसास न्यु साउथ वेल्स बाल क्लबकी अध्यक्ष रिभा शाह तथा आस्ना खतिवडाको उद्घोषकको तयारीको निम्ति फोटो पत्रकार सुधिरा शाहले ठूलो भूमिका निर्वाह गर्नुभएको थियो भने कार्यक्रम सफल बनाउन सहयोग गर्नुहुने सञ्चारकर्मी हिमालयन रेडियोका प्रस्तोता टीका कार्की, तुल्सा पाण्डे, अनेसासबाट सीता रसाइली, मनोज पाण्डे, प्रवीन टन्डन, ममता तिवारीलगायत सुरेश भण्डारी, शब्दमाला नेपाली भाषा विद्यालयबाट अर्चना गुरुङ सोही विद्यालयबाट एकेडेमिक कोर्डिनेटर मन्जु कार्की, श्याम सैंजुको भूमिका अतुलनीय रहेको थियो। कार्यक्रममा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, न्यु साउथ वेल्स, अस्ट्रेलियाका अध्यक्ष महेश्वर शर्माले कार्यक्रम सफल बनाउन सहयोग गर्नहुने सबैप्रति आभार प्रकट गर्दै धन्यवाद दिनुभएको थियो ।

साथै सो कार्यक्रमलाई गैरआवासीय नेपाली सङ्घ अस्ट्रेलियाका उपाध्यक्ष तथा न्यु साउथ वेल्स स्टेट कोर्डिनेटर नन्द गुरुङ, गैरआवासीय नेपाली सङ्घ अस्ट्रेलियाका सचिव देव गुरुङ, मल्टी डाइनामिकबाट मेघराज पौडेल, नमस्ते ज्वेलरीबाट कृष्ण विकले प्रायोजकको रूपमा सहयोग प्रदान गर्नुभएको थियो । फ़ोटोग्राफरको रूपमा सुमन पाण्डेले सहयोग प्रदान गर्नुभयो । सो कार्यक्रममा गैरआवासीय नेपाली सङ्घ अस्ट्रेलियाकी संरक्षक इन्द्रा वन, नेपाली अभिभावक सङ्घ क्याम्सी अस्ट्रेलियाका अध्यक्ष गणेशकुमार गौतमलगायत नेपाली समुदायको बाक्लो उपस्थिति रहेको थियो ।

कार्यक्रम २६ मे २०१९ आइतबार अस्बरी सिनियर सिटिजन्स सेन्टर ६४-६८ प्रिन्सेस स्ट्रिट क्यानटबरीमा सम्पन्न भएको थियो ।

## सिकागो च्याप्टरद्वारा बृहत् साहित्य गोष्ठीको आयोजना

अनेसास सिकागो च्याप्टरको आयोजनामा बृहत् साहित्य गोष्ठीको आयोजना भएको छ। यही मे २७ तारिख आइतबारको दिन बेस्ट ब्रेनमार सिकागोमा भएको साहित्य गोष्ठी कार्यक्रममा वरिष्ठ साहित्यकार तथा गजलकार श्री अमर त्यागीज्यूको प्रमुख आतिथ्यमा भएको हो। वहाँले प्रमुख अतिथिको आसनबाट बोल्दै गजल विधाका केही आधारभूत नियमहरू र गजल के हो र कसरी लेखिन्छ भन्ने

बारेमा बोलेर, लेखेर स्पष्ट पारिदिनु भएको थियो । संस्थाको अध्यक्ष विष्णादेवीले उहाँलाई खादा ओढाई सम्मान गर्नुभएको थियो ।

कार्यक्रमको विशेष अथितिमा जुनु क्षेत्रीज्यू, खेम पाठकज्यू र टेकराज पौडेलज्यू लगायतको उपस्थित रहेको थियो। सम्पूर्ण साहित्यप्रेमीहरूको गरिमामय उपस्थितिले कार्यक्रम भव्यताका साथ सफल बनाइदिनु भएकोमा सिकागो च्याप्टरका तर्फबाट सभापति विष्णादेवीले उपस्थित सबैलाई हार्दिक आभार प्रकट गर्नुभएको थियो ।

## तेस्रो अनेसास च्याप्टर सम्मेलन जापानमा हुने

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) को तेस्रो च्याप्टर सम्मेलन जापानको राजधानी टोक्योमा हुने भएको छ । अनेसास केन्द्रीय कार्य समितिका अध्यक्ष राधेश्याम लेकालीको अध्यक्षतामा बसेको नियमित बैठकले यस्तो निर्णय गरेको हो। यस अघि सम्मेलन आयोजनाको अनुरोध गर्दै अनेसास जापान च्याप्टरका अध्यक्ष दीप पाठकद्वारा हस्ताक्षरित पत्र केन्द्रलाई प्राप्त भएको थियो ।

सन् २०१६ बाट च्याप्टर सम्मेलनको आरम्भ गरिएको हो। पहिलो सम्मेलन लस एन्जलस च्याप्टरको आयोजना रहेको थियो भने दोस्रो च्याप्टर सम्मेलन सन् २०१८ मा न्यु ह्याम्पसायर च्याप्टरले गरेको थियो । चौथो अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन (१०१५) सफलतापूर्वक आयोजना गरेको जापानले सन २०२० को च्याप्टर सम्मेलन आयोजना गर्न पाउनु महत्त्वपूर्ण अवसर भएको कुरा अध्यक्ष दीप पाठकले बताउनुभयो ।

च्याप्टर सम्मेलन जापानमा आयोजना गर्ने सन्दर्भमा केन्द्रको निर्णय पश्चात् मे २६ तारिखमा बसेको जापानको कार्य समितिको बैठकले सन् २०२० को जनवरी २५ र २६ को निम्ति मिति तय गरेको कुरा महासचिव अरुण पौडेलले बताउनुभयो । विश्वभरि दर्जनौं च्याप्टर रहेको अनेसासको च्याप्टर सम्मेलनले संस्थागत विकास र सुधारको निम्ति विशेष अर्थ राख्ने गर्दछ ।

## कुवेत च्याप्टरको रचना वाचन कार्यक्रम सम्पन्न

मे ३१ तारिखको दिन अनेसास कुवेत च्याप्टरको मासिक भेला, छलफल तथा रचना वाचन कार्यक्रम सम्पन्न भएको छ । अनेसास कुवेत क्याप्टरको

सल्लाहकार माधव पौडेल 'असल यात्री' को निवासमा भएको उक्त कार्यक्रम कुवेत च्याप्टरका अध्यक्ष हिमराज न्यौपाने 'हिमाल अञ्जान' को अध्यक्षतामा विविध विषयहरूमा छलफल गरी सम्पन्न गरियो । आजको भेलाले मुस्लिमहरूको पर्व रमादानको कारण स्थगित हुन पुगेको आज गर्ने भनिएको वार्षिक उत्सव तथा साहित्यिक कार्यक्रम आगामी १२ जुलाइ २०१९ तारिख शुक्रबारका दिन भानु जयन्तीको अवसर पारेर भानु जयन्ती तथा वार्षिक उत्सव साहित्यिक कार्यक्रम गरेर भव्यताका साथ मनाउने निर्णय गरेको छ। साथै आजकै छलफलबाट साहित्यकार तथा लोकगायक राजेन्द्र विरहीज्यूलाई कुवेत च्याप्टरको सल्लाहकारका लागि चयन गरिएको छ । आजको भेला, छलफल तथा रचना वाचन कार्यक्रममा अनेसास कुवेत च्याप्टरका सल्लाहकार अमर खड्का, माधव पौडेल 'असल यात्री' अध्यक्ष हिमराज न्यौपाने 'हिमाल अञ्जान', द्वितीय उपाध्यक्ष तिलाचन बस्याल, महासचिव राज श्रेष्ठ, कोषाध्यक्ष प्रवीण आचार्य, सह-कोषाध्यक्ष बद्री 'वैरागी' द्वारा रचना वाचन गरिएको थियो । आजको भेला, छलफल तथा रचना वाचन कार्यक्रमको फोटो, भिडियो तथा अनलाइन मिडियामा समाचार सम्प्रेषणको जिम्मा, कुवेत च्याप्टरका उपाध्यक्ष प्रसाद तिम्सिनाज्यूले  लिनुभएको थियो ।

## डायस्पोरिक उपन्यास 'सिड्नी सपना' को सिड्नीमा अन्तर्क्रिया

अस्ट्रेलियाको पृष्ठभूमिलाई आधार बनाएर लेखिएको डायस्पोरिक उपन्यास **सिड्नी सपना**को सिड्नीमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) एनएसडब्ल्यु अस्ट्रेलियाले यही जुन ९ गते सिड्नीको क्याम्प्सीमा उक्त कार्यक्रम आयोजना गरेको थियो । सिड्नी सपनामाथि समीक्षा गर्दै समालोचक जीवनाथ लम्सालले सिड्नी सपना अस्ट्रेलियाको डायस्पोराको मात्र कथा नभई नेपालीहरू आप्रवासी भएर गएको प्रत्येक डायस्पोराको कथा भएको बताए ।

अर्का समीक्षक साहित्यकार सुरेन्द्र दवाडीले यो उपन्यासले डायस्पोराभित्रकै अर्को डायस्पोरा अर्थात अवैधानिक नेपालीहरू बसोबास गरिरहेको अस्ट्रेलियाको फार्मको जिन्दगीसँग उपन्यासमार्फत् साक्षातकार गराएको बताए । मुख्य पात्रको सङ्घर्ष र कथामार्फत् महिलाहरूले आफ्नै लागि बाच्नुपर्छ भन्ने सन्देश दिएको भन्दै ती कुराहरू यो उपन्यासको सशक्त पक्ष रहेको बताए ।

कार्यक्रममा बोल्दै **सिड्नी सपना**की लेखिका सानु घिमिरे ज्योत्सनाले

आफूले अस्ट्रेलियामा देखेका, भोगेका र सुनेका कथाहरूलाई समेटेर आफूले तयार पारेको यो उपन्यासलाई सिड्नी र अस्ट्रेलियाका पाठकहरूले कस्तो रूपमा ग्रहण गर्छन् भन्ने उत्सुकता रहेको बताइन् ।

कार्यक्रममा एनआरएन अभियन्ता दिनेश पोखेल , अनेसासका केन्द्रीय उपाध्यक्ष भीमसेन सापकोटा, अनेसास एनएसडब्ल्युकी उपाध्यक्ष ममता तिवारीले **सिड्नी सपना**को सफलताको कामना गर्दै शुभकामना दिएका थिए ।

कार्यक्रमको अध्यक्षता गरेका अनेसास एनएसडब्ल्युका अध्यक्ष महेश्वर शर्माले अनेसास एनएसडब्ल्यु अस्ट्रेलियाका साहित्यिक गतिविधिहरूको चर्चा गर्दै उपन्यासको सफलताको कामना गरे । कार्यक्रमको सञ्चालन एनआरएन अभियन्ता तथा सञ्चारकर्मी विनोद पौडेलले गरेका थिए ।

## अनेसास समेतको आयोजनामा बाल्टिमोरमा नेपाली राष्ट्रिय सम्मेलन हुँदै

डि.सी. । बाल्टिमोरमा आगामी जुलाइ ५ देखि ७ सम्म हुने नेपाली राष्ट्रिय सम्मेलन द्रुतगतिमा अघि बढाइरहेको आयोजकले जनाएका छन् । कार्यक्रम भव्य बनाउनका लागि करिव २० वटा विभिन्न समितिहरू निर्माण गरिसकिएको छ । डि.सी. महानगर क्षेत्रका २८ भन्दा ज्यादा सङ्घसंस्थासँग समन्वय गरिएको छ ।

सम्मेलन एएनए, आन्मा, अनेसास र बाना गरी ४ संस्थाको संयुक्त आयोजनामा हुनेछ । ४ वटै संस्थाद्वारा संयुक्त रूपमा विज्ञप्ति निकाली नेपाली राष्ट्रिय सम्मेलन गर्ने ऐक्यबद्धता जनाएका थिए ।

सम्मेलन होटल रेड लायन नर्थ बाल्टिमोरलाई छनौट गरिएको छ । सम्मेलनमा सहभागी हुन चाहनेहरूका लागि दर्ता प्रक्रिया पनि सुरु भएको छ । सम्मेलन सभापति बानाका पूर्व अध्यक्ष विजय श्रेष्ठ रहेका छन् ।

नेपाली राष्ट्रिय सम्मेलनको संरक्षकको रूपमा महावाणिज्य दूत प्रेमराजा महतलाई राखिएको छ । बानाका अध्यक्ष सुबोध विलास पन्त संयोजक रहेका छन् भने नेपाली राष्ट्रिय सम्मेलनका जनसम्पर्क अधिकारी तथा प्रवक्तामा एएनएका वरिष्ठ उपाध्यक्ष खगेन्द्र अधिकारी रहेका छन् । यसअघि नै अनेसास केन्द्रीय कार्यसमितिका अध्यक्ष राधेश्याम लेकालीको अध्यक्षतामा बसेको बैठकले सह-आयोजक बन्ने निर्णय पारित गरेको थियो ।

यसैगरी मूल सम्मेलन समिति (कोर कमिटी) समेत निर्माण गरिएको छ, जसमा एएनएका अध्यक्ष मेदिनी अधिकारी, आन्माका अध्यक्ष बलराम पन्थी, एनएनएका वरिष्ठ उपाध्यक्ष खगेन्द्र अधिकारी, सम्मेलन सभापति विजय श्रेष्ठ, बानाका अध्यक्ष सुबोध विलास पन्त, एनइसिसी अध्यक्ष खिलेन्द्र न्यौपाने, अनु श्रेष्ठ वन्त, लोक तिवारी, एएनएका महासचिव विजय भट्टराई, सिपिए लक्ष्मण प्रधान, आन्माका महासचिव डा. दिवाकर दाहाल, सरोज प्रजापतिलगायत, क्रिस घिमिरे, कुलमणि आचार्य, एएनएसका वरिष्ठ उपाध्यक्ष डा. विष्णु घिमिरे, समिर महर्जनलगायत रहेका छन् ।

# अनेसास कतार च्याप्टरको छोटो परिचय तथा विगत ६ महिनाभित्र गरेका कार्यहरूको गतिविधि

**प्रेमप्रसाद भट्टराई**, अध्यक्ष ,अनेसास, कतार च्याप्टर

अनेसास कतार च्याप्टरले स्थापना कालदेखि आजसम्म आइपुग्दा धेरै आरोहअबरोहहरू पार गर्दै कतारमा रहेका लगभग १५० सङ्घ संस्थाहरूमध्ये आफूलाई भिन्दै रूपमा चिनाउन सफल भएको छ । कतारको कडा कानुन, भिन्दै वातावरण र यहाँ बसोबास गर्ने साहित्यकारहरू आफ्नो १० वा १२ घण्टा डिउटीलाई पूरा गरेर बँचेको समयमा गरेको साहित्य सिर्जनाहरू पनि नेपालमा रहेर व्यावसायिक साहित्य सिर्जना गर्ने साहित्यकारहरूभन्दा कम नरहेको नेपालबाट कतारमा घुम्न या कतारमा गरिने कार्यक्रमहरूमा अतिथिको रूपमा आउनुभएका अग्रज साहित्यकारहरूको मुखबाट सुन्न पाउँदा अति नै खुसीका साथ कतारमा रहेर नेपाली साहित्यमा कलम चलाउनुहुने सम्पूर्ण समकालीन मित्रहरू तथा अग्रज साहित्यकारज्यूहरूलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु ।

अनेसास कतार च्याप्टरले कतारमा रहेर साहित्य सिर्जना गर्ने साहित्यकार हरूलाई प्रोत्साहन गर्दै साहित्यमा अझै लगाव होस् लेखाइ मात्र हैन, वाचन पनि नेपाली साहित्यमा त्यत्तिकै आवश्यक्ता छ भन्ने अभिप्रायले कतारमा स्थापित अर्को साहित्य संस्था नवोदित साहित्यिक वाचनालय कतारसँग सहकार्य गर्दै अनेसास नवोदित साहित्यिक वाचन डबली विगत ९२ महिनादेखि प्रत्येक महिनाको दोस्रो शुक्रबार दिउँसो ३ बजेदेखि ५ बजेसम्म आफ्नो रचना सुनाउने र अरूको रचना सुन्ने कार्यक्रम गर्दै आइरहेको छ र यो कार्यक्रमको विशेषता भनेको समयमा सुरु हुने र समयमा सकिने रहेको छ ।

अनेसास कतार च्याप्टरले प्रत्येक वर्ष भानु जयन्ती, मोती जयन्ती, पारिजात जयन्ती, देवकोटा जयन्ती, मैथिली कवि विधापति जयन्ती कार्यक्रमहरू कतारमा स्थापित संस्था नवोदित, सन्ध्यारूप अल्खोर र एनआरएनए कतारसँग सहकार्य गर्दै नेपालबाट वरिष्ठ साहित्यकारहरूलाई निमन्त्रणा गरेर उहाँहरूको आतिथ्यमा मनाउँदै आइरहेका छौँ ।

## कतारमा नेपाली साहित्यकारहरूको भव्य साहित्यिक वाचन कार्यक्रम सम्पन्न

पौष २९, कतारमा स्थापित नेपाली साहित्यिक संस्थाहरू अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज कतार च्याप्टर तथा नवोदित साहित्यिक वाचनालय कतारले संयुक्त आयोजनामा विगत ८८ महिनादेखि प्रत्येक महिनाको दोस्रो शुक्रबार सञ्चालन गर्दै आएको अनेसास नवोदित साहित्यिक वाचन डबलीको ८८ औँ शृङ्खला यही ११ जनवरी २०१९ का दिन कतारको दोहास्थित टपफम रेस्टुरेन्टको सभाहलमा विभिन्न साहित्यिक रचनाहरू वाचन गर्दै सम्पन्न गरिएको थियो । सोही डबलीलाई अनलाइन रेडियो रेडियो हिमालयबाट प्रत्यक्ष प्रसारण पनि गरिएको थियो ।

डबलीमा विशिष्ट श्रोता कतारमा रहेर नेपाली भाषा र साहित्यलाई माया गर्ने एक समाजसेवी व्यक्ति त्यो एनआरएनए कतारका अध्यक्ष समाजसेवी श्री नवीन पोखेललाई बनाइएको थियो ।

डबलीमा विशिष्ट श्रोताको आसन ग्रहणपछि सबैले यथास्थानमा उठेर नेपाली राष्ट्रिय गान गाएर सभाहललाई नै मन्त्रमुग्ध बनाउँदै सुरु गरिएको थियो ।

कतारमा रहेर साहित्य क्षेत्रमा कलम चलाइरहेका दीपेश राईको गजल वाचनले डबलीको ढोका उघारेको थियो भने गजलकारहरू खमेन्द्र शाही, सागर विभोर पाल्पाली, दीप क्षेत्री, अखिल अनुराग, खेमराज सुवेदी, निरन नेपाल, महेन्द्र खड्का, ईश्वर राई लजालु, दीप प्रदीप कुमार, राम आचर्य सायर, सन्तोष अधिकारी, चक्र कार्की, मणि पौडेल, दिलीप पराजुली, श्यामराज रानाभाट, बिन्दा लामा, शेखर बस्नेत, तपन जिएम, विनोद अधिकारी, सावित्री गिरी, प्रेमप्रसाद भट्टराई मायाप्रेमका, देशप्रेमका, प्रवासका पीडाहरूलाई समेटेर लेखिएका उत्कृष्ट गजलहरू कसैले वाचन गरेर, कसैले लयबद्ध तरिकाले गाएर उपस्थित सम्पूर्ण साहित्यप्रेमी नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई भरपुर साहित्यिक मनोरञ्जन दिएका थिए ।

त्यसैगरी कविहरू लीलानाथ घिमिरे, सावित्री गिरी, लेख कार्की र सीताराम थापाले एकदमै उत्कृष्ट कविता-मुक्तक वाचन गरेका थिए। उक्त डबलीमा बोल्दै अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज कतारका अध्यक्ष प्रेमप्रसाद भट्टराईले कतारको साहित्यमा सबै साहित्य विधाको विकास गर्दै सबै विधालाई अगाडि बढाएर लैजान जोड दिनुपर्ने बताउँदै कार्यक्रममा उपस्थिति जनाएर डबलीलाई सभ्य र भव्य बनाइदिनुभएकोमा सम्पूर्ण उपस्थित साहित्यप्रेमी नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई धन्यवाद व्यक्त गर्दै आगामी डबलीमा पनि निरन्तर उपस्थिति जनाउन आग्रह गरेका थिए। अनेसास नवोदित ८८ औँ शृङ्खला वाचन डबली गजलकार नारायण भण्डारी 'निर्जल' ले सञ्चालन गरेका थिए।

डबलीको अन्त्यमा विशिष्ट श्रोता एनआरएनए कतारका अध्यक्ष नवीन पोखरेलले प्रवासमा रहेर पनि नेपाली भाषा र साहित्यको जगेर्ना गर्दै यस्तो अन्य कार्यक्रमभन्दा भिन्दै कार्यक्रम गरेर ८८ औँ डबलीसम्म आइपुग्न सफल भएकोमा खुसी व्यक्त गरेका थिए।

## अनेसास नवोदित कतारले सम्पन्न गऱ्यो ८९ औँ साहित्य रचना वाचन कार्यक्रम

माघ २६, कतारमा स्थापित नेपाली साहित्यिक संस्थाहरू अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज कतार च्याप्टर तथा नवोदित साहित्यिक वाचनालय कतारले संयुक्त आयोजनामा विगत ८९ महिनादेखि प्रत्येक महिनाको दोस्रो शुक्रबार सञ्चालन गर्दै आएको अनेसास नवोदित साहित्यिक वाचन डबलीको ८९ औँ शृङ्खला यही ८ फेब्रुअरी २०१९ का दिन कतारको दोहास्थित टपफम रेस्टुरेन्टको सभाहलमा विभिन्न साहित्यिक रचनाहरू वाचन गर्दै सम्पन्न गरेको छ।

सोही डबलीलाई अनलाइन रेडियो रेडियो हिमालयबाट र दीप टिभीबाट प्रत्यक्ष प्रसारण पनि गरिएको थियो। डबलीमा विशिष्ट श्रोता कतारमा रहेर नेपाली भाषा र साहित्यलाई माया गर्नुहुने एक समाजसेवी प्रदेश न. ३ समन्वय परिषद् कतारका अध्यक्ष श्री समीर क्षेत्रीलाई बनाइएको थियो। कतारमा रहेर विभिन्न विधामा कलम चलाउनुहुने साहित्यकारहरूको बाक्लो उपस्थिति रहेको डबलीमा पूर्व विशिष्ट श्रोताहरूको  पनि उपस्थिति रहेको थियो।

कतारमा रहेर गजल विधामा कलम चलाइरहेका देव क्षेत्रीको लयबद्ध गजलको वाचनले डबलीको ढोका उघारेको थियो भने गजलकारहरू कमेन्द्र

शाही, अनिल परिवर्तन विष्ट, शेखर बस्नेत, सावित्री गिरी, राम आचार्य सायर, बिन्दा लामा, दीप प्रदीप कुमार, सन्तोष अधिकारी, सीताराम थापा, प्रेमप्रसाद भट्टराईलगायत अन्य धेरै गजलकारहरूले प्रणय दिवसका, मायाप्रेमका, देशप्रेमका, प्रवासका पीडाहरूलाई समेटेर लेखिएका उत्कृष्ट गजलहरू कसैले वाचन गरेर, कसैले लयबद्ध तरिकाले गाएर उपस्थित सम्पूर्ण साहित्यप्रेमी नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई भरपुर साहित्यिक मनोरञ्जन दिएका थिए ।

त्यसैगरी कवितातर्फ सुमन सहयात्री, लीलानाथ घिमिरे, दीपेश राईलगायत अन्य धेरै कविहरूले कविता वाचन गरेका थिए । उक्त डबलीमा बोल्दै अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज कतारका अध्यक्ष प्रेमप्रसाद भट्टराईले कतारको साहित्यमा सबै साहित्य विधाको विकास गर्दै सबै विधालाई अगाडि बढाएर लैजान जोड दिनुपर्ने बताउँदै कार्यक्रममा उपस्थिति जनाएर डबलीलाई सभ्य र भव्य बनाइदिनुभएकोमा सम्पूर्ण उपस्थित साहित्यप्रेमी नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलगायत विशिष्ट श्रोतालाई मुरी-मुरी धन्यवाद व्यक्त गरेका थिए ।

अनेसास नवोदित ८९ औँ वाचन डबली शृङ्गारिक गजलकार ईश्वर राई 'लजालु' ले सञ्चालन गरेका थिए । डबलीको अन्त्यमा विशिष्ट श्रोता प्रदेश न. ३ समन्वय परिषद् कतारका अध्यक्ष समीर खत्रीले प्रवासमा रहेर पनि नेपाली भाषा र साहित्यको जगेर्णा गर्दै यस्तो अन्य कार्यक्रमभन्दा भिन्दै कार्यक्रम गरेर ८९ औँ डबलीसम्म आइपुग्न सफल भएकोमा खुसी व्यक्त गरेका थिए ।

## कतारमा ९० औँ डबलीको साथ गजलसङ्ग्रह 'गजल इन्द्रेणी-४' को विमोचन सम्पन्न

चैत १२, कतारमा संस्थागत सहकार्यमा इतिहास रचिसकेका साहित्यिक संस्थाहरू अनेसास कतार च्याप्टर र नवोदित साहित्यिक वाचनालय कतारले संयुक्त रूपमा ९० औँ डबली तथा साहित्यकार रमेश हरिलठ्ठक स्मृति सम्मान, कवि दीपक पुडासैनीको कवितासङ्ग्रह **आधा जीवन** र २० गजलकारहरूको संयुक्त गजलसङ्ग्रह **गजल इन्द्रेणी-४** को विमोचन समारोह तथा पाँच मुक्तककारहरूको संयुक्त मुक्तक वाचन कार्यक्रम वाचनालयका अध्यक्ष दीप मिलनको सभापतित्व, पत्रकार महासङ्घ कतार शाखाका अध्यक्ष करिम बक्समियाँको प्रमुख आतिथ्यमा तथा साहित्यकार निर्मल ढुङ्गाना, कवि दीपक पुडासैनीलगायतका विभिन्न डबलीका विशिष्ट श्रोताहरूको विशेष उपस्थितिसहित विभिन्न साहित्यकार तथा

साहित्य प्रेमीहरूको बाक्लो उपस्थिति माझ गत शुक्रबार नज्माको गोर्खा रेस्टुरेन्टको सभाहलमा सम्पन्न गरेको छ ।

ब्यानर अनावरण, दीप प्रज्ज्वलन, राष्ट्रिय गान, साहित्यकार रमेश हरिलट्टकको ३९ औं जन्म जयन्तीको फोटोमा माल्यार्पण साथै साहित्यकार तथा अनेसासका संस्थापक संयोजक शिखर वैद्यको स्मृतिमा १ मिनेट मौनधारण साथै श्रद्धासुमनसँगै अघि बढेको कार्यक्रममा दिलीप पराजुलीले स्वागत मन्तव्य राखेका थिए भने रमेश हरिलट्टकको जीवनीको बारेमा बोल्दै श्यामराज रानाभाटले सम्मान घोषणा गरेका थिए ।

घोषणापश्चात् 'हरिलट्टक स्मृति पुरुस्कार-२०७५' का विजेता साहित्यकार निर्मल ढुङ्गानालाई पुरस्कारसहित दोसल्ला ओढाएर ताम्रपत्रले सम्मान गरिएको थियो । नवोदितका तर्फबाट आजीवन सदस्यता प्रदान गरिएको थियो । विगत एक दशकभन्दा लामो समयदेखि कतारलाई कर्मथलो बनाइरहेका बहुप्रतिभाका धनी दीपक पुडासैनीको कवितासङ्ग्रह **आधा जीवन** सहित २० गजलकारका १०० गजलहरूको सङ्ग्रह **इन्द्रेणी भाग-४** को पनि विमोचन गरिएको थियो ।

विमोचित दुवै पुस्तकलाई साहित्यकारद्वय सीताराम थापा र रूप रसाइलीले समीक्षा गरेका थिए । मुक्तक विशेष डबली पनि भएको हुँदा मुक्तककार अविनाश सापकोटा, सागर भण्डारी, बिन्दा लामा, यादव रेग्मी र स्वतन्त्र नेपालले ५/५ वटा मुक्तक वाचन गरेका थिए । उक्त डबलीको समीक्षा विशिष्ट श्रोता एनआरएनए कतारका अध्यक्ष नवीन पोखरेलले गरेका थिए ।

कार्यक्रममा आफनो रचना वाचन गर्दै साहित्यकार ढुङ्गानाले कतार सम्मको यात्रा सम्मान र कार्यक्रमलाई भव्य बनाइदिने सबैलाई धन्यवाद ज्ञापन गरेका थिए । कार्यक्रमको अन्त्यतिर बोल्दै प्रमुख अतिथि मियाले कहिले साहित्य राजनीतिक कटाक्ष गर्ने जस्तो, कहिले माया-पिरती लगाउने ठाउँ जस्तो लाग्थ्यो तर समय बित्दै जाँदा साहित्यमा जीवन रहेछ भनेर आफूले बुझेको बताए । प्रेमप्रसाद भट्टराईले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभापति मिलनले कार्यक्रमलाई भव्य बनाउन सहयोग गर्ने सबैलाई धन्यवाद दिएका थिए ।

## अनेसास कतार च्याप्टर र नवोदित साहित्यिक वाचनालय कतारको ९१ औँ डबली सम्पन्न

३ वैशाख, विश्वमै धनी देशहरूको पहिलो नम्बरमा सुमार मध्यपूर्वको

देश कतार । यहाँ १०० भन्दा बढी देशका नागरिक कार्यरत रहेको बताइन्छ । यिनै एकसय देशमध्यको एक देशका नागरिक नेपाली । लगभग ५ लाख नेपाली कार्यरत यो देशमा १५० वटाभन्दा बढी विविध किसिमका सङ्घसंस्था रहेका छन् । तीमध्येका आश्चर्यचकित पार्ने दुईवटा साहित्यिक संस्था छन्, ती हुन् - अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज कतार च्याप्टर र नवोदित साहित्यिक वाचनालय कतार ।

यी दुवै साहित्यिक संस्थाले विगत ९१ महिनादेखि सहकार्य गर्दै नियमित मासिक डबली सञ्चालन गर्दै कतारमा सहकार्यको इतिहास रचिसकेको छ । कतार र नेपाली साहित्यको इतिहासमा हरेकपटक नयाँ ईंट्टा थप्दै आएका यी संस्थाले गत शुक्रबार आफनो नियमित मासिक डबली, स्रष्टा भेटघाट र रचना वाचन डबली सम्पन्न गरेका छन् ।

हरेक डबलीमा फरक विशिष्ट श्रोता र संयोजक मात्र हैन निर्धारित समयमा सुरु भएर निर्धारित समयमै सकिने पहिचान स्थापित गरेको उक्त डबलीका लागि आफैमा कुशल गायकसमेत रहेका सर्जक तथा सङ्गीतकार सुरज जोशी विशिष्ट श्रोता तथा महेन्द्र थापाले डबली संयोजन रहेका थिए । डबलीमा फरक-फरक विधामा २१ जनाले आफनो रचना वाचन गरेका थिए, जसमा सुरेशमान रुम्बा तामाङ, सन्तोष अधिकारी, सुरेश परियार 'आभास', अनिलकुमार विष्ट 'परिवर्तन', राम आचार्य 'सायर', सुदामा कृष्ण सुवेदी, बिन्दा लामा, चक्र कार्की, शेखर बस्नेत, टीका खड्का 'राष्ट्रप्रेमी', सीताराम थापा, दिलीप पराजुली, दीप प्रदीप कुमार, मणि पौडेल र प्रेमप्रसाद भट्टराईले गजल वाचन गरेका थिए भने नारायण निर्जल भण्डारी, विनोद अधिकारी, यादव रेग्मी, स्वतन्त्र नेपालले मुक्तक वाचन गरेका थिए ।

त्यस्तै सागर 'विभोर' पाल्पालीले मुक्तक र गजल, बुद्धराज राई, दीपक पुडासैनी (**आधा जीवन** पुस्तकका लेखक) र दीप मिलनले कविता सुनाएका थिए । कार्यक्रम संयोजक खड्काले कार्यक्रम सञ्चालनको क्रममा आफ्ना रचनाले सबैको ध्यान खिचेका थिए ।

डबलीको अन्तिम प्रहरमा विशिष्ट श्रोता जोशीले अनेसास नवोदित दुवै संस्थालाई धन्यवाद दिँदै आफ्नो क्षेत्रबाट सक्दो सहयोग गर्ने वचनबद्धता जनाउँदै नेपथ्य ब्यान्डको 'जोमसोमै बजारमा', 'चरी मऱ्यो सिसैको गोलीले' जस्ता चर्चित गीत गाएर सबैलाई मन्त्रमुग्ध बनाउँदै कार्यक्रमको सम्पान गरेका थिए । स्मरण रहोस् डबली हरेक महिनाको दोश्रो शुक्रबार आयोजना हुने गर्दछ भने कार्यक्रममा प्रवेश निःशुल्क रहेको छ ।

# ९२ औँ वाचन डबलीसँगै पारिजातको जन्म जयन्ती कतारमा

२८ वैशाख, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज कतार च्याप्टर र नवोदित साहित्य वाचनालय कतारको संयुक्त आयोजनामा सम्पन्न हुने वाचन डबलीको ९२ औँ शृङ्खलासँगै साहित्यकार पारिजातको ८२ औँ जन्मजयन्ती गत मे १० तारिख, शुक्रबारको दिन कतारको दोहास्थित गोर्खा रेस्टुरेन्टमा मनाइएको छ ।

प्रत्येक डबलीमा एकजना विशिष्ट श्रोतालाई आमन्त्रण गरिने र पूर्वनिर्धारित समयमा सुरु भई निर्धारित समयमै समापन हुने उक्त कार्यक्रममा एनआरएनए कतारका प्रथम उपाध्यक्ष तेज कटुवाल विशिष्ट श्रोताका रूपमा रहेका थिए । कार्यक्रम संयोजक बिन्दा लामा रहेको उक्त कार्यक्रममा अनेसास कतार च्याप्टरका सल्लाहकार तीर्थ सङ्गम राई, अनेसास कतार च्याप्टरका अध्यक्ष प्रेमप्रसाद भट्टराई, नवोदित वाचनालय कतारका अध्यक्ष दीप मिलन, नेपाल पत्रकार महासङ्घ कतारका सल्लाहकार गणेश बन्जाडेलगायत कतारमा कार्यरत करिब ४ दर्जनभन्दा साहित्यकारहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रम दीप प्रज्वालनपछि राष्ट्रिय गान गाएर प्रारम्भ भएको थियो भने समारोहका विशिष्ट व्यक्तिहरूद्वारा साहित्यकार पारिजातको तस्बिरमा स-सम्मान माल्यार्पण गरिएको थियो । करिब दुई दर्जनभन्दा बढी स्रष्टा तथा सर्जकबाट विभिन्न किसिमका कविता, गजल, मुक्तकलगायतका साहित्यिक रचनाहरू वाचन गरिएका थिए, जसअनुसार अनिलकुमार विष्ट (गजल), सागर भण्डारी (गजल), अर्जुन पौडेल (गजल), गणेश क्षेत्री (गजल), ध्रुव अर्याल ( गजल), राम आचार्य 'सायर' (गजल), तीर्थ सङ्गम राई (कविता), महेन्द्र खड्का (गजल), लीलानाथ घिमिरे (कविता), सुरेश परियार (गजल) र (मुक्तक), निरन नेपाल (गजल), सुरेश मानरुम्बा (गजल), स्वतन्त्र नेपाल (मुक्तक), शेखर बस्नेत (गजल ), रूप रसाइली (कविता), चिरञ्जीवी तिमिल्सिना (कविता), रेशम बस्नेत (कविता), सुरज नेपाल (मुक्तक), नारायण भण्डारी (गजल), चक्र कार्की (गजल), विनोद अधिकारी (गजल), दिलीप पराजुली (गजल), लेख कार्की (कविता), टीका खड्का 'राष्ट्रप्रेमी'( गजल), दीप मिलन (कविता), प्रेमप्रसाद भट्टराई (गजल) लगायतका स्रष्टा तथा सर्जखहरूका रचनाहरू वाचन गरिएका थिए, जसमध्ये टीका खड्का 'राष्ट्रप्रेमी' द्वारा वाचन गरिएका आधा दर्जन गजलबाट उपस्थित सम्पूर्णलाई मन्त्रमुग्ध बनाउन सफल भए ।

अनेसास वाचनालय कतारको नियमित अन्य डबली भन्दा ९२औँ डबली विशेष रहेको थियो किनभने अनेसास केन्द्रीय कार्यालय वासिङ्टन डि.सी.बाट प्रकाशित त्रैमासिक मुख पत्र **अन्तर्दृष्टि**को ४३ औँ अङ्क विमोचन कार्यक्रम विशेष श्रोतालगायत संस्थाका अग्रज व्यक्तित्वहरूबाट गरिएको थियो । करिब विश्वका ९२ वटा देशमा अनेसास रहेको छ । **अन्तर्दृष्टि**को ४३ औँ अङ्कमा कतारमा कलम चलाइरहेका ११ जना स्रष्टा तथा सर्जकहरूका रचनाहरू रहेका छन् । अन्त्यमा विशिष्ट स्रोता तथा विभिन्न सङ्घसंस्था तथा समाजसेवामा आबद्ध तेज कटुवालद्वारा प्रवासमा रहेर पनि नेपाली साहित्यमा कलम चलाउने साहित्यकारका रचनाले भावुक भएको बताउँदै विभिन्न व्यस्तताका बावजुद पनि आफ्नो दैनिक कार्यका साथ-साथै आफ्नो भाषाप्रति माया राख्ने सम्पूर्णमा धन्यवाद दिँदै आमासम्बन्धी छोटो वियोगान्त कविता राखी कार्यक्रम समाप्त भएको घोषणा गरेका थिए ।

## पोर्चुगल च्याप्टरले 'लाभेन्दरका परागहरू' प्रकाशन गर्ने

**लाभेन्दरका परागहरू** अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास), पोर्चुगलद्वारा प्रकाशन गर्न गइरहेको पहिलो साहित्यिक सङ्ग्रह हो । नेपाली भाषा, साहित्य, कला तथा संस्कृतिको जगेर्ना, यसको सम्बर्धन र विकासका लागि सन् २००३ मा स्थापित अनेसास, पोर्चुगलको १६ वर्षपश्चात् पहिलोपटक प्रकाशित यो ऐतिहासिक कृतिमार्फत् विश्वभरि छरिएर बसेका नेपाली डायस्पोरामा रहेका नेपाली भाषी पाठक अनुयायी एवम् शुभचिन्तकहरूमा यो कृतिले आफ्नो छुट्टै छाप छोड्ने कुरामा दुईमत हुनेछैन कारण यो सङ्ग्रहमा कविता, मुक्तक र गजल गरी तीन विधामा १० स्रष्टाहरूको रचना समेटिएको छ ।


देशप्रतिको माया, आफू जन्मेको गाउँको माया, आफू बसेको ठाउँको माया, आफू जन्मे/हुर्केको र बसेको समाजप्रतिको सरोकार आफूले दैनिक भोगेका सुख-दुःखका अनुभूतिहरू सँगालो नै **लाभेन्दरका परागहरू** हो । यो सङ्ग्रहमा शून्यवादलाई पनि समावेश गरिएको छ ।

अनेसास, पोर्चुगल च्याप्टरलाई यो ऐतिहासिक मोडमा ल्याई पुऱ्याउन सहयोग गर्नुहुने यस संस्थाका संस्थापक अध्यक्ष श्री केजिन राई (हाल : नेपाल पत्रकार महासङ्घ, युरोप शाखा अध्यक्ष, बेल्जियम) हुनुहुन्छ भने यस संस्थाका पूर्व अध्यक्ष वर्तमान वरिष्ठ सल्लाहकार तथा अनेसास, केन्द्रीय उपाध्यक्ष श्री सुनिल सङ्गमज्यूको अग्रणी भूमिका रहेको छ ।

'लाभेन्दर' पोर्चुगलको राष्ट्रिय फूल हो । यो सङ्ग्रहको नाम र यस सङ्ग्रहमा सङ्गृहीत रचनाहरू पनि यही फूलसरह रहेका छन् । पोर्चुगलको नेपाली डायस्पोरमा फुल्ने प्रयास गरेका यी लाभेन्दरका परागहरूले पाठकहरूको मन अवश्य नै लोभ्याउने छ । पहिलोपटक नेपाली भाषामा प्रकाशित यो सङ्ग्रहको दोस्रो र तेस्रो संस्करण अङ्ग्रेजी र पोर्तुगिज भाषामा पनि गरिने भएको छ । यस सङ्ग्रहको सुन्दर कभर डिजाइन 'निक द डिजाइनर' द्वारा गरिएको छ भने प्रकाशक अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास), पोर्चुगल च्याप्टर रहेको छ ।

नेपाली भाषा तथा साहित्यलाई अन्तर्राष्ट्रिय स्तरमा स्थापित गर्नमा यो कृतिले अब्बल भूमिका निर्वाह गर्ने कुरामा अनेसास, पोर्चुगलका अध्यक्ष वाई.बी.गुरुङज्यू आशावादी रहेको कुरा बताउनुभएको छ। आगामी अगस्ट ३–६, २०१९ बेलायतमा हुने अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) को छैटौँ विश्व सम्मेलनमा **लाभेन्दरका परागहरू**को विधिवत विमोचन गरिने भएको छ ।

●




# अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)

## नवनिर्वाचित केन्द्रीय कार्य समितिका पदाधिकारीहरू (सन् २०१८-२०२०)


**राधेश्याम लेकाली**
अध्यक्ष


**प्रकाश पौडेल 'माइला'**
वरिष्ठ उपाध्यक्ष


**शान्तिराम ढकाल**
उपाध्यक्ष (अमेरिका)


**भीमसेन सापकोटा**
उपाध्यक्ष (अस्ट्रेलिया)


**निशा अर्याल**
उपाध्यक्ष (एसिया)


**सुनील सङ्गम**
उपाध्यक्ष (युरोप)


**गणेश घिमिरे**
महासचिव


**लालगोपाल सुवेदी**
सचिव


**विकास विष्ट**
कोषाध्यक्ष


**सानु घिमिरे**
सदस्य


**लक्ष्मी राई**
सदस्य


**अग्निप्रसाद पराजुली**
सदस्य

# अनेसास बोर्ड अफ ट्रस्टी

| | | | |
|---|---|---|---|
| १. | गीता खत्री, अमेरिका | - | अध्यक्ष |
| २. | पदम विश्वकर्मा, अमेरिका | - | उपाध्यक्ष |
| ३. | पुरु सुवेदी, अमेरिका | - | उपाध्यक्ष |
| ४. | शिव लामिछाने, अमेरिका | - | सचिव |
| ५. | राम लामा 'अविनाशी', अमेरिका | - | कोषाध्यक्ष |
| ६. | तीर्थराज अधिकारी, अमेरिका | - | सदस्य |
| ७. | डा. श्याम कार्की, अमेरिका | - | सदस्य |
| ८. | रोहिणी शर्मा, अमेरिका | - | सदस्य |
| ९. | वासु सत्याल, अमेरिका | - | सदस्य |
| १०. | होमनाथ सुवेदी, अमेरिका | - | सदस्य |
| ११. | भीमप्रसाद रेग्मी, अमेरिका | - | सदस्य |
| १२. | सुमन तिमिल्सेना, अमेरिका | - | सदस्य |
| १३. | सीता पाण्डे, अमेरिका | - | सदस्य |
| १४. | अच्युत श्रेष्ठ, अमेरिका | - | सदस्य |
| १५. | शिवप्रसाद सत्याल 'पिठ', नेपाल | - | सदस्य |
| १६. | लव गाउँले, नेपाल | - | सदस्य |
| १७. | सरला श्रेष्ठ, अमेरिका | - | सदस्य |
| १८. | तीर्थ पाण्डे, अमेरिका | - | सदस्य |
| १९. | डा. विजय शर्मा, अमेरिका | - | सदस्य |
| २०. | भीम उदास, नेपाल | - | सदस्य |
| २१. | देवमान हिराचन, जापान | - | सदस्य |
| २२. | डा. कुमार बस्नेत, जापान | - | सदस्य |
| २३. | ज्ञानेन्द्र गदाल, अमेरिका | - | सदस्य |
| २४. | होमबहादुर क्षेत्री, कुबेत | - | सदस्य |
| २५. | सतीदेवी थापा, अमेरिका | - | सदस्य |
| २६. | प्रकाश पौडेल 'माइला', जापान | - | सदस्य |
| २७. | दामोदर पुडासैनी, नेपाल | - | सदस्य |
| २८. | प्रकाश नेपाल, अमेरिका | - | सदस्य |
| २९. | गोबर्धन पूजा, अमेरिका | - | सदस्य |
| ३०. | शान्तिराम ढकाल, अमेरिका | - | सदस्य |
| ३१. | एकराज पाण्डे, अमेरिका | - | सदस्य |

| | | | |
|---|---|---|---|
| ३२. | भवन भट्ट, जापान | - | सदस्य |
| ३३. | गुणराज लुइटेल, अमेरिका | - | सदस्य |
| ३४. | निरज छेत्री, अस्ट्रेलिया | - | सदस्य |
| ३५. | भीमसेन सापकोटा, अस्ट्रेलिया | - | सदस्य |
| ३६. | ऋषि ढकाल, अमेरिका | - | सदस्य |
| ३७. | डोनबहादुर कार्की, अमेरिका | - | सदस्य |
| ३८. | बलराम थापा, अमेरिका | - | सदस्य |
| ३९. | रामबाबु पाण्डे, अमेरिका | - | सदस्य |
| ४०. | गोकुल ढकाल, अमेरिका | - | सदस्य |
| ४१. | वेदभक्त जोशी, अमेरिका | - | सदस्य |
| ४२. | रामबाबु पाण्डे, अमेरिका | - | सदस्य |
| ४३. | कृष्णप्रसाद कोइराला, अमेरिका | - | सदस्य |
| ४४. | विष्णुप्रसाद घिमिरे, जापान | - | सदस्य |
| ४५. | खेमनाथ दाहाल, अमेरिका | - | सदस्य |
| ४६. | प्रकाश सुवेदी, अमेरिका | - | सदस्य |
| ४७. | नवराज सिलवाल, नेपाल | - | सदस्य |
| ४८. | ऋषि बराल, नेपाल | - | सदस्य |
| ४९. | सर्वज्ञ वाग्ले, अमेरिका | - | सदस्य |
| ५०. | राधेश्याम लेकाली, नेपाल | - | सदस्य |
| ५१. | राजेन्द्रकुमार श्रेष्ठ, अमेरिका | - | सदस्य |
| ५२. | राजेन्द्र के.सी., नेपाल | - | सदस्य |
| ५३. | उन्नति बोहरा (शीला), नेपाल | - | सदस्य |
| ५४. | निशा अर्याल, इजरायल | - | सदस्य |
| ५५. | दीपा पुन राई, अमेरिका | - | सदस्य |
| ५६. | ममता कर्माचार्य, अमेरिका | - | सदस्य |
| ५७. | गणेश घिमिरे, अस्ट्रेलिया | - | सदस्य |
| ५८. | राजेश बुढाथोकी, अस्ट्रेलिया | - | सदस्य |
| ५९. | ईश्वरीप्रसाद भट्ट, अमेरिका | - | सदस्य |
| ६०. | रमेश कोइराला, नेपाल | - | सदस्य |
| ६१. | लालगोपाल सुवेदी, अमेरिका | - | सदस्य |
| ६२. | दुर्गा दाहाल, अमेरिका | - | सदस्य |
| ६३. | रश्मि भट्ट, अमेरिका | - | सदस्य |

●

## अनेसास केन्द्रीय कार्य समितिका हालसम्मका अध्यक्षहरू

| | | |
|---|---|---|
| ● | राधेश्याम लेकाली, नेपाल | २०१८-हालसम्म |
| ● | पदम विश्वकर्मा, अमेरिका | २०१६-२०१८ |
| ● | पदम विश्वकर्मा, अमेरिका | २०१४-२०१६ |
| ● | गीता खत्री, अमेरिका | २०१२-२०१४ |
| ● | ज्ञानेन्द्र गदाल, अमेरिका | २०१०-२०११ |
| ● | डा. कुमार बस्नेत, जापान | २००८-२०१० |
| ● | मोहन सिटौला, अमेरिका | २००५-२००८ |
| ● | डा. दुबसु क्षेत्री, नेपाल | २००४-२००५ |
| ● | पुरूषोत्तम सुवेदी, अमेरिका | २००२-२००४ |
| ● | भीम रेग्मी, अमेरिका | २००१-२००२ |
| ● | सरला श्रेष्ठ, अमेरिका | २०००-२००१ |
| ● | वसन्त श्रेष्ठ, अमेरिका | १९९७-२००० |
| ● | अच्युत श्रेष्ठ, अमेरिका | १९९६-१९९७ |
| ● | किरण ढुङ्गाना, क्यानडा | १९९५-१९९६ |
| ● | होमनाथ सुवेदी, अमेरिका | १९९१-१९९५ |

## अनेसासको मुखपत्र 'अन्तर्दृष्टि' का प्रधान सम्पादकहरू

| | | | |
|---|---|---|---|
| ● | पुरुषोत्तम सुवेदी | १९९१-१९९५ सम्म | अमेरिका |
| ● | लव गाउँले | १९९६-१९९६ सम्म | नेपाल |
| ● | होमनाथ सुवेदी | १९९७-१९९९ सम्म | अमेरिका |
| ● | राधेश्याम लेकाली | २०००-२००० सम्म | नेपाल |
| ● | जय छाङ्छा | २०००-२००१ सम्म | नेपाल |
| ● | होमनाथ सुवेदी | २००२-२००३ सम्म | अमेरिका |
| ● | सुमन तिम्सिना | २००४-२००४ सम्म | अमेरिका |
| ● | ज्ञानेन्द्र गदाल | २००५-२००८ सम्म | अमेरिका |
| ● | प्रकाश पौडेल 'माइला' | २००८-२०१० सम्म | जापान |
| ● | राधेश्याम लेकाली | २०१०-२०१२ सम्म | नेपाल |
| ● | लक्ष्मण न्यौपाने | २०१२-२०१३ सम्म | म्यानमार |
| ● | सन्ध्या पहाडी | २०१३-२०१६ सम्म | नेपाल |
| ● | छविरमण सिलवाल | २०१६-२०१८ सम्म | नेपाल |
| ● | दीप पाठक | २०१८-हालसम्म | जापान |

# अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)


## बोर्ड अफ ट्रस्टी (BOT) को नवनिर्वाचित कार्य समिति




**गीता खत्री**
अध्यक्ष



**पदम विश्वकर्मा**
उपाध्यक्ष




**पुरू सुवेदी**
उपाध्यक्ष



**शिव लामिछाने**
सचिव



**राम लामा 'अविनाशी'**
कोषाध्यक्ष



**प्रा.डा.गोपी उप्रेती**
अध्यक्ष : पुरस्कार समिति



**तीर्थ अधिकारी**
सदस्य

# अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)
# International Nepali Literary Society (INLS)

## अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन
## सम्पन्न भएका स्थान, मिति र संयोजकहरू

**१.** पहिलो अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन
१५-१६ अगस्ट, २००९, न्युयोर्क, अमेरिका
संयोजक - **भारती गौतम**



**२.** दोस्रो अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन
२६-२८ अगस्ट, २०११, लन्डन, बेलायत
संयोजक - **जया लक्ष्मी राई**



**३.** तेस्रो अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन
३० नोभेम्बर-१ डिसेम्बर, २०१३, वासिङ्टन डि.सी., अमेरिका
संयोजक - **सीता पाण्डे**



**४.** चौथो अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन
१८-२२ सेप्टेम्बर, २०१५, टोक्यो, जापान
संयोजक — **प्रकाश पौडेल 'माइला'**



**५.** पाँचौं अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन
९-१० सेप्टेम्बर, २०१७, पर्थ, अस्ट्रेलिया
संयोजक — **गणेश घिमिरे**

